लिच्छविकालका अभिलेखमा प्रयुक्त संवत्

त्रिभुवनविश्वविद्यालय
मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत
नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयमा
विद्यावारिधि उपाधिका लागि प्रस्तुत
शोधप्रबन्ध

शोधकर्ता
श्यामसुन्दर राजवंशी
दर्ता नं २९/०६७ माघ
त्रिभुवन विश्वविद्यालय
२०८०

सिफारिस पत्र

शोधार्थी श्यामसुन्दर राजवंशीद्वारा **लिच्छविकालका अभिलेखमा प्रयुक्त संवत्** शीर्षकको शोधप्रबन्ध हाम्रो निर्देशन तथा सुपरिवेक्षणमा तयार पारिएको हो । प्रस्तुत शोधपत्र विद्यावारिधि उपाधिको निम्ति त्रि.वि.मानविकी तथा सामाजिक शास्त्र सङ्काय,डीनको कार्यालय अनुसन्धान समिति समक्ष परीक्षणको लागि प्रस्तुत गर्न सिफारिस गर्दछौं ।

.....

प्रा.डा. रञ्जना वज्राचार्य

शोधनिर्देशक

.....

डा. विष्णु विभु घिमिरे

शोधविशेषज्ञ

मिति :.....

अनुमोदनपत्र

प्रतिबद्धता

विद्यावारिधि अध्ययन गर्ने कममा लिच्छविकालका अभिलेखमा प्रयुक्त संवत् नामक शीर्षकमा प्रस्तुत नेपाली इतिहास, संस्कृति तथा पुरातत्व (NeHCA) विषयको विद्यावारिधि शोध–प्रबन्ध त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय, डीनको कार्यालय कीर्तिपुरमा विद्यावारिधि उपाधि प्रयोजनका लागि पेश गरिएको हो ।

शोधार्थी श्यामसुन्दर राजवंशीद्वारा यो शोध विषयमा कहीं कतै पुस्तक तथा लेख, रचनाहरु प्रकाशित भएको र गरिएको छैन । यदि त्यस्तो कार्य शोधार्थीबाट गरेको ठहरिएमा त्यसको जवाफदेही स्वयं शोधार्थीबाट हुने वा लिने बचनवद्धता जाहेर गर्दै शोधकार्य पूरा नहुन्जेलसम्म तथा त्रि.वि. डीन कार्यालयको अनुमतिपत्र प्राप्त नभएसम्मका लागि यस शोध प्रबन्धमा उल्लेखित विषयवस्तुहरुको सन्दर्भमा कुनै पनि लेख वा पुस्तक प्रकाशन गर्ने छैन भन्ने कुरामा प्रतिवद्धता व्यक्तगर्दछु ।

शोधार्थी

.....

श्यामसुन्दर राजवंशी

मिति :.....

कृतज्ञता ज्ञापन

इतिहासको ज्ञान अभिबृद्धि गर्नका लागि संवत् ज्ञान नै सवैभन्दा दरो प्रमाणको रुपमा उपस्थित देखा परको हो । सही प्रमाण जुटेकै आधारमा इतिहास विवाद रहित बन्न पुग्दो रहेछ भन्ने महसूस पनि हुन थाले । विगतमा इतिहास अन्वेषकहरू जतिपनि देखापरे उनीहरूको पहिलो चुनौति नै सर्वप्रथम संवत् परीक्षण कै कार्य बन्नपुगे । नेपालमा जुन बेला लिच्छवि वंशज शासकहरूले शासन गर्दै रहंदाको समयलाई लिच्छविकाल भनी इंगित गरिएको छ । त्यसबेलाका जतिपनि फेलापर्दै गएका प्राचीन अभिलेखहरू देखेपछि पहिलो कौतुहलता नै ती अभिलेखहरूमा रहेका संवत् बन्न पुगेको यथार्थ सबै अन्वेषकमा ज्ञात छ । यसको प्रमुख कारण भनेको अभिलेखमा केवल संवत्मात्र जनिएको तर मानदेव प्रथमको पाला अघि, अंशुवर्माको पाला पछि भएतापनि संवत्को अङ्क देखेको आधारमा दश स्थानी संवत्लाई अघि र शत स्थानी संवत्लाई पछि राख्नासाथ इतिहास डाँमाडोल नै हुने हुनाले इतिहास अन्वेषकहरू रणभुल्लमा परे । कालक्रमलाई दांजेर हेरेको आधारमा शत स्थानी संवत्को अङ्कलाई विक्रमसंवत् मान्ने कि शक संवत् मान्ने त्यो द्विविधा चुनौतिको रुपमा खडा हुनपुग्यो । त्यस्तै गरी अंशुवर्माको पालामा देखापरेका संवत्को त झन चुनौतिको सीमा नै रहेन । भारतको इतिहास पढेर आएका अन्वेषकहरूले भारतमा प्रचलित संवत् सित समानता जोड्न खोज्ने र तिव्वतसितको तात्कालिक घटनाको बारेमा पढेर आउने अन्वेषकहरू तिव्वतमा प्रचलित संवत्सित समानता जोडेर हेर्न थाले । अभिलेखमा केवल संवत् मात्र जनिएको लिच्छविकालको संवत् आखिरमा के संवत् थियो त? भन्नेमा नै समय खर्चिदै आएको थियो । कालान्तरमा आएर साल महिना पक्ष र तिथिको अलावा बार नक्षत्रको समेत उल्लेख आएको आधारमा तिथि मिति गणना गरी हेर्ने आधार बन्नपुग्यो । महासामन्त अंशुवर्माले आफ्नो पालामा शत स्थानी अङ्क भएको संवत् व्यवहार गरेका थिए र दश स्थानी अङ्क भएको संवत्को व्यवहार पनि गरिरहनु पर्नाको कारण के थियो भन्ने चुनौति थपिएको कारणले ती चुनौतिको सम्बोधन गर्नमा शोधार्थीलाई यस बारे अध्ययन गर्न प्रेरणा मिलेको हो । लिच्छविकालमा प्रचलित रहेको संवत्का सम्बन्धमा बार उल्लेखित अभिलेख भेटिएको थियो । यसै आधारमा तिथिमिति गणना त गरिए ।तर त्यो गणना ठीक थिए कि गलत थिए त्यसको परीक्षण कसरी गर्ने ? कसले गर्ने ? त्यो पनि थाँति नै रहेको हुनाले अबको दिनमा इतिहासमा रुची राख्ने तमाम जिज्ञासुहरूले गणनाका परिणाम जे निस्केको भएतापनि त्यो संवत्को शुरुको चरण र हालको चरणलाई दिशाबोध गर्छ कि गर्दैन त्यो परीक्षण गरी हेर्नु जरुरी देखिएको छ । त्यसैले यो पक्ष उजागर गर्न कै लागि यस शोधपत्रमा अध्ययन गरिएको हो । यसप्रकारको अध्ययन त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र संकाय डीनको

कार्यालयमा विद्यावारिधि उपाधि प्राप्तिको लागि लिच्छविकालका अभिलेखमा प्रयुक्त संवत् शीर्षकको शोध कार्य गरिएको हो ।

प्रस्तुत शोध प्रबन्धलाई पूरा गर्न विभिन्न महानुभावहरूले अमूल्य सहयोग पुऱ्याउनु भएका छ । सर्वप्रथम यस शोध कार्यलाई आरम्भ गर्न स्वीकृति प्रदान गरी दिएकोमा त्रि. वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीन कार्यालयप्रति कृतज्ञता ज्ञापन गर्दछु । यस शोध प्रवन्ध तयार गर्दा शुरुदेखि यो अवस्थासम्म हरेक पाइलापाइलामा सतर्कता देखाई कुशल निर्देशन गर्नु हुने आदरणीय निर्देशक गुरु प्रा.डा. रञ्जना बज्राचार्यज्यूप्रति हृदयदेखि आभार प्रकट गर्न चाहन्छु । त्यस्तै गरी सहनिर्देशक गुरु डा. विष्णुविभु घिमिरेज्यू प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । सँधै मेरो अध्ययन कार्यमा प्रेरित गरी सल्लाह र सुझाव दिनु हुने डा.साफल्य अमात्यमा कृतज्ञता व्यक्त गर्दछु । यसै गरी शोधकार्यको निम्ति आवश्यक एवं महत्वपूर्ण स्रोतहरू उपलव्ध गराई हरहमेशा चासो राखी के भयो कसो भयो ? सोधी रहनु हुने आदरणीय संस्कृतिविद् हरिराम जोशीज्यूमा पनि हृदयदेखि नै कृतज्ञता एवं आभार व्यक्त गर्दछु ।

विद्याावारिधिको लागि जति सक्दो छिटो सिद्धयाउन सँधै निरन्तर रुपमा घच्घच्याइ रहने सम्पूर्ण शुभेच्छुक मित्रहरू प्रति पनि हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथमा टाइपिंग एवं कम्प्युटर कार्यमा सहयोग पुऱ्याउने मित्र श्री नेत्र प्रसाद कोइरालामा पनि धन्यवाद व्यक्त गर्दछु ।

श्यामसुन्दर राजवंशी

मिति.....

अनुसन्धान सार

यो अनुसन्धानलिच्छविकालका अभिलेखमा प्रयुक्त संवत्को विषयमा गरिएको विस्तृत विवरणात्मक, विश्लेषणात्मक तथा तुलनात्मक ढंगको अध्ययन हो । नेपालसंवत्को प्रादुर्भाव हुनुभन्दा अघिको ८०२ वर्षको पूर्णअवधिलाई प्राचीनकाल अथवा लिच्छविकाल भनेर पनि मान्न सकिन्छ । त्यस्तैगरि लिच्छविकालको अभिलेखलाई लिच्छवि अभिलेख तथा त्यसवखत चलेको लिपिलाई लिच्छवि लिपि र त्यस बखत चलेको संवत्लाई लिच्छविसंवत् मान्नमा कुनै कठिनाई देखिएको छैन । यी लिच्छवि अभिलेखमा प्रयोग भएका संवत्लाई यहाँ लिच्छविसंवत्को परिभाषा भित्र राखी अध्ययन गरिएको छ ।

यही लिच्छवि संवत्को बारेमा बिभिन्न स्वदेशी तथा विदेशी विद्वानहरूको पनि इतिहासको कालक्रमलाई मिलाउनका लागि कसरत गर्दै अनेकौं प्रयासहरू हुँदै आए तर ती प्रयासहरू जम्मै मतमतान्तरमा मात्र सीमित रहन पुगे । ती मतहरू मध्ये कसैले अभिलेखमा भएका तिथि मिति प्रकरणमा बार उल्लेख भएको तर्फ , कसैले अधिकमास उल्लेख भएको तर्फ, कसैले महिनाको शुरु चैत्र हो कि कार्तिक हो भन्ने तर्फ आकर्षित भएर, त कसैले छिमेकी मुलुकको घटनासँग जोडेर आफनो विचार तथा धारणाहरू अघि सार्दै आए ।

यो अध्ययनलाई यहाँ सातवटा अध्यायमा विभाजन गरेर एउटा स्वरुप दिइएको छ । ती अध्यायहरूमा पहिलोमा शोध परिचय, दोस्रोमा पूर्व प्रकाशित कृतिहरूको समीक्षा तेस्रोमा संवत् मितिको सिद्धान्त चौथो अध्यायमा प्राचीन अधिमास सिद्धान्त पाँचौंमा संवत्हरूको इतिहास छैठौँमा लिच्छवि अभिलेखको संवत् र सातौँ अध्यायमा निष्कर्ष र सुझाव रहेको छ । यी अध्याय मध्ये पाँच अध्यायमा मुख्य विषय वस्तु समावेश गरिएको मुख्य अंग हुन् । यी अध्यायहरू एक अर्को अध्यायसंग सम्वन्ध जोडिएका छन् । इतिहास संस्कृतिको लागि संवत् अलि संवेदनशील विषय छ । तसर्थ संवत् बिनाको इतिहास र संस्कृतिको अध्ययन संभव नै नभएकोले यसमा धेरै विचार गरी आफ्नो अभिव्यक्ति दिनु परेको छ । नेपालमा प्रामाणिक इतिहासको थालनी भनेकै अभिलेखमा संवत् मिति स्पष्ट पाइएकोले हो । परन्तु अभिलेखहरूमा अहिले जस्तो संवत्को नाम नै खुलाउने चलन त्यो बेला नभएकै कारण अनेक किसिमको भ्रमले खेल्ने मौका पाई आएको हो । यद्यपि अभिलेखहरूमा अधिमास, वार, नक्षत्र जस्ता अवयवको रुपमा आएको प्रकरणले उचित बाटो देखाउन मद्दत गरेको हुँदा यी पक्षको पनि अध्ययन भएका छन् । अर्को कुरो जसरी विक्रमसंवत् शकसंवत् इस्वीसंवत् लिच्छविसंवत् मानदेवसंवत् जस्ता संवत्का नाम देखा परे तर त्यति बेला यसरी कुनै पनि संवत्का

नाम उल्लेख गर्ने चलन थिएन । लिच्छविकालमा चलेको संवत् भन्ने अर्थमा लिच्छविसंवत भन्न सकेको मात्र हो ।

लिच्छविकालका अभिलेखमा प्रयोग भई आएका संवत्को विश्लेषणात्मक अध्ययन अनुसन्धान गर्दा पहिलोमा पूर्व प्रकाशित कृतिहरूको समीक्षा दोस्रोमा तत्कालीन अभिलेखहरूमा तिथिमितिको प्रयोग भए तापनि संवत् मात्र किन भनियो ? किन यसको पहिचान आवश्यक भएको हो ? यस किसिमले पहिचानको महत्व कस्तो छ ? आदिको अनुसन्धान गरिएको छ । पूर्व प्रकाशित कृतिहरूको समीक्षामा अनुसन्धानकर्ताहरूले के कस्ता ?कुरामा ध्यान दिइएको रहेछ त्यसको अध्ययनबाट, विज्ञहरूको अन्तर्वार्ताको आधारबाट, स्थलगत सर्वेक्षणबाट प्राप्त जानकारीको आधारबाट अनुसन्धान गरिएको छ । तेस्रो र अन्तिम रुप अनुसन्धानकर्ताले खोजेको अनुसन्धान सामग्रीहरूको बारेमा छलफल गरिएको छ । सबै अध्यायको साराँश पनि प्रस्तुत गरिएको छ ।

यस अध्ययनमा यदाकदा थोरै स्थानमा प्रश्नावलीको उत्तर प्रस्तुत गर्ने क्रममा परिमाणात्मक पनि भएको छ । अनुसन्धानको क्रममा अध्ययन क्षेत्र सालमिति युक्त १०६ वटा लिच्छविकालका अभिलेखहरूका मितिलाई मात्र यस शोधमा लिन खोजिएको र ती अभिलेख पहिले नै प्रकाशित भैसकेकोले यी अभिलेखको लागि अवलोकनको खासै जरुरी भएन । यसप्रकार नेपालसंवत्मा ८०२ जोडे पछि लिच्छविकाल देखिको इतिहास उभिन आउंने हुन्छ । अझ यसलाई स्पष्टसँग खुलासा गर्नुपर्दा लिच्छविसंवत् ८०३ अर्थात नेपालसंवत् १ भनेको नै यो शक ८०१ को कार्तिकदेखि शक ८०२ को आश्विन तक रहने , इ.सं.बाट भन्दा ८७९ को अक्टोवरदेखि ८८० को सेप्टेम्वरसम्म रहने र वि.सं बाट भन्नु पर्दा ९३६ कार्तिकदेखि ९३७ आश्विन तक रहनु मै यस अध्ययनसंग आधार जोडिएको छ ।

विगतमा अधिका इतिहासकारहरूले शकसंवत् र मानदेवसंवत्को आधारमा कालक्रम जुन बनाउन खोजेका थिए त्यसमा पनि शकपूर्व २ हुनु पर्नेलाई शक मानेर २ वर्षको कद घटाएर मिलाउन खोज्दा स्वाभाविक रुपले धेरै ठाउँमा बाधा आउने गरेको र पछि ५२९ लाई ५२७ को सट्टा २९ हुँदै आएको सालमाथि साल खप्ट्याई दिँदा नेपालसंवत्को उठानसम्ममा प्रत्यक्ष असर पर्न गएको देखिन आएको नै अध्ययनको विषय बनाइएको हो । किनभने त्यो प्रत्यक्ष असर शकसंवत्बाट भन्दा ८०१ को कार्तिकमा नेपालसंवत् उठान भएको त्यस्तै लिच्छविसंवत्बाट भन्दा ८०३ कार्तिकमा नेपालसंवत् उठान भएको बिन्दु एउटै भएको तिर ध्यानाकृष्ट हुनसकेन । यस अध्ययनमा समग्र तथ्यहरू विवेचना प्रस्तुत गरिएको छ ।

विषय सूची

सिफारीस पत्र	i
अनुमोदनपत्र	ii
प्रतिबद्धता	iii
कृतज्ञता ज्ञापन	iv
अनुसन्धान सारvi	
अध्याय एक : परिचय	**१-१५**
१.१अध्ययनको पृष्ठभूमि	१
१.२ समस्या कथन	४
१.३ शोधको औचित्य	५
१.४ शोध प्रश्न	५
१.५ उद्देश्य	६
१.६ शोधकार्यको क्षेत्र र सीमा	७
१.७ शोधको महत्व	८
१.८ सैद्धान्तिक रुपरेखा	९
१.९ अध्ययन विधि	१०
१.९.१ अनुसन्धान ढाँचा	११
१.९.२ अनुसन्धानको स्रोत	१२
१.९.३ तथ्याङ्क संकलन विधि	१४
१.१० शोध प्रवन्धको रुपरेखा	१४
अध्याय दुईः : पूर्वप्रकाशित कृतिहरूको समीक्षा	**१६-६४**
अध्याय तीन : संवत् मितिको सिद्धान्त	**६५-७९**
३.१ समय, मास, वर्ष, पञ्चाङ्ग, संवत्, संवत्सर	६५
३.२ प्राचीनकालमा गरिने समय मापन तरिका	६५
३.३ आधुनिक कालमा गरिने समय मापन तरिका	६६
३.४ पश्चिमा रीतबाट गरिने समय मापन तरिका	६६
३.५ सौरमास र संक्रान्ति	६७
३.६ चान्द्रमास	६७

३.७ नाक्षत्रमास ६७
३.८ सावनमास ६८
३.९ अधिकमास ६८
३.१० क्षयमास ६९
३.११ सौरवर्ष ७०
३.१२ चान्द्रवर्ष ७०
३.१३ सावनवर्ष ७०
३.१४ पञ्चाङ्ग ७१
३.१५ सूर्य सिद्धान्त ७१
३.१६ आर्य सिद्धान्त ७२
३.१७ ब्रम्ह सिद्धान्त ७२
३.१८ वेदाङ्गज्योतिष ७२
३.१९ सुमतितन्त्र ७३
३.२० शासनवर्षको सट्टा संवत् प्रयोग ७४
३.२१ अमान्तमान ७५
३.२२ पूर्णिमान्तमा ७५
३.२३ नेपालमा प्रचलित अन्य संवत्का सिद्धान्त ७६
३.२३.१ श्रृष्टि संवत् ७७
३.२३.२ बुद्ध संवत् ७७
३.२३.३ लक्ष्मणसंवत् ७७
३.२३.४ यूरोपीय पञ्चाङ्ग ७८
३.२३.५ इस्वीसन वर्ष: ७९
३.२४ निष्कर्ष ७९
अध्याय चार : प्राचीन अधिकमास सिद्धान्त **८०-९२**
४.१ विष्णुपादुका फेदीको अभिलेख ८०
४.२. ल.पु. बहालुखाको अभिलेख ८१
४.३ किसिपिडीको अभिलेख ८२
४.४ का.ई.ब्रम्हटोलको अभिलेख ८३

४.५ देउपाटनको अभिलेख ८४
४.६ धर्मस्थलीको अभिलेख ८४
४.७ सतुंगलको अभिलेख ८५
४.८ भक्तपुर इनायटोलको अभिलेख ८६
४.९ पाटन सुनधाराको अभिलेख ८७
४.१० गोकर्ण बालुवा गाउँको अभिलेख ८८
४.११ ल.पु मोतीटारको अभिलेख ८९
४.१२ ल.पु गचाननीको अभिलेख ९०
४.१३ निष्कर्ष ९२
अध्याय पाँच : संवत्हरूको इतिहास **९३-१३०**
५.१ कलिगत संवत्को इतिहास ९३
५.१.१ ऐतिहासिकता ९४
५.१.२ कलिगत संवत् उल्लेख भएका अभिलेखहरू ९६
५.२ विक्रम संवत्को इतिहास ९८
५.२.१ ऐतिहासिकता ९९
५.२.२ विक्रम संवत् उल्लेख भएका अभिलेखहरू १०३
५.२.३ विक्रम संवत्लाई गलत ढंगले अङ्गिकार हुँदै आउनुमा मुख्य कारण १०४
५.३ शक संवत्को इतिहास १०५
५.३.१ ऐतिहासिकता १०६
५.३.२ नेपालमा शकसंवत्को प्रयोग १११
५.४ नेपालसंवत्को इतिहास ११३
५.४.१ ऐतिहासिकता ११४
५.४.२ गणना ११५
५.४.३ नेपालसंवत् सहित अन्य संवत् उल्लेख आएका अभिलेखहरू ११८
५.४.४ शंखधर साख्वाको भूमिका १२४
५.४.५ वंशावली १२५
५.५ निष्कर्ष १२८

अध्याय छ : लिच्छवि अभिलेखको संवत् **१३१-२५२**

६.१ लिच्छविसंवत् र लिच्छविकालका अभिलेखहरू १३१

६.२ लिच्छविकालका अभिलेखमा देखापरेका संवत् १३१

६.३ लिच्छविकालका अभिलेखहरू १४

६.३.१ मालीगाउँमा प्राप्त जयवर्माको शालिक अभिलेख १४०

६.३.२ पशुपतिनाथ प्राङ्गणमा फेलापरेको अभिलेख १४१

६.३.३ चाँगुनारायणस्थित गरुडस्तम्भ अभिलेख १४३

६.३.४ लाजिमपाट शिवलिंग पीठ अभिलेख १४५

६.३.५ लाजिमपाट तथा पशुपति तिलगंगाको वामन मूर्ति अभिलेख १४६

६.३.६ लाजिमपाट क्षेमसुन्दरीको शिवलिंग पीठ अभिलेख १४७

६.३.७ विशालनगर टुंडालदेवीको अभिलेख १४८

६.३.८ विष्णुपादुकाफेदीको शिवलिंग पीठ अभिलेख १४८

६.३.९ देउपाटनको रत्नेश्वर शिवलिंगको पादपीठ अभिलेख १५०

६.३.१० देउपाटनको प्रभुकेश्वर शिवलिंगको पादपीठ अभिलेख १५१

६.३.११ टेवहालका महाङ्काल मूर्तिको पादपीठ अभिलेख १५२

६.३.१२ देउपाटनको विमलसंघ शिवजलहरी पादपीठ अभिलेख १५३

६.३.१३ पशुपति पञ्चदेवलको अभिलेख १५४

६.३.१४ ललितपुर स्वथमा पाइएको शीलवतीको अभिलेख १५४

६.३.१५ पशुपतिनाथ प्राङ्गणमा त्रिशुल जलहरीको अभिलेख १५५

६.३.१६ लाजिमपाटको गुणवतीको अभिलेख १५६

६.३.१७ काभ्रे पलाञ्चोकको विजयस्वामिनीको अभिलेख १५७

६.३.१८चाँगुको निरपेक्षकोअभिलेख १५८

६.३.१९ सूर्यघाटको विजयवतीकोअभिलेख १५९

६.३.२० थानकोट आदिनारायणको बसन्तदेवको अभिलेख १६०

६.३.२१ पाटन बाहालुखाको बसन्तदेवको अभिलेख १६१

६.३.२२ जैसीदेवलको बसन्तदेवको अभिलेख १६३

६.३.२३ स्वयम्भुको बसन्तदेवपालाको अभिलेख १६४

६.३.२४ किसिपिडीकोअभिलेख १६४

६.३.२५ पाटन खपिंछेको अभिलेख १६५
६.३.२६ पशुपति आर्यघाट सूर्यमण्डलको अभिलेख १६६
६.३.२७ चौकिटार बलम्बुको अभिलेख १६७
६.३.२८ पासिंख्यबलम्बु र बलम्बु महालक्ष्मीको अभिलेख १६८
६.३.२९ पशुपति भष्मेश्वरको अभिलेख १६९
६.३.३० साँखु दुगाहिटीकोअभिलेख १७०
६.३.३१ पशुपतिको आभिरी गोमिनीको अभिलेख १७१
६.३.३२ पाटन गुइतवहीको रामदेवकोअभिलेख १७२
६.३.३३ पशुपति आर्यघाट रामदेवको अभिलेख १७२
६.३.३४ हाँडीगाउ डवलीको भारविकोअभिलेख १७३
६.३.३५ फर्पिंग कोटालटोलको अभिलेख १७४
६.३.३६ ब्रम्हटोल नारायण मूर्तिको पादपीठ अभिलेख १७५
६.३.३७ संवत् ४८२ को उपत्यकाको पश्चिमभेगका अभिलेखहरू १७६
६.३.३८ पशुपति हरिहरमूर्तिको पादपीठ अभिलेख १७७
६.३.३९ चपलीगाउँको गंगादेवको अभिलेख १७८
६.३.४० पाटन मंगलवजारको अभिलेख १७९
६.३.४१ पाटन शङ्खमूल सिकुवहीको अभिलेख १८०
६.३.४२ विष्णुपादुका फेदीको अभिलेख १८१
६.३.४३ पाटन च्यासलटोलको अभिलेख १८२
६.३.४४ पाटन भीमसेनथानको अभिलेख १८३
६.३.४५ भक्तपुर गोलमाढी टोल र तुलाछेंटोलको अभिलेख १८४
६.३.४६ धर्मस्थली र बुढानीलकण्ठको अभिलेख १८५
६.३.४७ सतुङ्गलको अभिलेख १८६
६.३.४८ धर्मपुरको अभिलेख १८८
६.३.४९ खोपासीको अभिलेख १८८
६.३.५० धापासीकोअभिलेख १८९
६.३.५१ लेलेको अभिलेख १९०
६.३.५२ बुंगमतीको अभिलेख १९१

६.३.५३ हाँडीगाउको अभिलेख १९३
६.३.५४ भट्टुवालको अभिलेख १९४
६.३.५५ भक्तपुर इनायटोलको अभिलेख १९५
६.३ ५६ चाँगुनारायणकोअभिलेख १९६
६.३.५७ पाटन चक्रवहिलअभिलेख १९७
६.३.५८ हाँडीगाउँको अभिलेख १९८
६.३.५९ साँगाको अभिलेख १९९
६.३.६० पाटन सुनधाराको अभिलेख २०१
६.३.६१ काठमाडौं ज्यावहालको अभिलेख २०२
६.३.६२ गोकर्ण्ण बालुवागाउको अभिलेख २०३
६.३.६३ टिष्टुङ तौखेलको अभिलेख २०४
६.३.६४ देउपाटनको अभिलेख २०५
६.३.६५ फर्पिङको अभिलेख २०७
६.३.६६ टुँडिखेलको अभिलेख २०८
६.३.६७ चितलाङको उदयदेवको अभिलेख २०९
६.३.६८ पाटन छिन्नमस्ताको अभिलेख २१०
६.३.६९बलम्बु मालटारको अभिलेख २१२
६.३.७० बलम्बु भीमार्जुनदेवको अभिलेख २१३
६.३.७१ थानकोटको अभिलेख २१४
६.३.७२ मालिगाउँको अभिलेख २१५
६.३.७३ यङ्गालहिटीको अभिलेख २१६
६.३.७४ भृङ्गारेश्वरको अभिलेख २१७
६.३.७५ पाटन केशवनारायणचोकको अभिलेख २१९
६.३.७६ यङ्गालहिटीको अभिलेख २२०
६.३.७७ देउपाटनको अभिलेख २२१
६.३.७८ देउपाटनको अभिलेख २२२
६.३.७९ नक्सालको अभिलेख २२३
६.३.८० पाटन गाहिटीको अभिलेख २२४

६.३.८१ बलम्बु विहारको अभिलेख २२५
६.३.८२ पाटन च्यासलटोलको अभिलेख २२६
६.३.८३ पाटन यागवहालको अभिलेख २२७
६.३.८४ पशुपति वज्रघरको अभिलेख २२८
६.३.८५ रातो मछिन्द्रनाथनिरको अभिलेख २२९
६.३.८६ नालाको ढुंगेधाराको अभिलेख २३०
६.३.८७ काठमाडौ लगनटोलको अभिलेख २३१
६.३.८८ भृंगारेश्वरको अभिलेख २३३
६.३.८९ गोरखाको अभिलेख २३४
६.३.९० बलम्बुको अभिलेख २३५
६.३.९१ काभ्रे भकुण्डे वेशीको अभिलेख २३६
६.३.९२ पाटन च्यासलटोलको अभिलेख २३७
६.३.९३ पाटन मीननाथ ढुंगेधाराको अभिलेख २३८
६.३.९४ जैसीदेवल जलद्रोणीको अभिलेख २३९
६.३.९५ पशुपतिको जयदेवको अभिलेख २४०
६.३.९६ मंगलवजार ढुंगेधाराको अभिलेख २४१
६.३.९७ पि.पालको लेखमाअभिलेख २४२
६.३.९८ हाँडीगाउँ प्रियवर्माको अभिलेख २४३
६.३.९९ पाटन यंगवहालका अभिलेख २४४
६.३.१०० पाटन सुवहाल चैत्यका अभिलेख २४५
६.३.१०१ पाटन सुवहाल जलद्रोणीको अभिलेख २४५
६.३.१०२ हनुमानढोकाको अभिलेख २४६
६.३.१०३ हाँडीगाउँ भीमननीको अभिलेख २४७
६.३.१०४ पाटन लुभु मोतीटारको अभिलेख २५८
६.५.१०५ चाँगु मूलढोकानिरको अभिलेख २४९
६.३.१०६ सहोत्तरतन्त्रको पुष्पिकावाक्य अभिलेख २५०
६.४ निष्कर्ष २५१

अध्याय सातःनिष्कर्ष र उपलब्धि **२५३-२५८**

परिशिष्ट **२५९-३६९**

परिशिष्ट १ : अन्तर्वार्ताको लागि सोधिएका प्रश्नहरू २५९

परिशिष्ट २ : अन्तर्वार्ता दिई सहयोग गर्नु हुने व्यक्तिहरूको नामावली २६१

परिशिष्ट ३ : लिच्छवि अभिलेखमा प्रयुक्त लिपिको क्रमिक कालक्रम २६२

परिशिष्ट ४ : लिच्छविसंवत् १ देखि नेपालसंवत् शुरुवातसम्मको संवत् – सम्वन्ध ३०४

परिशिष्ट ५ : फोटोहरू ३३५

सन्दर्भग्रन्थ सूची **३७०-३७३**

संक्षेपीकरण

इ.सं	–	इस्वी संवत्
क.सं	–	कलिगत संवत्
द्वि	–	द्वितीय
ने.सं	–	नेपाल संवत्
लि.सं	–	लिच्छवि संवत्
वि.सं	–	विक्रम संवत्
सं	–	सम्पादक
सं.लि.सं	–	संक्षिप्त लिच्छवि संवत्
शा.सं	–	शाके संवत्
श.सं	–	शक संवत्

अध्याय एक

परिचय

१.१ अध्ययनको पृष्ठभूमि

नेपालसंवत् उठान हुनुभन्दा अघिको ८०२ वर्षको इतिहास प्राचीनकाल र त्यस पश्चात् ८८८ वर्षको इतिहास मध्यकालको कालखण्ड हो । यी दुवै ऐतिहासिक कालखण्डलाई प्रामाणिक ऐतिहासिक कालखण्ड मानिएको छ । ती मध्ये प्राचीनकाल खण्ड कै विषयमा केन्द्रित हुनु पर्दा यहाँ पनि थुप्रै प्रामाणिक एवं लिखित स्रोत अभिलेखहरू भेटिएका छन् । तात्कालिक स्रोत अभिलेखलाई तमाम इतिहासकारहरूलिच्छविकालका अभिलेख भनेर मान्नमा कुनै विमति गरेका छैनन्। यही ८०२ वर्षको अवधिभित्रका अभिलेखको अध्ययन गर्दा मध्यकालको शुरु वर्ष अर्थात् नेपालसंवत्को शुरु भएको वर्षको महत्व मान्न अत्यन्त जरुरी छ । यस अघि लिच्छविकालको इतिहास विवेचना गर्ने तमाम इतिहासका पाठ्य पुस्तकहरुमा यो वर्षलाई चटक्कै छोडेको देखिन्छ ।

सुरुमा भारतीय इतिहासकार पं.भगवानलाल इन्द्रजीले पनि लिच्छविकालसित जोड्ने नेपालसंवत्को पहिलो वर्षलाई त्यति महत्व दिएको देखिएन । हुनत उनले वि.सं. १९३७ मा २३ वटा अभिलेख संकलन गरेर छपाए त्यसमा १५ वटा लिच्छविकालका अभिलेखहरू परेका छन् भने बाँकी ८ वटामा मध्यकाल र शाहकालका पनि परेका छन् तर उनको ध्यान भने १५ वटालिच्छविकालका अभिलेखको आधारमा त्यस कालखण्डमा दुईथरि संवत् चलेको कुरा प्रचारमा ल्याउन तर्फ गयो ।उनले ती दुईथरि भनेका मध्ये पहिलोथरि संवत्लाई विक्रमसंवत् र अर्कोथरि संवत्लाई सम्राट हर्षवर्द्धनको हर्षसंवत् भनी मानेको हुन् । तव नेपालमा लिच्छविकालमा चलेको संवत्को बारेमा मतमतान्तरको क्रम चल्दै आए ।ती विभिन्न मतमतान्तरहरू मध्ये उनको मत पहिलो मत मानिएको छ ।

त्यसपछि अरु स्वदेशी तथा विदेशी अन्वेषकहरूलेपनि नेपालको प्राचीन अभिलेखहरू संकलन मात्र गरेको होइन ती अभिलेखमा देखिएका संवत्का बारेमा आ–आफना विचार र धारणाहरू, लेख तथा पुस्तकहरू मार्फत अभिव्यक्ति जाहेर गर्दै आएको छन् । अहिले आएर ती विचारहरू पनि विभिन्न मतमतान्तर बनेर रहेका छन् । ती बिभिन्न मतहरुलाई एकातिर पन्साएर धनवज्र बज्राचार्यबाट वि.स. २०३० मा त्यतिबेलासम्म प्रकाशित भैसकेका र भेटिएका लिच्छविअभिलेखहरू जति छन् त्यसलाई एकै ठाउंमा सम्पादन गरी लिच्छविकालका अभिलेख नाम दिएर गहकिलो ग्रन्थ प्रकाशित

गराए ।उनको यस ग्रन्थमा १९० थान तत्कालीन अभिलेखहरू समावेश भएका छन् ।यस ग्रन्थमा लेखकले अभिलेखहरूको व्याख्या विश्लेषणहरू बडो राम्रो ढंगले गरेका हुनाले सम्पूर्ण पाठकहरूलाई अभिलेख पढ्नमा सहज हुन पुगेको छ । यद्यपि ती अभिलेखमा प्रयुक्त संवत्को विषयमा संतोषजनक ढंगले प्रष्ट पार्न भने उनी पनि सफल हुन सकेको देखिएन ।

किनभने संवत् ४२७ को दुईवटा अभिलेख भेटिएकोमा कार्तिकको अभिलेखमा मानदेव जीवित र आषाढको अभिलेखमा मानदेव मृत्यु भैसकेको देखियो । त्यतिबेला प्रचलित रहेको संवत् कार्तिकादि नै रहेछ भनी प्रष्ट पार्न खोजिएको छ तर उनले संवत् ४२७ लाई शकसंवत् मानेर त्यसमा १३५ जोडेर विक्रमसंवत् बनाउंदा संवत् ४२७ कार्तिक पनि वि.सं ५६२ र संवत् ४२७ आषाढ पनि वि.सं ५६२ हुने कुरा राखेको देखियो । यसरी कार्तिक र आषाढ दुवैमा विक्रमसंवत् ५६२ नै हुंदैन भन्ने कुरालाई ध्यान दिन सकेको देखिएन ।यो कुरा उनको कमजोरी हो भन्ने कुरा प्रष्ट हुन्छ ।

संवत् ३८६ जेष्ठको चाँगुनारायणको अभिलेखको व्याख्या गरेको प्रकरणमा पनि संवत् ३८६ लाई शकसंवत् मानेर त्यसमा १३५ जोड्दा विक्रमसंवत् ५२१ हुन आउँछ भनेर व्याख्या गरेको छ । संवत् ३८६ भनेको कार्तिकबाट उठान भएर आयो अनि जेष्ठमा पनि ३८६
भयो । त्यस्तै विक्रमसंवत्बाट भन्नु पर्दा कार्तिकमा पनि ५२१ र जेष्ठमा पनि ५२१ त हुने होइन । यहाँ विचारणीय कुरो यो आउँछ कि, अभिलेखको संवत् शकसंवत्लाई कार्तिकादि मानिएतापनि विक्रमसंवत् त कार्तिकादि अवश्य होइन । यदि जेष्ठमा वि.सं ५२१ हुन्छ भने कार्तिकमा वि.सं ५२० हुन स्वाभाविक रुपले हुन्छ । त्यस्तैगरी कार्तिकमा ५२१ हुन्छ भने आषाढमा ५२२ हुन आउँछ तर शकसंवत्मा १३४ र १३६ जोड्ने प्रावधान भने कहीँ पनि छैन । यसरी वि.सं ५२० र ५२२ बनाउन , १३४ र १३६ नजोडी संभव नै छैन । यो प्रावधान कुन शास्त्रले दिन्छ भन्ने कुराको खुलासा उहाँले दिन सक्नु भएको छैन । वास्तवमा यो प्रावधान अहिलेसम्म कुनै शास्त्रमा चर्चेको पनि छैन ।

लिच्छविकाल कै नरेन्द्रदेवको अनन्तलिंगेश्वरको अभिलेखमा पर्वपूजाहरुको वर्णन हुने क्रममा कार्तिकबाट दिइएको आधारमा अंशुवर्माले व्यवहार गरेको संवत् पनि कार्तिकादि भनेर व्याख्या गर्न खोजेको देखिन्छ । त्यही भएर संवत् ६७ पौषको पाटन केशवनारायण चोकको अभिलेख र संवत् ६७ कै भाद्रको यंगालहिटीको अभिलेखको व्याख्याको प्रकरणमा यसलाई मानदेव संवत् मान्दैगर्दा तद्नुसार संवत् ६७ मा ६३३ जोडेर विक्रमसंवत् ७०० हुन्छ भनी व्याख्या गरेको देखिन्छ भने संवत् ६७ कै यंगालहिटीको अभिलेखको वि.सं ७०० हुन्छ पनि भन्न नसकिने र ७०१ हुन्छ पनि भन्न

नसकिने अवस्था उहाँमा देखिएको छ । जव कि सुमतितन्त्र अनुसार संवत् ६७ लाई वि.सं ६३३ देखि उठेको मानदेवसंवत् मानेको आधारमा ६७ पौषमा ६३३ जोडेर वि.सं ७०० हुन आउँछ भन्न चाहिँ सकेको तर ६७ भाद्रमा पनि ६३३ जोडेर विसं ७०० हुन आउँछ भन्न चाहिँ नसकेको स्थिति छ तर सुमतितन्त्रले ६३३ जोड्ने सूत्र भने दिएको तर ६३४ जोड्ने सूत्र दिइएको छैन । यहाँ पनि यदि पौषको मितिमा ६३३ जोडे भाद्रको मितिमा ६३४ जोड्नु पर्ने र भाद्रको मितिमा ६३३ जोडे पौषको मितिमा ६३२ मात्र जोड्नु पर्ने अप्ठयारा अवस्था आउने तर्फ भने उहाँले कुनै खुलासा गर्न सकेको अवस्था पाइदैन ।साथसाथै उहाँले पनि नेपालसंवत् सुरु भएको पहिलो वर्षलाई छोड्नु भयो ।

वि.सं २०४३ मा पं.नयराज पन्तको लिच्छविसंवत्को निर्णय नामक ग्रन्थ प्रकाश हुँदा त्यसमा पं भगवानलाल इन्द्रजीदेखि देखापरेको संवत् सम्वन्धिको विभिन्न मतमतान्तरहरूको खण्डन गरिएको पाइन्छ । साथै प्राप्त १९० थान अभिलेखहरूको परिधिमा रहेर बार नक्षत्र उल्लेख भएको अभिलेख र अधिकमास समेतलाई सम्वोधन गर्न खोजिएको कुरा प्रकाशित ग्रन्थमा पाइन्छ ।उनको यो कृति प्रकाशमा आएको बेलासम्म संवत् ५३६ को गोकर्ण बालुवा गाउँको अभिलेख भने फेला परेको थिएन । तापनि संवत् ५३५ कै ज्यावहालको अभिलेख त सुरुदेखि नै देखिएको थियो तथापि यो अभिलेख अंशुवर्मा कै हो भन्ने पक्षमा उहाँ पनि खुलस्त हुनसक्नु भएन ।

पं. नयराज पन्तबाट बार नक्षत्र उल्लेख भएको अभिलेखहरूको आधारमा गणना गरिए पनि सुमतितन्त्रले शकसंवत्मा १३४ र १३६ जोड्ने सूत्रको अधिकार दिइएको छैन र मानदेवसंवत भनिएको संवत् अंकमा पनि ६३२ र ६३४ जोड्ने अधिकार दिइएको छैन । धनवज्र बज्राचार्यबाट जस्तो किसिमको असहज परिस्थिति महसूस गरेको हो । त्यही असहज परिस्थितिबाट उहाँ पनि जोगिन पाउनु भएको अवस्था देखिएन । उहाँहरूको स्थापित मान्यता अनुसार संवत् ५३५ र ५३६ भनेको अंशुवर्माको अभिलेख हुँदै होइन भन्ने हो तर संवत् ५३५ को अभिलेख जीर्ण र अस्पष्ट भएकोले त्यसमा अंशुवर्माको नाममेटिन पुगेको हो । अंशुवर्माको होइन भन्ने ठाउँ पाएका हुन् तर गोकर्ण बालुवा गाउँको अभिलेख अंशुवर्माको अभिलेख होइन भन्ने ठाउँ रहेन । तसर्थ अघिल्ला स्थापित मानिएका मान्यताहरू अझै पनि अस्थिर कै अवस्था कायम छ भन्न सकिन्छ । साथसाथै उनले पनि नेपालसंवत् शुरु भएको पहिलो वर्षलाई छोड्नु भयो ।

अहिलेसम्मका स्थापित मान्यताले लिच्छविकालको अभिलेखमा प्रयुक्त संवत् शकसंवत् र मानदेव संवत् नै हो भन्दै आए तापनि प्राप्त भएका सवै अभिलेखहरू समेटर स्पष्ट इतिहासको रुपरेखा तयार गर्न ती स्थापित मान्यता अब उपयुक्त देखिएन ।किन कि यस अध्ययनले लिच्छविकालको

अभिलेखमा प्रयुक्त भै रहेको संवत्को रहस्य के हो ? यो कुराको सङ्गतिमिले बिना किन नेपालको प्राचीन इतिहास र संस्कृतिको विधा नै धमिलो बनिरहेको छ ?भन्ने प्रश्न उठेको छ । यसरी नेपालको प्राचीन इतिहास र संस्कृतिमा छाइरहेको धमिलोपनालाई अझै पनि कायम गर्दै जाने कि सच्याएर अघि बढ्ने भन्ने कुराको निधो यस शोधमा दिने प्रयास गरिएको छ । अतः यस विषयमा थप अनुसन्धानको आवश्यकता नितान्त जरुरी भैसकेको महसूस भएकोले यो शोध तयार गरिएको हो ।

१.२ समस्या कथन

लिच्छविकालका अभिलेख १९० थान भेटिएको अवस्थासम्म त्यसवेलाका दुईथरी संवत् चलेको र ती दुइथरि भनेका संवत्मध्ये पहिलोलाई विक्रमसंवत्सँग १३५ वर्षको अन्तर भएको शकसंवत् र त्यही शकसंवत् ४९८ बितेपछि शुरु भएको दोस्रो संवत् मानदेव संवत् हुन् भन्ने मान्यतालाई नै जसरी भए पनि ठीक छ भनी थामथुम पार्ने नीति अवलम्बन गरिनु नै टड्कारो रुपमा देखिएको मुख्य समस्या हो । त्यसको लागि मानदेव संवत् ३०४ वर्ष चलेको कुरा सुमतितन्त्र नामक ग्रन्थमा छ भनी देखाइयो । ३०४ वर्ष एउटा कुरा बाहेक सुमतितन्त्रका अरुकुरा प्रकाशित गराउन नसक्नु अर्को ठूलो समस्या हो ।

चाँगुनारायणको स्तम्भलेखको संवत् ३८६ जेष्ठलाई गणनाले शक ३८५ को समानान्तर देखाउने तर ३८६ लाई नै शक भन्ने, विष्णुपादुकाफेदीको अभिलेखमा संवत् ३९८ अधिकमास सहितको आषाढ छ । अधिकमास शक ३९७ को आषाढ लिने तर ३९८ लाई नै शकसंवत् भन्ने जस्ता अन्यौलता यथावत् रहेको छ । त्यसैले नेपालमा संवत्को विषयमा कुनै तथ्यपरक विशिष्ट अध्ययन अनुसन्धान पनि हुन नसक्नु नै शोधको लागि समस्या हुन आएको छ ।

१.३ शोधको औचित्य

क) संवत् ४९५ मितिको शंखमूलको अभिलेख पाइएको छ । त्यसपछि एकैचोटी संवत् ५१२ को विष्णुपादुकाफेदीको अभिलेख पाइएको छ । शक ४९८ बाट मानदेवसंवत् उठेको पनि हो तर त्यहाँ नयाँसंवत् आविष्कार भएको भन्ने कुनै प्रमाण देखा नपर्नु ।

ख) संवत् ५१६ देखि ५२६ सम्म शिवदेव अंशुवर्माको संयुक्त नाम भएको अभिलेखहरू देखापर्नु, त्यसपछि ५२७ र ५२८ को अभिलेख नभेटिए पनि संवत् ५३५ र ५३६ को अभिलेखहरू देखा पर्दा ती बीचका संवत् २९, ३०, ३१, ३२, ३४ का अभिलेखहरूको मितिमा ५०० अव्यक्त भएको संकेत देखापर्नु ।

ग) यस बीचमा संवत् ३१ का अभिलेखहरू मध्ये कुनैमा बारको उल्लेख हुनु , कुनैमा अधिकमासको उल्लेख हुनु त्यतिमात्र होइन संवत् ३४ को अभिलेख र खुद संवत् ५३६ को अभिलेखमा पनि अधिकमास उल्लेख देखिएबाट ती संवत् शकसंवत् र मानदेव संवत्को रुपमा कल्पना गर्ने ठाउँ छैन भन्ने देखा पर्नु ।

घ) विसं ९३५ वैशाखसम्म कथित मानदेव संवत् ३०१ वैशाख भइरहेको कुरा सहोत्तर तन्त्रको गणनाले सिद्ध गर्नु, विसं ९३६ को कार्तिक मै नेपालसंवत्को उठान भैसकेको देखिन आएपछि त्यहाँ ३०४वर्ष मानदेव संवत् चल्यो भनेर कल्पना गर्ने ठाउँ नहुनु र सुमतितन्त्रको औचित्य समाप्त भएको देखापर्नु ।

ङ) चौधौं शताव्दीमा आएर नेपालमा विक्रमसंवत् प्रवेश भएको अभिलेखहरू देखापरेकाले शकसंवत् र विक्रमसंवत् बीचको अन्तर पो १३५ देखिनु पर्नेमा लिच्छवि संवत् र विक्रमसंवत् बीचको वर्ष अन्तर १३५ देखाइएको हुनु । प्रस्तुत शोधले यस्ता समस्याको समाधान गर्ने, प्रयास गर्ने हुनाले यो शोधको औचित्य हुनु ।

१.४ शोध प्रश्न

नेपालसंवत् उठान हुनु अघिको ८०२ वर्षलाई लिच्छविकाल मान्नुमा अव विवाद रहेन । यही लिच्छविकालमा चलेको संवत् कार्तिकादि सिद्धान्तमा आधारित संवत् हो भनी मान्नुमा पनि अव विवाद रहेन तर यो कार्तिकादि संवत दुईथरिका हुन् र ती दुईथरि संवत्हरू शकसंवत् र मानदेवसंवत् हुन् भनी मान्नुमा समस्या देखा परेको छ । यहाँ नेपालसंवत्को उठान वि.सं ९३६ कार्तिकलाई ठीक मान्ने कि वि.सं ९३७ कार्तिक ठीक मान्ने भन्नेमा पनि समस्या देखापरेको छ । वि.सं ९३६ कार्तिकलाई ठीक मानेको खण्डमा तद्नुसार शक ८०१ कार्तिक र इस्वी ८७९ अक्टोवर

ठीक देखिन आयो र विसं ९३७ कार्तिक ठीक मान्नासाथ अरु समकालीन संवत्सँग कुनै पनि तालमेल राख्न सकिने अवस्था देखिन आएन ,त्यसैले नेपालको प्राचीन इतिहास संस्कृति तथा अभिलेख अध्ययनको सवालमा एक प्रकारको अन्यौल व्याप्त देखा परेको छ । अतःसंवत्को वारेमा देखापरेका सम्पूर्ण समस्याहरुको निराकरण गर्नको लागि यस शोध प्रवन्धमा निम्न लिखित शोध प्रश्नको उत्तर खोजी गरिएको छ ।

क) लिच्छविकालको अभिलेखमा प्रयुक्त संवत् के संवत् हुन्? स्थापित मान्यतासँग के कुरामा भिन्नता छ ?किन भिन्नता छ ?कसरी भिन्नता भयो ?

ख) संवत् ५३६का अभिलेख भेटिएपछि इतिहास र संस्कृतिको क्षेत्रमा कुन नौलो कुरा प्रकाशमा आयो किन र कसरी आयो ?

ग) सुमतितन्त्रका आधारमा गरिएका गणना सहितको औचित्य के कुरामा प्रभावहीन छ, किन छ, कसरी छ ?

प्रस्तुत शोधप्रवन्धमा माथि उल्लेख गरिएको शोध प्रश्नलाई केन्द्र विन्दुमा राखेर लिच्छविकालको अभिलेखमा प्रयुक्त संवत्को बारेमा अध्ययन गरिएको छ ।

१.५ उद्देश्य

यो शोध लिच्छविकालका अभिलेखमा प्रयुक्त संवत् वास्तवमा के थियो भन्ने बारेको खोज हो ।लिच्छविकालको इतिहास संस्कृतिका लागि विश्वसनीय स्रोत केवल तात्कालिक शिलाका अभिलेख नै मुख्य हुन् भने शिला अभिलेखबाहेक अन्य स्रोत उपलव्ध छैन । यी शिला अभिलेख स्रोतमा अङ्कित संवत्को बारेमा विस्तृत खोज अनुसन्धान हुनको लागि अत्यन्त खाँचो महसूस भएको छ ।यही खाँचोलाई नै शोधको लागि मुख्यतः निम्न उद्देश्यहरू तय गरिएका छन् ।

क) लिच्छविकालका अभिलेखमा प्रयुक्त संवत् के संवत् हुन्? स्थापित मान्यतासँग के कुरामा किन रकसरी ?भिन्नता भयो सो बारेमा अध्ययन हुनुपर्ने ।

ख) संवत् ५३६ का अभिलेखहरु भेटिएकोले इतिहास र संस्कृतिको क्षेत्रमा नौलो कुरा के प्रकाशमा आयो किन र कसरी आयो ?सो बारेमा अध्ययन हुनुपर्ने ।

ग) सुमतितन्त्रका आधारमा गरिएका गणना सहितको औचित्य के कुरामा प्रभावहीन छ, किन छ, कसरी छ सोको बारेमा अध्ययन हुनुपर्ने ।

१.६ शोध कार्यको क्षेत्र र सीमा

काठमाडौं उपत्यका र उपत्यकाभन्दा बाहिर जहाँ लिच्छविकालका अभिलेखहरू पाइन्छ यो नै शोधको क्षेत्र हुन् ।लिच्छवि अभिलेख पाइने गरेका क्षेत्र पूर्वमा काभ्रे र पश्चिममा टिष्टु - गोरखासम्मका अभिलेखहरू अध्ययनको क्षेत्रभित्र रहेका छन् । ती ठाउँमा रहेका शिलालेख शिवलिंग,जलहरिपीठ अभिलेख, शिलाखण्ड,मूर्तिपादपीठ अभिलेख, तथा ग्रन्थका पुष्पिकावाक्य समेत आउँछन् ।जसमा साल संवत् मिति उल्लेख भएकाहरूको नमुना छनोट विधि अपनाइ अध्ययन गरिएको छ ।

सैद्धान्तिक रुपमा लिच्छविकालमा चलेका संवत्को विषयमा आफ्ना अभिमत जाहेर गरेका विभिन्न स्वदेशी तथा विदेशी लेखकहरुका अभिमत र धारणाहरू अध्ययनको सीमाभित्र राखिएको छ ।लिच्छविकालमा प्रचलित अधिकमास पद्धतिको निरन्तरता पूर्व मध्यकालसम्म पनि जारी रहेको हुँदा अधिकमास उल्लेख भएका अभिलेखहरू पनि अध्ययनको सीमाभित्र राखिएको छ । साथै मध्यकालमा आएर लिच्छविकालमा चलेकोसंवत् र नेपालसंवत् बीचको अन्तर ८०२ देखिए तापनि भ्रमवश यसलाई शकसंवत् ठानिकन शकसंवत् जनाउने गरिएको केही मध्यकालीन अभिलेखहरू समेत अध्ययनको सीमाभित्र राखिएका छन् ।

विषयवस्तुको आधारमा मुख्यत: स्थापित मान्यता अन्तर्गत केवल बार उल्लेख भएका दुई अभिलेखहरूमा मात्र केन्द्रित रही लिच्छविकालमा चलेको संवत्को विषयमा त्रुटिपूर्ण निर्णय मात्र आएकोले यो निर्णय पनि शोध सीमाभित्र राखिएको छ । नेपालसंवत् उठान भएको पहिलो दिन जसले अघिल्लो अवधि र कालान्तरसम्मलाई निर्णायक मोडमा ल्याउन अति महत्वपूर्ण भूमिका निर्वाह गर्न उपयोगी सिद्ध देखिने भएकोले मितिको तारिख गणना समेतलाई अध्ययनको सीमाभित्र राखिएको छ । साथै ऐतिहासिक कालक्रमलाई भरसक मिलाउने प्रयास गरिएका पुस्तक पत्र पत्रिकालाई पनि अध्ययनको सीमाभित्र राखिएको छ ।

१.७ शोधको महत्व

यस शोध कार्यले नेपालको प्राचीन इतिहास र संस्कृतिमा विवादित अवस्थामा रहेको संवत् को समस्या बारेमा बिस्तृत खोज गर्ने पक्षलाई आफ्नो अध्ययनको सीमाभित्र राखेको छ । अत: यो शोध कार्यको निम्नानुसारको महत्व औंल्याउन खोजिएकोछ ।

लिच्छविकालका अभिलेखहरू भन्नाले शिलास्तम्भ, शिलापत्र, मूर्तिकोपादपीठ, शिवलिंगकोपीठ ढुंगेधारा, जलद्रोणी जस्ता वस्तु र अनेकौं शिला, धातु एव ग्रन्थका पुष्पिकाहरूमा कसले कहिले केका लागि लेखेर राखेको भन्ने व्यहोरा खुलाउने क्रममा तिथिमितिको स्पष्ट उल्लेखले समय पनि प्रष्ट्याएको देखिन्छ । प्रायः ती अभिलेखहरूमा बारको उल्लेख नभएको र संवत्को नाम नै काटिएको अवस्था नरहेको हुनाले ती अभिलेखका संवत् कुन रहेछ त भनी यस शोधबाट उजागर हुनेछ । ती उल्लेखित तिथिमितिहरूमा संवत् भनेर शतस्थानी अंकका पनि छन् दशस्थानी अंकका पनि छन् । त्यतिमात्र होइन शव्दमा व्यक्त गरिएका संवत् पनि छन् । शतस्थानी संवत् अङ्कित भएका चाँगुको स्तम्भअभिलेखमा बारको प्रत्याभूति गरिएको पाइन्छ । चाँगु कै गरुड कवच धातु निर्मित अभिलेख र लिच्छविकालको अन्ततिर लेखिएको सहोत्तरतन्त्र नामक सुश्रुतग्रन्थको पुष्पिकामा बारको समेत उल्लेख आएको हुनाले तत्कालीन समयमा प्रचलनमा रहेका संवत् कुन हुन् त भन्ने कुरालाई उजागर गर्न मद्दत मिलेको छ । फेरि दशस्थानी संवत्को प्रचलनहरू देखा परिसकेपछि यसले शतस्थानी संवत्लाई विदा गराई नयाँ सुरुवात भएको संवत्को आगमन भएको अवधारणाको विकास भई अनेकौ मतमतान्तर प्रार्दुभाव हुँदै आएको यथार्थलाई उजागर गर्ने छ । सोही सिलसिलामा पछिल्लो समयमा नयाँनयाँ अभिलेखहरू प्राप्त हुदै जाने क्रममा दशस्थानी संवत र शतस्थानी संवत् सँगसँगै चलिरहेको र शतस्थानी संवत्लाई बिदा गरेको नभई शतस्थानीसंवत् कै संक्षिप्त रूपको संवत् दशस्थानी संवत् पो हुन् कि भन्ने नवीन विचारलाई पृष्ठपोषण हुने संवत् ५३६ को गोकर्ण बालुवा गाउँको अभिलेखबाट थप अध्याय थपिनआएको छ । यस अध्ययनले तिथिमिति स्पष्ट उल्लेख भएका अभिलेखका संवत्लाई ऐतिहासिक पक्षबाट, गणितीय पक्षबाट र क्रमवद्ध तालिकालाई आधारको रूपमा प्रष्ट्याउने छ । यस अध्ययनले हालसम्म लिच्छविकालमा दुईथरिसंवत् चलेको हो या एकै थरिको हो र अर्को ती दुईथरि भनेका शकसंवत् हुन् या लिच्छविसंवत् वा मानदेव संवत् हुन् या संक्षिप्त लिच्छविसंवत् हुन् भन्ने निश्चित छनोट दिनु नै यो शोधको विशेष महत्व हो ।

१.८ सैद्धान्तिकरुपरेखा

लिच्छविकालमा चलेको संवत् अर्थात् लिच्छविसंवत् वा लिच्छविकालको अभिलेखमा प्रयुक्त संवत्का विषयमा प्राचीन समयदेखि नै विभिन्न विद्वानहरूले विभिन्न सिद्धान्त वा विचारहरु प्रकटगर्दै आएको संकेत देखिन्छ तर निश्चित रूपमा सिद्धान्तको खाका भने ल्याउन सकेको देखिंदैन । त्यतिवेला नेपाल तथा भारत सरहदभित्र पनि थुप्रै संवत्हरुको प्रचलन हुने र प्रचलन बन्द हुने जस्ता घटना

इतिहासमा देखिन्थे । नेपालमा लिच्छविकालको स्थापना सँगसँगै सुरु भएको संवत् केवल संवत्मात्र कहलिएको देखेर अनेक नाम दिने प्रयास लिच्छविकाल मै भइसकेको थियो त भन्न सकिन्न ।

भारतको सरहद भूमिमा जुन महिनामा अधिकमास परेको हो त्यही महिनामा मनाउने भएको हुनाले अधिकमास समस्या देखिएन तर नेपालमा लिच्छविकाल र मध्यकालको केही शताब्दी सम्म पनि आषाढ र पौषमा मात्र अधिकमास मान्ने परम्परा भएकोले लिच्छविकालमा कुनै सिद्धान्त जन्म भएको देखिएन । केवल भारतमा प्रचलित शकसंवत्को प्रभावमा परेर शक ४३५ मा अधिकमास परेकोले यहाँ पनि त्यही वर्ष अधिकमास त मनाए तर शक ४३५ आषाढको अधिकमास नेपालमा ४३५ पौषमा मनाएको जस्तो घटनाहरू घटे तर सिद्धान्त को उत्पत्ति भएको देखिएन ।

मध्यकालमा आएर नेपालसंवत्को उठान शक ८०१ कार्तिकबाट भएकोले शक र नेपालसंवत् बीचको अन्तर ८०० र ८०१ मात्र हुनु पर्ने यथार्थ आफनो ठाउँमा छ तर नेपालसंवत्सित ८०२ वर्षको अन्तर भएको लिच्छविकालको संवत्लाई नै शकसंवत् र शाकेसंवत्को नामाकरण गर्न थालेको देखियो । साथ साथै एउटै अभिलेखमा चारवटा संवत्हरू कलिगत, विक्रम शक र नेपालसंवत् अङ्कित गर्न पनि थालियो यसको पनि कुनै सिद्धान्तको रूप तयार हुनसकेको देखिएन ।

काठमाडौं उपत्यका वा नेपालमण्डलभित्र नेपालसंवत्को प्रचलन भएको र नेपालमण्डल– भन्दा बाहिर लिच्छविकालमा प्रचलित संवत् नै शाकेसंवत्को नामबाट व्यवहार हुंदै आए । सोहीक्रममा शाकेसंवत् भनेकै शकसंवत् हुन् भन्ने भान भने इतिहासकारहरूको मनमस्तिष्कमा रहेको छ तर यहाँ ८०२ वर्षको अन्तर देखिएको संवत्लाई शकसंवत् भन्न नपाइने भन्ने तिर कसैको ध्यानाकर्षण हुन सकिरहेको छैन । यो पनि एक संवत् मतामतान्तरको जन्म हुनुको प्रमुख कारकतत्व हो भन्न सकिन्छ ।

यसप्रकार लिच्छविकालमा प्रचलित संवत् कुन थियो? भन्ने सवालमा मध्यकालमा कही अभिलेखले लिच्छविकालमा चलेको संवत् नेपालसंवतसित ८०२ वर्षको अन्तर हुनैपर्ने जस्ता केही अंश सत्यप्रकाश भइसकेकै देखिन्छ तर त्यसलाई कहीँ शक र कहीँ शाके नाम दिएर भ्रमभित्र धकेल्न पुगेको छ ।

कालान्तरमा वि.सं १९३७ मा भारतका पं भगवानलाल इन्द्रजीले लिच्छविकालमा दुईथरिसंवत् चले त्यसमा पहिलो विक्रमसंवत् र अर्को हर्षसंवत् भनेर मतमतान्तरको श्रृंखला खडा गरी दिए तव सैद्धान्तिक रूपरेखा कोर्ने क्रम यहाँदेखि थालनी भएको देखिन आएको छ । यसमा पहिलो थरि

संवत्मा भन्दा दोस्रो थरिसंवत्मा बढी ध्यान आकर्षित हुनगई मत मतान्तरको धार यतैतिर सोझिएको पाइन्छ ।

प्रथम मतप्रतिपादक पं भगवानलाल इन्दजीको भनाईअनुसार लिच्छविकालमा चलेको दोस्रोसंवत् वि.सं ६६३ देखि उठेको हर्षसंवत होत्यसपछि जोन फेथफुल फ्लीटको भनाई अनुसार वि.सं ६६२ देखि उठेको हर्षसंवत् हो । त्यसपछि सिलभानलेभी, रमेशचन्द्र मजुमदार, हितनारायण झा, बालचन्द्र शर्मा, शंकरमान राजवंशी, के.जी.शंकर र पं. नयराज पन्त मत प्रतिपादकको रुपमा देखापरे । यसमा पं नयराज पन्तको मत नै अन्तिम निर्णय भनेर मान्यता बन्दै आएको हो । उनको भनाईअनुसार लिच्छविकालमा दुईथरि संवत् चले जसमा पहिलो शकसंवत् र दोस्रो वि.सं ६३३ देखि उठेको मानदेव संवत् भन्नेरहेको छ । उहाँको सिद्धान्तअनुसार मानदेवसंवत् ३०४ वर्ष चलेको पनि हुनै पर्ने र मानदेवसंवत् ३०१ वैशाखको समानान्तर शक ८०० वैशाखपनि हुनै पर्ने मान्यता बोकेको छ तर यी दुई मान्यता एक आपसमा बिरोधाभास देखिन्छ । किनभने शक ८०० वैशाखमा मानदेवसंवत् ३०१ वैशाख हुन्छ भने शक ८०१ कार्तिकमा मानदेवसंवत् ३०४ भुक्त भैसक्ने मान्यता गणितअनुसार असंभव छ । वास्तवमा उहाँको सिद्धान्त निर्णयको रुपमा स्थापित हुन नसकेर एक मतप्रतिपादक बनेर खुम्चिन आएको छ ।

१.९ अध्ययन विधि

यस अध्ययनलेअनुसन्धान पद्धतिका सामग्री संकलन विधि तथा सैद्धान्तिक आधारको रुपमा लिच्छविकालका अभिलेखमा प्रयुक्त संवत् लिपिको विषयलाई विस्तृत तवरले विवरणात्मक, विश्लेषणात्मक तथा तुलनात्मक रुपले सैद्धान्तिक पक्ष कै अवलम्बन गरेको छ ।

यस अनुसन्धानमा सवभन्दा राम्रो र उपयुक्त उपायको रूपमा समालोचनात्मक सिद्धान्तलाई अपनाउन चाहन्छ । त्यसकारण लिच्छविसंवत्को विषयमा मुख्य मुद्दा, समस्या, समस्या समाधानको निकासको बाटो र तरिका बुझ्न अनुभववादी धारणा अपनाउनु पनि जरुरी देखिन्छ । जव व्याख्याको दृष्टिकोण प्रयोग गर्नु पर्ने हुन्छ तव समालोचनात्मक, विश्लेषणात्मक, आधारहरू अपनाएर प्रामाणिकताको खोज गरिनु पर्छ । त्यसकारण यहाँ अनुसन्धान विधि र पद्धतिको प्रयोग गरेर तथ्यांक संकलन गरिएको छ । अनुसन्धान विधिले अनुसन्धानको मार्ग निर्देशनहरू पालन गराइने हुनाले विगतमा पनि संवत्को विषयमा अनुसन्धान हुँदा पूर्व प्रकाशित पुस्तक, लेख तथा जर्नलहरू

जुटाइएकै हुने हुँदा यस अध्ययनले पनि पुस्तकालयमा रहेका पुस्तकहरूबाट पहिले गरेका खोज तथा विचारहरू माथि अध्ययन गरेको छ ।

यस अध्ययनका सीमा अन्तर्गत प्रकाशित लिच्छविकालका अभिलेखका लिपिलाई नै अवलोकन अन्वेषण गर्नुको साथै अहिलेको युगमा विद्युतीय सन्चार माध्यम इन्टरनेटमा पाइने सूचनामा पनि उपयोगी सामाग्री देखिएको खण्डमा ऐतिहासिक तत्वको प्रयोग गरी यस शोधमा तथ्यांक संकलन गरिएको छ । बिभिन्न विज्ञहरूसँग वेलावेलामा गरिएका छलफलहरूमा नयाँ, नयाँ अभिलेखहरू भेटिंदै गएपछि पुराना स्थापित मान्यताहरूमा परिवर्तनहरू पनि देखा पर्नु विल्कूल स्वाभाविक छ तर प्राचीन ग्रन्थ भनेर सुमतितन्त्र जस्ता ग्रन्थहरूको समेत चर्चा हुने हुँदा ती कुरा नकार्ने जस्ता कुरा मामुली कुरा होइन । यसमा ठूलो चुनौति आउन सक्छ भन्ने जस्ता राय विज्ञहरू राख्ने गर्छन् । विज्ञहरू तथा इतिहासमा चाख राख्ने पाठकहरूको धारणा समेतलाई अनुसन्धान विधिहरू कै निमित्त एक प्रेरकतत्व मानी प्राथमिक तथ्यांक संकलन गरिएको छ । यस अनुसन्धानमा खासगरी जटिल एवं युगान्तकारी निर्णयको विषयवस्तु माथि अनुसन्धान गर्नुपर्ने भएको हुनाले गुणात्मक तथ्यांक प्राप्त गर्नाका लागि गुणात्मक शोधविधिको अवलम्बन गरिएको छ ।

१.९.१ अनुसन्धान ढाँचा

हरेक अनुसन्धान कर्ताको पहिलो कर्तव्य भनेको अनुसन्धान गर्नुभन्दा पूर्व समस्याहरूले उव्जाएका प्रश्नहरूको सिलसिलेवार ढंगबाट खोजको लागि तरिका पहिल्याउन निश्चित खाका तयार गर्ने गरिन्छ । त्यही प्रश्नको समाधान खोज्ने उद्देश्यको परिधिमा रहेर तयार गरिने खाकालाई नै अनुसन्धानका ढाँचा भन्ने गरिन्छ । पूर्वाचार्यहरूको भनाईअनुसार अनुसन्धानको ढाँचाभित्र अध्ययन केकोबारे गर्ने, अध्ययन किन गर्ने, कहाँ अध्ययन गर्ने, कसरी तथ्यांक उपयोग गर्ने, तथ्यांक कहाँबाट प्राप्त गर्नेकति समयमा अध्ययन गर्ने, नमुना छनोट ढाँचा कस्तो हुने, तथ्यांक संकलन कुन पद्धतिबाट गर्ने, तथ्यांकको विश्लेषण कसरी गर्ने, प्रतिवेदन कुन ढंगमा प्रस्तुत गर्ने आदि जस्ता कुराहरू ढाचाँमा समावेश हुनु जरुरी छ । यस आधारमा अनुसन्धानको ढाँचा भनेको अनुसन्धानको उद्देश्य पूरा गर्नका लागि शोध कर्ताले ती तत्वहरू समावेश गरिकन बनाइएको विस्तृत योजनालाई नै भनिएको हो ।

यस अनुसन्धानको समस्या कथन र उठाइएको प्रश्नको उत्तर प्राप्त गर्नका लागि अनुसन्धान ढाँचाका विविध प्रकार मध्ये परम्परागत विवेचनात्मक अनुसन्धानको ढाँचाको स्वरुपलाई छनोट

गरिएको छ । यसबाट विषयको गहन अध्ययनको आधारमा अन्तरनिहित ज्ञान प्राप्त गर्न सहज महसूस भएको छ । यस अध्ययनको लागि शोधको विषयमा पूर्व स्थापित मान्यता एवं सिद्धान्तहरूको गूढ रहस्य ग्रहण गर्दै जाँदा विषयको आन्तरिक रहस्य बुझ्नमा धेरै मद्दत मिलेको महसूस भएको छ । साथमा अध्ययनँग सम्बन्धित विषयका ज्ञाताहरूसँग सम्पर्क गरी अनुभवहरूको संकलन गरेर लुकेका तथ्यहरू समेत जानकारीमा लिन सहज भएको छ । अर्को कुरो ज्ञानको खोजीमा लाग्दै गर्दा पहिले थोपरिएका ज्ञानको सीमित घेरामैमात्र रुमलि रहेर हुंदैन भन्ने पनि बुझ्न जरुरी हुनआउँछ । यस अनुसन्धान ढाँचाले विषयको पूर्व निर्धारित स्थापित मान्यतालाई पछि प्राप्त भएका अभिलेख प्रमाणसँग जाँच तुलना गरेर समस्या समाधान गरेका छ ।

१.९.२ अनुसन्धानको स्रोत

अनुसन्धानका लागि चाहिने सामग्री जहाँबाट प्राप्त हुन्छ त्यहींबाट लिइएको स्रोत नै अनुसन्धान स्रोत हो । अनुसन्धान विधिका अनुसार अभिलेखीय स्रोत र स्थलगत स्रोत गरी दुई प्रकारको स्रोत वर्गीकरण गरिएको पाइन्छ । अभिलेखीय स्रोत अन्तर्गत प्रकाशित तथा अप्रकाशित कृति आदि पर्दछन् भने स्थलगत स्रोत अन्तर्गत जानकार व्यक्तिहरूसँगको कुराकानी र प्राप्त स्रोतलाई आफैले जाँचबूझ गरी तथ्यको निकटको लागि प्रयोग गर्ने स्रोत मानिन्छ । यस अनुसन्धानमा प्राथमिक स्रोत र सहायक स्रोतको आधारमा तथ्यांक संकलन गरिएको छ ।

(क) सहायक स्रोत

संवत्को विषय एक विशुद्ध ज्योतिषीय विज्ञानमा आधारित विषय हुनाले ज्योतिष विषयका पुस्तकहरू अध्ययनबिना पूरा नहुने हुँदा विभिन्न व्यक्तिहरुले सम्पादन गरेका पुस्तकहरूअध्ययन गरियो । यसका साथै संवत् गणनाका सिद्धान्तहरू, सुमतितन्त्र सम्वन्धी विभिन्न टिकाटिप्पणीहरू प्रकाशमा आएका लेख एवं निबन्धहरू आदि अध्ययन गरियो ।

(ख) प्राथमिक स्रोत

लिच्छविकालका अभिलेखहरू प्राप्त भएका मध्ये सालमिति प्रष्ट पठनीय देखिने भएका अभिलेखहरू प्राय:संवत्का अंकका स्वरुपहरू के कस्ता तरिकाले अङ्कित रहेका छन् भनी बुझ्न भएसम्म छापा उतारहरूमा अवलोकन गरियो र छापा उतार उपलब्ध भए पनि प्राय: उतार अस्पष्ट हुने हुँदा शिलालाई नै अवलोकन गरी यकीन गरिएको छ । पूर्व अनुसन्धाताहरूले संवत् ३९८ भनेर पढ्नु पर्ने

अभिलेखका संवत्लाई कसैले ३९६ र कसैले ३९५ भनेर पढ्ने गरिएको र संवत् १५७ भनेर पढ्नु पर्ने अभिलेखका संवत्लाई कसैले १५३ र कसैले १५९ भनेर पढिएबाट अक्षरहरू कस्तो देखिन्छ भनेर थाहा पाउन पनि शिलाको पनि अवलोकन हुनुपर्ने रहेछ भनी अवलोकन गरिएको छ ।

अन्य विषय तर्क, अनुमान एवं भावना तथा प्रतिकात्मक रुपले व्याख्या विश्लेषण गरिए जस्तै संवत्को विषय त्यसरी व्याख्या गरिने विषय नभएकोले कुनै संवत् कार्तिकबाट थालनी हुने त कुनै चैत्र, कुनै वैशाख, कुनै माघ होला कुनै पौष होला कुनै आषाढ पनि हुनसक्ला तर हिसाव के रहेछ मुख्य बुझ्नु पर्ने हुन्छ । विक्रम संवत् भारतमा पनि छ । त्यो विक्रम संवत् कार्तिकबाट थालनी हुन्छ । नेपालमा वैशाखबाट वि.सं थालनी भएझै शक संवत् भारतमा चैत्रबाट थालनी हुन्छ भने नेपालमा कार्तिकबाट थालनी भएको हुनसक्छ भनेर तर्क अघिसार्ने गरेका पनि पाइन्छ ।यस्तै तर्कको गोलमटोल कुराबाट फायदा लिएर लिच्छविकालमा चलेका नेपालका संवत् पनि कार्तिकबाट थालनी हुने र यो शक संवत् नै हुन् यसअघि लिच्छविकालमा चलेको संवत् शक संवत् हुन् भन्नलाई सुमतितन्त्रको आधारमा भनेको मानिए तापनि अव गणितीय आधारबाट पनि त्यो बेलाको संवत् शक संवत् नै थियो भनेर सिद्ध गर्न समर्थ भएं । अंशुवर्माको संवत् ३१ को अभिलेखलाई शक ५२९ को कार्तिक बाट ५३० को आश्विनसम्म रहने गरि हिसाव गर्नुले शक संवत् चैत्रबाटै थालनी हुने संवत्हो यो लिच्छविसंवत्मा आकर्षित भएन भन्न गणितीय परीक्षण गर्नु पर्ने जरुरी हुँदा गणितीय परीक्षण पनि अपनाइएको छ ।

लिच्छविकालमा चलेका संवत्का सम्बन्धमा व्यापकरुपले सुमतितन्त्रको चर्चा गर्दै आएको देखेर यो ग्रन्थको पाण्डुलिपि राष्ट्रिय अभिलेखालयमा पनि पाइने भएकोले सो पाण्डुलिपि अवलोकन भएको छ । यही ग्रन्थको अर्को प्रति बृटिश म्युजियममा पनि रहेको सूचना सेसिल बेण्डालले प्रकाशमा ल्याएका छन् र उनकै सूचनालाई आधार मान्ने हो भने बेलायतमा रहेको सुमतितन्त्रमा मानदेव संवत्को उल्लेख छैन भनेर बुझ्न सकिन्छ ।

लिच्छविकालमा चलेको संवत्का विषयमा गोकर्ण वालुवा गाउँको अंशुवर्माको अभिलेख भेटिएपछि नेपालको प्राचीन इतिहासलाई बुझ्न थुप्रै प्रश्नहरू खडा हुन थालेपछि ती सन्देहहरू मेटाउन वा निवारण गर्नको लागि सूचना संकलन बिभिन्न व्यक्तिबाट लिनु संभव नदेखिएपछि प्रश्नावली तयार गरी त्यसको जवाफको अपेक्षा सवै यो अध्ययनले नै दिने विश्वास लिएको छ ।

१.९.३ तथ्यांक संकलन विधि

लिच्छविकालको अभिलेखमा प्रयुक्त संवत्को विषयमा अध्ययन गर्दा केवल एउटा अभिलेखलाई लिएर मात्र संभव नहुने भएर सालमिति उल्लेख भएका भेटिए जति अभिलेख माथि ध्यान दिनु जटिल कुरा हो र यसले विशाल क्षेत्र समेटिएकोले यस अनुसन्धानको लागि गुणात्मक शोध विधिको अवलम्वन गरिएको छ । शोधको विषय सम्वन्धमा विगतमा लिइएको मान्यता, वर्तमानमा लिइआएको मान्यता र भविष्यमा लिनु पर्ने मान्यताको बारेमा जानकारी राख्दै गुणात्मक तथ्यांक प्राप्त गर्नका लागि यो विधि अपनाइएको हो । यस अनुसन्धानमा अवलोकन, गणितीय परीक्षा र छलफलको माध्यमबाट तथ्यांक संकलन गरिएको छ ।

१.१० शोध प्रवन्धको रुपरेखा

यो अनुसन्धानमा प्रारम्भिक अध्यायबाहेक मुख्य पाँचवटा अध्यायहरु र अन्तमा उपसंहार समेत गरेर यो शोध विभाजन गरिएको छ । मुख्य अध्यायहरुमा १.शोधपरिचय २.पूर्व प्रकाशित कृतिहरुको समीक्षा.३संवत् मितिको सिद्धान्त.४प्राचीन अधिकमासको सिद्धान्त. ५संवत्हरूको इतिहास ६ सालमिति अङ्कित लिच्छवि अभिलखहरू७निष्कर्ष र सुझाव परिशिष्ट रहेका छन् । यस अनुसन्धानमा तथ्यपरक र विश्वसनीय शोध सामग्रीको प्रयोग गरिएको छ । अन्तमा निष्कर्ष पनि व्यवस्थित रुपमा प्रस्तुत गरिएको छ । यो शोध डीन कार्यालयको मानविकी संकायले निर्धारण गरे अनुरुपको प्रक्रियामा रहेर तयार पारिएको छ । प्रारम्भिक अध्याय र उपसंहार बाहेक अरु मुख्य छ अध्यायहरु यस प्रकार रहेका छन् ।

अध्याय १ मा शोध प्रयोजन, विषय परिचय, शोध समस्या, शोधको उद्देश्य, शोधको महत्व, शोधकार्यको क्षेत्र र सीमा, प्राथमिक स्रोत, सहायक स्रोत, तथ्यांक संकलन विधि बारे चर्चा गरिएको छ ।

अध्याय २मा अनुसन्धानको उद्देश्यसित सान्दर्भिक एवं लिच्छवि अभिलेखमा अङ्कित संवत् मिति बारे आ–आफ्नो मत जाहेर भइरहेका पूर्व प्रकाशित कृतिहरुको समीक्षा गरिएको छ ।

अध्याय३ मा संवत् मितिको सिद्धान्त अन्तर्गत समय मास वर्ष पंचांग संवत् संवत्सर लगायत संवत् मितिको सिद्धान्त बारे चर्चा गरिएको छ ।

अध्याय ४ मा प्राचीन अधिकमासको सिद्धान्त बारे सैद्धान्तिक मान्यता अनुरुप चर्चा र विवेचना गरिएको छ ।

अध्याय ५मा नेपाली ऐतिहासिक एवं सांस्कृतिक जगतमा व्यवहारोपयोगी भई देखा परेका कलिगत संवत्, विक्रम संवत्, शक संवत् र नेपाल संवत्का इतिहास बारे उपलब्ध अभिलेख प्रमाणहरूका आधारमा चर्चा गरिएको छ ।

अध्याय ६ मा लिच्छवि अभिलेखमा संवत् अङ्कित भएका हालसम्म प्राप्त सबै मितिको गणना र सैद्धान्तिक पक्षबाट चर्चा गरिएको छ ।

अध्याय ७मा लिच्छविकालका अभिलेखहरुको समष्टिगत अध्ययनबाट निस्केको निचोडलाई संक्षेपमा बुझाउन सहज होस भनी निष्कर्ष दिइएको छ । नेपालको इतिहास तथा संस्कृतिको कालक्रमलाई शुद्ध एवं सहज रुपमा अवलम्वन गर्दै जान के कस्ता कदम आवश्यक हुन्छ सोको लागि सुझाव बारे चर्चा गरिएको छ ।

अध्याय दुई

पूर्वप्रकाशित कृतिहरूको समीक्षा

प्राचीन लिखित इतिहास र संस्कृतिको अध्ययनको स्रोत लिच्छविकालका अभिलेखहरू हुन् । यी अभिलेखहरू संकलन गरी प्राचीन नेपालको इतिहास र संस्कृतिमाथि प्रकाश पार्ने कार्य विदेशी विद्वानहरूले थालनी गरे । कालान्तरमा स्वदेशी विद्वानहरूको ध्यान पनि यता तानिएपछि यी अभिलेखहरूमा अङ्कित गरिएका संवत्का बारेमा लामो समयसम्म मतमतान्तरले भूमिका खेल्यो । यी मतमतान्तरलाई टुङ्ग्याउने उद्देश्यले लिच्छविकालमा चलेका संवत् दुईथरिका हुन् । ती दुईथरि भनेका मध्ये पहिलो थरिलाई वि.सं. १३५ बाट उठेको शक संवत् र अर्को दोस्रो थरिलाई वि.सं. ६३३ बाट उठेको मानदेव संवत् हुन् भनी टुङ्ग्याई त्यसैमा जोडदिँदै आइरहेको हो तर यो पनि एक किसिमले थप मतमतान्तरको एक थप कदममात्र सिद्ध भएको मान्न सकिन्छ । वास्तवमा यो मतपनि सर्वसम्मत हुन सकिरहेको छैन । किनकी यसबाट पनि थुप्रै समस्याहरू निम्तिएकोले ती समस्याहरू समाधान गर्न सकेको अवस्था होइन । कारण पहिलो थरि भनिएका संवत्लाई वि.सं. १३५ बाट उठेको शक संवत् भनी मान्दा पनि अभिलेखमा अंङ्कितसंवत्लाई नै हेरफेर गर्नेतिर लाग्नुपर्ने अवस्था किन श्रृजना भएको हो? जस्तै संवत् ३८६ को प्रसिद्ध अभिलेख चाँगुनारायणस्थित मानदेव प्रथमको विजय स्तम्भ अभिलेख हो । यस अभिलेखमा एकातिर यही ३८६ लाई नै शक संवत् मान्ने अर्कोतिर यसलाई शक ३८५ र शक ३८७को समानान्तरमा राख्न खोज्नुलाई लिन सकिन्छ । यसको मतलव शकसंवत् मान्दा समस्या रहेछ भनी प्रष्ट हुन्छ । अर्को समस्या चाँगुनारायणको मानदेव प्रथमको अभिलेखमा भएको संवत् ३८६ लाई शक संवत् मान्दा त्यसमा उल्लेखित बार नक्षत्र मुहूर्त केही पनि मिल्न आउँदैन भन्ने अर्को समस्या छ । नक्षत्रलाई मिलाउन खोजियो कि संवत् ३८६ लाई बदलेर शक ३८५ बनाउनु पर्ने हुन्छ । यसरी शक ३८७ बनाउनु पर्ने अवस्था आउनु भनेको कैफियतमाथिकैफियत हुनु हो यता इतिहासकारहरूको ध्यान जानै सकिरहेको छैन ।

संवत् ३८६ कै क्रममा चलेको संवत् ४२७ पुग्दा संवत् ४२७ को कार्तिकको अभिलेख र संवत् ४२७ को आषाढको अभिलेख गरी दुईवटा भेटिए । यो संवत् ४२७ लाई शक संवत् मानेको अवस्था छ । यसलाई विक्रम संवत् बनाउँदा कार्तिकको अभिलेखमा पनि संवत्अङ्क४२७ छ । कार्तिकमापनि १३५ जोड्दा आषाढको अभिलेखमा पनि संवत्अङ्क४२७हुने भएकोले यसमा पनि १३५ जोड्ने कि नजोड्ने भन्ने अन्यौल भइरहेको छ । अर्को विर्सन नमिल्ने कुरा यो छकिसंवत् ४२७ कार्तिकमा

मानदेव प्रथम जीवित थिए भने संवत् ४२७ को आषाढको अभिलेखमा उनको मृत्यु भैसकेको वर्णन पाइन्छ ।संवत् ४२७ लाई शक संवत् मानी सकेपछि शक संवत्को क्यालेण्डर अनुसार आषाढ अघि आउने र कार्तिक पछि आउने भएपछि मानदेव प्रथम आषाढमा मृत्यु भई सकेर फेरि कार्तिकमा जीवित हुन पुगे भन्नुपर्ने अवस्था आउँछ । यतातिर पनि कसैको ध्यान जान नसक्नु ठूलो समस्या हो । जब संवत् ४२७ लाई शक संवत् मानिन्छ भने ४२७+१३५ गर्दा वि.सं. ५६२ को आषाढमा मानदेव प्रथम दिवंगत भइसकेको हुनु र वि.सं. ५६२ को कार्तिकमा मानदेव प्रथम जीवित देखिन्थ्यो भन्नु ठूलो भूल हो । यतातिर पनि ध्यान जानु आवश्यक छ ।

मानदेव प्रथमकै पालाका संवत् ३९८ को अभिलेखमा 'प्रथमाषाढ' भनेर उल्लेख आउनुको अर्थ शक ३९८ को वर्षमा अधिकमास परेको हुनु हो तर कुनै पनि शास्त्रले शक ३९८ मा अधिकमास परेको देखाइएको छैन। यतातिर पनि कसैको ध्यान जान सकेको छैन । किनकी शक ३९७ आषाढको अधिकमास संवत् ३९८ को लिच्छवि अभिलेखमा आषाढमा नै मनाउनुको मतलव के त ?बुझ्नु जरुरी छ । यदि अभिलेखको संवत् शक संवत् भएको भए शक ३९७ आषाढको अधिकमास लिच्छवि अभिलेखमा किन संवत् ३९८ आषाढ भएको हो त? अत: यसबाट पनि लिच्छविकालमा चलेको संवत् शक संवत् होइन भन्ने प्रष्ट हुन्छ ।

मानदेव प्रथमपछि राजा बसन्तदेवको पालाको संवत् ४३५को अभिलेखमा पौषमा अधिकमास परेको उल्लेख छ । यदि यो संवत् ४३५ शक संवत् भएको भए शक ४३५ आषाढमा अधिकमास पर्नुपर्ने किन पौषमा पऱ्यो ? यसको पनि मतलव बुझ्नु जरुरी छ । अत: शक ४३५ मा अधिकमास त पऱ्यो आषाढमा परेपछि हाम्रो अभिलेखको संवत् ४३५ पनि शक भएको भए आषाढ मै पर्नुपर्ने पौषमा मनाएबाट हाम्रो अभिलेखको संवत् शक संवत् होइन भन्न सकिन्छ । मानदेव प्रथमको मृत्यु भएको १०२ वर्षमा हाम्रो अभिलेखमा भएको संवत्लाई ५२९ भन्नुको सट्टा छोटकरीमा संवत् २९ मात्र भनेर तत्कालीन महासामन्त अंशुवर्माले व्यवहार गरेपछि यसलाई कालान्तरमा विद्वानहरुले छुट्टै संवत्को संज्ञा दिएको मात्र होइन यसलाई मानदेव प्रथमको मृत्यु भएको ७१ वर्षमा दोस्रो मानदेवले चलाएको अर्थात शक ४९८ (वि.सं. ६३३) बाट चलाएको मानदेव संवत् भनेर कल्पना गर्न थालियो । यसलाई मानदेव संवत् भनेर मान्नु तमानदेव संवत् ३०४ वर्ष चलेको सत्यतथ्य सावित हुनु पर्थ्यो अनि मात्र समर्थन गर्न उचित हुन्थ्यो अन्यथा उचित हुँदैन भन्ने कुरा प्रष्ट छ ।

उदाहरणको रुपमा संवत् ३०१ वैशाखको सहोत्तर तन्त्र नामक ग्रन्थको पुष्पिका वाक्यको कुरा गर्दा त्यसको समानान्तर शक ८०० वैशाख हुनु र वि.सं.९३५ वैशाख हुनु भनेको मानदेव संवत् ३०४ वर्ष चलेन भन्ने पुष्टि हुनु हो । एकातिर मानदेव संवत् ३०४ वर्ष चलिसकेपछि नेपाल संवत्को

उदय भयो भनिनु अर्कोतिर नेपाल संवत्को उदय शक ८०१ को कार्तिकमा र वि.सं.९३६ को कार्तिकमा भयो भनिनुको अर्थ यी दुईमा तालमेल नै भएन भन्ने कुरा प्रष्ट देखिन्छ । यदि मानदेव संवत् ३०१ बाट अर्को वर्ष ३०२ र ३०३ नभएर एकैचोटी ३०४ भएको पनि होइन । त्यो सम्भव पनि छैन ।तैपनि त्यसतो मिथ्या मान्यता नै स्थापित गर्न खोज्दै लिच्छविकालमा चलेको संवत् शक संवत् र मानदेव संवत् नै हो भनी समर्थन जनाएर बस्नु उचित अवश्यै होइन । यो कुरा बोध गराउनलाई थप अध्ययन अनुसन्धान पनि गर्नु परेको हुँदा यस सम्बन्धमा यस अघि विभिन्न लेखकहरुले लेखेका पुस्तक लेख एवं शोधप्रवन्धको सक्षिप्त समीक्षा गरी निम्न अनुसार ब्याख्या गरिएको छ । यस अन्तर्गत वि.सं. १९४२ देखि वि.सं. २०६८ सालसम्मका पुस्तक लेख आदि छापिएको समयक्रमको आधारमा संक्षिप्त समीक्षा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

Bhagwan Lal Indraji र BuhlerGeorge कोTwenty Three Inscriptions from Nepalपुस्तकमा लेखकद्वयले १५ वटा नेपालका लिच्छविकालका अभिलेखहरू र कालान्तरका ८ वटा गरी २३ वटा शिलालेखहरुका उतार सहित संकलन गरी व्याख्या गरेका छन् । यसलाई नेपालका प्राचीन संवत् र लिपिलाई बोध गराउने पहिलो पुस्तकका रुपमा हेर्ने गरिन्छ । यसमा गरिएको व्याख्यालाई हेर्दालिच्छवि राजा मानदेव प्रथमदेखि शिवदेव प्रथमसम्म देखा परेका पहिलो थरि संवत्लाई विक्रम संवत् र अंशुवर्मादेखि देखा परेको दोस्रो थरि संवत्लाई वि.सं. ६६३ देखि उठेको हर्ष संवत्हो भन्ने मान्यता दिएको देखिन्छ ।

कालान्तरमा लिच्छविकालका थुप्रै अभिलेखहरू भेटिने क्रममा अंशुवर्माकै पालाका संवत् ५३५ र संवत् ५३६ का अभिलेखहरू पनि भेटिए तर यिनका मान्यताले ती अभिलेखहरूसँग कुनै तालमेल राख्न सकेको देखिदैन ।लिच्छविकालका महासामन्त अंशुवर्माको नाम तत्कालीन राजा शिवदेव प्रथमसँग पनि जोडेर आएको छ भने दोस्रो थरि मानिएको संवत् २९ देखि ४५ सम्मका अभिलेखमा एक्लैको नाम देखिएको मात्र नभएर पहिलो थरि भनी मानिएको संवत् ५३६ मा पनि उनको एक्लैको नाम देखिन पुगेको छ ।

भगवान लाल इन्द्रजीका भनाइलाई समर्थन गरियो भने विक्रम संवत् ५२६ सम्म मात्र होइन ५३६ सम्म महासामन्त अंशुवर्मा विद्यमान थिए भन्नु पर्ने र संवत् २९ देखि देखा परेको दोस्रो थरि संवत् वि.सं. ६६३ बाट उठेको हर्ष संवत् हो भनी मान्ने हो भने २९+६६३ भनेको वि.सं. ६९२ र ४५+६६३ भनेको वि.सं. ७०८ हुन्छ । यिनको भनाई अनुसार विक्रम संवत् ५१६ देखि विक्रम

संवत्७०८ सम्म अनवरत रुपले अंशुवर्मा नेपालको प्राचीन शासन सत्तामा आसीन थिए भन्ने देखिन्छ । एउटा व्यक्ति १९१ वर्षसम्म सत्ता सम्हालेर गए भन्ने कुरा असंभव कुरा हो ।

त्यसकारण नेपालको प्राचीन संवत्का विषयमा यिनले गरेको व्याख्या ग्रहण योग्य देखिदैन । अतः संवत्को विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शन यो पुस्तकमा भएको पाईंदैन ।

Levy, Sylvan.कोLe Nepalयसलाई युरोपीय विदेशी विद्वानद्वारा नेपालको इतिहास विषय लेखिएको अत्यन्त महत्वपूर्ण पुस्तकमध्ये एक मानिन्छ । यस पुस्तकमा लेखकले नेपालका लिच्छवि राजाहरुले व्यवहार गरेको दुई थरि संवत् बारे ठोस निर्णय दिन शास्त्रीय पद्धतिलाई अवलम्बन गर्ने प्रयास गरेका छन् । यिनले लिच्छवि अभिलेखहरुमा उल्लेख भइरहेका अधिकमासलाई साधन बनाई आफ्नो मत प्रकट गरेका छन् ।

यिनको व्याख्यालाई मध्यनजर गर्ने हो भने लिच्छवि राजाहरुले व्यवहार गरेको संवत् दुई थरि हुन् भनिएको छ । पहिलो थरिलाई वि.सं. १६७ बाट उठेको लिच्छविसंवत् र दोस्रो थरिलाई वि.सं. ६५२ देखि उठेको भोटे संवत् भनिएको छ ।लिच्छविकालका प्राचीन अभिलेखहरूभेटिने क्रममा महासामन्त अंशुवर्माको नाम संवत् ५१६ देखि ५२६ सम्म शिवदेव प्रथम सँगसँगै उल्लेख आएको देखिन्छ भने संवत् ५३६ को अभिलेखमा अंशुवर्मा एक्लैको नाम उल्लेख गरिएको पाइन्छ । त्यसैगरी उनै महासामन्त अंशुवर्माको नाम संवत् २९ देखि देखा परेको अर्को दोस्रो थरिको सम्वतमा ४५ को संवत् अंकसम्म उनको नाम देखा परेको पाइन्छ । अघिल्लो थरि संवत् वि.सं. १६७ बाट उठेको लिच्छविसंवत् भएपछि ५१६+१६७ गर्दा वि.सं. ६८३ देखि ५३६+१६७ गर्दा वि.सं. ७०३ हुन्छ अनि वि.सं. ६८३ देखि वि.सं. ७०३ सम्म अंशुवर्मा नेपालको प्राचीन शासन सत्तामा विद्यमान थिए भन्नुपर्ने हुन्छ । त्यसैगरी दोस्रो थरि संवत्को क्रममा २९+६५२ गर्दा वि.सं. ६८१ र ४५+६५२ गर्दा वि.सं. ६९७ सम्म अंशुवर्मा नेपालको शासन सत्तामा विद्यमान थिए भन्नु पर्ने हुन्छ । दोस्रो थरि संवत्को दृष्टिकोणले अंशुवर्माको संवत् ४५ उप्रान्त देखा परेन र उदयदेवको नाम आयो जब उदयदेवको नामको संवत् ४५ मा आयो तव अंशुवर्माको मृत्यु भयो भन्ने कुरा स्वतः प्रष्ट हुन्छ । पहिलो थरि संवत्को दृष्टिले भन्नुपर्दा वि.सं. ७०३ सम्म अंशुवर्मा नेपालको शासन सत्तामा थिए भन्नु पर्ने अवस्था आउँछ । एकातिर वि.सं. ६९७मा मृत्यु भैसकेको अंशुवर्मा फेरि वि.सं. ७०३ मा देखा परे भन्ने कुरालाई विश्वसनीय इतिहास ग्रहण योग्य हुँदैन । यदि सिल्भाँ लेभीले प्रकट गरेको यो मत इतिहासकोलागि मनन योग्य हुन सकेको भए थप समस्या खडा हुने थिएन ।अतः संवत्को विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शन यो पुस्तकमा भएको पाईंदैन ।

Majumdar, R.CकोChronology of early kings of Nepalयसमा लेखकले नेपालका प्राचीन राजाहरुको काल निर्णय विषयको व्याख्या गरिएका छन् । लेखकको आफनो मतलाई विश्लेषण गर्दा मुख्यत: लिच्छविकालमा महासामन्त अंशुवर्माका अभिलेखमा देखापरेको दोस्रो थरि संवत् मानेका छन् । त्यसमा ५०० जोड्दा वि.स. १३५ बाट उठेको शक संवत् हुन्छ भन्ने रहेको छ । यसको मतलव मानदेव प्रथमदेखि देखापरेको संवत्को क्रम वि.सं. १३५ बाट उठेको शक संवत् हुन् र अंशुवर्माले आफ्नो अभिलेखमा २९ देखिको क्रम बसालेर गए । त्यो भनेको २९+५०० गर्दा ५२९ हुन्छ त्यो वि.सं. १३५ बाट उठेको शक संवत् ५२९ हो भन्ने यिनको व्याख्याको ठहर छ । रमेशचन्द्र मजुमदारको मतलाई मान्ने हो भने लिच्छविकालमा दुईथरि संवत् चलेको होइन भन्नु पर्दछ । यसको मतलव अंशुवर्माको पालादेखि संवत्को अङ्क२९ बाट अघि बढेको जुन भनियो त्यो वि.सं. १३५ बाट उठेको शक संवत् ५२९ को छोटकरी रुप हो भन्ने उनको व्याख्या हो । कालान्तरमा थुप्रैलिच्छविकालका अभिलेख भेटिए यसै क्रममा संवत् ५३५ र संवत् ५३६ को अभिलेख पनि एक हो । उनको भनाईमा संवत् ५३५ र संवत् ५३६ दुवै शक संवत् नै हुन् भन्ने हो । यसरी शक संवत् ५२९ को छोटकरी रुपको संक्षिप्त शक निरन्तर अघि बढ्दै त्यही संक्षिप्त शक ५०० अव्यक्त गरिएको शक ३०१ सम्मको अभिलेख भेटिएको त स्पष्ट रुपले सर्वविदित भैसकेको छ ।

यिनको यही मतलाई स्वीकार गर्ने हो भने संवत् ३१ को अभिलेखलाई शक ५३१ मान्नु पर्दछ ।संवत् ३४ को अभिलेखलाई शक ५३४ को मान्नु पर्दछ ।संवत् ५३६ को जुन अभिलेख हो यसलाई पनि शक ५३६ को अभिलेख मान्नु पर्दछ तर यसले समस्या यो देखाउँछ की शक ५३१ मा पनि अधिकमास पर्दछ शक ५३४ मा पनि अधिकमास पर्दछ र शक ५३६ मा पनि अधिकमास पर्दछ भनेर मान्नु पर्ने हुन्छ किनकी ती अभिलेखहरूमा प्रथम पौष, द्वितीय पौष भनेर ती वर्षमा अधिकमास परेको उल्लेख आइरहेको छ तर कुनै पनि सिद्धान्तले शक संवत्को ५३१, ५३४ र ५३६ का वर्षमा अधिकमास परेको सिद्ध गर्न सकिंदैन र मजुमदारले अधिकमास सम्बन्धी कुनै व्याख्या गर्न पनि सकेको छैन । त्यति मात्र होइन यस बारे केही पनि बोल्न नसक्नुको मतलब त्यहां समस्या छ भनेर बुझ्नु पर्ने हुन्छ । यिनलाई लिच्छविकालमा नेपालमा व्यवहार भएकासंवत् सबै कार्तिकबाट शुरु भएका मात्रै छन् र शक संवत् सबै चैत्रबाट मात्रै शुरु भएका छन् भन्ने तर्फ पनि सामान्य भन्दा सामान्य कुरालाई हेक्का राखिएको छैन । त्यति मात्र होइन यिनको आफ्नो भनाइ आफैंमा अन्तरविरोध भइरहेछ भन्ने कुरामा उनको ध्यान पुगेको देखिंदैन ।

यिनको भनाईमा जसरी अंशुवर्माको पालामा देखा परेको संवत् २९ को क्रमलाई ५०० झिकिएको संक्षिप्त शक भनियो त्यसैगरी नेपाल संवत् पनि ८०० झिकिएको संक्षिप्त शक मानिएको छ ।लिच्छविकालमा चलेका संवत् कार्तिकबाट हो की चैत्रबाट हो त्यो ख्याल नराखेको त आफ्नो ठाउँमा छँदै छ नेपाल संवत् त कार्तिकबाट शुरु भएको संवत् थियो भन्ने कुरामा बेवास्ता गर्नु हुँदैनथ्यो । त्यो पनि स्पष्ट रुपले बेवास्ता गरेको छ । किनकि केशर पुस्तकालयमा रहेको सहोत्तर तन्त्र नामक ग्रन्थको पुष्पिका वाक्यमा संवत् ३०१ को साथसाथै वैशाख शुक्ल सप्तमी तिथि, नक्षत्र पुष्य र योग सिद्धि समेत उल्लेखका साथसाथै बार स्पष्टरुपले आइतबार उल्लेख आइरहेको सर्वविदित छ । यिनको भनाई अनुसार संवत् ३०१ भनेको शक ८०१ हुन जान्छ ।शक ८०१ कार्तिकमा नेपाल संवत् आरम्भ भएको मान्यता पनि उनको आफ्नै मतमा छ । किनकी नेपाल संवत् पनि ८०० लाई छोडेको संक्षिप्त शक १ भएपछिकार्तिकमा ८०१ को सट्टा नेपाल संवत् १ गरिसकेपछि सहोत्तर तन्त्रको पुष्पिका वाक्य लेख्दाको अवस्थामा वैशाखमा फेरिलिच्छविकालमा अंशुवर्माको पालादेखि ५०० लाई छोड्दै आएको संक्षिप्त शक ३०१ किन फेरी देखा पऱ्यो भन्नेतिर उनको आफ्नै मत अन्तरविरोध छ भन्ने प्रष्ट भएको छ यसैले उनको मत ग्रहण योग्य देखिएन ।अतः संवत्को विषयमा देखिएका समस्याको बारेमा प्रष्ट मार्गदर्शन यो पुस्तकमा गरेको पाईंदैन ।

ज्ञानमणि नेपालको नेपालको प्राचीन इतिहासमा नयाँ प्रकाश शीर्षककोपुस्तकमा लेखकले लिच्छवि राजा मानदेव प्रथम भन्दा अघिदेखि लिएर नेपालमा चलेका संवत् भनी शक संवत्लाई (१) र मानदेव संवत्लाई (२) भनी व्याख्या गरेको पाइन्छ । शक संवत् (१) को व्याख्या गर्दा सुमतितन्त्र नामक ज्योतिष ग्रन्थमा नेपालमा चलेको संवत्को तालिकामा शक संवत् परेको र त्यो शक संवत् ४९८ देखि मानदेव संवत् चलेपछि व्यवहारमा हराएको भनेर व्याख्या गरिएको छ । उहाँको यस व्याख्याले लिच्छविकालको पहिलो थरि संवत् शक संवत् नै भन्नु पर्नेमा जोड दिएको छ ।

यसरी ४९८ देखि शक संवत् हराए भनेर व्याख्या गरे तापनिसंवत् ५१२ देखि संवत् ५२६ सम्म शिवदेव अंशुवर्माका अभिलेखहरू देखा परे । शक ४९८ मा हराएको शक संवत् ५१२ देखि ५२६ सम्म किन देखा परे भन्ने बारे कुनै प्रष्ट अभिव्यक्ति दिन सकेको छैन । शक संवत् हराएपछि देखा पर्नु पर्ने मानदेव संवत् २९ भन्दा अघिको किन देखाउन सकिएन? यस बारेमा पनि अभिव्यक्तिआउन सकेन । पछिल्लो समयमा थप अभिलेखहरु प्राप्त हुँदै जाने क्रममा उहाँको भनाई अनुसार हराइसकेको भन्ने शक संवत् फेरिसंवत् ५३५ र ५३६ मा किन देखा पर्छन् यस बारे पनि कुनै

समाधान देखिएन । कथित मानदेव संवत् २९ देखि निरन्तर भेटिए पछि पनि फेरी त्यस बीच ५३५ र ५३६ जस्ता शक संवत् किन आउँछ ?यस विषयमा पनि अन्यौल कायम रहेको छ ।

मानदेव संवत् (२) को बारेमा व्याख्या प्रस्तुत गर्ने क्रममा सुमतितन्त्र नामक ग्रन्थमा नेपालमा चलेको संवत्को तालिका भित्र विक्रम संवत्को नाम नामोनिशान नभेटिए पनि मानदेव संवत् (२) भनेको वि.सं. ६३३ देखि उठेर वि.सं. ९३७ सम्म चल्यो । ३०४ वर्षसम्म चलिसकेपछि नेपाल संवत् उठ्यो त्यसपछि मानदेव संवत् (२) पनि प्रयोग पनि हुन छोड्यो भनी उनको व्याख्यामा छ । यसरी सुमतितन्त्रको आड लिई व्याख्या गर्दै जाँदा सुमतितन्त्रमा उल्लेख नै नभएको विक्रम संवत्मा किन टेक्न जानु पऱ्यो भन्ने बारे एक शब्द पनि व्याख्यामा देखा पर्दैन ।

आफ्नो व्याख्यालाई पृष्ठपोषण गर्न सिल्भाँलेभीको व्याख्याको सहारा लिन पुगेको पनि देखिन्छ । सिल्भाँलेभीले संवत् ३४ को पाटन सुनधाराको अभिलेखमा पौषमा अधिकमास परेकोलाई लिएर वि.सं. ६५२ देखि उठेको भोटे संवत् मान्दा ३४+६५२ भनेको वि.सं. ६८६ हो । वि.सं. ६८६ मा पनि अधिकमास परेको देखिन्छ रसंवत् ३४ मा पनि अधिकमास परेकोले समता देखाउँदा वि.सं. ६३३ देखि उठेको मानदेव संवत् भनेर मान्दा पनि त्यस्तो समता भेटाउन सकिन्छ । किनकि हरेक १९ वर्षमा अधिकमासको चक्र घुम्दा १९ वर्ष अघि जुन महिनामा अधिकमास परेको देखिएको हो १९ वर्षपछि पनि त्यही महिनामा परेको हुन्छ भन्ने तर्क अघि सारेको छ । त्यसकारण वि.सं. ६८६ पौषमा पर्ने अधिकमास ६८६–१९ गर्दा ६६७ वि.सं. को पौषमा अधिकमास पर्नैपर्छ भन्ने व्याख्या उहाँको छ । अतः वि.सं. ६६७–३४ गर्दा वि.सं. ६३३ मा नेपालमा मानदेव संवत् (२) चल्यो भनेर मान्दा कुनै बाधा छैन र निर्धक्क भइ पत्याउन सकिन्छ भनी उहाँको व्याख्याले भन्छ । उहाँको व्याख्याले एकचोटी पौषमा अधिकमास परेपछि १९ वर्षपछि फेरि पौषमा नै अधिकमास पर्ने तर्क छ भने अभिलेखहरु नियालेर हेर्दा कथित मानदेव संवत् ३१ को अभिलेखमा पनि पौषमा अधिकमास परेको, कथित मानदेव संवत् ३४ को अभिलेखमा पनि पौषमा नै अधिकमास परेको देखिनु साथै कथित शक संवत् ५३६ को अभिलेख जुन पछि भेटियो त्यसमा पनि पौषमा नै अधिकमास भेटिएबाट १९ वर्षको अधिकमास चक्रको व्याख्यामा कुनै मेल देखिएको छैन ।

उहाँकै मतलाई समर्थन गरियो भने पनि वि.सं. ६३३ बाट उठेको भनिएको मानदेव संवत् २९ कार्तिकमा र २९ वैशाखमा विक्रम संवत् कति कति हुने त्यो प्रष्ट्याउन सकेका छैन । किनभने वि.सं. ९३५ वैशाखमा (९३५–६३३) गर्दा मानदेव संवत् ३०२ हुनु पर्दथ्यो तर सहोत्तर तन्त्र नामक ग्रन्थको पुष्पिका वाक्यमा संवत् ३०१ वैशाख मात्रै छ । त्यो किन भयो? यसको जवाफ उहाँको

व्याख्यामा छैन फेरि जब ३०१ वैशाख भनेको विक्रम संवत् ९३५ वैशाख हुँदो हो त मानदेव संवत् ३०४ वर्षसम्म चलिसकुन्जेल विक्रम संवत् चाहिँ ९३७ सम्म मात्र हुन्छ भनी हिसाबको फाँट देखाउने कसरी ? अझ साँच्चै भन्नुपर्दा विक्रम संवत् ९३६ कार्तिक शुक्ल प्रतिपदादेखि नै नेपाल संवत् शुरुवात भैसकेको तथ्यलाई मध्यनजर गरेपछि वि.सं. ६३३ बाट उठेको भनिएको मानदेव संवत् ३०४ वर्ष चल्न सक्यो कसरी ? भन्ने हिसाबको चालन देखाउन सम्भव नै छैन ।अतः संवत्को विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शन यो पुस्तकमा भएको पाईंदैन ।

बालचन्द्र शर्माको नेपालको ऐतिहासिक रुपरेखा शीर्षककोपुस्तकमा लेखकले नेपाल उपत्यकाको उत्पत्तिदेखि लिएर राजा वीरेन्द्र वीर विक्रम शाहसम्मको ऐतिहासिक रुपरेखा तयार गरिएको छ । यसरी नेपालको सिंगो इतिहास लेखिएको हुँदा लिच्छविकालको इतिहास बारे विवेचना गर्ने क्रममा मानदेव प्रथमको पालाको चाँगुनारायणको अभिलेखमात्र होइन मानदेवको नाम अङ्कित संवत् ३८७ को अभिलेख, ४०२ को अभिलेख र ४१३ को अभिलेख समेत समेटी मानदेव प्रथमको शासनकाल इस्वी ४६४ देखि ४९१ सम्म भनी प्रष्ट्याउन खोजेको पाइन्छ । त्यस्तैगरी महासामन्त अंशुवर्माको समय प्रष्ट्याउने क्रममा इस्वी ६२९ मा चिनिया यात्री हुएन साङले अंशुवर्माको नाम उल्लेख गरेको प्रसंग र इस्वी ६४३ मा चिनिया यात्री ली-यू-पाऊ नेपाल आउँदा त्यो बेला अंशुवर्मा होइन राजा नरेन्द्र देवले स्वागत गरेको प्रसंग उल्लेख गरेको छ । यही ऐतिहासिक धरातललाई टेकेर अंशुवर्माले आफ्नो पालामा इस्वी ५७१ मा ठकुरी संवत्को प्रारम्भ गराए । तब अंशुवर्माले आफू महासामन्त पदमा आसिन भएदेखिको वर्ष गणना गरी स्वतन्त्र संवत्को रुपमा २९ देखि ४५ सम्म रहेको व्याख्या बालचन्द्र शर्माले गरेको पाइन्छ । यसर्थ २९+५७१ गर्दा इस्वी ६०० र ४५+५७१ गर्दा इस्वी ६१६ हुने देखाएर महासामन्त अंशुवर्माको शासनकाल इस्वी ६१६ सम्म रह्यो भनी सिद्ध गर्न खोजेको छ । कालान्तरमा महासामन्त अंशुवर्माका अरु थप अभिलेखहरू भेटिएपछि उनले गरेका व्याख्याहरूमा तालमेल मिलेको देखिएन ।

इ. ५७१ देखि अंशुवर्माले आफू महासामन्त भएदेखिको वर्ष गणना गरी आफ्नो स्वतन्त्र संवत् चलाए भन्ने एउटा मान्यता उहाँको थियो । यता संवत् ५३६ को अंशुवर्माको अभिलेख गोकर्ण बालुवा गाउँमा भेटियो । यसलाई ५३६+७८ गर्दा इस्वी ६१४ हुने भएपछि इस्वी ६१६ मा आफू स्वर्गीय हुनुभन्दा २ वर्ष अघि किन एकाएक आफ्नो स्वतन्त्र संवत् परित्याग गर्न पुगेहोलान् भन्नलाई उनको मत प्रयाप्त देखिएन ।

यसरी अंशुवर्माले आफ्नो शासनकालमा कहिले आफ्नो स्वतन्त्र संवत्को व्यवहार गर्ने कहिले संवत् ५३६ भनेर आफ्नो स्वतन्त्र संवत् आरम्भ गर्नु पूर्वदेखि चल्दै आएकै संवत् प्रयोग गरेको कुरालाई कुनै प्रमाण अघिसार्न सकिएको देखिएन । अतः संवत्को विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शन यो पुस्तकमा भएको पाईंदैन ।

Regmi, D.R। कोAncient Nepalयसलाईनेपालको सिंगो इतिहासलाई अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याउन डा. डिल्ली रमण रेग्मीको देन अत्यन्त स्तुत्य रहेको छ । नेपालको प्राचीन इतिहास, मध्यकालीन इतिहास र आधुनिक इतिहास गरी तीनै कालखण्डको सिंगो नेपालको इतिहास लेखन उहाँबाट मात्र सम्भव भएको पाइन्छ । उहाँले लेख्नु भएको यस प्राचीन नेपाल खण्ड Ancient Nepalनामक पुस्तकमा त्यतिबेलाको संवत्को बारेमा पनि आफ्नो धारणा अनुकूल प्राचीन नेपालमा दुई थरी संवत् चले, पहिलो थरि संवत्अङ्कित अभिलेख र दोस्रो थरि संवत्अङ्कित अभिलेखको विस्तृत व्याख्या पाइन्छ । यिनको व्याख्या अनुसार लिच्छविकालमा चलेको पहिलो संवत् इस्वी ७८ बाट उठेको शक संवत् नै हो भनी मानेको छ र दोस्रो थरि संवत् इस्वी ५७६ बाट उठेको अर्को नयाँ संवत् हो भनी मानेको छ । यसरी एकातिर इस्वी ५७६ बाट उठेको संवत्लाई अंशुवर्माले प्रयोग गरेको नयाँ संवत् हो भनी मानेको र अर्कोतिर नेपाल संवत्को आरम्भ २० अक्टोबर ८७९ बाट उठेको समेतलाई सहज स्वीकारेको छ ।

यी दुवै कुरा स्वीकार गरे पश्चात सुमतितन्त्रमा उल्लेख भएको जुन मानदेव संवत् थियो त्यो इस्वी ५७६ बाट उठेको संवत्सित तालमेल मिल्छ भनेर पनि सकारेको छ । मानदेव संवत् पनि सकार्दै नेपाल संवत्को आरम्भ इस्वी ८७९ बाट उठेको पनि सकारे पछि सुमतितन्त्रको मानदेव संवत् ३०४ वर्ष चल्न सक्दैन भन्ने सामान्य गणित चाहिँ विल्कुलै ख्याल राख्न नसक्नु उनको कमजोरीप्रति आश्चर्य मान्न सकिन्छ । किनभने इस्वी ५७६+३०४ गऱ्यौं भने नेपाल संवत्को आरम्भ ८८० पछि भयो भन्नु पर्दथ्यो र यदि नेपाल संवत्को आरम्भ ८७९ बाट भयो भन्ने हो भने ८७९-३०४ गर्दा इस्वी ५७५ बाट उठ्यो भन्नु पर्ने ठाउँमा लिच्छविकालको दोस्रो थरि संवत् ५७६ इस्वी मानेपछि जसो गर्दा पनि एक वर्षको हिसाब मिलाउन नसके पछि कहाँनेर के कैफियत हुन गयो? भनी सोच्ने तर्फ डिल्लीरमण रेग्मीको पनि ध्यान जान सकेको देखिएन । इतिहासमा एकदिनको हिसाब त मिलेन भने आनकातान हुन जान्छ भने १ वर्षको हिसाबलाई अनदेखा गर्नु उहाँ जस्ता इतिहासकारलाई सुहाउंदो कुरा होइन । अतः लिच्छविकालमा चलेको संवत्लाई शक संवत् र मानदेव संवत् मानेर १ वर्ष ५ महिनाको हिसाब मिलान गराउन नसक्दा इतिहासकारहरु जुन हैरानमा थिए त्यसमा

डिल्ली रमण रेग्मी पनि चोखो हुन सकेनन् । त्यसकारण उहाँको मत प्रयाप्त र ग्राह्य भैदिएको भए यस्तो समस्या आउने थिएन । अतः संवत्को विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शन यो पुस्तकमा भएको पाईंदैन ।

ढुण्डिराज भण्डारीको नेपालको आलोचनात्मक इतिहास शीर्षकको पुस्तकमा लेखकले इतिहासलाई मनन गरी घटना र तथ्यको पारस्परिक सम्बन्ध र संघर्षको अध्ययन गरी त्यसैको परिणाम छर्लङ्ग पार्नु नै इतिहासको मुख्य उद्देश्य हो भन्ने दृष्टिकोणले इतिहासका अन्तर्वस्तुमा निष्पक्ष धारणा दिन खोजिएको छ । अतः अंशुवर्माको समयमा देखा परेको संवत्लाई मानदेव संवत् अंशुवर्मा संवत् आदि भन्नु भन्दा नयाँ संवत् भन्नु उचित होला भन्ने विचार दिइएको छ । अंशुवर्माको पालामा देखिएको संवत्लाई लेखकले नयाँ संवत् भन्नको लागि केही तर्कहरू अघि सारेका छन् ।(१)अंशुवर्मा स्वयं कुनै राजालाई प्रणाम गर्दिन भन्ने आत्म गौरव र पौरुषले भरिएको व्यक्ति थिए । यिनले आफूले संवत् नचलाईकन मानदेव द्वितीयले चलाएको संवत् किन चलाउँथे होलान् जबकि शिवदेव प्रथमले नै नचलाएको मानदेव संवत् अंशुवर्माले किन चलाउलान् पत्याउन गाह्रो छ ।(२) सुमतितन्त्रअनुसार शक संवत् ४९८ (वि.सं. ६३३) सम्म मात्रै चल्नुपर्ने हो तर शिवदेव प्रथम र अंशुवर्माको धापासी र लेलेको शिलालेखहरूमा शक ५२६ (वि.सं. ६६१) सम्म चलेको ऐतिहासिक प्रमाण पाइन्छ।३) नेपालको प्राचीन इतिहासमा संवत् ३८६ को चाँगुनारायणको शिलालेखमा उत्कीर्ण राजा मानदेवप्रथम पछि त्यस क्रममा सर्वाधिक ख्याति प्राप्त अंशुवर्मा नै देखिन्छन् । चिनियाँ यात्री ह्वेनसाङ र हर्षवर्धनका दरवारमा रहेका चिनियाँ राजप्रतिनिधि लि-इ-प्योले अंशुवर्माको सम्बन्धमा विशेष उल्लेख गरेका छन् । राजा नरेन्द्र देवका पालामा अंशुवर्मा दिवंगत भएको १२ वर्षपछि भारत र चीन बीच ओहोर दोहोर गर्ने चिनियाँहरुले पनि नेपालमा राजा अंशुवर्माको उल्लेख गर्नु उनको ख्यातिको प्रमाण हो ।४)नेपाली पात्रोको मुखपृष्ठमा कलियुग व्यतित भएको वर्षका साथै विक्रम संवत् शक संवत्, इस्वी संवत् छापिएका छन् तर आजसम्म मानदेव संवत् छापिएको देखिएको छैन ।यसरी लेखकले वडा पेचिला प्रश्नहरू उठाइकन मानदेव संवत् थिए भन्ने कुरामा नकार्दै अर्कोतिर वि.सं. ६३३ देखि उठान भएको “नयाँ संवत्” स्वीकार गर्दछु भन्ने तर्क राखेका छन् ।

वास्तवमा संवत्को नाम जेसुकै दिइएतापनि वि.सं. ६३३ बाट उठान भएको “नयाँ संवत्” भनेर मान्दैमा संवत् समस्या हल हुने कुरा यसमा पाइने होइन भन्ने कुरासँग यो विषय सम्वन्धित होइन जबकि अंशुवर्माको पालामा चलेको संवत् लेखकको भनाईअनुसार वि.सं. ६३३ बाट उठेको नयाँ

संवत् नै भए पनि सहोत्तर तन्त्र नामक ग्रन्थको पुष्पिका वाक्यमा अङ्कित संवत् ३०१ मा सहोत्तर तन्त्रको संवत् ३०१ मा ६३३ जोडेपछि वि.सं. ९३४ मात्र हुन्छ । कार्तिकमा ९३४ भएको विक्रम संवत् वैशाखदेखि ९३५ हुन्छ भन्नको लागि ६३४ जोड्न पाइने ऐतिहासिक आधार कहींबाट जुटेको छैन ।जबकी विक्रम संवत् ९३५ वैशाखमा अंशुवर्माले चलाएको संवत् ३०१ वैशाख मात्र हुन्छ भने वि.सं. ९३६ कार्तिकदेखि नेपालसंवत् नै आइसकेको दृष्टान्त हुँदाहुँदै ६३३ बाट उठेको अंशुवर्माको संवत् ३०४ वर्ष चल्न पाइएन भन्ने मामुली हेक्का राख्न सकेको देखिएन ।अतः संवत्को विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शन यो पुस्तकमा भएको पाईंदैन ।

Hit Narayan Jha कोThe Lichchhavisशीर्षकको पुस्तकमा लेखकले लिच्छविकालका अभिलेखहरु एकत्रित गर्दै त्यसलाई क्रम मिलाउने क्रममा दुई थरि देखा परेका संवत्लाई ठम्याउने प्रयत्न गरी व्याख्या गरिएको छ ।लिच्छविकालमा चलेको संवत्लाई शक पूर्व २ को भन्नुको साटो शकमा पनि २ घटाउने र विक्रम संवत्मा पनि २ घटाएर आफ्नो मत प्रतिपादन गरेको उहाँको पुस्तकमा पाइन्छ । फलस्वरुप उनलेअंशुवर्मादेखि देखा परेका संवत् जुन अंशुवर्माका अभिलेखहरूमा आइरहेका हुन् यसलाई नै वि.सं. ६३३ बाट उठेको संवत् भन्न छोडेर वि.सं. ६३१ (शक ४९६) देखि उठेको अंशुवर्मा संवत् हो भन्ने नै उनको अन्तिम ठहर रहेको देखिन्छ तरसंवत् ५३५ को अभिलेखबारे कुनै प्रमाण अघि सारेको देखिएन । त्यसमाथिसंवत् ५३६ को गोकर्ण बालुवा गाउँको अभिलेख उहाँले देख्न र सुन्न पनि पाएनन् । अन्य इतिहासकारहरूले लिच्छविकालमा चलेको दुईथरि भनिएका संवत्लाई शक संवत् र अर्को वि.सं. ६३३ बाट उठेको मानदेव संवत् भन्दै आएको माथि कालक्रमलाई मिलाउने प्रयत्न स्वरुप शकमा पनि २ घटाएर र विक्रम संवत्मा पनि २ घटाएर कालक्रम मिलाउने प्रयत्नलाई सार्थक अर्थबाट हेर्नुपर्ने देखिन्छ । किनकि विक्रम संवत्मा २ घटाउने जुन युक्ति अवलम्बन गरियो झण्डै झण्डै सत्यता र यथार्थतिर प्रवेश गर्न खोजेको आभास पाइन्छ तर उनले लिच्छविकालका अभिलेखमा आइरहेका अधिकमासहरूतर्फ पटक्कै ध्यान दिएको देखिएन । अतः सही बाटो कुन हो फेला पार्न असमर्थ हुनुमा उनी पनि एक हुन पुगे ।

उनको मतअनुसार अंशुवर्माको पालामा देखापरेको संवत् २९ देखि ३०१ सम्म जारी रहेको अभिलेखहरूबाट विदित हुन्छ र २९ भनेको २९+६३१ गर्दा वि.सं. ६६० हुने र संवत् ३०१+६३१ गर्दा विक्रम संवत् ९३२ हुन आउँछ । अंशुवर्माका पालाका दुई अभिलेख जसले संवत् ३१ मा पनि अधिकमास देखापरेको र संवत् ३४ मा पनि अधिकमास देखा परेपछि संवत् ३१+४९६ गर्दा शक ५२७ हुन्छ । काकताली भनुँ वा संयोग शक ५२७ को श्रावणमा अधिकमास पर्छ भने शक ५३० को

जेष्ठमा पनि अधिकमास परेको अधिकमास तालिकामा भेटिन्छ तर ती अधिकमासहरु लिच्छविकालका अभिलेखहरुमा पौषमा अधिकमास किन मानियो त्यो बारे लेखकले कुनैपनि कारण दिन सक्नु भएन ।

नेपाल संवत् आरम्भ हुनुभन्दा डेढवर्ष अघिको सहोत्तर तन्त्रको अभिलेखको मिति संवत् ३०१ वैशाखलाई झाको मतअनुसार ३०१+४९६ गर्दा शक ७९७ मात्र हुने र ३०१+६३१ गर्दा वि.सं. ९३२ हुन्छ । नेपाल संवत्को आरम्भ वि.सं. ९३६ मा भएको भन्ने सम्बन्धमा झाको मत भिन्नता नदेखिएबाट ९३६–६३१ गर्दा अंशुवर्माले चलाएको भनिने संवत् ३०५ सम्म चल्यो भनी मान्नु पर्ने बाध्यता झाको मतमा हुने देखिन आउँछ ।सुमतितन्त्रले मानदेव संवत् ३०४ चल्यो भन्दा त त्यो गलत सिद्ध भइरहेको ठाउँमा झाको मतअनुसार झन ३०५ वर्ष चल्यो भन्नु पर्ने खण्ड आउने भएको छ ।अत: संवत्को विषयमा देखिएका समस्याको समाधान गर्ने मार्गदर्शन यो पुस्तकमा पनि भएको पाईंदैन ।

Fleet, J. F. को*Corpus Inscriptionum IndicarumInscriptions of the early Gupta Kings and Their Successors*शीर्षकको पुस्तकमा लेखकले लिच्छविकालमा दुईथरि संवत्को व्यवहार भए जसमा पहिलो थरि संवत्लाई वि.सं. ३७६ बाट उठेको गुप्त संवत् हो र दोस्रो थरि संवत्लाई पं. भगवान लाल इन्द्रजीले भने जस्तै वि.सं. ६६३ बाट उठेको हर्ष संवत् भन्नुको सट्टा वि.सं. ६६२ बाट उठेको हर्ष संवत् भनी व्याख्या गरिएको छ ।

हालसम्म लिच्छविकालका अभिलेखहरुको प्राप्ति संख्या झण्डै २४० को संख्यासम्म पुगिसकेको छ । जसमध्ये मानदेव प्रथमदेखि अंशुवर्मासम्मका अभिलेखमा देखापरेका संवत् मात्रै भन्दा पनि संवत् ३८६ देखि ५३६ सम्म भन्नु पर्दछ र फेरि अर्को थरि संवत् चाहिँसंवत् २९ देखि ३०१ सम्म चलेको अभिलेख साक्षीहरू अघि सार्न सकिन्छ । ल्फीटको मतअनुसार भन्नु पर्दा ३८६+३७६ गर्दा वि.सं. ७६२ देखि ५३६+३७६ गर्दा वि.सं. ९१२ हुन्छ । भनाईको मतलव वि.सं. ७६२ देखि ९१२ सम्म गुप्त संवत् चल्यो । त्यस्तैगरी अर्को थरि संवत् २९ भनेको २९+६६२ गर्दा वि.सं. ६९१ हुन्छ भने ३०१+६६२ गर्दा वि.सं. ९६३ हुन्छ । यसको मतलव अंशुवर्माले चलाएको संवत् वि.सं. ६९१ देखि वि.सं. ९६३ सम्म रह्यो भनेर मान्नु पर्ने बाध्यता यिनको मतले मानेको छ ।

नेपालको इतिहास जगतमा महासामन्त अंशुवर्मा भन्ने व्यक्ति २ जना थिएन एकै जना मात्र हुन् । अंशुवर्मा भन्ने व्यक्ति एक जना मात्रै थिए भने त्यो व्यक्ति वि.सं. ६९१ देखि वि.सं. ९१२ सम्म

जीवित थिए भनेर पत्याउनु पर्ने हुन्छ जुन असम्भव हो । यिनको मतअनुसारबाट भन्नुपर्दा अंशुवर्मा नाम गरेको महासामन्त नामक दुईजना थिए भन्नुपर्ने हुन्छ ।लिच्छवि इतिहासमा मानदेव नामको राजा दुई तीनजना देखा परे शिवदेव नामक राजा दुईजना देखा परे जस्तै अंशुवर्मा पनि दुईजना देखा परे भन्दा पत्याउन त मिल्ला तर दुवै अंशुवर्मा महासामन्त पद्वी लिएको देखापर्नु भनेको सम्भव हुने कुरा होइन । अतः यिनको मत विश्वसनीय र ग्राह्य कुनै पनि दृष्टिकोणले सान्दर्भिक नदेखिएको हुँदा संवत्को विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शनमा यो पुस्तकमा पनि भएको पाईंदैन ।

धनवज्र बज्राचार्यको लिच्छविकालका अभिलेख शीर्षकको पुस्तकमा लेखकले १९० थान लिच्छविकालका प्राचीन अभिलेखहरू संकलन गरी लिच्छविकालका अभिलेखको रुपमा ती अभिलेखहरुको अनुवाद र व्याख्या गरेका छन् ।लिच्छविकालका ती अभिलेखहरू एकत्रित गरेपछि त्यसमा देखापरेका दुईथरि संवत्हरू अन्य इतिहासकारका धारणामा पहिलो थरि संवत् शक संवत् र दोस्रो थरि संवत् मानदेव संवत् हुन् भन्ने थियो त्यही अनुरुप उनको धारणामा पनि त्यही रहेको छ । सौभाग्यवश १९० थान अभिलेख संकलन गरी पुस्तकको आकार दिने क्रममा संख्या ७६ र संख्या १९०औं अभिलेखमा साल महिना तिथिको अलावा बार नक्षत्र योगको समेत उल्लेख आइरहेको पाइयो ।

७६औं संख्यामा प्रकाशित अभिलेख चाँगुनारायण मन्दिरभित्र मूलदेवताको सुवर्णकोश कवच मुनि कुँदिएको संवत् ३१ को अभिलेखमा बार र नक्षत्र समेत उल्लेख आएको र १९०औं संख्यामा प्रकाशित अभिलेख केशर पुस्तकालयमा रहेको सहोत्तर तन्त्र नामक सुश्रुत ग्रन्थको पुष्पिका वाक्यमा संवत् ३०१ को पुष्पिका अभिलेखमा बार नक्षत्र र योग समेत उल्लेख भएको छ । यसरी बार नक्षत्र योगको उल्लेख भएको पाइएपछि गणना गर्नेहरूका लागि ठूलो आधार बन्यो ।

यस पुस्तकको पृष्ठ ३१९ मा दिइएको टिप्पणीबाट लेखक धनवज्र बज्राचार्यलाई संवत् गणना गर्ने ज्ञान रहेन छ भन्ने प्रष्ट हुन्छ । यिनले गणना गर्ने काम अर्कै व्यक्तिलाई दिइएकोमा गणनाको परिणामले लिच्छविकालमा चलेको संवत शक संवत् पनि होइन र मानदेव संवत् पनि होइन भन्ने आएपछि ती गणनाको परिणामलाई त्यतिकै थाँती राखी लिच्छविकालमा दुईथरि संवत् चल्यो जसमा पहिलो थरि संवत् शक संवत् र दोस्रो थरि संवत्लाई मानदेव संवत् नै मानी पूर्व अवधारणा अनुरुप नै १९० थान अभिलेखको संगालोलाई व्याख्या र अनुवादको आवरण दिई क्रमवद्ध ढंगले नै प्रस्तुत

गरेका छन् तर त्यस क्रमवद्धतामा लिपिको विकासक्रमलाई पनि आधार बनाइएको देखिदैन र ऐतिहासिक क्रमवद्धतालाई पनि आधार बनाइएको देखिदैन ।

उहाँले अङ्गीकार गर्नु भएको मतअनुसार पहिलो थरि संवत् शक संवत् मानेकोले संवत् ३८६ देखि संवत् ५२६ लाई पहिलो थरि गरी व्याख्या गरियो । शक ५२७ देखि शक ४९८ देखि शुरु भएको मानदेव संवत् २९ गरी त्यहाँदेखि संवत् ३०१ सम्मलाई दोस्रो थरि संवत् चल्यो भनी व्याख्या गरेका छन् ।

तद्नुसारसंवत् ५३५ को काठमाडौं ज्यावहालको अभिलेखलाई उपयुक्त ठाउँमा राखी व्याख्या गर्न सकेनन् । त्यो संवत्लाई कालक्रम अन्तर्गत कहाँनिर राख्ने भन्नेमा ख्याल राखेका छैनन् । उनलेसंवत् ५३५ को अभिलेखलाई महासामन्त अंशुवर्माको अभिलेख नै होइन भनी व्याख्या गरेको देख्न पाइन्छ । कालान्तरमा उनी जीवित छँदैको समयमा गोकर्ण बालुवा गाउँमा संवत् ५३६ को महासामन्त अंशुवर्माकै अभिलेख फेला पर्न पुग्यो तर संवत् ५३६ को अभिलेख प्राप्तिप्रति उनले कुनै प्रकारको प्रतिकृया जनाउनु भएको पनि देखिएन । किनभने संवत् ५३५ को अभिलेख नै उहाँको निमित्त घाँडो बनेको थियो । परन्तु त्यो अभिलेखका पाठका अक्षर प्रष्ट थिएन र अंशुवर्माको अभिलेख नै होइन भनिदिंदा अरु पाठकले सहजै पत्याए तर संवत् ५३६ को अभिलेख अंशुवर्माको होइन भन्ने अवस्थाको हुन आएन यो कुरामा उनी मौन रहनु मै श्रेयस्कर ठानेको बुझिन्छ ।

त्यत्तिमात्र होइन उनको मतअनुसार ५२७ बाट २९ देखि नयाँ क्रम शुरु भएको र सोही मुताविकसंवत् ५३५ भनेको संवत् ३७ को समानान्तर हुन जाने भयो ।संवत् ५३५ को अभिलेखमा महिना 'श्रावण' दिइएको छ र संवत् ३७ को टिष्तुङ, तौखेलको अंशुवर्माको अभिलेखमा महिना 'फागुन' दिइएको छ ।लिच्छविकालको संवत् कार्तिकबाट शुरु हुने संवत् भएको हैसियतले टिस्टुङ टौखेलको अभिलेख अघि र काठमाडौं ज्यावहालको अभिलेख पछि हुनु पर्दथ्यो । यी संवत्लाई इस्वी संवत्को रुपबाट हेर्दा संवत् ५३५ लाई शक भनेर त्यसमा ५३५+७८ गर्दा इस्वी ६१३ आउँने र श्रावण महिना उल्लेख आएकोले इस्वी ६१३ जुलाई पर्ने भएको र टिस्तुङको संवत् ३७ लाई मानदेव संवत् मानेर त्यसमा ३७+५७६ गर्दा इस्वी ६१३ नै आउँछ ।त्यसमा फागुन महिना उल्लेख आए अनुरुप इस्वी ६१३ फेब्रुअरी परेपछि टिस्टुङ टौखेलको अभिलेख अघि र काठमाडौं ज्यावहालको अभिलेखलाई पछि राख्नु पर्नेमा टौखेलको अभिलेखलाई पछि राख्ने गरिएको छ ।

ऐतिहासिक कालक्रमको दृष्टिले इस्वी ६१३ फेब्रुअरीको समयमा शिवदेवका छोरा उदयदेवलाई दूतक नियुक्त गरेको देखापर्ने र इस्वी ६१३ जुलाईमा उदयदेवको नाम दूतकबाट हटाइएको हुनुपर्ने कारण के थियो यसबारे यिनले चित्त बुझ्दो व्याख्या कुनै दिइएको छैन । इस्वी ६१३ जुलाईको अभिलेख अंशुवर्माको होइन शिवदेवको हुनुपर्दछ भनेपछि युवराज उदयदेवलाई अंशुवर्माले दूतक बनाउन सक्ने तर शिवदेव स्वयंले आफ्नो उत्तराधिकारी उदयदेवको नाम दूतकबाट हटाइयो भनी अर्थ्याउँनु पर्ने हुन्छ । वास्तवमा त्यसप्रकारको व्याख्या विश्वसनीयता हुन सक्ने भएन त्यसो हुनाले ऐतिहासिक दृष्टिले पनि यिनको व्याख्या कहींकहीं अस्वाभाविक देखिएको छ । अतः संवत्को विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शन गर्ने कुरा यो पुस्तकमा भएको पाईंदैन ।

शंकरमान राजवंशीकोलिच्छवि संवत्को निष्कर्ष शीर्षकको पुस्तकमा लेखकले बार सहित उल्लेख भएका लिच्छविकालका अभिलेखहरु र अधिकमासलाई मध्यनजर गर्दै गणनाको माध्यमबाट प्राचीन संवत्को निष्कर्ष प्रस्तुत गरेका छन् । यसरी प्राचीन संवत् कै विषयमा छुट्टै अध्ययन अनुसन्धान गरिएको पहिलो पुस्तक उनकै मानिन्छ ।

उनकै निष्कर्षअनुसार भन्नु पर्दा लिच्छविकालमा दुईथरि संवत् चलेकै थियो भनी मान्नुपर्ने हुन्छ । ती दुईथरि भनिएका संवत्मा पहिलो थरि संवत् मानदेव प्रथमदेखि शिवदेव प्रथमसम्म प्रयोग देखिएकोलाई लिई यो शक पूर्व २२ बाट उठान भएको लिच्छविसंवत् हुन् भनी निष्कर्षको रुपमा व्याख्या गरिएको पाइन्छ । त्यस्तै गरी दोस्रो थरि संवत् अंशुवर्मादेखि नेपाल संवत् आरम्भ नभएसम्म प्रयोग देखिएकोलाई शक ४७४ बाट उठान भएको अंशुवर्मा संवत् हुन् भनी निष्कर्षको रुपमा व्याख्या गरिएको छ । यसलाई विक्रम संवत्बाट भन्नु पर्दा पहिलो थरि संवत् वि.सं. ११३ देखि चलेको र दोस्रो थरि संवत् वि.सं. ६०९ देखि चलेको भन्ने उनको निष्कर्षको निचोड रहेको छ ।

यही निष्कर्षलाई आधार बनाई इतिहासतिर नियाल्यौं भने वि.सं. ६२९ को वैशाखसम्म अंशुवर्मा श्रीसामन्त थिए भने वि.सं. ६२९ को जेष्ठमा आएर महासामन्तमा पदोन्नति भएको भेटिन्छ । भनाईको मतलव शक पूर्व २२ मानिएको लिच्छविसंवत् ५१६ को पाटन भीमसेन थानको अभिलेख वैशाखको हो र त्यसमा अंशुवर्मालाई 'श्री सामन्त' भनिएको छ ।

अचम्म मान्नुपर्ने कुरा यो हुन आउँछ की वि.सं. ६३८ मा अंशुवर्माले आफ्नो छुट्टै संवत् व्यवहार गरे भनी सकेपछि वि.सं. ६३९ मा आएर फेरि शिवदेव अंशुवर्माको संयुक्त शासनमा नै फर्क्यो भनी मान्न संभव नै हुँदैन । किनभने शक पूर्व २२ को मानिएको लिच्छविसंवत् ५२६ लाई विक्रम संवत्

बनाउँदा ५२६+११३ गर्दा वि.सं. ६३९ हुन आउँछ । एकातिर अंशुवर्माले वि.सं. ६३९ मा हाँडीगाउँमा अंशुवर्मा संवत् ३० जेष्ठको अभिलेख , अंशुवर्मा संवत् ३० भनेको ३०+६०९ गर्दा वि.सं. ६३९ हुन आउने भयो । वि.सं. ६३९ को वैशाखमा अंशुवर्माले शिवदेवसँग संयुक्त शासनको रुपमा धापासीमा अभिलेख राख्ने, वि.सं. ६३९ जेष्ठमा आएर शिवदेवसँग भिन्न भएर अंशुवर्माले हाँडीगाउँमा आफ्नै नामको अभिलेख राख्न पुगे भने वि.सं ६३९ को आश्विनमा पुनः अंशुवर्माले शिवदेवसँग मिलेर लेलेमा अभिलेख राखे भन्नुपर्ने स्थिति आउने देखियो । यो कुरा संभव छैन ।

अर्को कुरा अंशुवर्मा वि.सं. ६५४ सम्म बाँचे किनकि अंशुवर्मा संवत् ४५ सम्म अंशुवर्माको अभिलेख प्रष्ट छ । त्यस हिसाबले ४५+६०९ गर्दा वि.सं ६५४ हुने भयो । वि.सं. ६४८ मा आएर एक्कासी शकपूर्व २२ को संवत् ५३५ को अभिलेख काठमाडौं ज्यावहालमा किन देखा पऱ्यो? यो अभिलेख कसले राखे ?किन राखे ?भन्नेतिर कुनै सन्तोषजनक ऐतिहासिक पुष्टी दिनसकेको देखिदैन । फेरि वि.सं. ६४९ मा आएर अंशुवर्माले एक्कासी आफूले आरम्भ गरेको आफ्नो अंशुवर्मा संवत् आफैंले परित्याग गरी शकपूर्व २२ को भनिएको संवत् ५३६ को अभिलेख गोकर्ण वालुवा गाउँमा भेटिदा अंशुवर्मालाई मनस्थिति ठिक नभएको व्यक्ति भनेर सिद्ध गर्नु पर्ने अवस्था आउँछ । यो संभव छैन । यदि होइन भने ऐतिहासिक तथ्यताको धरातलमा अंशुवर्माले कहिले आफैंले शुरुवात गरेको संवत् प्रयोग गर्ने कहिले शकपूर्व २२ को भनिएको संवत्को प्रयोग गरे भनी गरिएको व्याख्यालाई पत्याउन सकिने अवस्था भएन । अतःसंवत्को विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शन गर्ने कुरा यो पुस्तकमा भएको पाइदैन ।

श्रीराम गोयलको प्राचीन नेपालका राजनीतिक और सांस्कृतिक इतिहास शीर्षकको पुस्तकमा लेखकले प्राचीन नेपालको ऐतिहासिक विश्लेषण एवं विवेचना गरी नेपालको प्राचीन इतिहासको रुपमा पाठकहरू सामु राखिदिएका छन् । यसको प्रमुख आधार भनी प्राचीन अभिलेखहरूलाई अघि सारेको छ र महासामन्त अंशुवर्माको समय निर्धारण गर्न चिनियाँ यात्री युआन च्वाङ्को भ्रमणको घटना र ताङ इतिहासको साक्ष्य एवं तिव्वती साक्ष्यहरूलाई आधार मानेको छ ।ती साक्ष्यहरूकै आधारमा इस्वी ६२० देखि ६२९ तिर नेपालमा अंशुवर्माको समय र तिव्वतमा श्रङचङ गम्पोको समय तुलना गरी तिनीहरूको समकालीनता सिद्ध गर्ने ढंगले व्याख्या गरियो जुन व्याख्या अत्यन्त स्वभाविकता जँचेको देखिन्छ तर इस्वी ५७२ मा मानदेव द्वितीय नामको व्यक्तिलाई अंशुवर्माले राजा बनाएको होला भनी अनुमान गरियो त्यो ठीक जँचेको मान्न सकिन्न । त्यसैगरी अरु पनि वेठिक जन्य कुराहरु थुप्रै अघि सारेका छन् । जस्तै की अभिलेखका निश्चित आधारहरु आइसकेको

अवस्थामा पनि नेपाल संवत्को शुरुवात ई. ८७९ बाट भयो भन्नु पर्ने ठाउँमा ई. ८८० को आसपास भयो भन्नु, संवत् ५३५ को काठमाडौं ज्यावहालको अभिलेख प्राप्त हुनुलाई अंशुवर्माको संवत् ३४ को पाटन सुनधाराको अभिलेखको समकालीन मान्नु । यसलाई ५३५–३४ गरेपछि शक ५०१ आउने देखाइ ५०० छोडेर १ बाट शुरु गरेको तर्कलाई समर्थन गर्नु जस्ता कुरालाई जायज तर्क मान्न सकिन्न । अहिले संवत् ५३५ को अभिलेख मात्र होइन संवत् ५३६ को गोकर्ण बालुवा गाउँको अंशुवर्माकै अभिलेख पनि भेटिसकेको हुँदा उनले समर्थन गरेको तर्कमा कुनै पनि तूक देखिएन । नेपाल संवत् आरम्भ हुनुभन्दा केही समय अघि संवत् ३०१ को सहोत्तर तन्त्रको पुष्पिका वाक्य अभिलेख भेटिसकेको हुँदा त्यसमा फेरि मानदेव नामकै अर्को राजाको नाम भेटिएको छ । यी आधारबाट हेर्दा यिनको व्याख्या थप प्रमाणहरू भेटिनु भन्दा अघिको व्याख्या भएकोले ती व्याख्या निरर्थक सिद्ध भैसकेका छन् ।

यिनले सुमतितन्त्र नामक ग्रन्थलाई पनि प्रामाणिक आधार मान्दै नेपाल संवत्को शुरुवात इस्वी ८८० मा भएको छ किनकि इस्वी ५७६ मा मानदेव संवत् आरम्भ भएको कारणले ३०४ वर्ष चलेको कुरालाई समर्थन गर्न ई. ५७६+३०४ गर्दा इस्वी ८८० हुन आउनेमा जोड दिएको पनि पाइन्छ । यिनले एउटा गजवको कुरा औल्याएका छन् । त्यो हो नेपालको वीर पुस्तकालयमा रहेको सुमतितन्त्रमा मानदेव संवत् ३०४ वर्ष चलेको उल्लेख पाइन्छ भने ब्रिटिश म्युजियममा रहेको सुमतितन्त्र यसमा मानदेव संवत् ३०४ वर्ष चलेको उल्लेख छैन भन्ने कुरा बोध गराएका छन् । यसले नेपालका मूर्धन्य मानिएका इतिहासकारहरूलाई पुनविचार गर्नु पर्ने तर्फ सचेत गराएको छ । अन्ततोगत्वा यिनको निष्कर्षमा पनि लिच्छविकालमा दुईथरि संवत् चलेको कुरालाई नै समर्थन गर्न पुगेको छ । यसको अर्थ पहिलो थरी संवत् शक संवत् र दोस्रो थरि संवत् इस्वी ५७६ बाट उठेको नयाँ संवत् नै हो भन्ने पक्षमा उभिन पुगेको छ ।

यही सत्यतालाई अवलम्बन गर्नसाथ मानदेव संवत् नामको नयाँ संवत् ३०४ वर्ष चलेको हुन सक्दैन भन्ने रत्तिभर हेक्का राख्न सकिएन भन्ने बुझियो । किनभने मानदेव संवत् भनिएका संवत् ३०१ वैशाखको सहोत्तर तन्त्रको पुष्पिका वाक्यलाई इस्वी ८७८ सिद्ध गर्नु परेपछि इस्वी ८७९ अक्टोबर आइपुग्दा त नेपाल संवत् नै आरम्भ भैसक्ने भएपछि इस्वी ८७८ मा ३०१ भएको मानदेव संवत् इस्वी ८७९ अक्टोबर सम्ममा ३०४ वर्ष भुक्त भयो भन्नु आफै विसंगति सिद्ध हुनु हो । अतः यस्ता विसंगतिपूर्ण कुराहरूले गर्दा संवत्को विषयमा देखिएका समस्याको बारेमा यस पुस्तकले मार्गदर्शन गर्न सकिने विश्वास पाईंदैन ।

जगदीशचन्द्र रेग्मीकोप्राचीन नेपालको राजनीतिक इतिहास शीर्षकको पुस्तकमा लेखकले नेपालको प्राचीन इतिहासको विश्लेषण गर्ने क्रममा नेपालका प्राचीन अभिलेखहरूलाई विशेष आधार बनाई व्याख्या गरिएको छ । इतिहासको विश्लेषण गर्ने क्रममा लिच्छविकालमा देखा परेका कालक्रम समस्या र संवत् समस्यालाई छुट्टै अध्याय अन्तर्गत व्याख्या गरिएको छ ।ती व्याख्यामा वंशावली एवं अभिलेखहरूमा शासकहरूको नामावली दिने क्रममा क्रम गन्ती नै नमिलेका उदाहरणहरू औंल्याइएका छन् । त्यतिबेलाका प्राचीन अभिलेखहरूमा तिथि सहितको मिति लेखी अभिलेखलाई प्रामाणिक स्रोत बनाइए तापनि ती संवत् कुन संवत् भनी नाम वा विशेषण केही नदिई केवल संवत् लेखिदिएको मितिलाई यकीनके हो? बुझ्न असजिलो हुने गरेको सन्दर्भ पनि चर्चा गरिएको छ । ती असहजपना निवारण गर्नका लागि शिवदेव प्रथमलाई मानदेव द्वितीयका छोरा भनेर मान्नु पर्दछ भनिएको छ । बिना प्रमाण शिवदेव प्रथमका बाबु मानदेव द्वितीय नै हो कसरीभन्ने? त्यो छुट्टै कुरा छ । मानदेव द्वितीयको अभिलेख एउटा पनि नभेटिए तापनि सुमतितन्त्रको एउटा टिप्पणीको आधारमा शक ४९८ मा मानदेव द्वितीयद्वारा नयाँ संवत् थालियो र शक ४९८ भनेको इस्वी ५७६ भनेर जवरजस्ती अर्थ्याउने चेष्टा गरिएको देखिन्छ । संयोगवश अंशुवर्माको नाम शिवदेव प्रथमसँग जोडिएको पनि पाइन्छ भने नयाँ संवत् भनिएको कथित मानदेव संवत्को क्रमको अभिलेखमा पनि आइरहेको छ । अन्ततोगत्वा जे जस्तो कुरा गरेपनि लिच्छविकालमा दुईथरि संवत् चले जसमध्ये मानदेव प्रथमदेखि शिवदेव प्रथमसम्मका अभिलेखलाई पहिलो थरि संवत् हुन् र त्यो पहिलो थरि संवत् भनेको शक संवत् हुन् भन्नु र शक ४९८ बाट शुरु गरिएको नयाँ संवत्को अङ्क२९ देखि सहोत्तर तन्त्र नामक ग्रन्थको पुष्पिका वाक्यसम्म देखापरेको संवत् मानदेव संवत् नै हुन् भन्न खोजेको छ ।

उहाँका भनाईअनुसार शिवदेव अंशुवर्माका लेलेको अभिलेखमा अङ्कित संवत् शक संवत् ५२६ हो यसमा ७८ जोडी इस्वी संवत् बनाउँदा इस्वी ६०४ हुन्छ भने अंशुवर्माले व्यवहार गरेको नयाँ संवत्को २९औं वर्ष जसलाई इस्वी संवत् बनाउँदा २९+५७६ गर्दा इस्वी ६०५ हुन्छ । यसमा २९ घटाउँदा पनि ५७६ नै आउने अंकको संयोग देखाई लिच्छविकालमा शक संवत् र मानदेव संवत् चलेको हो भन्नु ठीक जँचेको भन्दै संवत् समस्यालाई टुङ्ग्याउन सकिन्छ भन्ने व्याख्या गरेको छ ।

जब कि अंशुवर्माले नयाँ संवत् ल्याएर चलाई सकेको हुँदा हुँदै पनि अंशुवर्माकै पालामा फेरिसंवत् ५३५ को अभिलेख किन देखा पर्दछ ? त्यसबारे उनीसँग सटिक जवाफ नभएर शिवदेव प्रथमका बाबु मानदेव द्वितीय भनी मान्नु पर्दछ भन्ने जवरजस्ती मान्यता लाद्न खोजेझैं अंशुवर्माले आफ्नो

हातमा शक्ति पाएपछि मिचाहा अंशुवर्माले राजा शिवदेवलाई अटेर गरेपछि शिवदेव प्रथमले अंशुवर्मालाई चुनौती दिंदै संवत् ५३५ को अभिलेख राखेका हुन् भन्ने मनगढन्त कथा श्रृजना गरी व्याख्या गरेका छन् ।

स्वयं महासामन्त अंशुवर्माले राखेका संवत् ५३६ का गोकर्ण बालुवा गाउँको अभिलेख नै सम्पूर्ण विसंगतिको लागि जवाफ हो भन्न सकिन्छ । अंशुवर्मा स्वयंले यदि नयाँ संवत् इस्वी ५७६ मा ल्याएको हो भने उनकै हिसाबले ५३६+७८ गर्दा इस्वी ६१४ मा किन पुरानै संवत्लाई फेरि प्रयोगमा ल्याए भन्ने ?कुराको सटिक जवाफ उनको पुस्तकमा छैन ।अत: संवत्को विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शन गर्ने कुरा यो पुस्तकमा भएको पाईंदैन ।

दिनेशराजपन्तकोलिच्छविकालमाचलेकासंवत्शीर्षककोपुस्तकमा लेखकले लिच्छविकालमा चलेको पहिलो संवत् र दोस्रो संवत्का विषयमा संशोधन–मण्डलले निर्णय गरेको विषयलाई लिएर प्रकाशित गरेका लेखहरू संग्रह गरिएका छन् । सुमतितन्त्र नामक ताडपत्रमा लेखिएका पुस्तक भेटिएपछि त्यसको आधारमा नेपाली विद्वानहरूले पहिलो संवत् वि.सं. १३५ देखि चलेको शक संवत् र दोस्रो संवत् वि.सं. ६३३ देखि चलेको मानदेव संवत् हो भनी निर्णय गरेको हो । यस मतसँग ऐतिहासिक घटनाक्रम बाझिएन र यस मतले प्रतिष्ठा प्राप्त गर्दै गयो भनिएको छ । लुसियानो पेतेकले भोटमा प्राप्त सामग्रीको आधारमा यो संवत् सुमतितन्त्र अनुसार कै संवत् हो भनी समर्थन गरेपछि लिच्छविकालमा चलेको संवत् शक संवत् र मानदेव संवत् नै हुन भन्ने कुरामा अझ बल मिलेको भनिएको छ । यति भए तापनि लिच्छविकालका अभिलेखमा बारको उल्लेख नभएकोले गणना गर्ने आधार मिलेको थिएन । वि.सं. २०३० मा धनवज्र बज्राचार्यले बार नक्षत्र सहितको अभिलेख प्रकाश गरेपछि यतातिर विद्वानहरूको ध्यान जान थाल्यो र सुमतितन्त्रमा बताइएका संवत्को आधारमा गणना गर्दा तिथिमिति गणना पनि मिलेकोले वि.सं. १३५ देखि चलेको शक संवत्लिच्छविकालमा चलेको पहिलो संवत् र वि.सं. ६३३ देखि चलेको मानदेव संवत्लिच्छविकालमा चलेको दोस्रो संवत् भनी व्याख्या यस पुस्तकमा गरिएको छ ।

लेखकको भनाईअनुसार लिच्छविकालमा चलेको पहिलो संवत् शक संवत् र मानदेव संवत् दोस्रो हो भनी मान्यो भने ऐतिहासिक घटनाक्रमसँग बाझिदैन भनेका छन् । वास्तवमा तलका यी कुरा ले बाझेको छैन भन्ने मिल्दैन । जस्तै :–

चाँगुनारायण थानको मानदेव प्रथमको प्रसिद्ध स्तम्भ लेखमा संवत् ३८६ दिइएको छ र यसमा ज्येष्ठ महिना पनि दिइएको छ। यदि यो संवत् ३८६ वि.सं. १३५ बाट उठेको शक संवत् थियो भने ३८६+१३५ गर्दा वि.सं. ५२१ मात्र हुन्छ भन्नु पर्नेमा उहाँलेसंवत् ३८६ को अभिलेखलाई वि.सं. ५२२ को अभिलेख भनेर उल्लेख गर्ने गरेका छन् ।संवत् ३८६ मा १३५ जोडेर वि.सं. ५२२ हुन्छ भन्नुले ३८६ मा बाझियो कि १३५ मा बाझियो ?सवाल उठेको छ।

संवत् ५३५ को काठमाडौं ज्यावहालको अभिलेख धनवज्र बज्राचार्यले प्रकाशित गरेको छ ।लिच्छविकालमा चलेको संवत् वि.सं. १३५ बाट उठेको शक संवत् भनिएपछि ५३५+१३५ गर्दा वि.सं. ६७० हुन आउँछ भने वि.सं. ६३३ बाट उठेको मानदेव संवत् ३७ को अभिलेख टिस्टुङ्ग तौखेलमा पाइएको छ। यो अभिलेख पनि धनवज्र बज्राचार्यले प्रकाशित गर्नु भएको छ। यो संवत् ३७+६३३ गर्दा पनि वि.सं. ६७० नै देखा पर्ने भएको छ ।लिच्छविकालमा चलेको संवत् कार्तिकबाट उठ्ने हो भनी संशोधन मण्डलले धेरै ठाउँमा स्वीकारेको कुरा स्मरण गर्दा तौखेलको अभिलेख फागुनको र ज्यावहालको अभिलेख श्रावणको भएपछि तौखेलको अघि र ज्यावहालको पछिको भन्नुपर्ने हुन्छ। फागुनसम्म उदयदेवलाई दूतक बनाइनु र श्रावणमा दूतकबाट उदयदेवलाई हटाई विक्रमसेन राख्नु पर्नाको कारण के हो? यसको खुलासा आएन वास्तवमा यो इतिहास बाझेको हो। पछि आएर संवत् ५३६ को अभिलेख गोकर्ण बालुवा गाउँमा भेटियो र यो अभिलेख प्रकाशित भैसकेको सर्वविदित छ। यो संवत् ५३६ पनि वि.सं. १३५ बाट उठेको शक संवत् हो भनियो भने ५३६+१३५ गर्दा वि.सं. ६७१ मा अंशुवर्माले दूतकमा महासामन्त भोगवर्मालाई राखेको देखिन्छ र वि.सं. ६३३ मा उठेको मानदेव संवत् ३९ देउपाटनको अंशुवर्माको अभिलेखमा ३९+६३३ गर्दा वि.सं. ६७२ मा फेरि उदयदेवलाई दूतक नियुक्त गरेको देखिन्छ। अब महासामन्त अंशुवर्मासँग उदयदेव युवराजलाई नै मन लाग्यो दूतक बनायो मन लागेन पद च्यूत गऱ्यो ,गर्ने अधिकार पाएको होला त विश्वास गर्न सकिन्न। उनले यो कुरा पत्याए भने पनि अरुले सहजै पत्याउने ठाउं छैन।

धनवज्र बज्राचार्यले १९०औं सङ्ख्यामा केशर पुस्तकालयमा रहेको सहोत्तर तन्त्र नामक सुश्रुत ग्रन्थको पुष्पिका वाक्य प्रकाशित गर्नु भएको छ। त्यस पुष्पिका वाक्यमा संवत् ३०१ वैशाख दिइएको कुरा सर्वविदित छ। धनवज्रले पुष्पिका वाक्यमा वैशाख दिइए तापनि संवत् ३०१ भनेर पढ्नु पर्ने तर उहाँ भने वैशाख भएमा १ बढाउनु पर्छ भन्दै अभिलेखको पुष्पिका वाक्यमा ३०१ भनिए तापनि ३०२ पढ्नु पर्छ भन्नुलाई इतिहासमा बाझेको र नबाझेको कुरा प्रष्ट रुपले देखिन्छ।

सुमतितन्त्रमा बताइएको संवत्को आधारमा गणना गर्दा तिथिमिति गणना मिलेकोले वि.सं. १३५ बाट उठेको शक संवत् र वि.सं. ६३३ बाट चलेको मानदेव संवत् हो भने त्यो मानदेव संवत् ३०४ वर्ष चलेको गणना पनि मिल्नु पर्ने हुन्छ । किनकि संवत् ३०१ हुँदासम्म विक्रम संवत् ९३५ हुनुपर्ने तर वि.सं. ९३६ कार्तिकमा नेपाल संवत् देखापर्नु भनेको मानदेव संवत् ३०४ वर्ष चलेपछि देखापर्नु पर्ने हो । वि.सं. ९३५ वैशाखदेखि वि.सं. ९३६ कार्तिकसम्म वि.सं. ६३३ मा उठेको मानदेव संवत् ३०४ वर्ष चल्यो भन्नुलाई गणना मिलेको भन्न सकिन्न । किनकि वि.सं ९३५ को अर्को वर्ष ९३६ हुने मानदेवसंवत् भने ३०१ को अर्को वर्ष ३०४ भइसक्ने भन्ने कुरा असंभव कुरा हो ।

यसरी धेरै ठाउँमा इतिहास बाझिएको देखिएतापनि इतिहास बाझेको छैन भन्नुको कुनै अर्थ हुंदैन ।अत:संवत्को विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शन गर्ने कुरा यो पुस्तकमा भएको पाईंदैन ।

वा. वि.मिराशीको**सातवाहनों और पश्चिमी क्षत्रपोका इतिहास और अभिलेख**शीर्षकको पुस्तकमा लेखकले प्रथम अध्यायको तेस्रो परिशिष्टमा शक संवत्को संस्थापक को थिए? भन्ने बारे व्याख्या गरिएको छ ।नेपालमा इतिहास एवं संस्कृतिविद्हरू अधिकांशको विश्वास यो छ की लिच्छविकालमा व्यवहार भएको संवत् शक संवत् थियो भन्ने छ । अत: शक संवत् के हो ? भन्ने बारे केही बुझ्न शक संवत् बारे लेखिएका पुस्तक एवं लेखमाथि ध्यानाकृष्ट गराउन यो पुस्तक अति उपयोगी हुन आउँछ ।

यसमा भएका व्याख्यामाथि ध्यान दिइयो भने शक संवत्का संस्थापक को थिए? भन्नेमा पनि विभिन्न व्यक्तिको आ-आफ्नो मत रहेका छन् । पहिलो मत अनुसार शक संवत्का संस्थापक वोनोनस थिए । दोस्रो मत अनुसार नहपान थिए । तेस्रो मत अनुसार चष्टन थिए भने चौथो मत अनुसार कनिष्क थिए । नहपान र चष्टनको अभिलेखमा निर्दिष्ट गरिएको संवत् शक संवत् नै हुन् तापनि कुषाण सम्राट कनिष्कद्वारा प्रचलित गराइएको भन्नु पर्दछ भन्नेमा जोड दिइएको छ ।

खासगरी नेपालमा संवत् विषयमा आलोचकहरूलिच्छविसंवत्को नाम नेपाल संवत्को नाममाथि चर्चा परिचर्चा हुँदा यी संवत् कसले चलाएका थिए किटेर भन्न गाह्रो छ । किनकि यस विषयमा अनेकन मतमतान्तर पाइन्छ । कुन मतलाई सही भन्ने, कुनलाई गलत भन्ने गाह्रो छ भनी तर्क अघि सार्ने गर्छन् तर शक संवत्को बारेमा जतिसुकै मतमतान्तर देखिए तापनि त्यसको कुनै परवाह गर्ने गरिदैन र लिच्छविकालमा चलेको संवत् शक संवत् नै हो भन्नेहरु बढी बुझक्कड मानिने देखिने

गर्छ । यस पुस्तकमा भनिएको छ इश्वी ७८ मा भारतमा शकवंशी राजाले शासन गरिरहेको बेला देखापरेको संवत् भएकोले यो संवत्को नाम शक संवत् भनी कहलाउन थालेको बारे चर्चा छ । नेपालमा लिच्छविवंशी राजा मानदेवहरुले व्यवहार गरेको संवत् कार्तिक शुक्ल प्रतिपदाबाट शुरु हुने हुँदा शक संवत्बाट हरेक कुरामा पृथक देखिएतापनि त्यतिबेला नेपालमा लिच्छविहरूले व्यवहार गरेको संवत् शक संवत् नै हुन् भनी एकतमासले सहमति जनाउने गर्दछ । वास्तवमा यसमा के रहस्य छ ? शक संवत्को प्रकृति भन्दा भिन्नै प्रकृतिको संवत्लिच्छविकालमा जुन व्यवहार थियो यसबारे र संवत्को विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शन गर्ने कुरा यो पुस्तकमा भएको पाईंदैन ।

Mary Shepherd Slusser को**Nepal Mandala [A cultural study of the Kathmandu Valley]**शीर्षकीय पुस्तकको परिशिष्टमा "Calenders and Eras" शीर्षकमा चान्द्रवर्ष र सौरवर्षको व्याख्या गर्नुको साथै नेपालको प्राचीन अभिलेखमा देखिएका संवत्को बारेमा समेत चर्चा गरिएको छ ।यसरी चर्चा गर्ने क्रममा लेखिकाले विक्रम संवत् र इश्वी संवत्को फरक ५७/५६ को छ र इश्वी र शक संवत्को बीच ७८/७९ को फरक हुने बताइएको छ । त्यसैगरी अंशुवर्माको पालामा देखापरेको संवत् मानदेव संवत् हो भने यो संवत् र इश्वी संवत्को फरक ५७५/५७६ हुन्छ भनी अड्कल बाजी गरी व्याख्या गरिएको छ । यसको साथसाथै नेपाल संवत् शुरु भएको इश्वी संवत्को वर्ष ८७९ भनेर पनि दिइएको छ । क्यालेण्डरको तुलनात्मक परिवर्तनको तालिकामा विक्रम संवत्को शुरु ५७ इशापूर्व, शक संवत् इश्वी ७८, मानदेव संवत् इश्वी ५७५ र नेपाल संवत् इश्वी ८७९ भनेर दिइएको छ । यसप्रकार डिसेम्बर ३१ भन्दा अघिको भए वि.सं. मा ५७ घटाउने, पछिको भए ५६ घटाउने शक संवत्मा डिसेम्बर ३१ भन्दा अघि भए ७८ र पछि भए ७९ जोड्ने । त्यस्तै रीतले मानदेव संवत्मा पनि डिसेम्बर ३१ भन्दा अघि भए ५७५ र डिसेम्बर ३१ भन्दा पछि भए ५७६ जोड्ने र नेपाल संवत्मा पनि डिसेम्बर ३१ भन्दा अघि भए ८७९ र पछिको भए ८८० जोड्ने तरिका दिइएको छ । यथार्थमा यो तरिका इतिहाससँग तालमेल राख्दैन । मतलव नेपाल संवत्को शुरुवात शून्यबाट शुरुवात भएको होइन । नेपाल संवत्को शुरु १ बाट भएको थियो र यसबेला इश्वी ८७९ नै हुने भएपछि नेपाल संवत्को अंकमा ८७८ र ७८९ पो जोडिने हुनुपर्ने कुरा हिसाबको ध्रुवसत्य मान्यताले नै बताउँछ । जब मानदेव संवत् शक ४९८ मा भएको हो भने त्यसमा ७८ जोड्दा इश्वी ५७६ पो आउने हुन्छ । यदि७९ जोडे भने त ५७७ पो आउने हुनजान्छ तर लेखिकाले मानदेव संवत्को शुरु इश्वी ५७५ बाट भयो भनी दिइदा इतिहासमा संवत्को तालमेल मिलाउन सकेन भनेर प्रष्ट हुन आउँछ ।

लिच्छविकालमा मानदेव प्रथमको चाँगुको अभिलेखको संवत् ३८६ ज्येष्ठ छ । अतः लेखिकाले ३८६+७८ गर्दा इश्वी ४६४ हुन्छ तर त्यो बेलाको संवत् कार्तिकादि भएकोले गर्दा र डिसेम्बर ३१ पछिको भएकाले गर्दा ३८६+७९ गरियो भने त इश्वी ४६५ पो हुन जाने हुन्छ जुन तरिकाबाट यो प्रष्ट हुन्छ कि लेखिका इतिहास र संवत्को तालमेल मिलाउने मामलामा असफल छिन् भन्ने प्रष्ट देखिन्छ।

जसरी मानदेव प्रथमको पालाको संवत् कार्तिकादि वर्ष थियो त्यसैगरी मानदेव द्वितीयको पालाको पनि कार्तिकादि वर्ष नै हो । अतः मानदेव तृतीयको सहोत्तर तन्त्रको पुष्पिका वाक्यमा रहेको संवत् ३०१ वैशाख छ । यो पनि कार्तिकादि भएकोले यसमा ३०१+५७६ गर्दा इश्वी ८७७ हुने भनी लेखिकाको भनाई हो । यो रीतले मानदेव संवत् ३०१ वैशाख तद्नुसार इश्वी ८७७ वैशाख मात्रै हुने हो भने शक संवत् यसको ८७७–७९ गर्दा ७९८ र यही शक ७९८ मा १३५ जोडे भने विक्रम संवत् त्यसबेला ९३३ मात्र हुन आउँछ । वास्तवमा लिच्छविसंवत्को निर्णयमा मानदेव संवत् ३०१ को तिथिमिति गणना गरी निकालेको परिणाममा ३०१ वैशाख भनेको विक्रम संवत् ९३५ वैशाख शक ८०० वैशाख भएको देख्दै आएको प्रष्ट छ । जताबाट घुमाएर हेरे पनि शक संवत् र विक्रम संवत्को हिसाबमा २ वर्षको अवधि टेढोमेढो पर्न आउने प्रष्ट भएकोले गर्दा यो दुईवर्षको अवधिलाई इतिहासमा तालमेल मिलाउन सारा विद्वान विदुषी इतिहासकारहरू असफल रहेको देखिदै आएको हुनाले नेपालमा इतिहासको कालक्रम र संवत् समस्या मिलाउन जहिले पनि दुईवर्षको अवधिले असर पार्दै आएको तथ्य जग जाहेर रहेकोकुरा तड्कारो रुपमा देखिदै आएको छ । यस कुरालाई सम्बोधन गर्न नसकेको प्रष्ट भएकोले संवत्को विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शन गर्ने कुरा यो पुस्तकमा भएको पाईंदैन ।

कृष्णदेव अग्रवाल “अरविन्द” को **नेपाली संस्कृत अभिलेखोंका हिन्दी अनुवाद**शीर्षकको पुस्तकमा लेखकले लिच्छविकालका ८९ वटा अभिलेखलाई सम्पादन गरी छपाएका छन् । लेखकले ती अभिलेखहरूको पाठ र अनुवाद मात्र गरिनुको साथै पाठको केही परिष्कार गर्न खोजेका छन् । पुस्तकको शुरुमा नेपालको ऐतिहासिक पृष्ठभूमि, नेपाली संस्कृत अभिलेखहरूको सामान्य परिचय र नेपाली संस्कृत अभिलेखहरूमा काव्य भनी केही व्याख्या गर्न खोजेको देखिन्छ । ती व्याख्यामा लिच्छविकालमा चलेका पहिलो थरिका अभिलेख भनेर चाँगुनारायणको स्तम्भलेख संवत् ३८६ देखि क्रमैले राखिएका छन् र यस क्रममा संवत् अस्पष्ट रहेका चापागाउँ बनेपा चाँगुनारायणका अंशुवर्मा पालका अभिलेखहरूलाई क्रमशःसंवत् ५२१, ५२३ र ५२५ लगभग भनी अर्थ लगाइएका छन् ।

त्यसरी चाँगुदेखि खोपासी सम्मको अभिलेखलाई शकसंवत् नै मानेर त्यसमा ७८ जोडी इश्वीसंवत् बनाइएका छन् भने हाँडीगाउँको संवत् ३० देखि चाँगुको संवत् १७२ सम्मको गरी ८९ वटा अभिलेखहरूको व्याख्या गरेका छन् ।

यसरी लिच्छविकालमा चलेका संवत् मध्ये पहिलो थरिको संवत्लाई अन्य विद्धानहरूले शक संवत् माने सरह उनले पनि शक नै मान्न पुगेको छ । त्यसमा खासै आश्चर्य मान्नु परेन तर संवत् ३० को अभिलेख देखि इश्वी ५८८ मा उठेको नयाँ संवत् मानेर ३० मा ५८८ जोडेर इश्वी ६१८ हुने देखाएका छन् भने संवत् १७२ को चाँगुको अर्को अभिलेखलाई १७२ मा ५८८ जोडी इश्वी ७६० हुन आउने भनी व्याख्या गरिएको छ । लेखक अग्रवालले संवत् २९ को बुंगमतिको अभिलेखलाई संवत् ३४ मानेको र पाटन सुनधाराको अभिलेख पनि संवत् ३४ को गरी इश्वी ६२२ । ६२२ हुने भनी आफनो ढंगको व्याख्या गरेका छन् ।

लेखक अग्रवालको धारणाको आधारमा भन्नु पर्दा अंशुवर्माको नाम शासन सत्तामा ४० वर्षसम्म टिकेको देखिने । किनकि शक ५१५ भनेको इश्वी ५९३ र नयाँसंवत् ४५ भनेको इश्वी ६३३ हुनु पर्ने भएकोले हो । वास्तवमा नेपालको यथार्थ इतिहासतिर नजर दिएर हेर्ने हो भने अग्रवालको धारणाले नेपालको प्राचीन इतिहासको छेउटुप्पो मिल्दैन । त्यसकारणले गर्दा संवत्को विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शन गर्ने कुरा यो पुस्तकमा भएको पाइदैन ।

नयराज पन्तको **लिच्छवि संवत्को निर्णय**शीर्षकको पुस्तकमा लेखकले सुमतितन्त्रको मूल वाक्य र सुमतितन्त्रमा पछिपछि थपिएका वाक्यलाई मूल आधार बनाई र वि.सं. १७१२ मा सारिएको हरिवंश नामक ग्रन्थको पुष्पिका बाक्य एवं भोटको ससक्य पान चेनको वि.सं. १२३९-१३०८ बीच लेखिएको वाक्यलाई पुष्टिको प्रमाण भन्दै लिच्छविकालमा चलेको संवत्मध्ये पहिलो थरि संवत् वि.सं. १३५ बाट उठेको शक संवत् हो र दोस्रो थरी संवत् शक ४९८+१३५ गरी वि.सं. ६३३ बाट उठेको मानदेव संवत् हो भनी निर्णय दिएको छ । यस अघि पं. हेमराज शर्मा र इतिहास शिरोमणि बाबुराम आचार्यले पनि लिच्छविकालमा दुईथरि संवत् चलेको कुरा उल्लेख गरेका छन् तर उनीहरुले गणनाको माध्यमबाट परीक्षा गरी मत प्रकट गरेका भने छैनन् ।

सुमतितन्त्रलाई आधार मानेको खण्डमा पहिलो थरि भनिएको वि.सं. १३५ बाट उठेको शक संवत् ४९८ सम्म चल्यो भन्नु पर्दछ भने त्यसपछिको दोस्रो संवत् ३०४ वर्षसम्म चल्यो । त्यसरी ३०४ वर्ष चलेको संवत् मानदेव संवत् हो । यसलाई शक ४९८+१३५ गरी वि.सं. ६३३ देखि आरम्भ

भएको मानदेव संवत् हो भनी सिद्ध गर्न खोजिएको छ । उहाँले सिद्ध गरे बमोजिम वि.सं. १३५ देखि शक संवत् आरम्भ भए त्यो शक संवत् ४९८ सम्म चलेको र शक ४९८ भनेको वि.सं. ६३३ हुने भएकोले मानदेव संवत्३०४ वर्ष चल्यो भन्नका लागि यकीन रुपमा नेपाल संवत्को आरम्भ वि.सं. ९३६ मा भयो भन्न पाइएन । किनकि वि.सं. ९३६ कार्तिकदेखि नेपाल संवत् आरम्भ भयो भनेर मान्यो भने स्वतः नै सुमतितन्त्र पनि मिथ्या ४ वटा प्रमाण पनि मिथ्या र उनले गणनाको माध्यमबाट सिद्ध गरेको कार्यकोश्रय सबै निस्कृय हुने भएकोले नेपाल संवत्को आरम्भ वि.सं. ९३७ बाट भयो भनी जिकीर गर्नु यो पुस्तकको मुख्य सारतत्व रहेको छ ।

उनका मतलाई शिरोपर गरियो भने वि.सं. ६३३ बाट आरम्भ भएको मानदेव संवत् ३०१ हुँदा कार्तिकदेखि चैत्र सम्म वि.सं. ३०१+६३३ गर्दा वि.सं. ९३४ हुन्छ भने वैशाखदेखि वि.सं. ९३५ हुने हुँदा केशर पुस्तकालयमा रहेको सहोत्तर तन्त्र नामक ग्रन्थको पुष्पिका वाक्यमा उल्लेखित संवत् प्रकरणको उल्था गर्दासंवत् ३०१ वैशाख शुक्ल सप्तमी आइतबार पुष्य नक्षत्र सिद्धयोग भनी दिइएकोमा त्यस मितिको गणना गर्दा वि.सं. ९३५ वैशाख शुक्ल सप्तमी हुने कुरालाई सिद्ध गर्न पुगेको छ तर वि.सं. ९३५ सम्ममा त मानदेव संवत् ३०१ सम्ममात्र हुने रहेछ भने सुमतितन्त्रअनुसार मानदेव संवत् ३०४ वर्ष चल्यो भनेर सिद्ध गर्न त वि.सं. ९३७ मा नेपाल संवत् आरम्भ भयो भनी जिकीर गरे तापनि संभव नहुने रहेछ भन्ने कुरालाई भने उहाँले अनदेखा नै गरेका छन् । यता सुमतितन्त्रकै आधार समातेर गणना गरियो भने लिच्छविकालमा चलेका संवत्हरू कार्तिकबाट आरम्भ हुने कुरालाई त्यागन नमिल्ने हुँदा ३०१+४९८ गरेर गणना गरियो भने वैशाखको मितिलाई शक ८०० हुन्छ भन्न गाह्रो हुने ।संवत् ३१ को चाँगुनारायणको गरुड कवचमा रहेको अभिलेखको मितिमा पनि संवत् ३१ को उल्लेख हुनुको साथसाथै माघ शुक्ल त्रयोदशी आइतबार पुष्य नक्षत्र समेतको उल्लेख आएकोलाई संवत् ३१+४९८ गर्दा शक ५२९ हुने चाहिँ देखाउन सकियो तर त्यो शक चैत्रदेखि ५३० हुन्छ भन्न गाह्रो भएको प्रष्ट देखिन्छ ।त्यो बेलाको शक संवत् कार्तिकबाट शुरु हुने रहेछ भनी स्वीकार गरिसकेपछि माघमा शक ५२९ भए तापनि वैशाखदेखि ५३० हुन्छ भन्न पाइएन किनभने संवत् ३१ को भक्तपुर इनायचोको अभिलेखमा अधिकमास रहेको उल्लेख छ । अतः शक ५२९ को वर्षका अधिकमास देखाउन नसकेपछि शक ५३० जेष्ठमा अधिकमास परेको देखाउन संवत् ३१ भनेको शक ५२९ को कार्तिकदेखि शक ५३० को आश्विनसम्म रहन्छ भन्ने कुरालाई समात्न बाध्य भएको प्रष्ट हुन्छ । सुमतितन्त्रको वाक्यमा विक्रम संवत् उल्लेख नभए पनि शक ४९८+१३५ गरेपछि वि.सं. ६३३ भन्न पाइने युक्ति बमोजिम कथित मानदेव संवत् ३१ भनेको वि.सं. ६६४ को कार्तिकदेखि वि.सं. ६६५ को आश्विनसम्म रहन्छ भनी देखाउनका लागि

भएपनि वि.सं. ६३३ मा मानदेव संवत् उठ्यो भनी देखाउने नै यो जुक्तिको मतलव हो अरु होइन भन्ने स्पष्ट देखिन्छ ।

यसरी वि.सं. ६३३ बाट मानदेव संवत् आरम्भ भएको मान्दा संवत् ३१ बाट वि.सं. ६६४ को कार्तिकदेखि वि.सं. ६६५ को आश्विनसम्म रहन्छ भन्न पनि पाइयो र ६६४–१३५ गर्दा शक ५२९ र ६६५–१३५ गर्दा शक ५३० हुन्छ त अवश्य भन्न पाइयो तर लिच्छविकालमा चलेको संवत् शक संवत् हो र त्यो कार्तिक शुक्ल प्रतिपदाबाटै आरम्भ भएको मान्ने हो भने कार्तिकमा ५२९ भएको शक संवत् वैशाखमा ५३० हुन सक्दैन यो स्पष्ट छ । यसबाट शकसंवत् कार्तिकबाट थालनी ठहरिएन भन्ने पनि स्पष्ट छ । यदि मानदेव संवत् र शकसंवत् दुवै कार्तिकादि हो भने ३१ भनेको ५२९ मात्र हुन पाउने र यदि ३१ भनेको ५२९ को कार्तिक देखि ५३० को आश्विन रहने हो भने मानदेव संवत्मात्र कार्तिकादि र शक चैत्रादि मानेको प्रष्ट हुन्छ । यही कुरा परस्पर बाझिएको छ ।प्रस्तुत पुस्तकमा उनलेलिच्छविकालमा चलेको दुवै संवत् कार्तिकबाट शुरु हुने संवत् भनेर पनि स्वीकार गरेका छन् भने कार्तिकमा ५२९ भएको शक संवत् वैशाखमा ५३० हुन सक्दैन र कार्तिकमा ७९९ भएको शक वैशाखमा ८०० हुनै नसक्ने भए तापनि तिथि मिति सहितको गणनामा शक संवत् भनेको चैत्रादिबाटैहुने हो भन्ने नै स्वीकार गरेर गणना दिइएबाट उनको निर्णय ठाउँ ठाउँमा आफ्नै मतसित बाझिएको पाइन्छ र सूर्य सिद्धान्तबाट गरिएका संवत् ३१ को गणनामा तिथिगण ३४३ दिइनु ठूलो त्रुटि हो भने र संवत् ३०१ मा ६३४ जोडेर वि.सं ९३५ बनाइनु र हिसावमा पुनर्वसु नक्षत्र देखिए पनि तिष्य आयो गणना ट्वाक्क मिल्यो भन्ने जस्तात्रुटिहरू सहजै औंल्याउन सकिने हुँदा संवत्को विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शन गर्ने कुरा यो पुस्तकमा भएको पाईंदैन ।

पुष्पराज चालिसेको**नेपालको पुरानो इतिहास र सभ्यता** शीर्षककोपुस्तकका लेखकले उच्च तहका विद्यार्थीहरुको उपयोगिता निमित्त प्राचीन एवं मध्यकालीन ऐतिहासिक सामग्रीको आधारमा तयार पारेको इतिहास प्रस्तुत गर्नु भएको छ । पुस्तकको शुरुवात नेपालको ऐतिहासिक भूगोलबाट गरिएको छ र यस पुस्तकको सिङ्गो आकार चित्रले नेपालको प्राचीन एवं मध्यकालीन राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक इतिहासलाई समेट्न खोजिएको पाइन्छ । सोही क्रममा लिच्छवि इतिहासलाई प्रकाश पार्ने क्रममा अंशुवर्माको समयमा नयाँ संवत्को प्रचलन विषयमा संक्षिप्त जानकारी खोतल्ने कार्य गरिएको छ । लेखकको भनाईअनुसार मानदेवको चाँगुको अभिलेखदेखि देखा पर्दै आएको संवत् (शक संवत्) लाई छोडी उनले अर्कै संवत् प्रयोग गरे । अंशुवर्माको शासनकालमा सर्वप्रथम संवत् २९बाट शुरु हुनु भनेको यस संवत्का प्रवर्तक अंशुवर्मा वा अन्य व्यक्ति थिए भन्ने

अन्योल खडा हुन्छ तसर्थ अंशुवर्माभन्दा अघि वि.सं. ६३३ (शक ४९८) देखि यता नयाँ संवत्को प्रयोग भए । अंशुवर्माले यो संवत् प्रयोगमा ल्याएपछि जुन नयाँ संवत्को प्रचलन ३०४ वर्षसम्म अर्थात वि.सं. ९३७ मा नेपाल संवत्को आरम्भको अघिल्लो दिनसम्म कायम रह्यो भन्ने छ ।

यसरी लिच्छविकालको अध्यायमा लेखकले चर्चा गर्दा नेपालसंवत्को शुरुवात वि.सं. ९३७ भनेर दिइयो र पूर्व मध्यकालको अध्यायमा आएर इ.सं. ८७९ मा नेपालमा राघव देव राजा थिए । यिनले २० अक्टुबर ८७९ मा नेपालसंवत् चलाए भन्ने कुरामा प्राय: सबै इतिहासकारहरू एकमत छन् पनि भनेका छन् । यसबाट लेखकको मान्यता आफैंमा परस्पर बाझिन गयो भन्ने कुरा लेखक स्वयंलाई अत्तोपत्तो छैन भन्ने पनि देखियो र उनमा कुन कुरा ठोस हो कुन होइन भन्नेमा भने कुनै अत्तोपत्तो नभएको प्रष्ट देखाउँछ । किनकि कुन हिसाबले इ.सं. ८७९ अक्टुबर २० भनेको र कुन हिसाबले वि.सं. ९३७ कार्तिक हुन जान्छ भन्नेसम्म पनि हेक्का रहेको देखिएन ।

एक ठाउँमा आर.सी. मजुमदारको भनाइ औल्याउनु भएको छ र मजुमदारको तर्क भनेको शक ८०१ पुग्दा ८०० लाई छोडेर १ लाई मात्र ग्रहण गरेर त्यही १ बाट नयाँ संवत् शुरु भयो जसलाई नै नेपाल संवत् भनियो भनेका छन् भन्ने प्रसंगमा आउँदा यो तर्क निराधार सावित हुन्छ भन्नु भयो । यसरी निराधार सिद्ध हुन्छ भन्न सक्नेले इश्वी ८७९ अक्टोबर २० मा नेपाल संवत् शुरुवात भयो भन्ने कुरा पत्याउन पनि असम्भव रहेको छ । आखिर शक ८०१ भन्नु र इश्वी ८७९ भनेको एउटै सिक्काको दुईपाटा भने झैं छन् । आर.सी. मजुमदारले शक ८०१ मा नेपाल संवत् शुरु भयो भन्दा निराधार भन्ने सबै इतिहासकारले इश्वी ८७९ मा नेपाल संवत् आरम्भ भयो भन्दा उनको त्यो तर्क निराधार नहुने? यस्ता धरमराउँदो सिद्धान्त पस्केर उनले के भन्न खोजेको हुन् ? उनी आफैंमा अन्यौल र अलपत्रमा परेका छन् ।

साँच्चै भन्नुपर्दा लेखक चालिसेले प्रस्तुत पुस्तकमा यो औंल्याउनु भएको छ कि आर.सी. मजुमदारको मत स्वीकार गरियो भने इतिहासमा १८ महिनाको हिसाब फरक पर्न जान्छ । इश्वी ८७९ अक्टोबर २० तारिखमा नेपाल संवत्को शुरुवात भयो भनी मान्दा पनि त्यो १८ महिनाको हिसाब नमिलेको देख्नु पर्ने हो तर यो भने उनले देख्न सकेनन् त्यो पनि त्रुटि नै हो भन्न सकिन्छ । यसरी १८ महिनाको हिसाब खोज्नका लागि नै लिच्छविकालमा चलेको संवत्को विषयमा कुनै ठोस प्रमाण दिन नसकेको हुंदा संवत्को विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शन गर्ने कुरा यो पुस्तकमा भएको पाईंदैन ।

दिनेशराज पन्तको **बुद्धदेखि पहलमानसम्म**शीर्षककोपुस्तकमा लेखकका १९ वटा विभिन्न निबन्ध लेखहरू संग्रह गरी एउटै पुस्तकाकार दिइएका छन् । यी १९ वटा लेखमध्ये पाँचौ. लेखमा "अंशुवर्माहरुले प्रयोग गरेको संवत्को विषयमा" शीर्षकको निबन्ध छ । त्यस निबन्धमा लिच्छवि अभिलेखमा उल्लेख भएका संवत् के हुन् ? भनी चर्चा चल्न थालिसकेपछि धेरै मतमतान्तरहरू निस्के जसमध्ये हेमराज शर्माको मतमा वि.सं. ६३३ देखि मानदेव संवत् प्रारम्भ भएको भन्ने प्रचारमा आइसकेको र वि.सं. ६३३ देखि प्रारम्भ भएको संवत् विषयको प्राचीन उल्लेख पाइएको भन्दै ताडपत्रमा लेखिएको सुमतितन्त्र नामक पुस्तक पाइएको सन्दर्भ चर्चा गरिएको पाइन्छ । सुमतितन्त्रमा दुर्योधन संवत् २००० वर्ष, नन्दसंवत् ८०० वर्ष चन्द्र गुप्त संवत् १३२ वर्ष, शूद्रकदेव संवत् २४७ वर्ष र शक संवत् ४९८ वर्ष चलेको सन्दर्भलाई कोट्याइएको छ भने यसरी विभिन्न संवत्को चर्चा गर्ने क्रममा सुमतितन्त्रमा विक्रम संवत्को उल्लेख आएको छैन यो त स्पष्ट नै छ । संशोधन मण्डलले पूर्णिमा अङ्क५ को पृष्ठ १० मा कलिगत वर्ष ३०४४ बितेपछि विक्रम संवत् प्रारम्भ भएको चर्चा गरिसकेका हुन् । यसै सन्दर्भलाई यहाँ जोड्न ल्याई संशोधन मण्डल र सुमतितन्त्र भन्ने एकै पर्यायवाची होकि भन्ने ढंगले २०००+८००+१३२+२४७+४९८= ३६७७ हुने कलिगत ३०४४ मा विक्रम संवत् आरम्भ भएको सम्बन्धलाई यहाँ जोड्न ल्याइकन ३६७७–३०४४ गर्दा वि.सं. ६३३ मा मानदेव संवत् प्रारम्भ भएको सन्दर्भ मिलाउन खोजिएको छ । त्यस्तैगरी वि.सं. १२३९–१३०८ बीच भोटको ससक्य पान चेनले वर्णन गरेको कुरामा वि.सं. ६३३ मा नेपालमा नयाँ संवत् चलेको कुरा उल्लेख आएको भनी इष्ट एण्ड वेष्ट १२ भागमा उल्लेख भएको सन्दर्भ जोड्न ल्याए । ससक्य पान चेन भन्ने स्रोतलिच्छविकालको होइन भन्ने स्पष्ट छ तैपनि विदेशी स्रोतमा झुटो कुरा त लेखिन्न होलानि भन्दै यहाँनिर असान्दर्भिक चर्चासँग जोड्न ल्याइएको छ । त्यसैगरी वि.सं. १७१२ मा सारिएको हरिवंश नामक ग्रन्थमा मानदेव संवत्को संख्या १०७९ दिइएकोले १७१२–१०७९ गर्दा पनि वि.सं.६३३ आएकोलाई उनले यथेष्ट प्रमाण भनी यहाँ जोड्न ल्याइएका छन् । वि.सं. १७१२ भनेको लिच्छविकालको समय नै होइन स्पष्ट छ ।लिच्छविकालको समयको बारे निर्णय गर्न लिच्छविकालकै स्रोत सामग्री अघिसार्न छोडेर भोटको स्रोत र हरिवंश नामक ग्रन्थको पुष्पिकालाई यहाँ भिडाउन ल्याउनु कुनै हालतमा सुहाउँदो होइन भन्ने स्पष्ट छ ।उनको नजरमा अंशुवर्मा स्वयंको संवत् ५३६ को अभिलेख भने लिच्छविकालको लागि अनुपयुक्त ठहरिने तर विसं १७१२ को ग्रन्थपुष्पिका भने लिच्छविकालको संवत्को लागि उपयुक्त प्रमाण ठहरिने जस्ता मान्यता ग्रहण गरिएको छ ।

यस लेखमा लेखकले लिच्छविकालका अभिलेखमा संवत्, महिना, पक्ष र तिथिको मात्र उल्लेख ज्यादा पाइन्छ ।संवत् ३८६ को मानदेवको चाँगुको स्तम्भलेखमा तिथिसँगै नक्षत्र तथा मूहर्तको उल्लेख छ तर बारको उल्लेख छैन भन्ने कुरा औंल्याएका छन् । चाँगुनारायणको स्तम्भ लेखको पाठमासंवत् ३८६ लेखिसके संवत्पछि ज्येष्ठ मासे शुक्लपक्ष प्रतिपदि भनेर तिथि दिइएको छ भने त्यसपछि रोहिणी नक्षत्र अभिजित मूहूर्त लेख्नु भन्दा अघि त्यहाँ १ जुन दिइएको छ । त्यो १ का बारेमा सबैले उपेक्षा गर्दै आए तीमध्ये संशोधन मण्डलको नजरमा पनि त्यो १ उपेक्षित नै रहेको छ । कुनै पनि इतिहासकारहरूले अभिलेख पढ्दा आफूलाई चाहेको शब्द र अक्षर भए अर्थ बताउने आफूलाई नचाहेको शब्द र अक्षर आए त्यसलाई छोड्ने गरिनु उचित होइन ।

उनको मान्यताअनुसार लिच्छविकालको पहिलो थरि संवत्मा वार उल्लेख आएको अभिलेख एउटा पनि छैन भन्ने छ भने दोस्रो थरि संवत्का अभिलेखमा भने बार सहित सामग्री दुईवटा भेटिएको सन्दर्भलाई औंल्याइएको छ ।

यहाँवि.सं. ६३३ मा मानदेव संवत् प्रारम्भ भएको सन्दर्भ जोड्नका लागि नै असान्दर्भिक स्रोत माथि दृष्टि केन्द्रित गर्न खोजेको हो कि भन्ने प्रतित हुन्छ । यो स्पष्ट छ कि ती स्रोतले ६३२ जोड्ने आधार र ६३४ जोड्ने आधार प्रशस्त गरेको छैन । संवत् ६७पाटन लुंभ्या चोकको अभिलेखमा ६३३ जोडे पौषमा वि.सं ७०० हुने त ठहरियो तर संवत् ६७ यंगालहिटीको अभिलेख त भाद्रको हो । तव संवत् ६७ भाद्रको अभिलेख पनि वि.सं ७०० कै हो भन्नुपर्ने अवस्था उनका भनाईले प्रष्ट पार्दछ ।

उनले संवत् ६७ मा ६३३ जोडी विक्रम संवत् बनाउन मात्र जानेका छन् तर यो थाहा छैन कि पौषको मितिमा ६३३ जोडे भाद्रको मितिमा ६३४ जोड्नु पर्ने हुन्छ भने भाद्रको मितिमा ६३३ जोडे पौषको मितिमा ६३२ मात्र जोड्नु पर्ने हुन आउँछ ।६३२ वा ६३४ जोड्ने प्रावधान न भोटको स्रोतले बताउँछ न त हरिवंश नामक पुष्पिकाले बताउँछ । त्यस्तैगरि संवत् ३१ को पौषको अभिलेख भक्तपुर इनायचोमा पाइएको छ । त्यसैगरी संवत् ३१ कै माघ शुक्ल त्रयोदशीको अभिलेख चाँगुमा भेटिएको छ भने संवत् ३१ कै वैशाखको पाटन चक्रवहिलको अभिलेख प्रकाशित भैसकेको छ ।के ती सबै अभिलेखमा ६३३ जोडी विक्रम संवत् बनाउनु ठीक हुने त अवश्यै होइन । अर्को उदाहरण संवत् ३०१ वैशाखको सहोत्तर तन्त्रको पुष्पिका वाक्य नै छ । त्यसमा ३०१+६३३ गर्दा वि.सं. ९३४ मात्र आउँछ तर वैशाखमा वि.सं. ९३५ हुने भएकाले सुमतितन्त्र नामक ग्रन्थ एवं कुनै स्रोत सामग्रीले ६३४ जोड्ने अधिकार दिएको त छैन । उहाँको युक्तिले अभिलेखकोसंवत् ३०१ लाई नै सच्याउने गरि वैशाखमा १ बढाएर ३०२ हुनजाने जस्ता अत्यन्त अशोभनीय युक्ति देखाएर गणना मिल्यो भनेका

छन् । यो विल्कुल अनुचित हो । यसरी आफ्नो अनुकूलको संवत् भएन कि अभिलेख कै मिति पनि उनले फेर बदल गर्न पाइने जस्ता कुचेष्टा गरेका हुनाले संवत्को विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शन गर्ने कुरा यो पुस्तकमा भएको पाईंदैन ।

VermaT.P. र Arvind Kumar Singhको**A corpus of the Lichchhavi Inscriptions of Nepal**शीर्षकीय पुस्तकमा लेखक द्वयले लिच्छविकालका १९५ वटा अभिलेखलाई सम्पादन गरी छपाएका छन् । सहोत्तरतन्त्रको पुष्पिका बाक्य र सुमतितन्त्रका उद्धरणलाई परिशिष्ट १ र परिशिष्ट २ मा समावेश गरेका छन् ।लिच्छविकालका ती अभिलेखलाई अन्तर्राष्ट्रिय जगतले पनि अध्ययन गर्न सकियोस् भनी अंग्रेजी भाषामा व्याख्या गरेका छन् । ती लेखकद्वयले गरेका व्याख्यामा लिच्छविकालमा चलेका पहिलो थरिका अभिलेख भनेर चाँगुनारायणको स्तम्भलेख संवत् ३८६ देखि क्रमैले राखिएका छन् र यस क्रममा संवत् ५३५को जैसीदेवलको अभिलेखलाई पहिलो थरिको अन्तिम अभिलेख भनेर परिभाषित गरेका छन् ।

त्यसपछि इश्वी ५७६ बाट शुरु भएको संवत् क्रम भनेर बुंगमतिको संवत् २९ को अभिलेखलाई पहिलो र अन्तिममा सहोत्तर तन्त्रको पुष्पिका बाक्यको संवत् ३०१ लाई राखेको छ । लेखकद्वयले संवत् २९लाई नयाँ संवत् भनेर पनि व्याख्या गरेको छ । यसमा संवत् ३४ को पाटन सुनधाराको अभिलेखलाई सङ्ख्या ८४ मा र संवत् ५३५ को जैसीदेवलको अभिलेखलाई सङ्ख्या ८५ मा राखेका छन् ।

पहिलो थरिको अभिलेख मध्ये पहिलो अभिलेख चाँगुनारायणको संवत् ३८६ लाई शक संवत् मानेर त्यसमा ७८ जोडी इश्वी ४६४ र जैसीदेवलको संवत् ५३५ लाई इश्वी ६१३ हुने भनी दिइएको छ । यस पुस्तकमा लेखकद्वयले थप रोचकता दिन २३ अप्रील ४६४ इश्वी मा तत्कालीन राजा मानदेवको राज्याभिषेक भएको भनेर पनि दिइएको छ । यसको मतलव चाँगुनारायणको संवत् ३८६ जेष्ठ शुक्ल प्रतिपदालाई तारिखमा परिणत गरेको बुझिन्छ । परन्तु आश्चर्य यो हुन आउँछ कि कुन सिद्धान्त र कसरी कुन तरिकाले हिसाव गर्दा जेष्ठ शुक्ल प्रतिपदा को २३ अप्रील हुन आयो त्यसका खुलासा र प्रमाण केही दिइएको छैन ।

अर्को चरणमा आउँदा संवत् २९ लाई नयाँ संवत् भनी व्याख्या त गरियो र इश्वी ५७६ देखि शुरु भएको नयाँ संवत् इश्वी ६०५ मा आउँदा २९ हुन्छ भने २८ वर्ष सम्म यसको प्रचलन अवरुद्ध भइरहनुको रहस्य के थियो ?त्यो खुलाउन सकेको पनि देखिंदैन । यसरी नयाँसंवत् प्रारम्भ भइकन

एकै चोटी इश्वी ६०५ मा आएर मात्र प्रकट हुनु र नयाँसंवत् उत्पत्ति हुनु भनेको अघि प्रचलित संवत्लाई विस्थापित गरेर नयाँ संवत् ल्याएको हो भन्ने अर्थ लाग्छ । तसर्थ त्यसरी विस्थापित गराई सकेको संवत् कै क्रमको संवत् ५३५ किन देखा पर्न आयो भन्ने तिर पनि कुनै खुलासा दिन सकेको छैन ।

त्यस्तै गरि सहोत्तर तन्त्रको पुष्पिका वाक्यको संवत् ३०१ लाई इश्वी ५७६ बाट उठेको संवत् भन्ने हिसावले इश्वी ८७७ हुन आउने भनी दिइएको छ भने सुमतितन्त्रमा दिइएको संवत् ३०४लाई इश्वी ५७६ बाट उठेको हिसाव अनुसार इश्वी ८८० हुने समेत दिइएको छ । यसरी इश्वी ८८० सम्म नयाँ संवत् नै कायम रहेको भए पछि नेपाल संवत्को उठान इश्वी ८८०पछि भएको नभई इश्वी ८७९ मै भइसकेको देखिनु पर्ने किन भन्ने तिर लेखकद्वयले कुनै किसिमको कारण नै दिन सकेका छैनन् ।

इतिहासको यथार्थतालाई हृदयंगम गर्ने हो भने नेपाल संवत् को उठान इश्वी ८७९ अक्टोवर देखि भएको जग जाहेर छ । यसरी ध्रुवसत्य यथार्थतालाई पन्छाएर लेखक द्वयको भनाइ बमोजिमको इश्वी ८८० सम्ममा ३०४ वर्ष सम्म नयाँ संवत् कायम रहे पश्चात्मात्र नेपालसंवत् उठान भएको भनी आग्रह हुंदैमा हुने कुरो होइन । एक त लेखकद्वयलाई संवत् ३८६ भन्दा पनि पुरानो अभिलेखहरू भेटिसकेको थाहा नहुनु, अर्को संवत् ५३५ लाई अंतिम अभिलेख मानेको मा संवत् ५३६ को अभिलेख पनि भेटिएको जानकारी नभएको कारणले गर्दा संवत्को विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शन गर्ने कुरा यो पुस्तकमा भएको पाइदैन ।

श्यामसुन्दर राजवंशीको**लिच्छविकालीन सम्वत्को निश्चय**शीर्षकको पुस्तकमा काठमाडौँ गोकर्णस्थित गोकर्णेश्वरस्थानबाट उत्तरतिर करीव ५ कि.मि पर बालुवागाउँ महाँकाल वडा नं ७ मा फेलापरेको अंशुवर्माको शिलालेखको बिस्तृत व्याख्या गरिएको छ । यो अभिलेख धनवज्र बज्राचार्यको लिच्छविकालका अभिलेख नामक ग्रन्थमा समावेश छैन । यदि यो अभिलेख उहिल्यै छापिसकेको भए धनवज्रले यसलाई छुटाउने थिएनन् र उनले आफनो व्याख्यामा संवत् ५३५ को अभिलेख भेटिंदा जुन किसिमको व्याख्या गर्नु भएको थियो ।त्यस्तो किसिमको व्याख्या अवश्य प्रस्तुत गर्नुहुने थिएन भन्ने विश्वास गर्न सकिन्छ । किनकि गोकर्णको यस अभिलेखमा संवत् ५३६ प्रष्ट छ भने महासामन्त अंशुवर्माले राखेको अभिलेख भनेरपनि प्रष्ट उल्लेख छ । धनवज्र कै भनाईलाई आत्मसात् गर्दै आएका तमाम इतिहासमा रुचि राख्ने विद्यार्थीहरूले संवत् ५२७ देखि २९भनेर अर्कै नयाँसंवत् व्यवहारगरी सकेको हुनाले संवत् ५३५ को जुन काठमाडौं ज्यावहालको अभिलेखलाई अंशुवर्माको हुनै

नसक्ने भनी मत जाहेर गर्नु भएकोले त्यही मतको अनुयायी भएर आएको हो तर संवत् ५३६ को यो गोकर्णको अभिलेख महासामन्त अंशुवर्मा कै पाइएको हुंदा धनवज्रको उक्त मत स्वतःमिथ्या सिद्ध हुन गएको देखिएको छ । यही कुरालाई विशेष जोड दिएर यस पुस्तकमा व्याख्या वर्णन गर्न खोजिएको छ ।

यस अघि सारा इतिहासकार एवं इतिहासमा रुचि राख्ने लेखकहरूले लिच्छविकालमा चलेका संवत् भनी शक संवत् र मानदेव संवत् भनेर मान्नको लागि जुन स्रोतहरूलाई आधार बनाए ती स्रोतहरू कति उपयोगी छन् कति अनुपयोगी छन् भन्ने तिर त्यति गहिराईमा प्रवेश गर्न सकिरहेको जस्तो देखिएन कि भन्ने नै आभास मिलेकोले इतिहासकार एवं इतिहास प्रति माया गर्ने जिज्ञासुहरूलेसंवत् ५३६ को अभिलेखको आधार लिएको यस पुस्तक माथि खुलेरै समर्थन गर्ने धेरै मात्रामा देखिएनन् भन्ने बुझियो ।अतः यस सम्बन्धी थप अनुसन्धान आवश्यक रहेको हुनाले यहाँ पुस्तकको चर्चा गर्नु परेको हो ।

जगदीशचन्द्र रेग्मीको**लिच्छवि इतिहास**शीर्षकको पुस्तकमा लेखकले नेपाली इतिहासको अध्ययन प्रारम्भ भएदेखि नै लिच्छविकालका अभिलेखहरूमा प्रयोग भएका दुईथरि संवत्का बारेमा इतिहासकारहरूमा मत मतान्तर चलेर आएको र हालसम्म यो समस्याको समाधान सबैलाई चित्त बुझ्ने किमिसको निकाल्न सकिएको छैन भनी सकार्दै आफ्ना व्याख्या प्रस्तुत गर्नु भएको छ । यद्यपि संवत् समस्याको सर्वमान्य समाधान कहिले होला त्यो यसै भन्न नसकिने कुरा समेत स्वीकार्नु भनेको आफूले मान्दै आएको मतमा शंकास्पद छ भन्नु हो । उनले हाललाई लिच्छविकालमा चलेको अघिल्लो संवत्लाई शक संवत् र पछिल्लो संवत्लाई मानदेव द्वितीय संवत् नै मान्दै इस्वी संवत्को मिति गन्दै ७८ र ५७६ जोडी पुस्तकमा व्याख्या गर्नु भएको छ ।

यस पुस्तकमा यिनले लिच्छविकालमा चलेको संवत्लाई शक संवत् र मानदेव संवत्को आफ्नो दाबी छोड्नु भएन ।मानदेव संवत् पछि जुन नेपाल संवत् देखापरेको हो त्यो इस्वी ८८० मा पर्छ र अयनको अंश विषयमा विचार विमर्श हुन थालिएको परिणाम मानेका छन् । फलतः नेपाल संवत्आएको हो भनेर कुरा चपाउने मेसो यहाँ बनाउन खोजेको बुझियो किनकि उहाँले नेपाल संवत्को बारेमा लेखेका जतिपनि लेखहरू छन् त्यसमा नेपाल संवत्को उठान इस्वी ८७९ अक्टोबर २० लाई औंल्याउने गर्दै आएको कुरा यहाँ विर्सन मिल्दैन ।

लिच्छविकालका प्राप्त कतिपय अभिलेखका मिति पौष माघ फागुनका पनि छन् भने चैत्र उप्रान्तका पनि छन् । चैत्र वैशाखमा शक संवत् फिरिसकेको हुने र पौष माघमा इस्वी संवत् फिरिसकेको हुने त सर्वविदित कुरा नै हो । अतः लिच्छविकालका अभिलेखहरूमा पौष माघ र चैत्र वैशाखमध्ये कुन अघि कुन पछि हुन्छ त्यसको सामान्य ख्याल त जसले पनि राख्नुपर्छ । तर उनले यी कुरालाई वास्तै नगरी कथित मानदेव संवत् भनिएको हरेक संवत्का अंकमा ५७६ धमाधम जोडी इस्वी संवत्का अंकका परिणाम गरी देखाएको छ । यो कुनै हालतमा उपयुक्त भन्न सकिने ठाउँ छैन ।

किनभने ललितपुर लुँभ्या चोकको अभिलेखमा संवत् ६७ पौषको छ । यो संवत् ६७ लाई ६७+५७६ गरी इस्वी ६४३ बताइएको छ । त्यसैगरी यंगालहिटीको अभिलेखमा पनि संवत् ६७ छ तर यो भाद्र महिनाको अभिलेख छ । यसमा पनि यिनले ६७+५७६ गरी ६४३ नै बताइएको छ ।यसलाई ठीक कुनै हालतमा भन्न मिल्दैन । यदि भाद्रअघि आउने मान्यता राख्छ भने भाद्रमा इस्वी ६४३ भएको पौष पुग्दा इस्वी ६४४ हुनुपर्ने हो नि तर यिनले जस्तै गरि खालि ५७६ जोड्ने कुरालाई मात्र मतलव राख्नु ठीक होइनन् भनेर बुझ्ने कहिले होला ?संवत् समस्याको निदान खोज्नेहरूले यति सामान्य कुरा ख्याल राख्दैन भने त्यो वर्गलाई चित्त बुझाउन किमार्थ सम्भव हुँदैन । शक संवत्को क्यालेण्डरअनुसार हेर्‍यो भने इस्वीको भाद्र अघि आउने हुन्छ । इस्वी संवत्अनुसार हेर्‍यो भने शकको भाद्र पछि आउने त जुनसुकै क्यालेण्डर हेरे पनि हुने हो तर उनले यो पुस्तकमा यी कुरालाई बिल्कुलै अनदेखा गरेको छ ।

अर्को कुरा मानदेव प्रथमको क्रमको संवत्लाई शक संवत् मानेपछि संवत् ५२६ लाई मात्र शक किन भन्ने ?संवत् ५३५ र संवत् ५३६ लाई पनि शक संवत् किन नभन्ने?जसरी ५२६+७८ गरी इस्वी ६०४ हुने हो त्यसरी ५३५ +७८ गर्दा इस्वी ६१३ र ५३६+७८ गर्दा इस्वी ६१४ किन नहुने?यतातिर पनि सोच्नु जरुरी छ किनकि इस्वी ६१४ सम्म अंशुवर्माले शक संवत् प्रयोग गर्दा गर्दै पनि इस्वी ६०५ मा नै नयाँ संवत् थालनी गर्‍यो भनी बोध गराउनका लागि चित्त बुझ्दो जवाफ उनीसँग नभएको प्रष्ट हुन्छ । त्यसकारण संवत्को विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शन गर्ने कुरा यो पुस्तकमा भएको पाइदैन ।

गोविन्द टण्डन **पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन (दोश्रो भाग) अभिलेख खण्ड**शीर्षकको पुस्तकमा लेखकले पशुपति क्षेत्रभित्र पाइएका ३९० थान अभिलेखहरू संकलन गरी ती अभिलेखहरूको अनुवाद सहित प्रस्तुत गरेका छन् । ती अभिलेखहरू अधिकांश अन्य पुस्तक पत्र पत्रिका जर्नलहरूमा प्रकाशित भइसकेका भएपनि यसरी एकत्रित रुपमा एउटै ग्रन्थमा संकलन गरी पाठकहरू सामु

राखिदिनुलाई अत्यन्त प्रशंसनीय कार्य मान्नु पर्दछ । पशुपति क्षेत्रका अभिलेख प्रमाणहरूको आधारमा प्रामाणिक इतिहास तयार पार्नमा यो पुस्तक अत्यन्त लाभदायक सावित हुन सक्छ । परन्तु उनले प्राचीन अभिलेखहरूको अनुवाद समेत प्रस्तुत गर्ने क्रममा अभिलेखमा अङ्कितसंवत्लाई विक्रम संवत्मा परिणत गरी राख्ने कार्य पनि गरेको पाइन्छ । यसरी विक्रम संवत्मा परिणत गर्ने क्रममा लिच्छवि राजा मानदेव प्रथमको पालामा देखापरेका पहिलो थरि लिच्छविकालका संवत्लाई शक संवत् नै मान्न खोजेको पाइन्छ । तर त्यो शक संवत् कार्तिकबाट शुरु हुने संवत् नै थियो भन्ने धारणामा विश्वास गरी कार्तिकदेखि चैत्रसम्मको तिथिमिति देखापरेकोमा १३५ जोडेर विक्रम संवत् बनाई देखाएको छ भने वैशाखदेखि आश्विनसम्मको तिथिमिति देखापरेकोमा १३६ जोडेर विक्रम संवत् बनाई देखाईएको छ । यसरी शक संवत्मा १३६ जोड्ने प्रकृया न त सुमतितन्त्रको सिद्धान्तमा आधारित हो न त कुनै ऐतिहासिकतामा आधारित सिद्धान्त हो । यसैगरी लिच्छवि शासक महासामन्त अंशुवर्माका पालादेखि देखापरेको थरि थरि लिच्छविकालको संवत्लाई मानदेव संवत् नै मान्न खोजेको पाइन्छ । तर मानदेव संवत् पनि कार्तिकबाट शुरु हुने संवत् नै थियो भन्ने धारणामा विश्वास गरी कार्तिकदेखि चैत्रसम्मको तिथिमिति देखापरेकोमा ६३३ जोडेर विक्रम संवत् बनाई देखाईएको छ भने वैशाखदेखि आश्विनसम्मको तिथिमिति देखा परेकामा ६३४ जोडेर विक्रम संवत् बनाई देखाइएको छ । यो पनि न त सुमतितन्त्रको सिद्धान्त अनुकुल हो । न त ऐतिहासिकताको आधार अनुकूल पनि हो । साँच्चै भन्नुपर्दा उनको त्यस प्रकारको प्रकृयाकतै पनि मेल खाएको छैन ।

उनले ल्याएका तर्कअनुसार १३६ र ६३४ जोडेर इतिहासको कालक्रम मिलाउन जुन युक्तिले यता लिच्छविकालमा शक संवत् र मानदेव संवत् चल्यो भन्नेलाई पृष्ठपोषण गर्ने उनको आसय हो यसले वैशाखदेखिको अभिलेखको मितिलाई के गर्ने भन्ने? उनलाई पनि खट्केको कुरा छ त्यसलाई १३६ र ६३४ ले मिलाउने जुन कोशिस गरिएको छ त्यसलाई तिथिमितिको गणित मिल्यो भनी देखाउने आधार नै बनेको छैन । कुनै पनि इतिहासमा स्रोत साधन एवं खुद इतिहासकारहरूले उनको यो तर्क मान्ने आधार नै छैन र उनी स्वयंले पनि यसमा गणितीय ऐतिहासिक सङ्गति देखाउन सकेको देखिदैन ।

त्यस्तैगरी नेपाल संवत् उल्लेख भएको अभिलेखहरूको अनुवाद प्रस्तुत गर्दा पनि नेपाल संवत्को उठान विक्रम संवत् ९३६ कार्तिक शुक्ल प्रतिपदाबाट भएको कुरा शायद उहाँलाई थाहा नभएको त पक्कै होइन होला तर वि.स. ९३७ जोडेर विक्रम संवत् बनाई देखाइएको छ । यो ऐतिहासिक प्रामाणिकताको धरातलबाट विल्कूलै टाढा रहेका कुरा हुन् । किनभने इश्वी ८७९ अक्टोबरमा नेपाल

संवत्को उठान भएको तथ्यप्रति विश्वास नगर्ने भए मात्र ९३७ जोड्नेमा विश्वास गर्नु पर्ने हुन जान्छ ।

किनभने लिच्छविकालमा चलेको संवत्लाई शक संवत् मान्दा डेढवर्षको इतिहासलाई कहाँ ल्याएर मिलान गर्ने भन्ने समस्या आइपर्छ । यो समस्याले सारा इतिहासकारहरुलाई पिरोल्न छोडेन भने यहाँ लेखकलाई पनि छोडेन भन्ने कुरा प्रष्ट रुपले बुझिन आयो । यही समस्याबाट भाग्न लिच्छविकालमा चलेको संवत् कार्तिकबाट शुरु हुने कुरा पनि ल्याउने वैशाखदेखिको हिसाब नमिलेपछि १३५ को सट्टा १३६ गर्ने र ६३३ को सट्टा ६३४ जोड्ने जस्ता मिथ्या कृत्य अघि सार्न खोजेको प्रष्ट हुन्छ ।

अत: लिच्छविकालको अभिलेखहरु पढ्दा त्यसमा भएको पाठ व्यहोरा मात्र पढेर पुग्दैन । त्यसमा भएको संवत्को सही समय ताका पहिल्याउन सक्नुपर्ने पनि प्रथम कर्तव्य हुन आउँछ । अत:संवत्को विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शन गर्ने कुरा यो पुस्तकमा भएको पाईंदैन ।

बाबुराम आचार्यको**प्राचीनकालको नेपाल**शीर्षकको पुस्तकमा लेखकले सभ्यताको प्रारम्भदेखि इस्वी ८७९ सम्मको इतिहास समावेश गरिएको छ । यसको भित्री पृष्ठमा अध्याय १ देखि अध्याय ११ सम्म विभिन्न शीर्षकमा वाँधी प्राचीनकालको नेपालको इतिहासको व्याख्या प्रस्तुत गरिएको छ । अन्तिम अध्याय ११ को परिशिष्ट “ख” मा लिच्छविकालका अभिलेख र तिनको काल निर्णय बारेमा रचना प्रस्तुत गरिएको छ ।

यस रचना अन्तर्गत नेपालमा पाइने लिच्छविकालका शिलालेखहरुमा समय द्योतक संवत्का अङ्कहरुको आधारमा दुई समूहमा वर्गीकरण गरिएको छ । जसमा पहिलो थरि अभिलेखहरुमा गुप्त लिपि एवं एक थरि संवत् र दोस्रो थरि अभिलेखहरूमा गुप्तोत्तरकालका कुटिला लिपि एवं अर्को थरि संवत्को प्रयोग गरिएको भन्दै व्याख्या गरिएको छ । तदनुरुप दोस्रो थरि संवत् इसं ५७६ को कार्तिक शुक्ल प्रतिपदा अर्थात ८ अक्टोबर इसं ५७६ (वि.सं. ६३३ कार्तिक १७ गते) देखि उठान भएको हो भन्ने कुरा अवलाई अकाट्य रुपले प्रमाणित हुन आएको छ भन्दै ठोकुवा गर्न खोजेको पाइन्छ । सुमतितन्त्रको मान्यताअनुसार नेपाल अधिराज्यमा मानदेव संवत् नामक वर्ष ३०४ वर्षसम्म लगातार रुपले चल्दै थियो । इस्वी ८७९ को कार्तिक शुक्ल प्रतिपदाको दिन अर्थात २० अक्टोबर इसं ८७९ (वि.सं. ९३६ कार्तिक २५ गते) दिनदेखि यहाँ वर्तमान नेवारी संवत्को आरम्भ भएको स्पष्ट देखिएकोले सुमतितन्त्रको उपर्युक्त भनाईमा कुनै विसंगति रहेको छैन । तदनुरुप पहिलो थरि संवत्

पनि इस्वी ७८ देखि उठेको शक संवत् नै अपनाई यी ठोकुवाप्रति कुनै सन्देह छैन भन्दै निरर्थक व्याख्या गरिएको छ ।

लिच्छविकालमा चलेको ती संवत् आजसम्म चल्दै आएको नेपाल संवत् जस्तै कार्तिकबाट शुरु हुने भएकोले यो कुरालाई पनि कुनै न कुनै प्रकारले समावेश गर्न उत्तरी भारतमा शक संवत् कार्तिकबाट थालनी हुन्थ्यो र कनिष्क संवत्को प्रचलन भारतमा व्यापकरुपले प्रचलनमा रहेको प्रसङ्गसँग मिलान गर्न खोजेको हेतु तड्कारो रुपमा प्रकट भएको छ । नेपालमा शक संवत् कार्तिकादि कि चैत्रादि भन्नेमा वहसको विषय नै होइन । वहसको विषय त लिच्छविकालमा चलेको संवत् र कार्तिकादि भनी सकेपछि कार्तिकमा ३८६ भएको शक संवत् वैशाख पुगेपछि ३८७ हुन्छ भन्न पाइएन भन्नेमा हो । कार्तिकमा ५२६ भएको शक संवत् वैशाख पुगेपछि ५२७ हुन्छ भनी मान्नु भएन । त्यसैगरी कार्तिकमा ३१ भएको मानदेव संवत् वैशाखदेखि ३२ हुन्छ भन्नु भएन भन्ने कुरालाई अरु इतिहासकारहरूले अनदेखा गरे जस्तै इतिहास लेखकले पनि त्यसरी अनदेखा त गर्नु भएन नि भन्ने नै हो ।

जेहोस् आखिरमा जसले इस्वी ५७६ बाट उठेको मानदेव संवत्को मान्यता अनुरुप ३०४ वर्ष लगातार चल्यो पनि भन्ने गरेको छ । अर्कोतिर इस्वी ८७९ को कार्तिक र वि.सं. ९३६ कार्तिक मै नेपाल संवत् आरम्भ भयो भनेर पनि मान्ने गरिएको छ । यो कुरा परस्पर बाझिने कुरा त प्रष्टै देखियो । किनभने इस्वी ५७६ मा उठेको मानदेव संवत् ३०४ वर्ष चलेपछि ५७६+३०४ गर्दा इस्वी ८८० आउने हुन्छ तर इतिहास उनले इस्वी ८७९ मा नै नेपाल संवत् आइसकेको पनि ठोकुवा गरेका छन् । त्यस्तै विक्रम संवत् ६३३ मा उठेको मानदेव संवत् ३०४ वर्ष चलेपछि ६३३+३०४ गर्दा वि.सं. ९३७ आउने हुन्छ तर उनले वि.सं. ९३६ कार्तिकमा नै नेपाल संवत् उठिसकेको ठोकुवा पनि गरेका छन् अर्को कुरो इस्वी ५७६ बाट उठेको मानदेव संवत् ३०१ को वैशाख भनेको इस्वी ८७८ अप्रिल हुने, फेरि इस्वी ८७९ अक्टोबरदेखि नेपाल संवत् आएपछि मानदेव संवत् ३०४ वर्ष लगातार चल्यो कसरी ?यो भने स्पष्टीकरण दिन सक्नु भएन ।अतः संवत्को विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शन गर्ने कुरा यो पुस्तकमा भएको पाइदैन ।

दिनेशचन्द्र रेग्मीको **पुरालेखन र अभिलेख** शीर्षकको पुस्तकमा लेखकले पाचौँ शताब्दीदेखि आठौँ शताब्दी इस्वीसम्मका प्राचीन अभिलेखमा दुई बेग्ला बेग्लै संवत् पाइएको चर्चा गर्नु भएको छ । ती दुवै संवत्मा नाम किटेर संवोधन कतै नभएकोले ती कहिले शुभारम्भ भएका, कुन संवत् थिए भन्ने बारेमा अनेक अनुमान भई मतमतान्तर चल्दै आएका छन् भन्दै व्याख्या विश्लेषण गरेका छन् । नवौँ

शताब्दी इस्वीदेखिका सबै जसो अभिलेख पाण्डुलिपि र सिक्काहरूमा नेपाल संवत्को वर्ष अङ्कित पाइन्छन् । ती अभिलेख पाण्डुलिपि र सिक्काहरूमा १८औँ शताब्दीसम्म शक संवत् र पछि विक्रम संवत् उल्लेख गर्ने चलन चल्यो भनी व्याख्या गर्दै लिच्छविकालमा संवत् ३८१ देखि ५२६ सम्म प्रायः लगातार चल्दै कुनै कुनैमा संवत् ५३५ र ५३६ सम्म पनिप्रयोग भएको खुलासा गर्न खोजेका छन् भने अंशुवर्माको समयदेखि उनको वर्ष २९ को अभिलेखबाट शुरु हुँदै वर्ष १५७ सम्म प्रायः लगातार चल्दै नवौँ शताब्दी इस्वीमा नेपाल संवत् शुरु हुञ्जेलसम्म फाटफुट रुपमा चलिरह्यो भन्ने खुलासा गर्न खोजेको पाइन्छ । साथै ती संवत्हरूको आरम्भ भने कार्तिक शुक्ल प्रतिपदामा भएको भन्ने तथ्य पुरा सकारेकाछन् ।

यही पुस्तकमा महासामन्त अंशुवर्माका अभिलेख संवत् ५२६ सम्म मात्र होइन संवत् ५३५ र ५३६ सम्म पनि देखापरे भन्ने चर्चा पनि गर्नु र इस्वी ५७६ बाट उठेको मानदेव संवत् चल्दै जाँदा इस्वी ८७९ मा आएर नेपाल संवत् आरम्भ भएको चर्चा गरेपछि ८७९–५७६ गर्दा ३०३ मात्र हुने भएतापनि मानदेव संवत् ३०४ वर्ष चलेको हो भनेर आफनो जिद्दी भने छोड्न चाहेनन् ।अझै इतिहासको मुख्य घटनाहरूको कालक्रम सुमतितन्त्रबाट खण्डन भएको छैन पनि भन्न छोडेनन् । यसबाट उनी स्वयं ३०३ कि ३०४ भन्ने मै अन्यौलमा छन् भन्ने कुरा प्रष्ट हुन्छ तर भन्न चाहिँ सुमतितन्त्रमाथि ध्यान गएको र सुमतितन्त्रको भनाई खण्डन भएको छैन भन्दै लिच्छविकालका अभिलेखहरूको पहिलो संवत्७८ इस्वी तदनुसार वि.सं. १३५ को कार्तिकमा शुरु भएको र दोस्रो संवत् शक संवत्को ४९८ वर्षमा तदनुसार अक्टोबर ५७६ अर्थात वि.सं. ६३३ को कार्तिकबाट शुरु भएको मान्नु उपयुक्त हुनेछ भन्नुले अन्ततोगत्वा लिच्छविकालमा चलेका दुईथरि संवत् भनिएकोमा पहिलो चाहिँ शक संवत् र दोस्रो चाहिँ मानदेव संवत् हुन् भन्ने मतमा आफु पनिपक्का अनुयायी बनेर नै त्यसको पक्षमा उभिन खोजेकोप्रष्ट हुन्छ ।

इस्वी ५७६ कार्तिकमा शुरुवात भएको मानदेव संवत्, नेपाल संवत् आरम्भ भएको मिति इस्वी ८७९ कार्तिक सम्मका सुमतितन्त्रका अनुसार ३०४ वर्ष चलेको हुनुपर्ने र त्यही ३०४ वर्ष चल्न नपाइकनै नेपाल संवत् आरम्भ भएको देखिएतापनि सुमतितन्त्रको खण्डन भएको छैन भनी अनदेखा गरेर नेपाल संवत् आरम्भ इस्वी ८७९ अक्टोबरमा भएको उल्लेख बारम्बार गरे पनि इस्वी ८८० मा भयो भन्ने जस्ता कुरा बङ्ग्याउनु भनेको बुद्धिमानी होइन । उनको भनाईअनुसार सुमतितन्त्रको खण्डन भएको छैन भनी मान्ने हो भने वि.सं. १३५ कार्तिकमा शुरु भएको शक संवत् वि.सं. ६६४ कार्तिकमा आएर ५२९ हुने त होला तर त्यही शक संवत् वैशाखमा गएर शक ५३० हुनेछ भनी

सकार्ने कसरी ? त्यसको प्रमाण छैन । त्यस्तै कार्तिकमा ७९९ भएको कार्तिकादि शक वैशाखदेखि ८०० हुनेछ भनेर सकार्ने कसरी ? त्यसको पनि प्रमाण छैन । त्यसैले यस प्रकारको अनदेखालाई बुद्धिमानी भन्न सकिन्न ।मानदेव संवत् पनि कार्तिकबाट शुरु हुने र शक संवत् पनि कार्तिकमा शुरु हुने भनी सकार्नु भनेको दोहोरो मान्यता हुनु हो ।कार्तिकमा ५२९ भएको शक वैशाखमा ५३० हुने र कार्तिकमा ७९९ भएको शक वैशाखमा ८०० हुने सकारेको हो भने सुमतितन्त्रको खण्डन भएको छैन भन्नुको कुनै औचित्य छैन ।शक ८०० वैशाखमा ३०१ वैशाख भएको मानदेव संवत् शक ८०१ को कार्तिकमा आएर ३०४ वर्ष मानदेव संवत् भुक्त हुनु असंभव भएतापनि सुमतितन्त्रको खण्डन भएको छैन भनी जिकिर गर्नुको कुनै अर्थ छैन । अतः संवत्को विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शन गर्ने कुरा यो पुस्तकमा भएको पाइदैन ।

गणेश क्षेत्री ररामचन्द्र रायमाझीको **नेपालको इतिहास** (दोस्रो संस्करण) शीर्षकको पुस्तकमा लेखकद्वयले नेपालको राजनैतिक, सामाजिक, आर्थिक एवं कुटनैतिक विषयवस्तुको इतिहास समेटी नेपालको इतिहास नाम दिई प्रकाशित गरेका छन् । यो पुस्तक उच्च शिक्षाका विद्यार्थीहरुको लागि एउटा स्तरीय पुस्तकको खाँचोलाई परिपूर्ति गर्ने उद्देश्यले तयार गरेको देखिन्छ । यस पुस्तकको तेस्रो परिच्छेदको सातौँ एकाईमा लिच्छवि अभिलेखमा प्रयोग गरिएका संवत्हरूको बारेमा चर्चा र व्याख्या गरिएको छ । यस एकाई अन्तर्गत लिच्छविकालमा दुईथरि संवत् चल्यो भन्ने धारणा अनुरुप पहिलो थरिको संवत् र दोस्रो थरिको संवत् गरी व्याख्या गरिएको छ । यी व्याख्यामा ती दुईथरि संवत्हरूको सम्बन्धमा स्वदेशी र विदेशी इतिहासकारहरू बीच मतमतान्तर चल्दै आउनुको कारण त्यसबेला संवत् अङ्कित गर्दा कुनै पनि अभिलेखमा संवत्को नाम किटान नगरिएको हुँदा यसो भएको हो भनी मानेका छन् ।

यस अध्यायमा लेखकद्वयले इतिहासलाई स्वस्थ ढंगले तौलेर लेख्नुभन्दा अन्य इतिहासकारहरू जतातिर ढल्के त्यतैतिर ढल्कनु उचित ठान्दै लिच्छवि अभिलेखमा पहिलो थरि संवत्लाई शक संवत् मानेको खण्डमा नेपालको प्राचीन इतिहासमा राजाहरूको कालक्रमको समस्या मिल्नुको साथै इतिहासको अध्ययन समेत सजिलो हुने हुँदा शक संवत् हुन् भन्ने तर्क अघि सारेको भन्ने मनसाय पाइन्छ ।

प्राचीन इतिहासमा राजाहरूको कालक्रमको समस्या मिलाउन शक संवत् मानेको खण्डमा मात्र मिल्छ भन्ने दावा गरिएको छ । यदि पहिलो थरि संवत्को क्रम संवत् ३८१ बाट ५२६ सम्म मात्र होइन संवत् ५३५ र संवत् ५३६ सम्म राखेर हेर्दा शिवदेव प्रथमको कालक्रम संवत् ५२६ सम्म मात्र

मान्दा मिल्छ कि संवत् ५३६ सम्म मान्दा मिल्छ त्यतातिर भने ध्यान पुगेको छैन ।
इतिहासकारहरूले त संवत् ५३५ को अभिलेखलाई पनि शिवदेव प्रथम कै हुन् भनी मान्छन् भने संवत् ५३६ लाई पनि शिवदेव प्रथमकै हुन् भनी दावा गर्न पनि सक्नु पर्छ तर सकेका छैनन् र शक संवत् हुन् भनी दावा गर्न नसक्नुको कारण के ?कुनै अघिसार्न सकेको छैन । किनकि यो अभिलेखमा शिवदेव प्रथमको नाम पनि नहुनु, अंशुवर्माले आफू शक्तिमा आएपछि अर्को नयाँ संवत् प्रचलनमा ल्याइसके पछि पनि स्वयं अंशुवर्माले पहिलो थरिकै संवत् किन प्रयोग गरे त ?यतातिर लेखकद्वयको ध्यान गएको छैन । फेरि यो संवत् ५३६ लाई पनि शक संवत् भनी मानियो भने कुन शास्त्रले त्यो कुरा सिद्ध गर्न सक्छ ? जबकि शक ५३६ मा अधिकमास पर्दछ भनेर मान्ने तिर पनि विल्कूल ध्यान गएको छैन । यहाँसंवत् ५३६ को यो अभिलेखमा 'द्वितीय पौष' भनी प्रष्ट रुपले उल्लेख भइरहेको छ ।तब यसरी प्रथम वा द्वितीय पौष भनी उल्लेख आउनु भनेको यो वर्ष अधिकमास मनाए भन्ने कुरा बुझ्न सकिन्छ । यही कुरालाई अन्यत्र मोडेर शक संवत्मा पौषमा अधिकमास पर्दैन भनियो भने मिथ्या व्याख्या हुन जान्छ ।लिच्छवि अभिलेखहरू मध्ये अन्य अभिलेखमा पौषमा अधिकमास आएको देखिंदा देखिंदैपनि पौषमा अधिकमास पर्दैन भनी व्याख्या गर्नु मिथ्या वयानको पराकाष्टा हो । यसरी नभएको कुरालाई बङ्ग्याएर कुनै पनि विद्वानहरूले अनर्गल प्रचार गर्दैमा ती जायज ठहरिंदै जाने विषय यो होइन । यहाँ जुन किसिमको अनर्गल व्याख्या यस पुस्तकमा गरिएको छ । जसको कुनै औचित्य छैन ।

यसैगरी दोस्रो थरिको संवत्लाई पनि शक संवत् ४९८ बाट थालनी भएको भन्दै अन्य इतिहासकार जतातिर लागे लेखकद्वय पनि त्यतैतिर लाग्नुको साथै शिवदेव प्रथम र अंशुवर्माको अभिलेखहरूमा देखिएको तिथिमिति समेत मेल खान्छ भनीकन समर्थन जनाए साँच्चै तिथिमितिमा मेल खाएको देखाउन शक ४९८+७८ गर्दा पनि इस्वी ५७६ आउने र इस्वी ६०५–२९ गर्दा पनि इस्वी ५७६ हुन आउने हुँदा मेल खायो भनेको देखिएको हो । वास्तवमा ६०५ कसरी आयो ?यो कुनै अङ्कजालको विषय होइन । शिवदेव अंशुवर्माको अन्तिम अभिलेख लेलेको हो । जसमा संवत् ५२६ अङ्कित छ । यो शक संवत् मानी ५२६+७८ गर्दा इस्वी ६०४ आउनु पर्ने र यही इस्वी ६०४ बाट २९ घटाउँदा इस्वी ५७५ मात्र आउने देखियो भने इस्वी ५७६ देखाउनका निमित्त जवरजस्ती इस्वी ६०५ बनाउन लेखकद्वयको मिथ्या कसरत भएको छ । यसरी इस्वी ६०४ लाई लिनुको सट्टा इस्वी ६०५ लिइयो भने शक संवत् पनि ५२७ सम्मको भेटिएको हुनु पर्दथ्यो । यथार्थमा शिवदेव अंशुवर्माको अभिलेख संवत् ५२६ सम्मको मात्र पाइएको हो । लेखकद्वयको यस्ता अङ्कजालको हरकत गरेको हेर्दा इतिहासमा संवत् भनेको कुरालाई जसले जता डोऱ्यायो त्यतै जाने भनी ठानेको जस्तै हुने हुन्छ ।

यसैगरी पुस्तकको चौथो परिच्छेदमा नेपाल संवत्को व्याख्या गर्दा लेखकद्वय शुरुमै भ्रममा अल्झिन पुगेको प्रष्ट हुन्छ । किनभने शक संवत्मा ७८ जोडे इस्वी संवत् आउने कुरा नै बिर्सन खोजेको कुरा टड्कारो देखियो । नेपाल संवत्को आरम्भ शक ८०२ कार्तिक शुक्ल प्रतिपदा भनेर एकातिर दावी छ भने अर्कोतिर इस्वी संवत्बाट भन्दा २० अक्टुबर ८७९ इस्वीको पनि दावा गरिएको छ । इस्वी ८७९–७८ गर्दा शक ८०१ कार्तिक शुक्ल प्रतिपदामा नेपाल संवत् आरम्भ भयो भन्नु पर्नेमा शक ८०२ कार्तिक शुक्ल प्रतिपदा भनिनुले नेपाल संवत्को विषयमा लेखकद्वय भ्रमको भुमरीमा रुमलिएको कुरा प्रष्ट हुन्छ । यी अलावा नेपाल संवत्को विषयमा अधकल्चो जानकारी राख्ने गरेको हुँदा नेपाल संवत् शुरु हुनुभन्दा केही वर्ष अघि नै राघवदेव राजा भइसकेको प्रमाण फेला परेका छन् भनी हचुवा गफ पनि लेख्न पुगेका छन् । नेपाल संवत् आरम्भ हुनुभन्दा केही वर्षअघि भनेको कहिले ? नेपाल संवत् आरम्भ हुनुभन्दा झण्डै डेढ वर्ष अघि लेखिएको सहोत्तर तन्त्र नामक ग्रन्थको पुष्पिका वाक्य लेखेको बेलासम्म राघवदेव देखापरेका थिएनन् । त्यस स्रोतमा मानदेव नाम गरेको तृतीय मानदेव राजा देखापरे जुन कुरा लेखकद्वयले पनि उल्लेख गरेका छन् । फेरि मानदेव संवत् ३०४ वर्ष चलेको र मानदेव संवत् ३०४ मा नेपाल संवत् चलेको भन्ने कुरा पनि उल्लेख गरेका छन् । यी कुराले लेखकद्वय नेपाल संवत्को विषयमा बडो अन्यौलमा परेको प्रष्ट हुन्छ ।

इस्वी संवत् ८७९ अक्टुबरमा नेपाल संवत् आरम्भ भएको पनि थाहा हुनु, सहोत्तर तन्त्र नामक ग्रन्थको पुष्पिकामा संवत् ३०१ वैशाख अङ्कित रहेको पनि थाहा भएको हुनु, यसरी संवत् ३०१ वैशाखको तद्नुसार इस्वी ८७८ अप्रिल पर्न आएको पनि थाहा भएको हुनु, फेरि इस्वी ८७८ मा मानदेव संवत् ३०१ वैशाख हुन्थ्यो भने ८७९ अक्टोबरमा नेपाल संवत् आरम्भ भएपछि मानदेव संवत् ३०४ वर्षसम्म चल्यो भनी मान्यता राख्नु असम्भव भन्न सकिन्छ । किनकि इस्वी ८७८ र इस्वी ८७९ बीचको समयमा मानदेव संवत् ३०१, ३०२, ३०३ र ३०४ समेत भुक्त भयो भन्ने जस्ता असम्भव कुरालाई लेखकद्वयले पृष्ठपोषण गर्न खोज्नु एक किसिमको अस्वाभाविक मान्यता हो । यसप्रकार लिच्छविकालमा शक संवत् पनि चलेको हो भन्नु, मानदेव संवत् पनि चलेको भन्नु, त्यो मानदेव संवत् ३०४ वर्ष चलेको पनि हो भन्नु, इस्वी ८७९ मा नेपाल संवत् आरम्भ भएको पनि हो भन्नु यी यावत कुरा समर्थन गर्दा यी कुरा बीच अन्तर विरोध भएको तर्फ लेखकद्वयको ध्यान दिग्भ्रमित भएकोले संवत्को विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शन गर्ने कुरा यो पुस्तकमा भएको पाइदैन ।

कमलप्रकाश मल्लको**नेपालका इतिहास –संशोधकहरुको उत्थान र पतन** शीर्षकको पुस्तिकामा लेखकले इतिहासका संशोधक भनाउँदा व्यक्तिहरू कति नाङ्गिए र कतिलाई नङ्ग्याइए भन्ने विषयमै केन्द्रित रहेर जम्मा ३२ पृष्ठको सानो पुस्तिका लेख्नमै समय खर्च गरेको देखिन्छ । यस पुस्तिकामा उनको ठम्याई यही देखियो किलिच्छविकालमा चलेको संवत् एउटै थियो र त्यो शक संवत् नै हो । परन्तु त्यो शक संवत् ० बाट शुरु हुने र १बाट शुरु हुने दुई किसिमको रहेकोले एउटालाई वर्तमान शक भन्नु पर्दछ भने अर्कोलाई प्रवर्तमान शक भन्नु पर्दछ भनिएका छन् । उनको भनाईअनुसार नेपालमा प्रचलित शक संवत् “गत शक” होइन किनकि यसको गणना सन् ७८ मार्च ३ बाट हुँदैन । यो वर्तमान शकका प्रवर्तमान शक हो । यसको गणना सन् ७६ अक्टोबर २० वृहस्पतिबारबाट हुन्छ किनकि यो कार्तिकादि हो । त्यसैले कार्तिकादि प्रवर्तमान शक र चैत्रादि शक संवत् बीच एक वर्ष ५ महिनाको अन्तर हुन्छ भन्न खोजिएको छ ।

लिच्छविकालको अभिलेखमा प्रयुक्त संवत् शक संवत् होइन शक पूर्व २ को संवत् हो । यो कार्तिकादि संवत् भएकोले ठ्याक्कै २ वर्ष नभई १ वर्ष ५ महिना फरक छ भनी ठोकुवा गरी वि.सं.२०५२ साल कार्तिकमा प्रकाशित भएको “लिच्छविकालीन संवत्को निश्चय” नामक पुस्तकबाट प्रकाशनमा आइसकेको कुरालाई कमलप्रकाश मल्लजीले त्यो पुस्तकको कुनै साभार नै नदिइकन आफ्नो भनाई भनेर जुनकुरा प्रस्तुत गरे यसले निजको नियत के रहेछ भन्ने प्रष्ट देखिन्छ । फेरि उनले आफ्नो पुस्तकमा संवत् ५३६ द्वितीय पौष शुक्ल पञ्चमीको अंशुवर्माको अभिलेख प्राप्त भएपछि भनी बारम्बार दोहऱ्याए साथै सो अभिलेख पनि आफैंले पत्ता लगाएर पहिलो चोटी आफैंले छपाए जस्तै गरी पहिले प्रकाश गर्ने व्यक्तिको कुनै साभार नै नदिएर छपाए यसबाट उनको गलत नियत प्रष्ट हुन आउँछ ।

नेपाल भाषाको साप्ताहिक पत्रिकाको वैशाख १२ र १९ २०५४ अङ्कमा र २०५४ जेठ ४ मा नेपाल समाचारपत्रमा दिनेशराज पन्तद्वारा लेखिएको लिच्छविकालमा प्रयोग भएको संवत्को विषयमा फैलाइएको भ्रम शीर्षकीय लेखले उनी माथि प्रक्षेपित भएर लेखिएको थिएन तापनि उनले त्यो लेख आफू र दिनेशराज पन्त बीच भएको शास्त्रार्थको नतिजा भनेर जसरी कुरा पोखे यसले उनको नियत सफा छ भन्न सकिन्न ।

उनकै भनाइले लिच्छविकालमा एउटै संवत् चले पनि भन्ने फेरि त्यो शक संवत् हो पनि भन्ने र अंशुवर्मा भन्दा अघिको प्रवर्तमान शक र अंशुवर्मादेखि वर्तमान शकको प्रयोग भयो भनेर

प्रकारान्तरले लिच्छविकालमा दुईथरि संवत् चलेकै कुरालाई नै समर्थन गर्न पुगे भन्ने कुरालाई यिनले हेक्का राखेको छैन ।

वर्तमान शक ० बाट शुरु हुने र प्रवर्तमान शक १ बाट शुरु हुने भनिए पछि एउटा सन ७८ बाट शुरु हुने र अर्को सन् ७६ बाट शुरु भयो कसरी हुन गयो ? त्यसको कुनै कारण अघि सारेको छैन । एकातिर वर्तमान र प्रवर्तमान बीच १२ महिनाको फरक हुने र अर्कोतिर ७६ र ७८ बीच १ वर्ष ५ महिना फरक भनेर देखाउने यो कुन हिसावको उपज हो उनी स्वयं अन्यौलमा रहेको प्रष्ट हुन्छ । किनकिसंवत् ५३६ को अभिलेख अंशुवर्माकै अभिलेख हो । यसलाई प्रवर्तमान मानेर ५३६+७८ गरेर इस्वी ६१४ भन्ने की वर्तमान भनेर ५३६+७६ गरेर इस्वी ६१२ भन्ने यस बारे उनको बोली प्रष्ट छैन ।

आखिरमा इतिहास संशोधक पं.नयराज पन्तको उपहास गर्नेअर्कोतिर नेपाल संवत्को आरम्भ कहिले भयो ?भन्ने सम्बन्धमा उनै नयराज पन्तले आफ्नो पुस्तक लिच्छविसंवत्को निर्णयको पृष्ठ १३६ मा जे लेखे त्यही कुरा उनले लेखेका छन् ।

विक्रम संवत्को प्रारम्भ वैशाखमा हुने र नेपाल संवत्को प्रारम्भ कार्तिकमा हुने भएकोले वास्तवमा वि.सं. ९३७ कार्तिकमा नेपाल संवत्को प्रारम्भ भएको हो । यसकारण वि.सं. ९३७ बैशाखमा नेपाल संवत् ० हुन्छ । यहाँ गणित गर्न सजिलोको लागि सर्वत्र वि.स. ९३७ मा नेपाल संवत्को प्रारम्भ भएको हो भनी लेखिएको छ (हेर्नुहोस् लिच्छविसंवत्को निर्णय, पृष्ठ १३६) । यस्तै प्रकारले मल्लले पनि नेपाल संवत्को प्रारम्भ कहिले भएको थियो भन्ने कुराको घुमाउरो जवाफ मात्र दिएका छन् । जस्तै :–

नेपाल संवत्बाट शक संवत् लैजाने सूत्र दिदा पनि चैत्रादिगत शक ८०१ वर्षको ७ महिना पछि नेपाल संवत् शुरु भएकोले स्थूल सङ्ख्यामा शक ८०२ दिएको छ (हेर्नुहोस कमलप्रकाश मल्लको नेपालका इतिहास संशोधकहरुको उत्थान र पतन, पृष्ठ १०) । माथिका ती दुवै भनाईलाई तौलेर हेर्ने हो भने नयराज पन्तको मिथ्या धारणा र मल्लजीको मिथ्या धारणामा एउटै देखिन्छ । किनकि नेपाल संवत्को आरम्भ वि.सं. ९३६ हो की वि.सं. ९३७ हो नयराज पन्तले दोधारे जवाफ दिए झैं मल्लजी पनि शक ८०१ मा नेपाल संवत्को आरम्भ भएको हो कि शक ८०२ मा भएको हो त्यो पनि दोधारमा नै रहेका छन् ।

वास्तवमा इतिहासका सामान्य ज्ञातालाई पनि थाहा छ की नेपाल संवत्को शुरु वि.सं. ९३६ कार्तिक शुक्ल प्रतिपदाबाट भएको, तद्नुसार शक ८०१ कार्तिक शुक्ल प्रतिपदा हुने र इस्वी संवत्को ८७९ अक्टोबर पर्ने । तर वि.सं. ९३७ मा नेपाल संवत् शुरु भयो भन्नु र शक ८०२ मा नेपाल संवत् आरम्भ भयो भन्न खोज्ने बीच भनाइ र व्यवहारमा कुनै अन्तर छैन । इतिहास संशोधक माथि सक्दो गाली गर्न चाहने मल्लजी स्वयं आफू पनि मिथ्या सोच बोकेर अरुलाई मात्र नीचा देखाउन खोजे यो सुहाउँदो कुरा होइन । अतः संवत्को विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शन गर्ने कुरा यो पुस्तकमा भएको पाईंदैन ।

श्रीरामप्रसाद उपाध्यायको**नेपालको प्राचीन र मध्यकालीन इतिहास** (पाँचौ संस्करण) शीर्षकको पुस्तकमा लेखकले उच्च तहका विद्यार्थीहरूको उपयोगिताको निमित्त नेपालको प्राचीन र मध्यकालीन इतिहास प्रकाशनमा ल्याएका हुन् । उनीबाट पाठकको रुचिअनुसारकोलेख बनोस् भन्नाका लागि नक्सा र चित्रहरू पनि समावेश गरी २५ अध्यायमा विभक्त गरी पौराणिककालदेखि आधुनिककालको सुगौली सन्धिसम्मको इतिहासको व्याख्या गरेका छन् । पुस्तकको भूमिकामा इतिहास भनेको स्तुतिगानको ठेली होइन भनी वडो सटिक कुरा औंल्याएका छन् । साँच्चै उनको यो कथन वडो मनन योग्य छ । साथै उनको यो कथनमा समर्थन गर्ने हो भने इतिहास भनेको व्यक्तिले जता लाग्यो उतैतिर लाग्नु पर्ने विषय पनि होइन भन्न सकिन्छ । अतः इतिहास भनेको आफैंले प्रमाणहरुको मन्थन गरी सत्य तथ्य र स्वस्थ विचार मात्र ग्रहण गर्ने विषय हो पनि भन्न सकिन्छ ।

परन्तु उनले पाँचौं संस्करणसम्म निकाल्दा अरु धेरै कुरा परिमार्जन गरेका होलान् तर प्राचीन संवत्को विषयमा कुरा आउँदा भने मिथ्या कैपछि भौंतारिन पुगेका छन् । यो भने विल्कुल खल्लोको विषय भएको छ ।

उनकै भाषामा भन्नुपर्दा मानदेवको चाँगुनारायणको स्तम्भलेखमा संवत् ३८६ लेखिएको छ । यही संवत्को क्रम लेलेको शिवदेव र अंशुवर्माको संयुक्त अभिलेखमा प्रयोग गरिएको छ । लेलेको अभिलेखमा संवत् ५२६ लेखिएको छ । यो संवत् ५२६ भनेको चाँगुनारायणको स्तम्भ लेखमा मानदेवले प्रयोग गरेको संवत्को अन्तिम संवत् हो । बाबुराम आचार्य, नयराज पन्त तथा अन्य विद्वानहरूले यसलाई प्राचीन भारतमा प्रचलित शक संवत् हो भनी प्रचार गरेका छन् र यसलाई शक संवत् मानेको खण्डमा नै सबै ऐतिहासिक घटना क्रम मिल्न आउँछ । मानदेवको चाँगुनारायणको स्तम्भ लेखमा रहेको संवत् ३८६ लाई विक्रमसंवत् बनाउँदा १३५ जोड्नु पर्ने हुन्छ ।

यस अनुसार यो संवत् वि.सं. ५२१ हुन आउँछ भनी लेख्नु भएको छ । वास्तवमा यो पनि मिथ्याकरण कै पछि लाग्नेकुरा हो ।

स्वयं नयराज पन्तले शक ३८६ को तिथिमिति गणना गर्दा अभिलेखमा आएको नक्षत्र मुहूर्त नमिलेपछि चाँगुनारायण स्तम्भलेखमा भएको संवत् ३८६ लाई ३८५ गर्नुपर्ने भनी शक ३८५ को समानान्तर वर्ष बनाएर गणना गरेको पाइन्छ । यदि संवत् ३८६ नै शक संवत् साँच्चै भैदिएको भए ३८६ लाई ३८५ भनी रहनुपर्ने होइन ? (हेर्नुहोस् लिच्छविसंवत्को निर्णय पृष्ठ १०३) । यतातिर किन ?उनको ध्यान जान सकेन अचम्म छ । त्यसैगरी संशोधन मण्डलका एक होनहार खम्बा कहलिएका व्यक्तिहरू नै चाँगुनारायणको स्तम्भलेखमा लेखिएको संवत् ३८६ लाई ३८७ गर्नुपर्ने भनी शक ३८७ बनाएर गणना गरी त्यसमा १३५ जोडी वि.सं. ५२२ गर्दै आएका पनि छन् । यदि चाँगुनारायणको स्तम्भमा लेखिएको संवत् ३८६ साँच्चै शक संवत् भएको भए त्यसमा १३५ जोड्दा विसं ५२२ त हुँदैहुँदैन (हेर्नुहोस् भृकुटी त्रैमासिक पूर्णाङ्क ६, वि.स. २०६६, पृष्ठ १५६) ।यतातिर किन उनको ध्यान जाँदैन ?अर्को आाश्चर्य छ ।

फेरि उनकै भाषामा भन्नुपर्दा अंशुवर्माले आफ्नो हातमा सम्पूर्ण अधिकार लिएर शासन संचालन गर्न थालेपछि एउटा नयाँ संवत्को प्रयोग गर्न थाले । यो नयाँ संवत् प्राचीन हस्तलिखित ज्योतिष ग्रन्थ सुमतितन्त्रअनुसार मानदेव प्रथमको मृत्यु भएको ७१ वर्षपछि उनका सन्तान मानदेव द्वितीयले चलाएको भन्ने बुझिन्छ । यस हिसाबले यो संवत् वि.सं. ६३३ (सन ५७६) देखि चलेको कुराको अनुमान गर्न सकिन्छ भनी जुन उल्लेख गर्नु भएको छ । त्यो त एक प्रकारले अरुको लहैलहैलाग्ने कुरा हो । किनकि उनले अंशुवर्माको पालामा नयाँ संवत् वि.सं. ६३३ देखि चलेको कुरा पनि स्वीकार गर्ने र अर्कोतिर वि.सं. ९३६ कार्तिक शुक्ल प्रतिपदामा आएर राघवदेव नामको राजाले फेरि अर्को नयाँ संवत् चलाए जसलाई नेपाल संवत् नाम दिइयो भनेर पनि स्वीकार गर्ने भएपछि ऐतिहासिक कालक्रममा तालमेल मिलेन भनेर बुझ्न सकेन किन? भन्ने अर्को आश्चर्य देखिएको छ ।

उनले सुमतितन्त्र नामक ज्योतिष ग्रन्थ बारे जानकारी भएपछि वि.सं. ६३३ देखि चलेको नयाँ संवत् ३०४ वर्ष लगातार चलेको पनि देखेकै हुनुपर्दथ्यो । वि.सं. ६३३ बाट चलेको संवत् सहोत्तर तन्त्र नामक ग्रन्थको पुष्पिका वाक्यमा संवत्प्रकरण ३०१ वैशाख शुक्ल सप्तमी आदित्यबार पुष्य नक्षत्र सिद्धयोग सहित उल्लेख आएको देखेपछि त्यस तिथिमितिको गणनामा नयराज पन्तले लिच्छविसंवत्को निर्णय गरेर देखाएको पनि थाहा भएकै हुनुपर्दथ्यो (पन्त, २०४३ पृ.२७) ।

सहोत्तर तन्त्रको संवत् ३०१ वैशाखलाई वि.सं. ९३५ वैशाख भनेर सिद्ध गरिएपछि वि.सं. ९३६ कार्तिक शुक्ल पक्ष प्रतिपदामा फेरि अर्को नयाँ संवत् चल्न थाल्यो भन्ने कुरा अघि सार्दा सुमतितन्त्रमा भनिएको मानदेव संवत् ३०४ वर्ष चल्नै नपाई नेपाल संवत् आरम्भ भएको कुरा जिकिर गर्ने ठाउँ छैन तापनि यसको जिकिर किन गरेको ?यो पनि अर्को आश्चर्य छ । यहाँनिर उनले अरुको अन्धानुशरण किन गरे ? यो पनि आश्चर्यजनक छ ।अतःसंवत्को जस्तो गम्भिर विषयमा देखिएका समस्याको बारेमा मार्गदर्शन गर्ने कुरा यो पुस्तकमा भएको पाइदैन ।

निष्कर्ष

समष्टीगत रुपमा भन्नु पर्दा लिच्छविकालका अभिलेखमा अङ्कित संवत्माथि विभिन्न लेखकहरुले आ–आफ्ना धारणाहरू दिए । ती धारणालाई समूहकृत वर्गीकरण गर्दा निम्नानुसार देखिएको छ । पहिलो समूह- लिच्छविकालमा चलेका संवत् शक संवत् पनि होइन मानदेव संवत् पनि होइन भन्नेको समूह ।दोस्रो समूह- लिच्छविकालमा दुई थरि संवत् चले त्यो शकसंवत् र मानदेव संवत् हो भन्नेको समूह । तेस्रो समूह- लिच्छविकालमा

शक संवत् मात्र चलेपछि त्यही शक संवत्को संक्षिप्त रुप नेपाल संवत् आरम्भ हुनु अघि सम्म चल्यो भन्ने समूह ।

लिच्छविकालमा चलेको संवत् शक संवत् पनि होइन र मानदेव संवत् पनि होइन भन्नु त ठिक देखिन्छ तर त्यो विक्रम संवत्, हर्ष संवत्, भोटे संवत्, गुप्त संवत् आदि इत्यादि हुन् भनी अड्कल काट्नु ठिक होइन ।अंशुवर्मा नामको महासामन्त दुईजना थिए अथवा एउटै व्यक्ति शासन सत्तामा एक सय वर्ष भन्दा बढी टिके भनी मान्नु पर्ने जस्ता अस्वाभाविक कुरा प्रस्तावित हुन आउने हुँदा इतिहासको मान्यता भित्र कहीं पनि मान्य नहुने यथार्थ रहेकोले पनि यस विषयमा थप अध्ययन अनुसन्धानको जरुरी भएको हो ।

लिच्छविकालमा चलेका संवत् दुईथरि हुन्, त्यो शक संवत् र मानदेव संवत् भनी अनुमान त गरियो तर त्यो मान्यता भित्र दुई सालको अवधिलाई उचित ढंगले सम्वोधन गर्न नसक्दा जुन किसिमको अन्यौल भएको छ । त्यसलाई जवरजस्ति तवरले अर्थ्याउनमा लेखकहरू लागिपरेको जस्तो देखिन्छ । योवाध्यता विद्यमान रहि रहेको प्रष्ट हुन्छ । यसमा शक संवत् चैत्रबाट फेरिने र लिच्छविकालमा चलेको संवत् कार्तिकमा फेरिने भएबाट एक साललाई कार्तिक र चैत्र गरी मिलाउने कोशिस गरिए पनि अर्को एक वर्ष कहिले पनि नमिल्ने भएबाट अभिलेखमा यस्तो दृष्टान्त देखा परेको हो । जस्तो

उदाहरणको रुपमासंवत् ३८६ लाई नै कि त ३८५ भन्नु पर्ने कित ३८७ भन्नु पर्ने कारण यही हो । यसमा अनेकौं कुतर्कहरूले चलखेल गर्न पाएको छ । त्यस्तैगरि अभिलेखमा संवत् ३०१ वैशाख भनेर दिएको हुँदाहुँदै पनि वैशाखमा ३०२ हुन्छ भन्ने जस्ता कुतर्कले पनि प्रशंसा बटुल्न पाएको छ । अतः यसबारेमा थप अध्ययन अनुसन्धान गर्न आवश्यक ठानिएको हो ।

फेरि अर्को तर्क लिच्छविकालमा शक संवत् चले त्यही शक संवत्लाई अंशुवर्माको पालामा अगाडिको ५०० छोडेर संक्षिप्त गरियो भने अर्को चरणमा आएर शक ८०१ मा आएर नेपाल संवत् देखा परेकाले त्यति बेला पनि अगाडिको ८०० लाई छोडेर संक्षिप्त शक संवत् कै व्यवहार गरियो भन्ने पनि मान्यता देखापऱ्यो । यदि त्यसो हो भने वार नक्षत्र उल्लेख भएका अधिकमास उल्लेख भएका त्यति धेरै अभिलेखहरू भेटिए । ती सबै कुरा ठीक ठीक तवरले मिल्न आउनु पर्ने ठाउँमा पनि नमिल्ने भएबाट यो तर्क पनि इतिहासको मान्यताभित्र कहीं तालमेल मिल्न नआउने भएकोले यसबारेमा सटिक मान्यता के हो? पत्ता लगाउनका लागि यो अध्ययन अनुसन्धान यतातिर लक्षित रहेको छ ।

अध्याय तीन

संवत् मितिको सिद्धान्त

३.१ समय, मास, वर्ष, पंचाङ्ग, संवत्, संवत्सर

समय वास्तवमा कुनै अवधि काल या वेलाको एक निश्चित भाग मात्र हो । समयको वास्तवमा आदि वा शुरु कहिले भयो र अव अन्त्य कहिले हुनेहो ?भन्न सकिन्न तर एक दिन एक रातको समयलाई अहोरात्र पनि भनिन्छ । एक अहोरात्रलाई २४ घण्टाको समय मानिएको छ । घण्टालाई ६० मिनेटमा र मिनेटलाई पनि ६० सेकेण्डमा समय सीमा निर्धारण गरिएको छ । आवश्यक परे सेकेण्डलाई पनि विभाजन गरेर माइक्रो सेकेण्डमा व्यक्त गर्न पनि सकिन्छ । वास्तवमा सूक्ष्माति सूक्ष्म समयको इकाईको महत्व स्थूल समयको इकाइ भन्दा अधिक उपयोगी र महत्व छ भन्नेकुरा ज्योतिष शास्त्रले बताउँछ । यसको मतलवसमय भनेको निरन्तर चलिरहने क्रिया पनि हो । तथापि समयको सिंगो पक्षलाई भूत, वर्तमान र भविष्य गरि काल विभाजनमा समेटिएको हुन्छ । वास्तवमा काल भनेर भूत, वर्तमान, र भविष्यको व्यवहारको कारण मान्ने गरेको छ । काल भन्ने तत्व सृष्टिभन्दा अघि पनि थिए आज पनि छ र भोलि पनि हुनेछ । त्यसैले आचार्यहरुले भनेका छन् कि काल नै ज्ञान हो रयो ज्ञानलाई व्यवस्थित तवरले बताउनेकामज्योतिष विज्ञानले गर्छ । वर्तमानले बिगतमा भोगेका भोगाइबाट ज्ञान आर्जन गरि भविष्यलाई सतमार्गमा लगाउनु पर्छ भनी सिकाउने गर्छ । इतिहास विषयको मूल मर्म पनि यही हो भन्दछन् । त्यसकारण समयलाई स्थूल रुपमा विभक्त गर्दा युग युगको हिस्सा आउँछ भने समयलाई सूक्ष्म से सूक्ष्म रुपमा विभक्त गर्दा निमेष पला पलाका हिसाव आँउछ । सिद्धान्तगत हिसावले बुझ्नु पर्दा समयलाई अवधि, काल या बेलाको निश्चित भागमा विभाजन गरेर पनि बुझ्न सकिन्छ ।यसरी निश्चित भाग विभाजनलाई कालपरिमापन पनि भनिन्छ । यसतो कालपरिमापन प्राचीन कालको र आधुनिक कालको मापन तरिकाफरक छ ।

३.२ प्राचीनकालमागरिने समय मापन तरिका

एकचोटि आँखा झिम्काँउदा लाग्ने समयलाई निमेष भन्दछ । त्यस्तो१२ निमेष को १ लव हुन्छ । त्यसैले१२ निमेषको१ लव , ३० लवको१ कला , ३० कलाको१ त्रुटि , ३० त्रुटिको१ मुहुर्त , ३० मुहूर्तको१ अहोरात्र , १५ मुहूर्तको१ दिनमान , २४ घण्टा भन्नु र १ अहोरात्र भन्नु एउटै हो(द्विवेदी, १९९८ पृ.९) ।

३.३ आधुनिक कालमा गरिने समय मापन तरिका

६० प्रतिपलको१ विपल , ६० विपलको१ पल , ६० पलको१ घटी , ६० घटीको१दिनरात , ३० दिनको१मास , १२ मासको १ वर्ष , ४ प्रहरको १दिन(१२ घण्टा) ८ प्रहरको १ अहोरात्र(२४ घण्टा)(द्विवेदी, १९९८ पृ.९)

३.४ पश्चिमा रीतबाट गरिने समय मापन तरिका

६० सेकेण्डको१ मिनेट , ६० मिनेटको१ घण्टा , २४ घण्टाको१ दिन , ३० दिनको१महीना , १२ महीनाको१ वर्ष दिन स्पष्ट भएपछि७ दिनको१ सप्ताह , १५ दिनको१पक्ष , २ पक्षको१ मास ।३६५ दिनको१सौर वर्ष , ३५४ दिनको१चान्द्र वर्ष(ठाकुर, १९८२ पृ.६१) ।

हिन्दु मान्यता अनुसार सूर्य एक पटक पूर्वबाट उदय हुन्छर पश्चिमतिर विस्तारै अस्त हुन्छ ,दोश्रोदिन जवसम्म सूर्य उदय हुंदैन त्यतिञ्जेल सम्मलाई वार भनिन्छ । यसप्रकार हिन्दुहरु सूर्योदयलाई वार मान्दछन् भने मुस्लिमहरु सूर्यास्तलाई वार मान्दछन् । पाश्चात्य मुलुकमा मध्यरातको ठीक १२ वजे तारीखको साथसाथै वार पनि फेरिन्छ । वारलाई सातवटा ग्रहहरुको नामबाट नामाकरण यसरी गरिएको छ १ रविवार २ सोमवार ३ मंगलवार ४ बुधवार ५ बृहस्पतिवार ६ शुक्रवार ७ शनिवार ।

माथि उल्लेख भए बमोजिम २४ घण्टाको एक दिन मानिने आधार सवै क्यालेण्डर पंचांगमा अपनाइएको छ । तथापि चलन चल्तीमा सौर दिन, चान्द्र दिन र सावन दिनवारे सामान्य कुरा बुझिराख्नु पर्दछ । अत: सूर्यको एक अंशको योगलाई एक सौर दिन, एक तिथिको योगलाई एक चान्द्र दिन मानिएको छ भने एक सूर्योदयबाट अर्को सूर्योदय सम्मको (२४ घण्टा)लाई एक सावन दिन मानिएको छ ।

जसरी सौरदिन, चान्द्रदिन, सावन दिन बारे जान्नु आवश्यक छ त्यस्तै गरि सौरमास, चान्द्र मास, नाक्षत्रमास, सावनमास, अधिकमास, र क्षयमास वारे पनि सामान्य जान्न आवश्यक छ । सावन वर्ष, सौर वर्ष, चान्द्र वर्षर नाक्षत्र वर्ष के हो ? यो पनि सामान्य कुरा जानी राख्नु पर्ने हुँदा सन्दर्भ संवत्का बारे व्याख्या गर्नु आवश्यक पर्दछ ।

३.५ सौरमास र संक्रान्ति

सूर्य जव १ राशीको अन्तमा गएर अर्को राशीसंग संक्रमण गर्छतव त्यो संक्रान्ति भनिन्छ । यस प्रकार प्रत्येक सौरमासमा १ संक्रान्ति हुनै पर्छ । मेषदेखि तुलालाई विषुव संक्रान्ति भनिन्छ भने कर्कट देखि मकरलाई अयन संक्रान्ति भनिन्छ । सामान्य बुझाइअनुसार सूर्य एक संक्रान्तिबाट अर्को संक्रान्ति शुरु हुन लाग्दासम्मकोसूर्यको गतिको समयलाई एक सौरमास भनिन्छ । एक सौरमासमा सूर्य प्रत्येक दिनमा एक अंशको हिसावले लगभग तीस दिनमा एक राशी भोग गर्दछ र एक सौरमासमा लगभग ३० दिन र १० घण्टाहुन्छ(ठाकुर, १९८२ पृ.६१) ।

३.६ चान्द्रमास

तीस तिथिको एक चान्द्रमास हुन्छ । चान्द्र मास दुई प्रकारका छन् । एउटा अमान्तमास र अर्को पूर्णिमान्तमास हुन् ।पूर्णिमान्तमानको हिसावमा कृष्ण पक्षको प्रतिपदाबाट शुरुभएर शुक्ल पक्षको पूर्णिमा सम्ममा अन्त हुने तीस तिथिको एक चान्द्रमास हो । यसको प्रचलन उत्तरी भारतमा छ । त्यस्तै गरि अमान्त मानको हिसाव पनि शुक्ल पक्षको प्रतिपदाबाट शुरु भएर कृष्ण पक्षको अमावाश्यामा अन्त हुने तीस दिनको एक चान्द्रमास हुन्छ ।यसको प्रचलन दक्षिण भारतमा छ । चान्द्रमास भन्नाले जव सूर्य र चन्द्र १८० डिग्रीमा आमने सामने हुन्छ त्यति अबधिलाई एक चान्द्रमास मानिएको छ । हिसावमा एक चान्द्रमास भन्नाले २७ दिन र १२ घण्टामात्रको पनि हुन्छ(द्विवेदी, १९९८ पृ.१३) ।वास्तवमा अमान्तमास र पूर्णिमान्तमासमा कुनै अन्तर छैन तर कृष्णपक्षमा १ मासको अन्तर पर्न जान सक्छ । जस्तो अन्यत्र चैत्र कृष्ण छ भने महाराष्ट्रमा यसलाई फाल्गुण कृष्ण भनी मानिरहेको हुन्छ । यसै पद्धतिको झलक प्रताप मल्लको रानीपोखरीको अभिलेखमा पनि पाइन्छ ।

३.७ नाक्षत्रमास

नक्षत्र जम्मा २७ वटा हुन्छ ती २७ नक्षत्रको भोगकाललाई नाक्षत्रमास मानिएको छ ।ज्योतिषीय हिसावमा यस नाक्षत्र मासमा जम्मा २९ दिन र २२ घण्टा हुन्छ भनी मानिएको छ(द्विवेदी, १९९८ पृ.१३) । भनिन्छ चैत, वैशाख, जेठ आदि १२ महिनाका नामहरु नक्षत्रको नामबाट ल्याएको हो ।

३.८ सावनमास

साधारणतः लोक जनजीवनमा ३० दिनको एक महिना र ३६० दिनको एक वर्ष मान्ने चलन छ। यसरी ३६० लाई १२ ले भाग गर्दा ३० दिन हुने लाई सावनमास भन्ने चलन छ। लौकिक व्यवहारमा २४ घण्टाको एक दिन भने झैं ३०दिनको एक महिना मानी हिसाव गरिन्छ। वास्तवमा सावनमास भनेको नै ३० दिनको हिसावलाई मानेकोछ द्विवेदी, १९९८ पृ.१३)। यसमा १५ दिन शुक्ल पक्ष र १५ दिन कृष्ण पक्ष गरेर ३० दिनको एक महिना मान्ने सिद्धान्त पनि यही सावनमास अन्तर्गत नै पर्दछ।

३.९ अधिकमास

जुन चान्द्रमासमा सूर्यको संक्रान्ति हुदैन त्यसलाई अधिकमास भनिन्छ। ऋतुहरुको संतुलन मिलाउनका लागि प्रत्येक तीन चान्द्रवर्षमा एक अधिकमास आउने गर्दछ। अर्थात् ३२ मास १६ दिन ४ घडी बितेपछि अधिकमास आउछ(ठाकुर, १९८२ पृ.७०)। त्यसैले यसलाई त्रिवर्षिय अनुकूलन पनि भन्ने गरिन्छ भने तेश्रो वर्ष अधिकमास भएकोले त्यो वर्ष १३ महिना हुन्छ। प्रायः बंगालीहरु सौरमास र चान्द्र दिन दुवै प्रयोग गर्ने हुनाले तीनवर्षको एक चोटी अधिकमासको मिलान गरेर पञ्चाङ्ग बनाउने गरिन्छ। अधिकमासंदुईवटा संक्रान्तिभित्र एउटा सिंगै चान्द्रमास परेको देखियो भने त्यसलाई मानिन्छ। ती अधिकमासलाई मलमास, अधिकमास अथवा पुरुषोत्तममास पनि भन्ने गरिन्छ। यसको अर्थ अधिकमास पनि चान्द्रमास नै हो र यो चान्द्रमासमा संक्रान्ति परेको हुंदैन। अर्को विशेषता यदि एउटा सौरमासमा दुई वटा अमावाश्या पर्न आयो भने पनि त्यो चान्द्रमास मलमासमा गनिन्छ। चान्द्रमासको गणित वर्षमा३५४ दिन ९ घण्टा हुने सौरवर्षमा ३६५ दिन ६ घण्टा हुने गर्छ। त्यसकारण सूर्य र चन्द्रको दिनको अन्तर अधिकमास पर्न आउने हुंदाबराबर हुन्छ। भनिन्छ ऋग्वेदमा अतिरिक्त मासको उल्लेख गरेको पाइन्छ तर त्यो कसरी मान्ने विधि ज्ञात छैन। वेदांगज्योतिषमा पाँच वर्षमा दुई अतिरिक्तमास जोड्ने कुरा दिइएकोछ। तर यसको विधि पनि प्राचीनकालमा प्रचलित विधिसित मेल खादैनथ्यो। युनानीहरुले अपनाउने अतिरिक्तमास आक्टाएटेरिस र मेटानिक वृत्त अनुरुप व्यवहार गरिन्थे। आक्टाएटेरिस भन्नालेआठवर्षको वृत्त जसमा ९९ महिना हुने र यसमा तेश्रो, पाँचौं र आठौं महिनालाई मलमास मान्दथे। मेटानिक वृत्तमा १९ वर्षको वृत्तमा ७ वटा अधिकमास मान्ने रित दिइएको पाइन्छ(काणे, १९९६ पृ.३२२)। यी वृत्तहरु पनि प्राचीनकालमा प्रचलित विधिसित मेल खादैनथे।

अधिकमास मान्ने रित धर्मनिर्णयतिथिसार संग्रहमा पनि दिइएको पाइन्छ । जसमा नारदमत र भारद्वाजमत भनेर दुई मतको मात्र चर्चा पाइन्छ । नारदमतले चैत्रादि वर्षलाई मात्र निर्देशित गर्दछ । किनकि चैत्र बैशाख जेठ आषाढ श्रावणरभाद्रमा अधिकमास परे त्यो अधिकमास आषाढमा लगेर मान्ने । त्यस्तैगरि कार्तिक मार्ग पौष माघ र फाल्गुनमा परेको अधिकमास पौषमा लगेर मान्ने सन्दर्भको चर्चा पाइन्छ(पन्त, २०४३ पृ.१८६) । यसको मतलव अधिकमास मान्दा प्रायःचाडपर्वहरु कुनै पनि नहुने महिना आषाढ र पौष मात्र हो र अधिकमासको बेला ठूलाठूला अनुष्ठानका कार्यहरु कुनै पनि गर्न मिल्दैन भन्ने सनातन मान्यता हिन्दु संस्कार र संस्कृति पाइन्छ । प्राचीनकालमा नेपालमा पनि अधिकमास आषाढ र पौष मा मात्र मान्ने प्रचलन रहेको सन्दर्भ लिच्छविकालका अभिलेखहरुमा पाइन्छ ।लिच्छविकालमा प्रचलित संवत् चैत्रादि वर्ष नहुनाको कारणले नारदमत आकर्षित हुन सकेको देखिंदैन ।

अर्को भारद्वाजमतको चर्चा पनि धर्मनिर्णयतिथिसार संग्रहमा आएको छ । यो मतले श्रावणादि वर्षलाई मात्र निर्देशित गर्ने हुनाले अधिकमास मान्ने रितमा आषाढ र पौष मा लगेर मान्ने भएतापनि यो मत नेपालमा आकर्षित भएको देखिदैन किनकिश्रावण भाद्र आश्विन कार्तिक मार्गर पौषमा परेको अधिकमास आषाढमा मान्ने र माघ फाल्गुण चैत्र बैशाख जेठ र आषाढमा परेको अधिकमास पौष लगेर मनाइने सन्दर्भको चर्चा पाइन्छ(पन्त, २०४३ पृ.१८६) ।यसरी धर्मनिर्णय तिथिसार संग्रहले व्यवस्था गरेको कुरा लिच्छवि अभिलेखमा आकर्षित हुन नसक्नुमा मुख्यकारण लिच्छविकालमा प्रचलित संवत् कार्तिकादि भएकोले नै हो ।

प्राप्त लिच्छवि अभिलेखको आधारमा तत्कालीनसंवत् कार्तिकादि वर्ष भएकोले कार्तिक मार्ग पौष माघ फाल्गुण र चैत्रमध्ये कुनै महिनामा अधिकमास परे आषाढमा मान्ने र बैशाख जेठ आषाढ श्रावण भाद्र र आश्विनमा परेको अधिकमास पौषमा लगेर मनाएको बुझिन्छ । यो सिध्दान्तको विकास नेपालमा मात्र देखिएकोले यसलाई अधिकमास सम्बन्धीनेपालको प्राचीन मौलिक सिद्धान्त मानेको छ (राजवंशी, २०३०पृ.२३) ।

३.१० क्षयमास

जुन चान्द्रमासको २ पक्षमा २ संक्रान्ति देखापर्छ त्यसलाई क्षयमास भनिन्छ । अर्थात् कुनै वर्षमा दुई वटा अधिकमास परेको देखियो भने त्यो वर्ष क्षयमास पर्दछ । क्षयमास बहूतै कम मात्रामा देखिन आउँछ ।ज्योतिष विषयको गणितागणित स्पष्टीकरणमा क्षयमास पनि आउने बारे चर्चा पाइन्छ । क्षयमास भनेको एउटा चान्द्रमासमा दुई वटा संक्रान्ति देखा परेर दुई वटा महिना देखिनआउने र

पहिलो महिना ग्राह्य हुने दोश्रो छोड्ने भएकोले छोडेको महिनालाईमानिन्छ । कुनै वर्ष क्षयमास पर्न आएको देखियो भने त्यसको १४१ वर्षमा मात्र क्षयमास देखा पर्न जान्छ भन्ने विश्वास पाइन्छ ।सौरार्यब्राम्हपक्षीयतिथिगणितमा शक १३९७ मा क्षयमास परेको उल्लेख छ (पन्त २०४३ पृ.१८६) ।

३.११ सौरवर्ष

पृथ्वीको आफ्नो वार्षिक गतिले सूर्यलाई एकचोटी परिक्रमा गर्दा १ सौरवर्ष हुन्छ । यसलाई पाश्चात्य विद्धानहरुले गणना गरि १ सौरवर्षमा ३६५.२४२२१८ दिन हुन्छ भनी हिसाव निकाले । यो भनेको ३६५ दिन ५ घण्टा ४८ मिनेट ४७ सेकेण्ड प्राय: हुन आउने मानिएको छ । पूर्वीय मान्यताअनुसार ३६५ दिन १५ घडी १२ पला ५७ विपलाको १ सौरवर्ष हुने मानिएको छ(द्विवेदी, १९९८पृ.१४) ।

३.१२ चान्द्रवर्ष

सौरवर्ष भन्दा ११ दिन कम देखिएको ३५४ दिनको वर्षलाई चान्द्रवर्ष भनिन्छ । अत: प्रत्येक तीन चान्द्रवर्षमा एक अधिकमास पर्ने पञ्चाङ्गमा व्यवस्था गरिएको हुन्छ ।३६५ लाई ३ ले गुणा गर्दा जति दिन हुने हो । ३५४ लाई ३ ले गुणा गरि १ चान्द्रमास जोडे भने पनि करिव करिव त्यति नै दिन हुन आउँछ । मतलव अधिकमास परेको वर्ष ३८४ दिनको एक चान्द्रवर्ष हुने मान्यता छ द्विवेदी, १९९८पृ.१४) ।

३.१३ सावनवर्ष

३० दिनको १सावनमास, १२ सावनमासको ३६० दिन हुन्छ । अत: ३६० दिनको १ सावन वर्ष मानिन्छ । लौकिक व्यवहार कायम गर्न सवै ठाउँमा यसको उपयोग गरिन्छ ।संवत्सर बताउने क्रममा ३६० रात ३६० दिनको १ संवत्सर हुने बताइएको छ । प्राचीन मिश्रवासीहरु ३६५ दिनको१वर्ष मान्दथे र ३० दिनको १ मास मान्दथे तर अधिकमास मान्दैनथे । त्यसैले ३० दिनको १ महिना १२ महिनाको १ वर्ष गर्दा ३६० दिनमात्र हुने हुँदा ५ अतिरिक्त दिन समेत जोडेर ३६५ दिनको १ वर्ष हिसाव गर्ने गर्थे ।(द्विवेदी, १९९८पृ.१४) ।

३..१४ पञ्चाङ्ग

दिन, महिना वर्षको विधिक संग्रह नै पञ्चाङ्ग हो । मुख्यतः यसमा तिथि बार नक्षत्र योग र करण यी पाच कुरामा आधारित भएकोले यसलाई पञ्चाङ्ग भनिएको हो । जव मानिसहरुमा सुसंस्कारमा विकास हुदै गए तव उनीहरुले व्रत, उत्सव मात्र होइन जन्मदेखि मृत्युसम्मका विभिन्न संस्कार गर्दा राम्रो साइत तिथि रोज्न थाले, उही तिथिमा गर्नु पर्छ भनी सिके । फलस्वरुप विधिक संग्रह वा पञ्चाङ्गको आवश्यकता महसूस गरि पञ्चाङ्गको आविष्कारहरु गरे ।पञ्चाङ्गलाई व्यवहारमा ल्याउने क्रममा विभिन्न धर्मावलम्वीहरुको आ-आफ्नो बन्न थाले त्यसैले सवै किसिमको पञ्चाङ्गहरु जम्मा गर्ने हो भने लगभग ३० किसिम भन्दा बढी देखापर्ने गर्दछ । सोही क्रममा हिन्दुहरुको छुट्टै पञ्चाङ्गबने । हुंदाहुंदा हिन्दुहरुकै बीच पनि नानाथरिका पञ्चाङ्ग बन्न पुगे ।

ती पञ्चाङ्गहरु मध्ये कुनै चैत्रशुक्ल प्रतिपदादेखि, कुनै कार्तिकशुक्ल प्रतिपदादेखि वर्ष गणनाहुने सौरगणनालाई सकार्नेहरुले मेषविषुव भनी बैशाख १ गते(संक्रान्ति)देखि वर्ष गणना गर्ने पद्दति अपनाए । भनिन्छ हलार प्रान्तको काठियाबादमा आषाढशुक्ल प्रतिपदादेखि वर्ष गणना हुने पञ्चाङ्ग अपनाउँथे । हिन्दु पञ्चाङ्गका मुख्य सिद्धान्त चाहिँ सूर्यसिद्धान्त, आर्यसिद्धान्त, ब्रम्हसिद्धान्त र ग्रहलाघवलाई मानिएको छ ।(काणे, १९९६ पृ.३१३) ।

३.१५ सूर्य सिद्धान्त

वराह मिहिरको पंचसिद्धान्तिकामा एउटा सूर्य सिद्धान्त पनि पर्दछ । यसमा सूर्य सिद्धान्त सवभन्दा शुध्द भएको बताइएको पनि छ । भनिन्छ वेदांग ज्योतिषमा मध्यम गणना मात्र छ त्यसमा स्पष्ट गणना छैन । तर सूर्य सिद्धान्त, आर्य सिद्धान्त, ब्रह्म सिद्धान्त यी तीनै सिद्धान्तहरुमा मध्यम तथा स्पष्ट दुवै गणना छन् ।अझ यी तीनै सिद्धान्त मध्ये सूर्य सिद्धान्त सवभन्दा सूक्ष्म छ यो कुरा लिच्छविसंवत्को निर्णयमा पनि चर्चा गरिएको छ(पन्त २०४३ पृ.९८.) । ब्रह्मगुप्तको वेधोपलव्धमा सूर्य सिद्धान्तको रचना २२ लाख वर्ष अघि भएको थियो भन्ने बडो पुराण शैलीमा वर्णन गरिएको पनि चर्चामा छ । सूर्य सिद्धान्तअनुसार १ सौर वर्षमा ३६५ दिन १५ घडी ३१ पला ३० विपला हुने बताइएको पनि छ । साथै वराह मिहिरको सूर्य सिद्धान्त र सुमतितन्त्रको सूर्य सिद्धान्त एउटै देखिएको कुरा पनि चर्चामा पाइन्छ । यस सिद्धान्तले विशेषगरि सौरमासलाई अत्यधिक महत्व दिएको पनि चर्चा छ । भनिन्छ यो सिद्धान्त सारा भारतभरि प्रचलित देखिन्छ ।

३.१६ आर्य सिद्धान्त

आर्यभटद्वारा प्रतिपादित सिद्धान्तलाई आर्य सिद्धान्त भनिएको हो । आर्यभट एक नामी गणितज्ञ तथा ज्योतिष पनि थिए । भनिन्छ अङ्कगणित, अलजेब्रा र ज्यामितिका सबै सूत्रहरुको प्रतिपादन यिनैले गरेका थिए । यो कुरा यिनको आर्यभटियम्मा उल्लेख छ । यिनको प्रतिपादन अनुसार १ सौर वर्षमा ३६५.२५८६८०५ दिन हुन्छ मानिएको छ । आधुनिक ज्योतिषहरुको मत अनुसार १ सौर वर्षमा ३६५.२५६३६०४ दिन हुन्छ भन्ने छ । आर्यभटकै समयमा सूर्य सिद्धान्त नामक ग्रन्थ पनि प्रकाशित भएको थियो तर त्यस ग्रन्थका रचनाकार को थिए ?त्यो भने अज्ञात नै छ ।यता आर्यभटको जन्म वि.सं ५३३ मा भएको हो । अतः आर्य सिद्धान्तको काल निश्चित छ ।आखिरमा जुनसुकै सिद्धान्त अपनाए तापनि दिन र घडीमा कुनै भिन्नता छैन केवल पला विपला र प्रतिपलामा मात्र एक अर्को सिद्धान्त बीच केही फरक देखा पर्ने गरेको पाइन्छ । यो सिद्धान्त मद्रासको तमिल जनपदमा, त्रावणकोर मलावारमा प्रचलित देखिन्छ(काणे, १९९६ पृ.३१४) ।

३.१७ ब्रह्म सिद्धान्त

ब्रह्मगुप्तद्वारा प्रतिपादित सिध्दान्तलाई ब्रह्मसिद्धान्त भनिएको हो । ब्रह्मगुप्तले आफ्नो ३० वर्षको उमेरमा सज्जन गणितज्ञ तथा गोलज्ञ विद्धानहरु प्रसन्न होउन् भनी ब्राह्मस्फुटसिद्धान्त प्रतिपादन गरेका थिए ।ब्रह्मगुप्तको समय वि.सं ६८५ तिर हो । ब्रह्मसिद्धान्तको गणितसँग वेदांगज्योतिषको गणितसित तुलना पनि गर्ने गरिएको छ । आचार्य भास्कर जस्ता महान् गणितज्ञ पनि ब्रह्मसिध्द्धान्तका अनुयायी थिए । ब्रह्मसिद्धान्त अनुसार १ सौर वर्षमा ३६५ दिन १५घडी ३०पला २२ विपला र ३० प्रतिपला हुने बताइएको पाइन्छ (पन्त २०४३ पृ.१६९) । यो सिद्धान्त गुजरात एवं राजस्थानमा प्रचलित देखिन्छ ।

३.१८ वेदा ▪ ज्योतिष

आषाढ र पौषमा मात्र अधिकमास पर्नेलिच्छविकालको जस्तो अधिकमास पद्धति वेदा ▪ ज्योतिषमा पनि पाइन्छ । वेदा ▪ ज्योतिषको टीका सहितको पुस्तक पं. सुधाकर द्विवेदी, शंकर बालकृष्ण दीक्षित, बालगंगाधर तिलकले पनि लेखे । जैनहरुको कालगणना पद्दति र वेदा ▪ ज्योतिषको गणना पद्दति मिल्दोजुल्दो छ भन्ने व्याख्या शामशास्त्रीले गरेका छन् । ती व्याख्याहरुमा माघ शुक्ल प्रतिपदादेखि युगको प्रारम्भ हुने र पौष कृष्ण अमावाश्यामा युग समाप्ति हुने उल्लेख छन् । युगारम्भदेखि ३०

सौरमास वित्दा तेश्रो वर्षको आधा अवधि वित्ने हुन्छ । मतलव अढाई वर्ष वित्दा आषाढको अन्त्यमा ३० सौरमास वा ३१ चान्द्रमास पूरा हुन्छ । त्यसकारण तेश्रोवर्षको आषाढमा सौरमास र चान्द्रमासको गणना मिलाउन दुईवटा आषाढ नाउको चान्द्रमास मान्न आवश्यक पर्ने भएकोले पहिलो आषाढलाई प्रथमाषाढ र दोश्रोलाई द्वितीयाषाढ मान्ने गरेको छ । त्यस्तैगरि अर्को अढाई वर्षको अन्त्यमा ३० सौरमास वा ३१ चान्द्रमास पर्ने हुनाले दुईवटा पौषका चान्द्रमास मान्न आवश्यक पर्ने हुनाले पहिलोलाई प्रथमपौष र दोश्रोलाई द्वितीयपौष मान्ने गरेको हो(पन्त, २०४३ पृ.३५) । तर यसरी वेदा ▪ ज्योतिष बमोजिम पाँच वर्षमा दुईचोटी अधिकमास पर्ने भनिएतापनि लिच्छविकालमा संवत् ३१ को अभिलेखमा पनि पौषमा नै अधिकमास परेको र संवत् ३४ को अभिलेखमा पनि पौषमा नै अधिकमास परेको ज्वलन्त उदाहरण पाइएकोले वेदा ▪ ज्योतिषको पद्धति नेपालमा लागु भएको थिएन भन्ने प्रष्ट हुन्छ ।

३.१९ सुमतितन्त्र

सुमतितन्त्र पात्रो बनाउने ज्योतिषको मूल ग्रन्थ मानिएको छ । यो नामको ग्रन्थको मूलप्रति एक बृटिश म्युजियममा छ भने एक प्रति नेपालको राष्ट्रिय अभिलेखालयमा सुरक्षित छ(पन्त, २०४३ पृ.१२१) । यस ग्रन्थमा मध्यमाधिकार, स्पष्टाधिकार, त्रिप्रश्नाधिकार, चन्द्रग्रहणाधिकार, सूर्यग्रहणाधिकार तथा ब्रह्माण्डाधिकार सवै कुरा छ भनिएतापनि यो ग्रन्थको सरोकार वि.सं ६३३ देखि मानदेव संवत् नामक नयाँसंवत् चल्यो भन्नका लागिमात्र उधृत गर्न खोजिंदै आएको यथार्थ उघ्रिएको छ किनभने सुमतितन्त्रको मूलवाक्यमा शकसंवत् ४९८ सम्म चल्छ भनेर उल्लेख देखे । त्यसलाई नैप्रायः लेखकहरु बलियोसँग टिप्न चाहन्थे । त्यही सुमतितन्त्रमा नेपालसंवत्मा ८०२ जोडे शक संवत् आउँछ भनी जुन सन्दर्भ उल्लेख आएको हो । यी दुई सन्दर्भलाई बलियो गरि समात्नका लागि यो बाहेक अरु कुनै ज्योतिषीय गणनाको प्रयोजनमा सुमतितन्त्रको दरकार परेको व्याख्याहरु पाइंदैन । शकसंवत् ४९८ सम्म मात्र चलेको त्यही शक ८०२ पुग्दा नेपालसंवत् देखापर्न आएबाट शक ८०२ र शक४९८ बीचको अन्तर वर्ष ३०४ जुन देखा पर्ने हो । त्यो ३०४ वर्ष मानदेवसंवत् चल्यो भन्नु सितको सरोकारलाई नै सुमतितन्त्रको दरकार मानेको छ । वास्तवमा कथित मानदेवसंवत् ३०४ वर्ष चल्यो भन्नु नै इतिहासको लागि ठूलो त्रुटि हो । किनभने वि.सं ६३३ मा मानदेवसंवत् १ हुनुपर्ने, वि.सं ९३५मा त्यही मानदेवसंवत् ३०१ हुनुपर्ने भएपछि३०४ वर्ष कुनै हालतमा चल्न पाएन भन्ने स्वतःसिद्ध छ ।यसरी प्रष्टिएको हुँदाहुँदै मानदेवसंवत् ३०४ वर्ष चलेको जिकीर गर्न सुमतितन्त्रको उदाहरण दिइनु सुमतितन्त्रको दुरुपयोगगर्नु मात्र हो । नेपालमा इतिहास

विषयको पाठक थुप्रै छन् यसमाजतिनै दावा गरे पनि वि.सं ९३६ मा नेपालसंवत्को आरम्भ भएको हो भन्ने लाइन सम्म अन्ततः आउनै पर्ने हुन्छ । तव त्यतिवेला वि.सं ९३५ मा ३०१ भएको मानदेव संवत् वि.सं ९३६ मा ३०४ भुक्त भइसक्छ भन्नु र नेपालसंवत् देखा परेको भन्नु असंभव छ । यी कुरा साच्चै नमिल्दो कुरो हो र नमिल्दो कुरोलाई सुमतितन्त्रले साथ दिइरहेको भन्नु पनि विल्कुल गलत हो । यस्तो नाजायज कुरामाअल्मल्लि रहनु ठीक होइन ।

३.२० शासनवर्षको सट्टा संवत् प्रयोग

प्राचीन देशहरुमा संवत्को लगातार प्रयोग थिएन ।त्यतिवेला केवल राजाको शासन वर्षको मात्र प्रयोग थियो । जस्तै : भारतमा सम्राट अशोकको अभिलेखमा राज्याभिषेक भएको वर्ष भनेर उल्लेख हुन्थ्यो ठीक त्यस्तै किसिमले सवैतिर यस्तै प्रचलन थियो होला भन्न सकिन्छ(काणे, १९९६ पृ.३१६) । यो प्रचलन हुन्जेल कुनै कीर्ति राख्ने काम सम्पन्न हुँदा कुन मास कुन तिथि कुन पक्षमा गरियो सो ज्ञात हुने भएन । धार्मिक कृत्यको सम्बन्धमा मासपक्ष तिथिको उल्लेख भएन भने त्यो कृत्यको कुनै फल हुँदैन भनी बुझेपछि भारतीयहरुले धार्मिक जीवनमा संवत् मास पक्ष तिथिको समेत प्रयोग गर्न थाले । तव भारतीयहरुको लागि पञ्चाङ्गको प्रयोग अनिवार्य भयो । भारतमा जन्मपत्रिकाको प्रयोग गर्दा संवत्को उल्लेख अनिवार्य भयो ।संवत् प्रयोगको प्राचीनता २००० वर्ष भन्दा बढी देखिंदैन ।संवत्को लगात्तार प्रयोग हिन्दु सिथियनहरुबाटभयो भन्ने जानकारी प्राचीन इतिहासमा पाइन्छ । भारतमा ई.पू.१०० देखि ई. १००को बीच भारतका सिथियनहरुले शासन गरिरहेको समय थियो । त्यतिवेला भारतमा मात्र होइन मिश्र, बेबिलोन, यूनान, रोममा पनि संवत्को चलन भइसकेको थियो ।

ज्योतिर्विदाभरणका अनुसार संवत् चलाउने मुख्य ६ जना व्यक्तिहरुको नाम भनेर १ युधिष्ठिर २ विक्रम ३ शालिबाहन ४ विजयाभिनन्दन ५ नागार्जुन ६ कल्की को नाम उल्लेख गरिएको पाइन्छ ।

कौटिल्य अर्थशास्त्रमा उल्लेख भए अनुसार त्यतिवेला राजवर्ष, मास, पक्ष, दिन आदिको उल्लेख गर्ने प्रचलन शुरु भइसकेको थियो । यसरी वर्ष मास पक्ष दिनको व्यवहार गर्ने चलन कुषाणहरुले र सातबाहनहरुले चलाएका थिए ।

भारतमा एउटा संवत्मात्र होइन धेरै थरिका संवत्हरु व्यवहारमा देखापर्न आएकोले काल निर्णय र इतिहासमा धेरै भ्रमहरुको उपस्थिति पनि हुँदै गए । अबलेरुनीले जम्मा पाँचथरि संवत्को मात्र चर्चा गरे । ती संवत्को नाम १ श्रीहर्ष २ विक्रमादित्य ३ शक ४ वल्लभ ५ गुप्त छन् ।

यस्तै गरी विश्वका इतिहासतिर नियाल्यौं भने अनगिन्ती संवत्का प्रयोगहरु देखा पर्ने गर्छ । तरप्रत्येक संवत्हरु किन चलाएको कसरी चलेको हो भन्ने थाहा पाएर व्यवहार भइरहेको हो भनेर किटानीका साथ भन्नसकेको छैन । त्यस्ता थुप्रै संवत्हरु छन् जुन संवत्का प्रवर्तक को थिए ? सोको निश्चित प्रमाणहरु फेला परेको होस् । (मुनंकर्मी, २०४१ पृ.३८२)

३.२१ अमान्तमान

शुक्लपक्षको प्रतिपदाबाट सुरु भएर कृष्णपक्षको औंशी(अमावाश्या)मा अन्त हुने महिनालाई अमान्तमान पञ्चाङ्ग (पात्रो) भनिन्छ । नेपालमा यसको परम्परा लिच्छविकालको सुरु देखि नै अविछिन्न रुपले चल्दै हाल नेपालसंवत ११४२ पुग्दासम्म पनि जारी छ । यसको अर्थ नेपालसंवत्को पात्रो सुरुदेखि नै अमान्तमान कायम छ । नेपालसंवत्को प्रारम्भ कार्तिक शुक्ल प्रतिपदाबाट भएकोले यो पञ्चाङ्गमा कार्तिक भने पछि कार्तिक शुक्लपक्षको १५ तिथि र कार्तिक कृष्णपक्षको १५ तिथि पूरा भए पछि एक मास पूरा हुन्छ । नेपाल भाषाको पञ्चाङ्गमा कार्तिक शुक्ललाई कछला थ्व र कार्तिक कृष्णलाई कछला गा भन्ने गरिन्छ । यही पद्धति लिच्छविकाल देखि नै कायम रहेको प्रमाण लिच्छविकालका संपूर्ण अभिलेख साक्षी छन् । अतः नेपालसंवत् र लिच्छविसंवत यी दुवै कार्तिकादि वर्ष र अमान्तमान महिना भएको वर्ष हुन् भनी बुझ्न सकिन्छ ।

३.२२ पूर्णिमान्तमान

कृष्णपक्षको प्रतिपदाबाट सुरु भएर शुक्लपक्षको पूर्णिमा(पौर्ण्णमाश्या)मा अन्त हुने महिनालाई पूर्णिमान्तमान पञ्चाङ्ग(पात्रो) भनिन्छ । यो प्रचलन नेपालमा धेरैपछि आएरमात्र भित्रिएको हो । अझ स्पष्ट रुपले भन्ने हो भने विसं १९६० मा राणा प्रधानमन्त्री चन्द्रसमसेर ज.व.रा को समयमा विक्रमसंवत् सरकारी क्षेत्रमा राष्ट्रिय संवत्को रुपमा अनिवार्य व्यवहार गराउन लगाएदेखि विक्रमसंवत् पूर्णिमान्तमान र वैशाखादि वर्षमा परिवर्तन गराइएको पाइन्छ ।यसको मतलव नेपालमा नेपालसंवत् लिच्छविसंवत्मात्र होइन तमाम सालमितिका मासतिथिहरु अमान्तमान थिए । विक्रमसंवत्, शकसंवत्, शाकेसंवत् कलिगत संवत् सबै अमान्तमान नै थिए भन्ने तथ्य सारा लिखित दस्तावेजहरु छन् । जब नेपालमा पूर्णिमान्तमानलाई भित्र्याइयो तब अर्कै द्विविधा समेत निम्त्याइएको देखिन्छ । कृष्ण पक्षबाट मास सुरु हुने भए पछि सिद्धान्ततः वैशाख भनेको वैशाखकृष्णको १५ तिथि र वैशाखशुक्लको १५ हुनु पर्ने हुन्छ तर चैत्रको कृष्ण पक्षको १५ तिथि र वैशाखशुक्लको १५ तिथि गरेर वैशाख बनाइएको हुने हुँदा प्रायः मानिसहरु यसमा अलमलिने स्थिति रही आएको छ ।यसबाट

शुक्ल पक्ष अमान्तमान र पूर्णिमान्तको साझा रहेछ भने कृष्णपक्ष चाहिँ अमान्तमानमा शुक्लपक्ष पछि आउने हुन्छ भने पूर्णिमान्तमानमा चाहिँ अघिल्लो महिनाको पक्ष लिइने गर्छ । यसको अलमलले एक महिना फरक पर्ने र पार्ने गरिआएको पाइन्छ ।

३.२३ नेपालमा प्रचलित अन्यसंवत्का सिद्धान्त

लिच्छविकालका अभिलेखमा अङ्कित भएका संवत् का विषयमा चर्चा गर्नु अघि अहिले सम्म नेपालको इतिहास एवंपञ्चाङ्ग पात्रोहरु एक ठाउँमा थुपार्ने हो भने त्यहाँ सर्व प्रथम देखिने भनेको संवत् नै हुन् ।संवत्का नामहरु मात्र केलाएर टिप्ने हो भने नेपाली पञ्चाङ्गमा सृष्टि संवत्, कलिगत संवत्, शालिवाहनीय शाके विक्रम संवत् संवत्सरीय वर्षको नाम, इसवीय सन् नेपाल संवत् दिइएको पाइन्छ भने कुनै कुनैमा नेपाल संवत्लाई शंखधरकृत नेपाल संवत् भनेर पनि दिइएको पाइन्छ । कुनैकुनै पञ्चाङ्गमा बुद्धसंवत्, कुनैमा लक्ष्मणसंवत् पनि उल्लेख गर्ने गरिएको पाइन्छ । मध्यकालका केही अभिलेखहरुमा कलिगत संवत्, विक्रम संवत्, शक संवत् नेपालसंवत् को उल्लेख गर्ने गरिएको पाइन्छ ।

नेपालको इतिहासको रूपमा लेखिएका पुस्तकहरुतिर नजर लगाउने हो भने लिच्छविकालको अभिलेखलाई पहिले लक्षित गर्दै त्यसवेला चलेका संवत्लाई कसैले विक्रमसंवत् भनेर लेखे कतिपयले गुप्त संवत् भनेर लेखे कतिले शक संवत् भनेर लेखे ।लिच्छविकालमै चलेको अंशुवर्माको पालादेखि देखिएको संवत्को क्रमलाई कसैले मानदेव संवत् कसैले अंशुवर्मा संवत्, कसैले यशोधर्म संवत्, हर्षसंवत्, ठकुरी संवत्, भोटे संवत् आदि नाम दिएर लेख्दै आएको देखिन्छ ।यी मध्ये केहीबाहेक पूर्व साहित्य समीक्षा र माथि अर्को अध्यायहरुमा चर्चा भैसकेको छ ।

नेपालको इतिहासमा विदेशीहरुले व्याख्या विश्लेषणहरु गरेका हुनाले र विदेशी पनि सहज बुझ्न सकियोस भनेर नेपालको इतिहासका घटनाहरुलाई इस्वीसन्मा लेख्ने गरिएको प्रशस्त मात्रामा पाइन्छ । नेपालको इतिहासमा इस्वीसन्को महत्व र प्रभाव अत्यधिक बढ्दै गएको देखिन्छभनेनेपालको इतिहासमा खासै प्रभाव नभएको केवल पञ्चाङ्ग पात्रोहरुमा मात्र उल्लेख हुने गरेको निम्न संवत्हरु पनि छन् । जस्तै :

३.२३.१ श्रृष्टि संवत्

श्रृष्टि संवत् भन्नाले पृथ्वी श्रृष्टि भएको समय देखिको वर्ष कल्पना गरिएको बुझिन्छ । साधारणतया चलन चल्तीमापञ्चाङ्ग पात्रोहरुमा बाहेक अन्यत्र यो संवत्को प्रयोग गरेको देखिंदैन । यही २०७४ सालको सूर्य पञ्चाङ्गमा सृष्टितो गताव्दा भनेर १९५५८८५११८ दिइएको छ (सूर्यपञ्चाङ्गको आवरण पृष्ठमा)

३.२३.२ बुद्ध संवत्

हरेक वर्ष वैशाख शुक्ल पूर्णिमाको दिन वुद्ध जयन्ती मनाउँदा वुद्ध संवत्को उल्लेख गर्ने गरिन्छ । नेपाल संवत्को भित्तेपात्रो र अन्य पात्रोहरुमा वुद्ध संवत्को पनि उल्लेख गर्ने गरेको पाइन्छ । वुद्ध संवत्को विषयमा विभिन्न विद्धानहरु थरि थरिको मत पाइन्छ ताकि वुद्ध संवत् भनेर वुद्धको जन्म वा वोधीज्ञान प्राप्त वा निर्वाण प्राप्त मध्ये कुनलाई मानेको भन्ने एकीन भनाइ भने पाइदैन । मनाउँदै आए अनुसार योवर्ष २०७४ सालमा वुद्ध संवत् २५६१ मनाइसकेको छ ।

३.२३.३ लक्ष्मणसंवत्

लक्ष्मण संवत्को प्रचलन सर्वप्रथम वंगालमा शुरु भएको थियो । त्यसपछि विहार र मिथिलामा पनि प्रचलित भयो । यो संवत् वंगालको वल्लालसेनका छोरा लक्ष्मणसेनले आफ्नो राज्याभिषेकको अवसरमा शुरु गरेको संवत् हो । लक्ष्मणसेनले थालेको संवत्भएकोले यसलाई लक्ष्मणसेन संवत्भनिन्छ । मिथिलामा यो संवत् माघशुक्ल प्रतिपदाबाट शुरु हुन्छ । नेपालमा प्राप्त नरपतिजयाचर्या नामक प्रसिद्ध पुस्तकमा शाके १५३६ उल्लेख हुनुको साथै लक्ष्मण संवत् ४९४ पनि दिइएबाट शाके र लक्ष्मण संवत् बीच १०४२वर्ष अन्तर छ भन्ने प्रष्ट हुन्छ ।(ओझा, १९९३पृ.१८५)

३.२३.४ यूरोपीय पञ्चाङ्ग

हरेक चौथो वर्षमा फेब्रुअरी २९ दिनको महिना गरी ३६६ दिनको वर्ष र अन्य तीन वर्ष ३६५ दिनको वर्ष भएको निश्चितपञ्चाङ्ग यूरोपीयपञ्चाङ्ग हो । तापनि यसपञ्चाङ्गमा पनि असन्तोषजनक व्यवहार बाँकी नै छ । हुनत योपञ्चाङ्ग धेरै पटक संशोधन पनि भइ सकेको छ ।
यूरोपीयपञ्चाङ्गमा लीपइयरको व्यवस्था इ.पू ४६ मा जुलियस सीजरले गरेका थिए । ३६५ दिनको वर्षलाई साधारण वर्ष र ३६६ दिनको वर्षलाई प्लुतवर्ष भनेर यूरोपीय पञ्चाङ्ग बनेको छ ।प्लुत

वर्षमा फेब्रुअरी महिना २९ हुन्छ भने अन्य वर्षमा फेब्रुअरी २८ दिन हुन्छ । फेब्रुअरी २९ भएको वर्षलाई लीपइयर पनि भनिन्छ ।

१३औ पोप ग्रेगोरीले ई.१५८२ मा दिन घटाएर २१ मार्चको सट्टा १० मार्च बनाए, ४ अक्टुवर उप्रान्त ५ अक्टुवरको सट्टा १५ अक्टुवर बनाएर यूरोपीय पञ्चाङ्ग संशोधन गरे । साथै १७००, १८००, १९०० को इस्वी वर्षलाई लीपइयर नहुने समेत संशोधन गरे । तापनि केही त्रुटि बाकि नै रहे । किनकि आधुनिक ज्योतिष शास्त्रको गणना र पोपग्रेगोरीको गणनामा २६ सेकेण्ड हिसाव तलमाथि पर्दछ भन्ने भनाइ गणकहरुमा पाइन्छ ।

बेलायतका सुधारवादी प्रोटेष्टेण्टहरुले ई.१७५० सम्म पनि पोप ग्रेगोरीको संशोधनलाई मानेका थिएनन् । त्यतिवेला कानुननै बनाएर २ सेप्टेम्बरको भोलिपल्ट ३ सेप्टेम्बर हुने सट्टा एकै चोटी११ दिन धकेलेर १४ सेप्टेम्बर हुने बनाएर यूरोपीयपञ्चाङ्ग संशोधन गरे । तैपनि यूरोपीयपञ्चाङ्ग दोष रहित हुन सकेन । हुनत तारिख गणना गर्दा ई.१७५२ भन्दा अघिको सवै मिति प्राचीन रीतबाट गरिने र ई १७५२ देखि नवीन रीतबाटगरिन्छ(आचार्य, २०६१:८०) । यो नवीन रीतले १७५१ को वर्षलाई गन्दैगनिएन । त्यही भएर तारिखको हिसाव गर्दा १७५१ अघिको हो वा १७५१ पछिको त्यो हेरेर मात्र गरिन्छ । यसैको परिणामले गर्दा १७५१ भन्दा अघिको भए नेपालसंवत्को अंकमा ८७८ र ८७९जोडी इस्वीसनको हिसाव गरिन्छ र १७५२ देखिको भए नेपालसंवत्को अंकमा ८७९ र ८८० जोडी इस्वीसनको हिसाव गरिने भएको हो । प्रत्यक्ष प्रमाण स्वयं तारिख गणनाका सिद्धान्त साक्षी रहंदै आएको छ ।

३.२३.५ इस्वीसन् वर्षः

इस्वीवर्ष पनि सौरवर्ष मध्ये एक हो । पृथ्वीको आफ्नो गतिले सूर्यलाई एक चोटी परिक्रमा गर्दा एक सौरवर्ष हुन्छ । यसलाई पाश्चात्य वैज्ञानिकहरुले गणना गरी १ सौरवर्षमा ३६५.२४२२१८ दिन हुन्छ भनी हिसाव निकाले । त्यसअनुसार ३६५ दिन ५ घण्टा ४८ मिनेट४७ सेकेण्ड प्रायः हुन्छ ।साधारण वर्ष ३६५ दिनलाई मानेको छ । त्यसलाई लौकिक वर्ष पनि भन्दछन् । त्यसवेला सौरवर्ष ३६५.२५ दिनलाई लिने गरेका थिए । प्रत्येक ४ वर्षमा ३६५.२५ गुणा४ गर्दा ३६६ दिन सौरवर्षको हुने हुनाले लौकिक वर्षंग समता राख्नाका निमित्त प्रत्येक४ वर्षमा १दिन थप्ने नियम बनेको हो ।

३.२४ निष्कर्ष

प्रचलित मान्यता अनुसार सूर्य पूर्वबाट उदय हुन्छ र पश्चिमतिर विस्तारै अस्त हुन्छ ।दोस्रो दिन जव सूर्य उदय हुंदैन त्यतिञ्जेल सम्मलाई एउटा वार मानिन्छ । मुस्लिमहरु सूर्यास्तलाई वार मान्दछन् । पाश्चात्य मुलुकमा मध्यरातको ठीक १२ वजे तारिखको साथसाथै वार पनि फेरिन्छ । वारलाई सातवटा ग्रहहरुको नामबाट नामकरण गरिएको छ भने १२ बटा महिनाको नाम नक्षत्रको नामबाट र १२ राशीबाट पनि लेखिएको छ ।एक सौरमासमा ३० दिन र १० घण्टा हुन्छ भने पहिलो दिन संक्रान्ति र अन्तिम दिनलाई मासान्त भनिन्छ । चान्द्रवर्षको गणित वर्षमा ३५४ दिन ९ घण्टा र सौरवर्षमा ३६५ दिन ६ घण्टा हुन्छ । त्यसैले सूर्य र चन्द्र दिनको अन्तर समेत गरी तीनवर्षको एक अधिकमास समेतको कूलजोड चन्द्र र सौरको वर्ष बरावर हुन्छ । यसको ख्याल नराख्नेहरुले चान्द्रवर्षमा ३५४ दिन हुने र सौर वर्षमा ३६५ दिन हुनेलाई मात्र ध्यान दिने गरेको पाइन्छ । वास्तवमा त्यो एकापेक्षी धारणा मात्र हो । परम्परागत पञ्चाङ्ग र हालको प्रचलित पञ्चाङ्गमा केही अन्तर रहेको जसले गर्दा शुक्ल पक्ष अमान्तमान र पूर्णिमान्तमानको एउटै साझा रहेको छ भने कृष्ण पक्ष यी दुवैको वेग्लावेग्लै मान्यता अंगालेको देखिने गरेको हो ।

अध्याय चार

प्राचीन अधिकमास सिद्धान्त

हरेक अढाइ वर्षमा ३० सौरमास वित्दा ३१ चन्द्रमास पूरा हुने हुनाले अधिकमास देखिने भएको हो । यदि ३० सौरमास बरावर ३० चान्द्रमास पूरा हुने भएको भए अधिकमासको सवालै उठ्ने थिएन । अतः १ चन्द्रमास बढ्ने हुँदा यसलाई अधिकमास भनिने प्रचलन लिच्छविकालमा पनि चलेको प्रमाण तात्कालिक अभिलेखहरुमा पनि देखिएको छ । नेपालको सनातन धर्मअनुसार यस्तो अधिकमासमा अनुष्ठानका कार्यहरु नगरिने भएकोले प्रायःचाड पर्वहरु नआउने मास आषाढ र पौषमा लगेर अधिकमास मनाउने नियम बनाए । सो नियममा शक संवत् चैत्रादि वर्ष र लिच्छविकालमा चलेकोलिच्छवि संवतकार्तिकादि वर्ष भएकोले चैत्रादि वर्षको पूर्वार्धमा परेको अधिकमासलिच्छवि संवतमा पूर्वार्ध पौषमा पर्ने र चैत्रादि वर्षको उत्तरार्धमा परेको अधिकमासलिच्छविसंवत्मा उत्तरार्ध आषाढमा पर्ने व्यवस्था गरेको स्पष्ट देखिन्छ तर पछि आएर लिच्छविसंवत् खुदलाई नै शक संवत् ठान्ने भ्रमको विकास भए पछि पौष र आषाढमा मनाउने चलनलाई वाध्यताको दृष्टिले हेरिन थालियो । यसले कालान्तरमा अधिकमास प्रचलन नै विकृत र विकराल रुपलिएको देखियो ।जुन कुराविस्तृत जानकारी अभिलेखमा आएको निम्नानुसार अधिकमासको विश्लेषणले देखाउँछ ।

४.१ विष्णुपादुका फेदीको अभिलेख

लिसं ३९८ = शक ३९६–३९७ (योवर्ष अधिकमास परेको छ)

लिसं ३९८ प्रथमाषाढ (अभिलेखमा अधिकमास उल्लेख आएको)

लिच्छविसंवत ३९८ को पूर्वार्ध कार्तिक, मंसिर, पौष, माघ र फागुन हुने गर्छ ।लिच्छवि संवत् चल्नुभन्दा १वर्ष ५ महिनापछि शकसंवत् शुरु भएको हुनाले तद्नुसार पूवार्धको शक ३९६ मात्र हो ।लिच्छविसंवत् ३९८ को उत्तरार्ध चैत्र, वैशाख, जेष्ठ, आषाढ, श्रावण, भाद्र र आश्विन हुने हुँदा तद्नुसार शक ३९७ हुने हुन्छ ।

शकसंवत् ३९७ को पूर्वार्ध चैत्र, वैशाख, जेष्ठ, आषाढ, श्रावण र भाद्र हो भने उत्तरार्ध आश्विन कार्तिक, मंसिर पौष, माघर फागुन हुन्छ ।

अधिकमास सारणीमा शक ३९७ आषाढमा अधिकमास परेको दिइएको हुनाले यो अधिकमास लिच्छविसंवत् ३९८ को वर्षमा परेको सङ्गति मिलेको छ ।

धर्मनिर्णय तिथिसारको नारद मतअनुसार आषाढमा परेको अधिकमासआषाढ मै मनाउनु भनेर दिइए बमोजिम आषाढको अधिकमास आषाढ मै मनाएको यो अभिलेखमा देखियो ।यसले शकसंवतको पूर्वार्धको अधिकमास भए लिच्छविसंवत्को उत्तरार्धमा मनाउने रहेछ भनेर बोध हुन्छ ।तर नारद मतले आषाढमा परेको अधिकमास हुँदैमा आषाढ मै मनाउनु भनेको होइन ।शक ३९६ को कार्तिकदेखि शक ३९७ को आश्विनभित्र पर्नु पर्ने जरुरी छ । तथापि यहाँ नारदमत आकर्षित भएन भन्ने तथ्यको खुलासा पनि हुन्छ । किनकि शक ३९७ आषाढको अधिकमास अभिलेखको संवत् ३९८ आषाढमापरेको खुलासा छैन ।यसमा देखिए अनुसारचैत्रादि शक संवत्को पूर्वार्धमा परेको अधिकमास कार्तिकादि लिच्छविसंवत्को उत्तरार्धमा मनाइएको छ ।यसले अभिलेखमा भएको संवत् ३९८ शकसंवत् होइनन् भन्ने प्रष्ट्याएको समेत खुलासा हुन्छ ।

४.२ ल.पु. बहालुखाको अभिलेख

लिसं ४३५ = शक ४३३ – ४३४(यो वर्ष अधिकमास परेको छैन)

लिसं ४३५द्वितीयपौष(अभिलेखमा भने अधिकमास उल्लेख आएको)

लिच्छविसंवत ४३५ को पूर्वार्ध कार्तिक, मंसिर, पौष, माघ र फागुन हुने गर्छ ।लिच्छवि संवत् चल्नुभन्दा १वर्ष ५ महिनापछि शकसंवत् शुरु भएको हुनाले तद्नुसार पूवार्धको शक ४३३ मात्र हो ।लिच्छविसंवत् ४३५ को उत्तरार्ध चैत्र, वैशाख, जेष्ठ, आषाढ, श्रावण, भाद्र र आश्विन हुने हुँदा तद्नुसार शक ४३४ हुने हुन्छ । अधिकमास सारणीमा शक ४३३ को वर्ष र शक ४३४ को वर्ष दुवैमा अधिकमास परेको दिइएको छैन तर शक ४३५ को वर्षमा आषाढमा अधिकमास दिइएको पाइन्छ ।

शक ४३५ भनेको लिच्छविसंवत् ४३६ को चैत्रदेखि लिच्छविसंवत् ४३७ को फागुन सम्म रहन्छ ।अधिकमास सारणीमा शक ४३५ आषाढमा अधिकमास परेको र अभिलेखमा पौषमा अधिकमास परेको दिइएको छ । अधिकमासको सिद्धान्त अनुसार शकको पूर्वार्धको अधिकमास भए लिच्छविसंवत्को पूर्वार्धमा अधिकमास मनाउने र शकको उत्तरार्धको अधिकमास भए लिच्छविसंवत्को उत्तरार्धमा मनाउनु पर्ने हुन्छ र सोहीअनुसार यो अभिलेखमा आषाढको अधिकमास पौषमा मनाउने भएको देखियो ।

यहाँनत नारदमत आकर्षित भयो, नत भारद्वाज मत आकर्षित भयो यी दुइटै मत आकर्षित भएन त्यतिमात्र होइनअभिलेखमा भएको संवत्लाई शकसंवत्को रुपमा हेर्ने दृष्टिकोण यहाँ झल्केको छ । यसले नेपालमा चलेको संवत् कुन थियो भन्ने निराकरणको खोजी लिच्छविकालदेखि नै थियो भन्ने तथ्यको प्रकाशयो अभिलेखले गराएको छ ।

नेपालमाअधिकमास मनाउँदाआषाढ र पौषमा मात्र मनाउनु पर्ने र शकसंवत्, लिच्छविसंवत् बीच केवल १ वर्ष ५ महिनाको मात्र फरकलेयी दुई संवत् बीचको भेद छुट्याउन नसक्नाको मूल कारण नै प्रमुख देखिन्छ । जसले गर्दा लिच्छवि संवत् ४३६ को वर्षमा पर्नु पर्नेअधिकमास लिच्छवि संवत् ४३५ मा परेको बनाइयो । यसको अर्थजुन वर्षमा अधिकमास छ त्यो वर्ष अधिकमास मनाइएन र जुनवर्ष अधिकमासै परेको छैन त्यो वर्ष अधिकमास मनाइए भन्ने कुरा स्पष्टहुन्छ ।

४.३ किसिपिडीको अभिलेख

लिसं ४४९ = शक ४४७–४४८ (योवर्षभित्र अधिकमास परेको छैन)

लिसं ४४९ प्रथमाषाढ(अभिलेखमा अधिकमास उल्लेख आएको)

लिच्छविसंवत ४४९ को पूर्वार्ध कार्तिक, मंसिर, पौष, माघ र फागुन हुने गर्छ ।लिच्छवि संवत् चल्नुभन्दा १वर्ष५ महिनापछि शकसंवत् शुरु भएको हुनाले तद्नुसार पूवार्धको शक ४४७ मात्र हो ।लिच्छविसंवत् ४४९ को उत्तरार्ध चैत्र, वैशाख, जेष्ठ, आषाढ, श्रावण, भाद्र र आश्विन हुने हुंदा तद्रनुसार शक ४४८ हुने हुन्छ ।

शक ४४९ भनेको लिच्छविसंवत् ४५० को चैत्र देखि लिच्छविसंवत् ४५१ को फागुनसम्म रहन्छ ।अधिकमास सारणीमा शक ४४८ फागुनकोअधिकमास अभिलेखमा पौषमापरेको दिइएको छ । अधिकमासको सिद्धान्तअनुसार शकको पूर्वार्धको अधिकमास भए लिच्छविसंवत्को पूर्वार्धमा अधिकमास मनाउने र शकको उत्तरार्धको अधिकमास भए लिच्छविसंवत्को उत्तरार्धमा मनाउनु पर्ने हुन्छ तर फागुन भनेको शकको उत्तरार्ध र लिच्छविसंवत्को पूर्वार्धपर्न आउँछ ।

यसमा नत नारदमत,, नत भारद्वाज मत र, नत नेपालको विशुद्धमततीनै थरि मतहरु आकर्षित भएको देखिएन ।यसरी दुनियाँका कुनै पनि मत आकर्षित नहुनु भनेको उट्पट्याइ्ग भन्न सकिन्छ । यसको मूल कारण भनेको आषाढ र पौषमा अधिकमास मान्नु पर्ने बाध्यता र शकसंवत् लिच्छविसंवत् बीचको भेद छुट्याउन नसक्नु जस्ता प्रमुख तत्व देखिन्छ ।लिच्छवि संवत् ४५० को

वर्षमा परेको अधिकमास लिच्छवि संवत् ४४९ मा परेको भन्नु जुन वर्षमा अधिकमास पऱ्यो त्यो वर्ष अधिकमास मनाएन र जुनवर्ष अधिकमासै परेको छैन त्यो वर्ष अधिकमास मनाए छ भन्ने बुझियो ।

४.४ का.ई.ब्रह्मटोलको अभिलेख

लिसं ४७९ = शक ४७७–४७८ (योवर्षभित्र अधिकमास परेको छ)

लिसं ४७९ द्वितीयाषाढ(अभिलेखमा अधिकमास उल्लेख आएको)

लिच्छविसंवत ४७९ को पूर्वार्ध कार्तिक, मंसिर, पौष, माघ र फागुन हुने गर्छ ।लिच्छवि संवत् चल्नुभन्दा १ वर्ष ५ महिनापछि शकसंवत् शुरु भएको हुनाले तद्नुसार पूवार्धको शक ४७७ मात्र हो ।लिच्छविसंवत् ४७९ को उत्तरार्ध चैत्र, वैशाख, जेष्ठ, आषाढ, श्रावण, भाद्र र आश्विन हुने हुँदा तद्नुसार शक ४७८ हुने हुन्छ ।

शकसंवत् ४७८ को पूर्वार्ध चैत्र, वैशाख, जेष्ठ, आषाढ, श्रावण र भाद्र हो भने उत्तरार्ध आश्विन कार्तिक, मंसिर पौष, माघर फागुन हुन्छ ।

अधिकमास सारणीमा शक ४७८ को पूर्वाध भाद्रमापरेको अधिकमासलिच्छविसंवत् ४७९ को वर्षमा परेको संगति मिलेको छ ।

धर्मनिर्णय तिथिसारको नारदमतमा भाद्रमा परेको अधिकमासआषाढमा मनाउनु भनेर दिइए बमोजिम भाद्रको अधिकमास आषाढ मै मनाएको तदेखियो । यसमा देखिए अनुसारचैत्रादि शक संवत्को पूर्वार्धमा परेको अधिकमास कार्तिकादि लिच्छविसंवत्को उत्तरार्धमा मनाइयो ।यसको मूल कारण भनेको आषाढ र पौषमा अधिकमास मान्नु पर्ने बाध्यता र शकसंवत् लिच्छविसंवत् बीचको भेद छुट्याउन नसक्नु जस्ता प्रमुख तत्व देखिन्छ ।

४.५ देउपाटनको अभिलेख

लिसं ४८७ = शक ४८५–४८६ (यो वर्षभित्र अधिकमास परेको छ)

लिसं ४८७ प्रथमाषाढ(अभिलेखमा अधिकमास उल्लेख आएको)

लिच्छविसंवत ४८७ को पूर्वार्ध कार्तिक, मंसिर, पौष, माघ र फागुन हुने गर्छ ।लिच्छवि संवत् चल्नु भन्दा १वर्ष५ महिना पछि शकसंवत् शुरु भएको हुनाले तद्नुसार पूवार्धको शक ४८५ मात्र हो ।लिच्छविसंवत् ४७९ को उत्तरार्ध चैत्र, वैशाख, जेष्ठ, आषाढ, श्रावण, भाद्र र आश्विन हुने हुँदा तद्नुसार शक ४८६ हुन्छ ।

शकसंवत् ४८५ को पूर्वार्ध चैत्र, वैशाख, जेष्ठ, आषाढ, श्रावण र भाद्र हो भने उत्तरार्ध आश्विन कार्तिक, मंसिर पौष, माघर फागुन हुन्छ ।

अधिकमास सारणीमा शक ४८६ को पूर्वाध आश्विनमापरेकोअधिकमासलिच्छविसंवत् ४७९ को उत्तरार्धमा परेको सङ्गति मिलेको छ ।

धर्मनिर्णय तिथिसारको भारद्वाजमतमा आश्विनमा अधिकमास परे भने त्यो अधिकमास आषाढमा मनाउनु भनेर दिइएबमोजिम आश्विनको अधिकमास आषाढ मै मनाएको यो अभिलेखमा देखियो । यसमा देखिएअनुसारचैत्रादि शक संवत्को पूर्वार्धमा परेको अधिकमास कार्तिकादि लिच्छविसंवत्को उत्तरार्धमा मनाइयो ।

४.६ धर्मस्थलीको अभिलेख

लिसं ५१७ = शक ५१५–५१६ (योवर्ष भित्र अधिकमास परेको छ)

लिसं ५१७प्रथमाषाढ(अभिलेखमा अधिकमास उल्लेख आएको)

लिच्छविसंवत ५१७ को पूर्वार्ध कार्तिक, मंसिर, पौष, माघ र फागुन हुने गर्छ ।लिच्छवि संवत् चल्नुभन्दा १वर्ष५ महिनापछि शकसंवत् शुरु भएको हुनाले तद्नुसार पूवार्धको शक ५१५ मात्र हो ।लिच्छविसंवत् ५१७ को उत्तरार्ध चैत्र, वैशाख, जेष्ठ, आषाढ, श्रावण, भाद्र र आश्विन हुने हुँदा तद्नुसार शक ५१६ हुने हुन्छ ।

शकसंवत् ५१५ को पूर्वार्ध चैत्र, वैशाख, जेष्ठ, आषाढ, श्रावण र भाद्र हो भने उत्तरार्ध आश्विन कार्तिक, मंसिर पौष, माघर फागुन हुन्छ ।

अधिकमास सारणीमा शक ५१६ को पूर्वाध भाद्रमापरेको अधिकमासलिच्छविसंवत् ५१७ को उत्तरार्धमा परेको सङ्गति मिलेको छ ।

धर्मनिर्णय तिथिसारको नारदमत र भारद्वाजमतअनुसारभाद्रमा अधिकमास परे भने त्यो अधिकमास आषाढमा मनाउनु भनेर दिइएबमोजिम भाद्रको अधिकमास आषाढ मै मनाएको यो अभिलेखमा देखियो । यसमा देखिएअनुसारचैत्रादि शक संवत्को पूर्वार्धमा परेको अधिकमास कार्तिकादि लिच्छविसंवत्को उत्तरार्धमा मनाइयो ।

धर्मनिर्णय तिथिसारको नारदमत र भारद्वाजमत दुवै आकर्षित भए किनकि नारदमतमा भाद्रमा अधिकमास परे आषाढमा मनाउने र भारद्वाज मतमा पनि भाद्रमा अधिकमास परे आषाढमा मनाउने भनेको छ ।यसमा देखिएअनुसारचैत्रादि शक संवत्को पूर्वार्धमा परेको अधिकमास कार्तिकादि लिच्छविसंवत्को उत्तरार्धमा मनाइयो ।

४.७ सतुंगलको अभिलेख

लिसं ५१९ = शक ५१७–५१८ (यो वर्षभित्र अधिकमास परेको छैन)

लिसं ५१९प्रथमपौष(अभिलेखमा अधिकमास उल्लेख आएको)

लिच्छविसंवत ५१९ को पूर्वार्ध कार्तिक, मंसिर, पौष, माघ र फागुन हुने गर्छ ।लिच्छवि संवत् चल्नुभन्दा १वर्ष५ महिनापछि शकसंवत् शुरु भएको हुनाले तद्नुसार पूवार्धको शक ५१७ मात्र हो ।लिच्छविसंवत् ५१९ को उत्तरार्ध चैत्र, वैशाख, जेष्ठ, आषाढ, श्रावण, भाद्र र आश्विन हुने हुँदा तद्नुसार शक ५१८ हुने हुन्छ ।

शकसंवत् ५१७ को पूर्वार्ध चैत्र, वैशाख, जेष्ठ, आषाढ, श्रावण र भाद्र हो भने उत्तरार्ध आश्विन, कार्तिक, मंसिर पौष, माघर फागुन हुन्छ ।

अधिकमास सारणीमा शक ५१७ र ५१८ वर्ष मै अधिकमास परेको दिइएको छैन तर शक ५१९ आषाढको अधिकमास पौषमा मनाएको देखिएको छ ।

यसमालिच्छविसंवत् ४३५ मा जस्तै गरी सिद्धान्त तथा धर्मनिर्णय तिथिसारको विपरीतमा गई अधिकमास मनाउन पुगेको देखिन्छ ।

यसमा शक ५१९ आषाढ भनेकोलिच्छविसंवत् ५२१ को आषाढ हुनजान्छ ।किनकि लिच्छविसंवत् शुरु भएको १ वर्ष ५ महिना पछिमात्र शकसंवत् आरम्भ भएको हुनाले हो । र शक ५१९ आषाढको अधिकमास लिच्छविसंवत् ५१९ को पौषमा परेको भनी देखाइनु असंभव भन्न सकिन्छ । यसको मतलव यो वेलादेखि लिच्छवि संवत्लाई शकसंवत् संझेरशकसंवत् मान्ने गलत प्रथा अनुमानको भरमा थालियो । यो गलत प्रथा थियो भन्ने कुराको प्रमाण भनेको आषाढको अधिकमास कुनै सिद्धान्तले पौषमा नपर्ने स्पष्ट हुन्छ ।

यसमानारदमत, भारद्वाजमतनेपालको विशुद्धमत कुनै पनि आकर्षितनहुनु भनेको उट्पट्याङ्ग भन्न सकिन्छ । यसको मूल कारण भनेको आषाढ र पौषमा अधिकमास मान्नु भ्रम बाहेक अरु होइन भन्न सकिन्छ ।

४.८ भक्तपुर इनायटोलको अभिलेख

लिसं ५३१(३१) = शक ५२९–५३० (यो वर्षभित्र अधिकमास परेको छ)

लिसं ५३१(३१) द्वितीयपौष(अभिलेखमा अधिकमास उल्लेख आएको)

लिच्छविसंवत ५३१ को पूर्वार्ध कार्तिक, मंसिर, पौष, माघ र फागुन हुने गर्छ ।लिच्छवि संवत् चल्नुभन्दा १वर्ष५ महिनापछि शकसंवत् शुरु भएको हुनाले तद्नुसार पूवार्धको शक ५२९ मात्र हो ।लिच्छविसंवत् ५३१को उत्तरार्ध चैत्र, वैशाख, जेष्ठ, आषाढ, श्रावण, भाद्र र आश्विन हुने हुँदा तद्नुसार शक ५३० हुने हुन्छ ।

शकसंवत् ५३०को पूर्वार्ध चैत्र वैशाख जेष्ठ, आषाढ, श्रावण र भाद्र हो भने उत्तरार्ध आश्विन कार्तिक, मंसिर पौष, माघर फागुन हुन्छ ।

अधिकमास सारणीमा शक ५३० को पूर्वाध जेष्ठमापरेको अधिकमासलिच्छविसंवत् ५३१ को उत्तरार्धमा परेको संगति मिलेको छ ।

यसमा धर्मनिर्णय तिथिसारको नारदमत र भारद्वाजमतदुवै आकर्षित भएको देखिएन ।यसमानेपालको विशुद्धमत (जुन मत अंशुवर्माको पालामा व्यवस्थित गरेको)अनुसार शक संवत्को पूवार्धको

महिनामा परेका अधिकमास लिच्छविसंवत्को पूवार्धमा रलिच्छविसंवत्को उत्तरार्धमा मानेको अधिकमासशकसंवत्को उत्तरार्धको परेकोलाई लिएको पाइयो ।सोही मुताविक शक ५३० को पूर्वार्धमा जेष्ठ महिना परेकोले यता लिच्छविसंवत् ५३१(३१)कोपूर्वार्ध पौषमा अधिकमास मनाएको सङ्गति मिलेको छ ।

यहाँलिच्छविसंवत् ५३१(३१) को वर्षभित्रै शक ५३० जेष्ठको अधिकमासपरेको छ । यो अभिलेखमा देखिएअनुसार चैत्रादि शक संवत्को पूर्वार्धमा परेको अधिकमास कार्तिकादि लिच्छविसंवत्को पनि पूर्वार्धमा नै अधिकमास मनाउने र चैत्रादि शकको उत्तरार्धमा परेको अधिकमास कार्तिकादि लिच्छविसंवत्को पनि उत्तरार्ध मै अधिकमास मनाउने परिपाटी प्रारम्भ मा जे थियो त्यसलाईअंशुवर्माले सिद्धान्तबनाई पुनर्स्थापना गरियोभन्ने देखिन्छ ।

लिच्छविसंवत्को निर्णयमासंवत् ३१ को अभिलेखको अधिकमासलाई शक ५२९ को कार्तिक देखि शक ५३० को आश्विनसम्म रहनेसकारेको सम्म ठीक हो तर शक ५३० को जेष्ठको अधिकमास धर्मनिर्णय तिथिसार संग्रहको वचन अनुसार पौषमा लिइयो भनी उल्लेख गरिनु चाहिँ गलत सिद्ध देखिएको छ ।

४.९ पाटन सुनधाराको अभिलेख

लिसं ५३४(३४) = शक ५३२–५३३ (यो वर्षभित्र अधिकमास परेको छ)

लिसं ५३४(३४) प्रथमपौष(अभिलेखमा अधिकमास उल्लेख आएको)

लिच्छविसंवत ५३४ को पूर्वार्ध कार्तिक, मंसिर, पौष, माघ र फागुन हुने गर्छ ।लिच्छवि संवत् चल्नुभन्दा १वर्ष ५ महिनापछि शकसंवत् शुरु भएको हुनाले तद्नुसार पूवार्धको शक ५३२ मात्र हो ।लिच्छविसंवत् ५३४को उत्तरार्ध चैत्र, वैशाख, जेष्ठ, आषाढ, श्रावण, भाद्र र आश्विन हुने हुँदा तद्नुसार शक ५३३ हुने हुन्छ ।

शकसंवत् ५३३को पूर्वार्ध चैत्र, वैशाख, जेष्ठ, आषाढ, श्रावण र भाद्र हो भने उत्तरार्ध आश्विन कार्तिक, मंसिर पौष, माघर फागुन हुन्छ ।

अधिकमास सारणीमा शक ५३३ को पूर्वाध वैशाखमापरेको अधिकमासलिच्छविसंवत् ५३४ को उत्तरार्धमा परेको सङ्गति मिलेको छ ।

यसमा धर्मनिर्णय तिथिसारको नारदमत र भारद्वाजमतदुवै आकर्षित भएको देखिएन । यसमानेपालको विशुद्ध मत (जुन मत अंशुवर्माको पालामा व्यवस्थित गरेको)अनुसार शक संवत्को पूवार्धको महिनामा परेका अधिकमास लिच्छविसंवत्को पूवार्धमा रलिच्छविसंवत्को उत्तरार्धमा मानेको अधिकमासशकसंवत्को उत्तरार्धको परेकोलाई लिएको पाइयो ।सोही मुताविक शक ५३३ को पूर्वार्धमा वैशाख महिना परेकोले यता लिच्छविसंवत् ५३४(३४)कोपूर्वार्ध पौषमा अधिकमास मनाएको सङ्गति मिलेको छ ।

यहाँलिच्छविसंवत् ५३४(३४) को वर्षभित्रै शक ५३३ वैशाखको अधिकमासपरेको छ । यो अभिलेखमा देखिएअनुसार चैत्रादि शक संवत्को पूर्वार्धमा परेको अधिकमास कार्तिकादि लिच्छविसंवत्को पनि पूर्वार्धमा नै अधिकमास मनाउने र चैत्रादि शकको उत्तरार्धमा परेको अधिकमास कार्तिकादि लिच्छविसंवत्को पनि उत्तरार्ध मै अधिकमास मनाउने परिपाटी प्रारम्भ मा जे थियो त्यसलाईअंशुवर्माले सिद्धान्तबनाई पुनर्स्थापना गरियोभन्ने देखिन्छ ।

लिच्छविसंवत्को निर्णयमासंवत् ३४को अभिलेखको अधिकमासलाई शक ५३२ को कार्तिक देखि शक ५३३ को आश्विनसम्म रहनेसकारेको सम्म ठीक हो तर शक ५३३ को वैशाखको अधिकमास धर्मनिर्णय तिथिसार संग्रहको वचन अनुसार पौषमा लिइयो भनी उल्लेख गरिनु चाहिँ गलत सिद्ध देखिएको छ ।

४.१० गोकर्ण वालुवा गाउँको अभिलेख

लिसं ५३६(३६) = शक ५३४–५३५ (यो वर्षभित्र अधिकमास परेको छ)

लिसं ५३६(३६) द्वितीयपौष अभिलेखमा (अधिकमास उल्लेख आएको)

लिच्छविसंवत ५३६ को पूर्वार्ध कार्तिक, मंसिर, पौष, माघ र फागुन हुने गर्छ ।लिच्छवि संवत् चल्नुभन्दा १वर्ष५ महिनापछि शकसंवत् शुरु भएको हुनाले तद्नुसार पूवार्धको शक ५३४ मात्र हो ।लिच्छविसंवत् ५३६को उत्तरार्ध चैत्र, वैशाख, जेष्ठ, आषाढ, श्रावण, भाद्र र आश्विन हुने हुँदा तद्नुसार शक ५३५ हुने हुन्छ ।

शकसंवत् ५३५को पूर्वार्ध चैत्र, वैशाख, जेष्ठ, आषाढ, श्रावण र भाद्र हो भने उत्तरार्ध आश्विन कार्तिक, मंसिर पौष, माघर फागुन हुन्छ ।

अधिकमास सारणीमा शक ५३५ को पूर्वाध भाद्रमापरेको अधिकमासलिच्छविसंवत् ५३६ को पूर्वार्धमा परेको सङ्गति मिलेको छ ।

यसमा धर्मनिर्णय तिथिसारको नारदमत र भारद्वाजमतदुवै आकर्षित भएको देखिएन । यसमानेपालको विशुद्धमत (जुन मत अंशुवर्माको पालामा व्यवस्थित गरेको)अनुसार शक संवत्को पूवार्धको महिनामा परेका अधिकमासलिच्छविसंवत्को पूवार्धमा रलिच्छविसंवत्को उत्तरार्धमा मानेको अधिकमासशकसंवत्को उत्तरार्धको परेकोलाई लिएको पाइयो ।सोही मुताविक शक ५३५ को पूर्वार्ध मा भाद्र महिना परेकोले यता लिच्छवि संवत् ५३६(३६)कोपूर्वार्ध पौषमा अधिकमास मनाएको सङ्गति मिलेको छ ।

यहाँलिच्छविसंवत् ५३६(३६) को वर्षभित्रै शक ५३५भाद्रको अधिकमासपरेको छ । यो अभिलेखमा देखिएअनुसार चैत्रादि शक संवत्को पूर्वार्धमा परेको अधिकमास कार्तिकादि लिच्छविसंवत्को पनि पूर्वार्धमा नै अधिकमास मनाउने र चैत्रादि शकको उत्तरार्धमा परेको अधिकमास कार्तिकादि लिच्छविसंवत्को पनि उत्तरार्ध मै अधिकमास मनाउने परिपाटी प्रारम्भमा जे थियो त्यसलाईअंशुवर्माले सिद्धान्तबनाई पुनर्स्थापना गरियोभन्ने देखिन्छ ।

लिच्छविसंवत्को निर्णय प्रकाशित भएको समयमा गोकर्ण बालुवा गाउँको अभिलेख प्राप्त भएकै थिएन । अत: यस बारेमा निर्णयले बोल्ने कुरा भएन तर निर्णयको सिद्धान्तअनुसारअभिलेखमा आएको संवत् ५३६ लाई शकसंवत् मान्ने भएको हुनाले अधिकमास क्षयमास सारणीमाशक ५३६ को वर्षमा अधिकमास उल्लेख हुनुपर्ने र त्यसको सङ्गति मिल्न आउनु पर्ने, मिल्न आएन । तव अभिलेखमा आएको ५३६ शकसंवत् विल्कूलै होइनन् भन्ने ज्वलन्त प्रमाण हो ।

४.११ ल.पु मोतीटारको अभिलेख

लिसं ७५०(२५०) = शक ७४८–७४९) (यो वर्षभित्र अधिकमास परेको छ)

लिसं ७५०(२५०)प्रथमाषाढ(अभिलेखमा अधिकमास उल्लेख आएको)

लिच्छविसंवत ७५०(२५०) को पूर्वार्ध कार्तिक, मंसिर, पौष, माघ र फागुन हुने गर्छ ।लिच्छवि संवत् चल्नुभन्दा १वर्ष५ महिना पछि शकसंवत् शुरु भएको हुनाले तद्नुसार पूवार्धको शक ७४८ मात्र हो ।लिच्छविसंवत् ७५० को उत्तरार्ध चैत्र, वैशाख, जेष्ठ, आषाढ, श्रावण, भाद्र र आश्विन हुने हुँदा तद्नुसार शक ७४९ हुने हुन्छ ।

शकसंवत् ७४९ को पूर्वार्ध चैत्र, वैशाख, जेष्ठ, आषाढ, श्रावण र भाद्र हो भने उत्तरार्ध आश्विन कार्तिक, मंसिर पौष, माघर फागुन हुन्छ ।

अधिकमास सारणीमा शक ७४९ को उत्तरार्ध आश्विनमापरेको अधिकमासलिच्छविसंवत् ७५० को उत्तरार्धमा आषाढमा परेकोसङ्गति मिलेको छ ।

धर्मनिर्णय तिथिसारको नारदमतअनुसार आश्विनमा परेकोअधिकमास अधिकमासपौषमा मनाउनु भनेर दिइएकोले नारदमत आकर्षित छैन । परन्तु भारद्वाज मतअनुसार आश्विनको अधिकमास आषाढमा पर्ने बताइए पनि लिच्छविसंवत् श्रावणादि मानको संवत् नभएकोले यो पनि आकर्षित भएको होइन स्पष्ट हुन्छ । शकसंवत्को पूर्वामा परेको अधिकमासलिच्छविसंवत्को पनि पूर्वार्ध पर्ने र शकसंवत्को उत्तरार्धमा परेको अधिकमासलिच्छविसंवत्को पनि उत्तरार्ध मै परेको सङ्गति मिल्न आएको छ ।

अभिलेखमा देखिएअनुसार चैत्रादि शक संवत्को पूर्वार्धमा परेको अधिकमास कार्तिकादि लिच्छविसंवत्को पनि पूर्वार्धमा नै अधिकमास मनाउने र चैत्रादि शकको उत्तरार्धमा परेको अधिकमास कार्तिकादि लिच्छविसंवत्को पनि उत्तरार्ध मै अधिकमास मनाउने सिद्धान्त जुन अंशुवर्माले पुनर्स्थापन गरेको सिद्धान्त अपनाएका थिए । त्यही सिद्धान्त यहाँ पनि लागू भएको देखियो ।

४.१२ ल.पु गचाननीको अभिलेख

नेसं १३२(लिसं ९३४)=शक ९३२ – ९३३(यो वर्षभित्र अधिकमास परेको छैन)

नेसं १३२ प्रथमाषाढ (अभिलेखमा अधिकमास उल्लेख आएको)

नेपालसंवत १३२(लिसं ९३४) को पूर्वार्ध कार्तिक, मंसिर, पौष, माघ र फागुन हुने गर्छ ।लिच्छवि संवत् चल्नुभन्दा १वर्ष ५ महिनापछि शकसंवत् शुरु भएको हुनाले तद्नसार पूवार्धको शक ९३२ मात्र हो ।लिच्छविसंवत् ९३४ को उत्तरार्ध चैत्र, वैशाख, जेष्ठ, आषाढ, श्रावण, भाद्र र आश्विन हुने हुँदा तद्नुसार शक ९३३ हुने हुन्छ ।

शकसंवत् ९३३ को पूर्वार्ध चैत्र, वैशाख, जेष्ठ, आषाढ, श्रावण र भाद्र हो भने उत्तरार्ध आश्विन कार्तिक, मंसिर पौष, माघर फागुन हुन्छ ।

अधिकमास सारणीमा शक ९३२ र शक ९३३ को दुवै वर्षमा अधिकमास परेको दिइएको छैन । तर शक ९३४ को जेष्ठमा अधिकमास दिइएको छ ।चैत्रादि शकसंवत्को पूर्वार्धमा परेको अधिकमास कार्तिकादि नेपालसंवत् तथा लिच्छविसंवत्को उत्तरार्धमा पर्ने अंशुवर्माभन्दा अगाडिको पद्धति अवलम्बन गरेको देखियो ।

शक ९३४ भनेको लिच्छविसंवत् ९३५ को चैत्रदेखि लिच्छविसंवत् ९३६ को फागुन सम्म रहन्छ ।अधिकमास सारणीमा शक ९३४ जेष्ठमा अधिकमास परेको दिइएको र अभिलेखमा आषाढमा अधिकमास परेको दिइएको छ । अधिकमासको सिद्धान्तअनुसार शकको पूर्वार्धको अधिकमास भए लिच्छविसंवत्को पूर्वार्धमा अधिकमास मनाउने र शकको उत्तरार्धको अधिकमास भए लिच्छविसंवत्को उत्तरार्धमा मनाउनु पर्ने हुन्छ तर यसमा फेरि शकको पूर्वार्धमा परेको अधिकमास ने.सं र लि.सं को उत्तरार्धमा नै पारिएको छ । यो भनेको अंशुवर्माको पालाको पद्धतिभन्दा फरक सो भन्दा अघिको पद्धति देखा परको मात्र होइन । फेरि लिच्छविकालमा चलेको संवत्लाई शकसंवत्को सादृश्य मान्न खोजेको देखियो ।

धर्मनिर्णय तिथिसारको नारदमतअनुसार जेष्ठमाअधिकमास परे भने त्यो अधिकमास आषाढमा मनाउनु भनेर दिइए पनिने.सं रलि.सं बीचकोअन्तर८०२ भएको कारणले यो शकसंवत् होइनन् भन्ने प्रष्ट खुलेता पनि लिच्छविसंवत्लाईशकसंवत् मान्ने भ्रमको पुनरावृत्ति हुन थालेको उदाहरण संवत् १३२ कोअभिलेखको अधिकमास शक ९३४ को अधिकमाससँग मिलान गर्न खोजिएको लाई लिन सकिन्छ ।

लिच्छविकालमा अंशुवर्माको पालामा निश्चित गरिएको अधिकमास सिद्धान्त नेपाल संवत् पछि पुनःविश्रृंखल हुन थालियो भन्ने कुरा यो अभिलेखबाट सिद्ध हुन्छ ।

सभ्यताको विकास सँगसँगै सौरवर्ष सौरमास र चान्द्रवर्ष चान्द्रमासको प्रचलन भएर आएको भन्न सकिन्छ । त्यही भएर सौरवर्षमा ३६५ दिन र मासमा ३० दिनभन्दा वढी हुने हुन्छ भने चान्द्रवर्षमा ३५४ दिन र चान्द्रमासमा ३० दिन हुने । यहीअनुसार अधिकमासको व्यवस्था पनि प्रारम्भदेखि भएरै आएको हो भनी विश्वास गर्न सकिन्छ ।

लिच्छविसंवत् १ को सुरु शक पूर्व २ को कार्तिक शुक्ल प्रतिपदादेखि सुरु भएको हो। इस्वी सन ७७ अक्टोवर ११तारिख शुक्रवार पर्न आएको गणनाले देखाएको छ । त्यही वेलादेखि अधिकमासको व्यवस्था हुँदा चैत्रादि वर्षको पूर्वार्धमा कुनै महिनामा परेको भएपनि कार्तिकादि संवत्को पूर्वार्धको

पौष र चैत्रादि वर्षको उत्तरार्धको अधिकमास कार्तिकादि संवत्को आषाढमा अधिकमास मनाउने परिपाटी संवत् ३९८ मा आउँदा नै केही बिग्री सकेको देखियो भने मानदेवपछि को यति विकृति देखियो कि माथिको विश्लेषणले स्पष्ट पार्छ । अंशुवर्माको एकलशासन शुरु भएपछि शुरुको अधिकमास परिपाटी पुनर्स्थापना भएको र यो परिपाटी नेपाल संवत् शुरु केही वर्ष अघिसम्म कायम भएको मोतीटारको अभिलेखले प्रष्ट पार्छ । नेपाल संवत् शुरु भइसकेपछि फेरि विश्रृंखलतामा गएको देखिएको नेपालसंवत् १३२ को पाटन गचाननीको अभिलेखले प्रष्ट पारेको विश्लेषण गरिएको छ ।

भक्तपुर इनायटोलको अभिलेखको अधिकमास, पाटन सुनधाराको अभिलेखको अधिकमास, गोकर्ण वालुवागाउको अभिलेखको अधिकमास र लपु मोतीटारको अभिलेखको अधिकमासको एउटै सिद्धान्तमा आधारित रहेका छन् । यही नै ठूला प्रमाण हुन् ।

४.१३ निष्कर्ष

भारतमा भारतीय विद्वानहरुले गणना गरी शक संवत् १ देखि हालसम्म कुनकुन वर्षमा अधिकमास पर्छ भनी अधिकमास क्षयमासको तालिका बनाएर सार्वजनिक गरे जस्तै नेपालका कुनै पनि विद्वानले लिच्छविसंवत् १ देखि हालसम्म यो यो वर्षमा अधिकमास पर्छ भनी तालिका बनाउने जमर्को कहिल्यै गरेनन् । भारतमा शुरु देखि जुन महिनामा अधिकमास पर्न आउने हो त्यही महिनामा अधिकमास मनाउने परम्परा भएकोले केही समस्या आएन तर नेपालमा पौष र आषाढ ल्याएर अधिकमास मनाउने परम्परा भएकोले यसले जटिल समस्या निम्त्याएको देखियो ।लिच्छविकाल र पूर्वमध्यकालको समयसम्म पौष र आषाढमा अधिकमास मनाउने चलन कायम भएको हुँदा जटिल समस्या बारम्वार आइरहेको हुनालेपछि मध्यकाल कै परवर्तीकालमा आएर जुनजुन महिनामा अधिकमास पर्न आयो त्यहीत्यही महिनामा अधिकमास मनाउने गराइ दिए पछि समस्या खासै देखापरेन तर समस्या अझै पनि केही छ भन्न सकिन्छ । अतः ढिलो चाँडो जे भएतापनि लिच्छविसंवत् १ देखि हालसम्म अधिकमास क्षयमास पर्ने वर्षहरुको तालिका बनाउन जरुरी छ भन्ने कुरा यो शोधको एउटा निष्कर्ष हो ।

अध्याय पाँच

संवत्हरुको इतिहास

५.१ कलिगत संवत् को इतिहास

कलिगतर कलिगताव्दले भुक्त भएको वर्ष भन्नेअर्थमा प्रयोग गरिएको बुझिन्छभने कलियुग संवत्ले कलियुग संवत् चलिरहेको अर्थमा प्रयोग गरिएको बुझिन्छ । पछिआएर कलिगत, कलिगताव्द र कलियुग संवत्लाई एकै अर्थमा लिइएको पाइन्छ ।विक्रम संवत्मा १३५ घटाए भने शक संवत् आउँछ र शक संवत्मा १३५ जोडे विक्रम संवत् हुन्छ भन्ने सूत्र नै वास्तवमा कलि संवत्बाट बनेको हो । किन कि विक्रम संवत् को उठानकलिगताव्दको ३०४४ र कलियुग संवत्को ३०४५ मा भएको भनी मानिआएको हो । त्यस्तै शक संवत्को उठान कलिगताव्दको ३१७९ र कलि संवत्को ३१८० मा भएको मानी आएको हो । अत: कलिगताव्द ३०४४ र ३१७९ को अन्तर पनि १३५ नै आउने र कलि संवत् ३०४५ र ३१८० को अन्तर पनि १३५ नै भएकोले शकमा १३५ जोडेविक्रम संवत् आउने र विक्रम संवत् मा १३५ घटाए मा शक संवत् आउँछ भन्ने सूत्रबनेकोयही आधार बाट देखिएको हुनाले भुक्त भएको र चली रहेको कुरामा भिन्नता नदेखेरै कालान्तरका अभिलेखहरुमा चलिरहेको कलिसंवत् प्रयोग गर्दै कुनैमा कलिगताव्द, कुनैमा कलिगत र कुनैमा कलि संवत्भनेर आफुखुशी ढंगले पनि प्रयोग गर्न थालेको उदाहरण प्रशस्त देखिन थाले । वास्तवमाविक्रम, शक, इस्वी यी सवै भन्दा पुरानो संवत् कलियुग संवत् भएकोले त्यस्को पूर्वको संवत् भएकोले ३०४५ र ३०४४ हुने नबुझेर हिसाव गराइमा ३०४५ र ३१८० लाई आधार लिनु पर्नेमा अन्यथा भइ बारम्वारत्रुटि हुने भइआएको यथार्थ पनि छ । यही कलि संवत्लाई कहींकहीं महाभारत युद्ध संवत्, भनेको छ भने कही युधिष्ठिर संवत्, दुर्योधन संवत् भनेर समेत उल्लेख गर्ने गरिएको उदाहरण पनिपाइन्छन् । मध्यकालका केही अभिलेखहरुमा नेपाल संवत्को अलावा अन्य संवत्को पनि उल्लेख गर्ने क्रममा कलिगत संवत्को पनि उल्लेख गरेको छ र कुनैमा नेपाल संवत् उल्लेख नभए पनि शाके संवत्को साथसाथै कलिगत संवत्पनि उल्लेख गरेको पाइन्छ । जस्तै ने.सं ५११ को उवावहीको अभिलेखमा कलिगत ४४९२ हुनु विसं १४४४ र शक १३१३ हुनु यसवाट नेपाल संवत् र कलिगत संवत् ठीक दुरुस्त रहेको तर शक संवत् र विक्रम संवत् नमिल्ने गरी उल्लेख भएकोलाई एउटा उदाहरण मान्न सकिन्छ । यस्तै चारवटा संवत् उल्लेख गरिएका अभिलेखहरुमा यथार्थत: कलिगतसंवत् र नेपालसंवत् मात्रै इतिहाससँग मेल खाने अरु मेल नखानेभएबाट प्रष्ट हुन्छ ।

५.१.१ ऐतिहासिकता

गौरीशंकर हीराचन्द ओझाका अनुसार कलियुग संवत् ३१०२ फरवरी १८ तारिखका दिन शुरु भएको हो किनकि इ.सं मा३१०१ जोडे पछि३१०२ हुन्छ भनी दिइएको छ । भारतको एहोलको पहाडी भागको जैन मन्दिरको शिलालेखमा राजा पुलकेशी(दक्षिण भारतको चालुक्य वंशी राजा)को अभिलेखमा कलियुग संवत् ३७३५ दिइएको र यो शक संवत् शुरु भएको ५५६ वर्षपछि राखिएको शिलालेख भन्ने अर्थमा ३७३५ मा ५५६ घटाउंदा ३१७९ आएकोले कलियुग संवत् र शक वीच ३१७९ हुनु पर्ने भएको समेत बताइएको छ ।

वीरपुस्तकालयमा रहेको सुमतितन्त्रको मूल वाक्यमा दिइएअनुसार कलिगताब्द ३६७७ अर्थात शक ४९८ देखि अर्कै संवत् चल्नेछ भनी मूलवाक्यमा दिइएको यस प्रकार छ :–

मूलवाक्य

जातो दुर्योधनो राजा कलि.....प्रवर्त्तते
युधिष्ठिरो महाराजो दुर्योधनस्तयोःपि वा ।
उभौ राजौ सहस्रे द्वे वर्षनतु सम्प्रवर्त्तति ।
नन्दराज्यं शताष्टञ्च श्चन्द्रगुप्तस्ततोपरे
राज्यङ्करोति तेनापि द्वात्रिंशच्चाधिकं शतम् ।
राजा शूद्रकदेवश्च वर्ष सप्ताब्धि चाश्विनौ
शकराजा ततो पश्चाद्वसुरन्ध्रकृतन्तथा ।
इत्येते....षितम्मह्यं ज्ञेया राजा क्रमेण तु ।।

(दुर्योधन राजा भएपछि कलियुग लाग्नेछ ।राजा युधिष्ठिर र राजा दुर्योधनको संवत् २००० वर्ष सम्म चल्नेछ । त्यसपछि ८०० वर्ष सम्म राजा नन्दको संवत् चल्नेछ । त्यसपछि १३२ वर्षसम्म राजा चन्द्रगुप्तको संवत् चल्नेछ । त्यसपछि २४७ वर्षसम्म राजा शूद्रकदेवको संवत् चल्नेछ । त्यसपछि ४९८वर्षसम्म शक राजाको संवत् चल्नेछ । राजाहरुका यी संवत् क्रमैसँग बताइए ।)

नेपालमा यो मूलवाक्यलाई असाध्यै ठूलो प्रमाण मान्दै आइएको छ । साँच्चै यी वर्षहरुको भागवण्डा इतिहासको कसिमा घोट्दा मिल्छ कि मिल्दैन भन्ने एउटा सामान्य परीक्षासम्म गरिएको छैन । यो एकदम हचुवा भागबण्डा जस्तो देखिने स्वभाविक छ ।

जेहोस् इतिहासकारहरुकाअनुसार सुमतितन्त्र सारी सिद्धयाएको मिति वि.सं. १४१२ र वि.स. १४३१ माघ ५ गते (ने.सं४९५)हो । विसं १४१२ मा सारिएको सुमतितन्त्र ब्रिटिश म्यूजियमको ३५६४ संख्यामा छ भने विसं १४३१ मा सारिएको ग्रन्थ वीरपुस्तकालयको चौथो लगत ५७ मा छ भनी दिइएको छ ।

यसरी सुमतितन्त्र सारी सिद्धयाएको मिति नेसं ४९५ र नेसं ५११ को पाटन वुवहालको अभिलेख बीच तुलना गरी हेरियो भने सुमतितन्त्रको प्रभाव त्यहाँनेसं ५११ को अभिलेख मै छेउ टुप्पो केही नमिल्ने देखिन्छ । किन र यति छिट्टै सुमतितन्त्रको प्रभाव सिद्धिनु पर्ने कारण पनिकिन ?यो बडो अचम्म छ । सुमतितन्त्र सारी सिद्धयाएको मितिले १६ वर्ष नै भुक्त हुन नपाइ सुमतितन्त्रको मर्म बिर्सनु भनेको पत्याउन सकिने विषय पनि होइन । राजाको शासनकाल कै कुरा गर्ने हो भने नेसं ४९५रनेसं ५११ माजयस्थितिमल्ल नै थिए ।

भनाइको तात्पर्य यही कि ने.सं ५११ को अभिलेखमा शक संवत् भनेर १३१३ दिइएको, विक्रम संवत् भनेर १४४४ दिइएको र कलिगत भनेर ४४९२ दिइएको छ । सुमतितन्त्रको शक ४९८ मा १३५ जोड्दा विसं ६३३ भए झै शक १३१३ मा १३५ जोड्दा विक्रम १४४८ नलेखीकन विसं १४४४ लेखियो किन ? प्रश्न उठ्ने ठाउँ धेरै छन् ।

नेपाल संवत्को उठान हुँदा शक ८०१ भएकोले नेसं १ भनेको शक ८०१ को कार्तिकदेखि शक ८०२ को आश्विनसम्म रहने भएपछि नेसं मा ८०० र ८०१ जोडेपछि मात्र शक ८०१ र शक ८०२ हुने हुँदायो अभिलेखमा पनि ५११ मा ८०१ जोडी शक बन्नु पर्नेमा ८०२ जोडेर शक १३१३ किन बनाइयो ? यो कुरा सुमतितन्त्रमा छैन किन ?

वास्तवमा नेपाल संवत्मा ८०२ जोडेपछि लिच्छविसंवत् आउने हो शक संवत् आउने होइन । त्यसैले नेसं ५११ मा ८०२ जोडेर जुन १३१३ दिइयो यो शक नभएर लिच्छविसंवत् हो । अतः नेसं ५११ र लिसं १३१३ भनेको शक १३११ को कार्तिकदेखि शक १३१२ को आश्विनसम्म रहने भएकोले अभिलेखको मिति आषाढको शक १३१२ मात्र हो । यही शक १३१२ मा १३५ जोडे वि.सं १४४७ हुन्छ भने यही शक १३१२ मा ३१८० जोडे कलिगत ४४९२ आउँछ । अभिलेखमा पनि कलिगत ४४९२ नै दिइएको हुनाले कलिगत संवत् ठीक छ । अव यसमा इस्वीसन बनाउन १३१३ मा ७८ जोड्ने होइन वास्तविक शक १३१२ मा जोड्नु पर्छ । तद्नुरुप इस्वी १३९० हुन आउँछ । यसको तारिख गणना गरी प्रमाणित गरेको यस प्रकार छ :–

अभिलेखमादिइएकोतिथिमिति– नेसं ५११ प्रथममाषाढ शुक्ल दशमी सोमवार तदनुसार AD 1390 June 12 Mondayतारिख गणना गर्दा तिथिगण १०० दिनलाई आधार लिइएको छ । अभिलेखमा दिइएको मितिलाई शुद्ध रुपमा दिनु पर्दा लिच्छविसंवत् १३१३, शक १३१२ विक्रम १४४७ र कलिगत ४४९२ हुन आउँछ ।

यसमा कलिगतर नेपाल संवत् मात्र मिल्छ अरु मिल्दैन भन्ने पनि प्रष्ट हुन आउँछ ।

यही अभिलेखको तारिखभनेर लुसियानो पेतेक(पृ १४१) मा दिइए अनुसार जून १२ र सोमवार नै दिइए तर १३१३ लिच्छविसंवत्लाई शक मानेर त्यसमा ७८ जोडी १३९१ दिइयो त्यो गलत भएको छ र विक्रम पनि लिच्छविसंवत् १३१३ लाई शक मानेर त्यसमा १३५ जोडेर १४४८ दिइयो त्यो पनि गलत भएको छ ।

यही मितिको सूर्य सिद्धान्तअनुसार तिथिमिति गणना गरी हेर्दाउही तिथिगण १०० दिनलाई (भनाइको मतलव चैत्र शुकल प्रतिपदादेखि आषाढ शुकल दशमी सम्मको दिन) आधार मानी शक १३१२ आषाढ शुक्ल दशमीको वार सोमवार र चित्रा नक्षत्र आएको छ । अभिलेखमा तिथि दशमी पर एकादश्या दिइएको ले नक्षत्र पनि चित्रा पर स्वाती लेखिएको हुनुपर्छ । यसरी गणना गरेको पो ट्वाक्क मिलेको भन्न सकिन्छ ।यसरी गणना गर्दा सुमतितन्त्रको छेउ टुप्पो कहीं नमिल्ने हुनाले यो ग्रन्थ प्रामाणिक ठहरिएन ?

तात्कालीन राजा जयस्थितिमल्लको नजरमा समेत जानकारीमा नआएकोसुमतितन्त्र नामक ग्रन्थ प्रामाणिकहोला भनी मान्न सकिने आधार छैन । केवल त्यतिवेला कुनै एक साधारण व्यक्तिले कुनै प्रयोजनमा अनधिकृत ढंगले लेखिएको ग्रन्थ मात्र यो सुमतितन्त्र हो भन्ने सिद्ध हुन्छ । तसर्थ यसलाई जुन ढंगले इतिहासकारहरुले अत्यन्त आकासपाताल उछाल्दै अतिशयोक्तिपूर्ण तरिकाले प्रशंसा गर्दै आइरहेको छ ती सवै व्यर्थ र निरर्थकठहरिन्छ भन्नेमा कुनै शंका नै छैन ।

५.१.२कलिगत संवत् उल्लेख भएका अभिलेखहरु

एवं रीतले अन्य अभिलेखहरुमा पनि कलिगत संवत्को उल्लेख यस प्रकार छन् । जस्तै :–

ने.सं ५२४ को अभिलेख :लपु सुनधाराको अभिलेखमा कलिगत वर्ष भनी ४५०५ दिइएको छ रयो पनि मिल्छ तर शकराज वर्ष १३२६ र विक्रमराज वर्ष भनी १४६१ दिइएको गलत छ ।

ने.सं ७९७ को अभिलेख : भक्तपुर दरवार कुमारी चोकमा रहेको अभिलेखमा कलिगत ४७७८ दिइएको छ भनेशक १५९९ विक्रम १७३४ दिइएको छ ।

ने.सं ७९८ को अभिलेख :को भक्तपुर टुंडिखेल सत्तलको अभिलेखमा कलिगत ४७७९ दिइएको छ भने

श्रीशाके १६०० विक्रम संवत् १७३५ दिइएको छ ।

ने.सं ७९८ को अभिलेख :भक्तपुर दरवार गाहिटीको अभिलेखमा कलिगत ४७७९ नै दिइएको छ भने श्री शकराज १६००विक्रमादित्य १७३५ दिइएको छ ।

ने.सं ८०० को अभिलेख : भक्तपुर कुमारीचोकको चौकोस अभिलेखमा कलिगत ४७८१ दिइएको छ भने शाके १६०२ विक्रम १७३७ दिइएको छ ।

ने.सं ८०५ को अभिलेख :भक्तपुर तलेजु तोरणको अभिलेखमा कलिगत ४७८५ दिइएको छ भने शक १६०६ विक्रम १७४१ दिइएको छ ।

ने.सं ८०८ को अभिलेख: भक्तपुर सुनधाराचोकको धाराको अभिलेखमा कलि ४७८९ दिइएको छ भने शाके १६१० विक्रम १७४५ दिइएको छ ।

ने.सं ८०८ को अभिलेख: भक्तपुर सुनधाराचोक पाटीको अभिलेखमा कलिगत ४७८९ दिइएको छ भने श्री शक १६१० श्री विक्रम १७८९ दिइएको छ ।

ने.सं ८१८ को अभिलेख : मालती चोकको अभिलेखमा कलिगत ४७९९ दिइएको छ भने श्री शक १६२० श्री विक्रम १७९९ पनि १७५५ पनि दिइएको छ ।

ने.सं ८२६ को अलिभेख : भक्तपुरतलेजु ढोकाको अभिलेखमाकलिगत ४८०७ दिइएको छ भने शाकाव्द १६२८ विक्रमाव्द १७६३ दिइएको छ ।

ने.सं ८२८ को अभिलेख :भक्तपुर डोलेश्वरको अभिलेखमा कलिगत ४८०८ दिइएको छ भने शकाव्द १६२९ विक्रमाव्द १७६४ दिइएको छ ।

ने.सं ८८९ को अभिलेख :भक्तपुर बोडे महालक्ष्मी मन्दिरको अभिलेखमा कलिगत ४८७० दिइएको छ भने श्रीसाके १६९१ विक्रमाव्द १८२६ दिइएको छ ।

श्रीशाके १६३२ को अभिलेख :जेष्ठमासे शुक्ल पक्षे अष्टम्याया को दुमाखाल गौचरण पाटीको अभिलेखमा कलिगत ४८११ दिइएको छ भने विक्रमादित्य संवत् १७६७ पनि दिइएको छ ।

नेसं ७७५ मा सारिएको हरिवंशको पुष्पिकावाक्यमा कलि ४७५६, विक्रम १७१२ शक १५७७ र मानदेव संवत् १०७९दिइएको छ ।

नेपाल संवत्मा ८०२ जोडिए पछि त्यो लिच्छविसंवत् हुनेहो शक संवत् हुने होइन भनी धेरै ठाउँमा उल्लेख भै सकेको छ । यो पुष्पिका बाक्यमानेपाल संवत्७७५ मा ८०२ जोडिएको १५७७ वास्तवमा शक संवत् भएन त्यही शक संवत् नभएको १५७७ मा १३५ जोडेर बनेको विक्रम पनि वास्तविक विक्रम भएन । नेपालसंवत् १ हुँदा नेपालसंवत्मा ८०२ जोडेपछि लिच्छविसंवत् ८०३ ज्वलन्त प्रमाण अगाडिउभिन्छ भने यही लिच्छविसंवत् ८०३ रशक ४९८को अन्तर गरी हेर्दा८०३ – ४९८ = गर्दा ३०५ आउँछ भने मानदेव संवत् ३०४ चलेको भनाइ कहाँ मेल खायो कि खाएन प्रश्न उठ्छ । अत: शक संवत् र लिच्छविसंवत् उही होइनन् नितान्त फरक छ भन्ने प्रष्ट हुन्छ । अर्को शब्दमाभन्नु पर्दा नेपाल संवत् १ हुंदा लिच्छविसंवत् ८०३ र वास्तविक शक ८०१ मात्र भएकोले यी दुई बीचको अन्तर जुन दुईवर्ष छ र यही दुई वर्ष खप्टिनुको कारण नै शक र लिच्छविसंवत् एउटै हुन भनेर मान्नु नै मुख्य कारण हो ।

५.२ विक्रम संवत्को इतिहास

नेपालमा विक्रम संवत् सदियौंदेखि चलनचल्तीमा व्यवहारिक भई आइरहेकोले मान्यतामा यसलाई राष्ट्रिय संवत्को रुपमा मानिएको छ । विक्रम संवत्को उत्पत्ति कसरी भयो? भन्ने सम्बन्धमा भने सबैको एकै भनाई देखिन्न । नेपालमा यो संवत् कसरी भित्रियो भन्ने कुरा त अझ चरम आश्चर्यको विषय बनेर उपस्थित छ । जस्तो चांगुनारायणमा रहेको शिलास्तम्भमा संवत् ३८६ दिइएको छ । यो शिलास्तम्भानुसार विक्रम संवत्मा भन्नु पर्दाकति भनिन्छतभन्ने एउटा सामान्य उदाहरण मात्रअघि सार्दा पनिकसैलेत्यसकोविस. ५२० हुन्छ भन्छन् भने कसैले५२१कसैले त ५२२ पनि भन्दै आएको पाइन्छ । तसर्थ विक्रम संवत् चौधौं शताब्दीदेखि नेपालको अभिलेखमा देखापरेको अवश्य हो । तथापि यसमा थुप्रै विवादहरु छन् । यो कुरा यसको विस्तृत इतिहासले बताउँछ ।

५.२.१ ऐतिहासिकता

खासगरि भारतमा प्रचलित विभिन्न संवत्हरु मध्ये चान्द्रगतिलाई आधारमानी प्रचलनमा ल्याएको एउटा संवत् शक संवत् कहलिए झैं सौरगतिलाई आधारमानी प्रचलनमा ल्याएको संवत्मध्ये एउटा विक्रम संवत् कहलिएको हो । भारतको गुजरात तथा उत्तरी भारत जहाँ पश्चिम बंगाल बाहेक सबै उत्तरी क्षेत्रमा बिक्रम संवत् लोकप्रिय रहे । भनिन्छ इशापूर्व दोश्रो शताब्दी र तेश्रो शताब्दी तिर मध्य भारतमा अनेक बिदेशी राजवंशहरु आएर भारतमा शासन गर्न थाले । ती राजवंशले दुई भिन्न भिन्न संवत्हरु प्रयोगमा ल्याए ।त्यसमा पहिलो संवत् बिक्रम संवत्को नाम र दोश्रो संवत्मा शक संवत्को नाम आउँछ । पहिलो बिक्रम संवत् इशापूर्व ५८ ।५७ मा चलेको भनी मान्दछन् भने दोश्रो संवत्शक संवत् चाही ७८ ।७९ बाट प्रारम्भ भएको मान्दछन्(ओझा, सन् १९९३,पृ.१६९.) । उत्तरी भारतमा बिक्रमसंवत्को प्रारम्भ चैत्र कृष्ण प्रतिपदालाई मान्ने गरेको, दक्षिण भारतमा त्यही बिक्रम संवत् चैत्र शुक्ल प्रतिपदालाई प्रारम्भ मान्ने गरेको र नेपालमा मात्रैबिक्रम संवत् बैशाख १ गतेलाई प्रारम्भ दिन मान्ने गरेको दृष्टान्त छ ।

भारतमा विक्रमादित्य उपाधि पाएका राजाहरु एक मात्र नभइ अनेकौं देखापर्ने गरेको चर्चा विभिन्न विद्धानहरुको भनाइबाटै स्पष्ट भएको हो । संभवत:विक्रम संवत् पनि एउटै मात्र नभई अनेकौं थरिका मध्ये मेष संक्रान्ति(वैशाख संक्रान्ति) लाई प्रथम दिन मान्ने वाला कुन चाहिँ पर्‍यो त्यो खोजी कै विषय छ ।

विक्रम संवत् भारतको आफ्नो मौलिक संवत् हो । नेपालमा बिक्रम संवत् धेरैपछि मात्र भित्रिएको संवत् हो । जहाँ चैत्र शुक्ल प्रतिपदालाई पहिलो दिन मान्ने गर्छ त्यहाँ बिक्रम संवत् अमान्तमानको सिध्दान्त अन्तर्गत पर्दथे ।किनकि त्यहाँ महिनाको अन्तिम दिन औसी(अमावास्या) पर्दछ ।त्यस्तैजहाँ चैत्र कृष्ण प्रतिपदालाई पहिलो दिन मान्ने गर्छन् त्यहाँ महिनाको अन्तिम दिन पूर्णिमा पर्दछ । नेपालमा विक्रम संवत् वैशाख १ गतेबाट शुरु हुने साथै पूर्णिमान्त सिध्दान्तमा नै आधारित संवत्को रुपमा लिइएको यथार्थ छ । बिक्रम संवत्को पहिचान भारतमा शक शासकको विरुद्ध थालिएको बिद्रोहको संकेत स्वरुप अर्थात् शकमाथि विजय प्राप्त गरेको महत्व स्वरुप चलाएको संवत् भनेर विश्वास गरिएकोपाइन्छ ।(पासा, २०६१पृ.४०.)

यो संवत्को उत्थानका सम्वन्धमा थरि थरिका मत प्रकाशमा आएको देखिन्छ । ती मध्ये यो संवत् सौर मानका आधारमा शुरु गरिएको संवत् भएर विक्रम पनि सूर्यको नाम हो, आदित्य पनि सूर्यकै

नाम भएर विक्रमादित्य संवत् भनेको भन्नेहरु पनि छन् (पन्त, २०६८,पृ.२६) । अर्को मतमा साठी संवत्सरका नामहरुमा जुन बेला यो संवत् शुरु भयो त्यो वर्ष बिक्रम संवत्सर परेकोलेकालान्तरमा यो संवत्को नाम नै विक्रम संवत् भयो भन्ने पनि छन् । त्यस्तै गरि अर्को मतमा शक राजालाई हराउने भारतीय मूलका राजालाई शकारी विशेषण दिइनुका साथै विक्रमादित्य उपाधि पनि दिने गरिएको हुनाले शकलाई हराइ शक संवत्का सट्टा विक्रमसंवत् चलाउन लगाएको भन्ने अर्थमा यो संवत्को नाम नै विक्रम संवत् कहलियो भन्ने पनि छन् । तर विक्रमादित्य उपाधि पाउने राजाहरु जस्तैः चन्द्रगुप्त द्वितीय(३८० ४१४ ई), स्कन्दगुप्त(४५५ ४६७ ई), चालुक्य राजा (६५० ६८०ई), चालुक्य राजा(७३३ ७४६ ई) र त्रिभुवन मल्ल (१००९ १०१६ ई.) का नामहरु आउँछन् । विक्रम संवत् शुरु ताका यी मध्ये कुन पराक्रमी राजाको नाम विक्रमादित्य थियोभन्ने कुरो भने प्रष्ट पाइँदैन । गाथा सप्तशतीमा भनिएअनुसार चन्द्रगुप्त भन्दाअघि मालव गणको नेतृत्व गर्नेपहिलो व्यक्ति विक्रम नामको एक प्रशिद्ध राजा थिए ।प्रायः इतिकासकारहरु भारतमा शकहरु विरुद्ध उत्रनेहरु मुख्य मालव गण नै थिए ।भनिन्छ यिनी मालव गणका प्रमुख थिए र यिनै विक्रमले शकलाई भारतको भूमिबाट लखेट्ने अभियान चालेका थिए ।त्यसैले मालव गणको विजयको उपलक्ष्यमा शुरु गरिएको संवत् मालव गणाम्नात् थियो । त्यही भएर पछि जुनजुन राजाले शक लाई हराए ती ती राजाहरुको नाम विक्रमादित्य कहलिने गरेको र त्यतिवेला शक संवत्का ठाउँमा मालव संवत् व्यवहार गर्न लगाइयो भन्ने कथन पनि छ ।(पासा, २०६१पृ.१४) ।

प्रो. बाजपेयीका अनुसार राजस्थान र मालवामा लामो समयदेखि कृत संवत्को नामबाट प्रशिद्ध भएको संवत् मालव जातिसित सम्बद्ध भएपछियही कृत संवत् मालव संवत् कहलियो पछि फेरि विक्रमादित्यसित सम्बद्ध भएपछित्यही मालव संवत् विक्रम संवत्को नामबाट प्रशिद्ध भयो । नवौँ शताब्दीमा आएर त्यही मालव गण संवत्को नाम विक्रम संवत् कहलियो भनिएको छ ।

जायसवालका अनुसार सातबाहन राज्यका गौतमीपुत्र सतकर्णी पनि विक्रमादित्य नामले कहलिएका हुन् तर यिनले मालव गणका विक्रमको अभियानलाई निरन्तरता दिएको हुनाले यिनलाई विक्रमादित्य उपाधि दिएको भएतापनियिनले कुनै पनि संवत्चलाएका थिएनन् । यिनै गौतमीपुत्रका नाम विक्रमादित्य तथा शकारि र शक निषुदक पनि भनिएको छ । सातकर्णी वंशका पहिलो राजा सिमुक र यिनको वंशजका १७औँ राजा कुन्तललाई पनि शकारिभन्ने गरेको पाइन्छ(पासा, २०६१पृ.२३.) ।

गौरीशंकर हीराचन्द ओझाका अनुसार विक्रम संवत्को वास्तविक नाम मालव संवत् हो । कालान्तरमा गुप्त वंशका प्रशिद्ध राजा चन्द्रगुप्त द्वितीय लाई विक्रम र विक्रमादित्य उपाधि दिइए पछि यो संवत्को नाम पनि यिनी सँग जोडिन आई पुग्यो । उनलेदिएको प्रमाण अनुसार भारतका विभिन्न प्रान्तप्रान्तमा विक्रम संवत् कहीं चैत्र शुक्ल प्रतिपदा बाट, कहीं चैत्र कृष्ण प्रतिपदाबाट कहीँ कार्तिक शुक्ल प्रतिपदाबाट, कहीँ आषाढादि, कहँ श्रावणादी पनि हुने गरेको पाइन्छ ।यसरी फरक फरक दिनको शुरु दिन भए अनुरुप नेपालमा विक्रम संवत् बैशाख १ गतेबाट शुरु हुने गर्दछ । सिद्धान्तगत भन्नु पर्दा विक्रम संवत्को प्रारम्भ कलियुग संवत् ३०४५ वर्ष व्यतित भएपछि शुरु भएको मानिन्छ । विक्रम संवत्मा ५७ या ५६ घटायो भने ईस्वीसन आउँछ र, १३५ घटायो भने शक संवत् आउँछ ।

शक संवत्मा १३५ वर्ष जोडे बिक्रम संवत् आउने, शक संवत्मा ७८ ।७९ वर्ष जोडे इस्वीसन आउने, शक संवत्मा ३१८० वर्ष जोडे कलियुग संवत् आउँछभने जस्तै विक्रम संवत्मा ३०४५ वर्ष जोडे पनि कलियुग संवत् नै आउँछ भन्ने सैद्धान्तिकमान्यता पाइन्छ ।

मुख्यत यही सिद्धान्तमा बढी खेलवाड हुदै आएपछिअनपेक्षितगुजुल्टोहरु बुनिदै गएको तथ्य अभिलेख प्रमाणहरुमाभेटिने गर्दछ । भक्तपुर क्वाथनु वहीको एउटा शिलालेखमा नेसं ८८८ कार्तिक वदि १० मिति दिइएको छ । मतलव यो मिति गोरखाका राजा पृथ्वीनारायण शाहले कान्तिपुर जित्नु अघिको समयलाई इंगित गर्दछ ।यही अभिलेखमा नेपाल संवत् ८८८ को अलावा शकसंवत्१६९० विक्रम संवत् १८२५ र कलिगत ४८६९भनेर समेत दिइएको छ । यसमा समस्या यसरी दृष्टिगोचर हुन आए कि नेपाल संवत्बाट भन्नु पर्दा यो पृथ्वीनारायण शाहले कान्तिपुर विजय गर्नु अघि भनेर देखायो भने विक्रम संवत्बाट भन्नु पर्दा विजय गरिसके पछि भनेर देखायो । यसरी एकै दिनको मितिले एउटाले एक वर्ष अघिको इंगित हुने अर्कोले त्यसको एक वर्षपछि को इंगित गरिने भएको ज्वलन्त एउटा उदाहरणयो हो । वास्तवमा यो हुन नसक्ने असंभव कुरा हो ।किनभनेविसं १८२५ को भाद्र मै पृथ्वीनारायण शाहले कान्तिपुर जित्यो भनेर लेखेका इतिहासका थुप्रै पानाहरु पल्टाएर हेर्न सकिन्छ ।

नेपालको आधुनिक इतिहासको क्रम गोरखाका राजा पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यका विजय गरेपछि शुरु भएको हो । आधुनिक ऐतिहासिक कालखण्डमा विक्रम संवत्को उल्लेख ज्यादा हुने गरेको देखिन्छ । त्यतिवेला नेसं ८८८को भाद्रमा कान्तिपुर गोरखालीले दख्खल गर्दा तद्अनुसार वि.सं १८२५ भाद्र इ.सं.१७६८ सेप्टेम्बर लेख्ने गरेकोपाइन्छ । यसबाट मानेको हिसावले भन्नु पर्दा

नेसं ८८८ भनेको विसं १८२४को कार्तिकदेखि १८२५को आस्विनसम्म रहनेर इसं १७६७को अक्टोवरदेखि १७६८ को सेप्टेम्बरसम्म रहने हुन्छ । यो मान्ने आधार र अधिकार कहाँबाट?केबाट प्रश्रित भएको हो ?यसको खोज तलाश अहिलेसम्म कसैले गरेको देखिएको छैन । व्यक्तिको कुरै छोडौँ इतिहासको क्षेत्रमा हाम्रो जति योगदान कसैको छैन भन्दै डङ्का बजाउनेहरुको ध्यान पनि अहिलेसम्म पनि तानिएको छैन । यो स्पष्ट भएको कुरा हो ।

स्थायी र अचल सिद्धान्त भनेको नेपाल संवत् १ भनेको शक ८०१ को कार्तिकदेखि शक ८०२ को आश्विनसम्म रहने हो यसलाई कुनै हालतमा पनि तोडमरोड गर्न पाइन्न । यही स्थायी सिद्धान्तलाई समातेर भन्नु पर्दा यही शक ८०१ र ८०२ मा १३५ । १३५ जोडे भने विसं ९३६ र ९३७ हुन्छ, ७८ ।७९ जोडे भने इ. ८७९ र ८८० हुन्छ, भने ३१७९ ।३१८० जोडे भने ३९८१ र ३९८२ हुन्छ । यसबाट एक रत्ती तलमाथि गर्न पाइन्न ।

जव यसमा तलमाथि गर्दै आउन थालियो तब विक्रम संवत्पनि स्वाभाविक रुपले विग्रदै आयो प्रमाण अभिलेखहरु मैं दृष्टान्त रुपले पाइन्छन् । जस्तै

नेपालमा डडेलधुरा अजयमेरकोट बस्ने टीकादत्त भट्टको संग्रहमा भएको निरयपालको ताम्रपत्रमा,"श्री शाके १२३४ बैसाष कृष्ण एकादश्यां तिथौ उत्तराषाढा नक्षत्रे रविबासरे"तिथिमिति भएको अभिलेखमा बिक्रम संवत्लाई केवल संवत्मात्र जनाई शाके१२३४को तद्नुसार विसं १३६९ दिइएको छ । यसबाट यो बुझिन्छ कि शाके संवत्लाई नै शक मानेर त्यसमा १३५ जोडेर बिक्रम संवत् बनाइयो ।साथै भ्रमको सिलसिला पनि शुरु भई सकेको बुझिन्छ ।(खनाल, २०६८पृ.३२.) ।

जुम्लास्थित चन्दननाथ गुल्मको संग्रहमा रहेको पृथ्वीमल्लको ताम्रपत्रमा श्रीशाके १२८० मार्गशिर वदि १३ सोमे तिथिमिति भएको अभिलेखमा बिक्रम संवत्लाई श्रीसंवत् जनाइ शाके १२८० को तदनुसार १४१५ दिइएको छ । यसबाट पनि शाके संवत्लाई नै शक मानेर त्यसमा १३५ जोडेर बिक्रम संवत् बनाइएको छ ।

कान्तिपुर मखनटोल स्थित महेन्द्रेश्वर मन्दिरको भित्र पट्टि गारोमा रहेको अभिलेखमा श्रीशाके १५६३ आषाढ सुदि ७ बारे१ दिइएको छ । यसमा नेपाल संवत्७६१लाई पनि बिक्रम संवत्लाई जस्तै श्रीसंवत् भनिएको छ । आश्चर्य यो छ कि आषाढ सुदि ७ लाईमासे४ तिथौ ७ दिइयो किन ? भन्नेमा छ किनभने नेपाल संवत् पनि कार्तिकादि संवत् र शाके संवत् पनि कार्तिकादि संवत् भनेर प्राचीनकालदेखि सिद्ध मान्यता थियो । तापनि आषाढलाई चौथो महिना किन मान्न पुगे ?

मध्यकालीन केही अभिलेखहरुमा विक्रम संवत्को उल्लेख छन् तरभ्रामक तवरले प्रयोग भइ आएको पाइन्छ । राजा जयस्थिति मल्लको पालामा ने.सं ५११ आषाढको पाटन वुवहालको अभिलेखमा भ्रमबश तद्नुसारको विक्रम संवत् १४४४ उल्लेख गरिएको स्मरणीय हुनु जरुरी छ ।

५.२.२ विक्रम संवत् उल्लेख भएका अभिलेखहरु

ने.सं ५२४ चैत्रको पाटन सुनधाराको अभिलेखमा तद्नुसार विक्रम संवत्लाई श्री विक्रमराज वर्ष भनेर १४६१ दिइएको छ ।

नेसं ७९७ भाद्रको भक्तपुरको राजा जितामित्र मल्लको अभिलेखमा तद्नुसार विसं १७३४ दिइएको छ ।

ने.सं ७९८ माघको भक्तपुर टुँडिखेलको अभिलेखमा तद्नुसार विक्रम संवत् १७३५ भनी दिइएको छ ।

नेसं ८०१ माघको भक्तपुर कुमारीचोकको अभिलेखमा तद्नुसार विसं १७३७ दिइएको छ ।

नेसं ८०५ मार्गको भक्तपुर तलेजु चोकको अभिलेखमा तद्नुसार विसं १७४१ दिइएको छ ।

नेसं ८०८ वैशाखको भक्तपुर सुनधाराको अभिलेखमा तद्नुसार विसं १७४५ दिइएको छ ।

ने.सं ८०८ श्रावण को भक्तपुर दरवार ढुंगेधाराको अभिलेखमा विक्रम संवत्लाई श्रीविक्रम भनेर १७८९ दिइएको छ । यसरी नेसं ८०८ का यी दुई अभिलेखमा एउटामा विसं १७४५ दिइनु अर्कोमा १७८९ दिइनुलाई विचार गर्दाविक्रम संवत् नेपालको होइन अरु स्थानबाट आयातीत भएकोले सही कुन ठम्याउन नसकेको यो ज्वलन्त उहाहरण हो ।

ने.सं ८१८ फाल्गुणको भक्तपुर दरवार मालती चोकको अभिलेखमा विक्रम संवत्लाई श्रीविक्रम भनेर १७९९दिइएको छ ।

नेसं ८२८ माघको भक्तपुर डोलेश्वरको अभिलेखमा विसं १७६४ दिइएको छ ।

नेसं ८४३ श्रावणको भक्तपुर मूलचोकको अभिलेखमा विसं १७७९ दिइएको छ ।

नेसं ८८८ कार्तिकको भक्तपुर क्वाथनुको अभिलेखमा विसं १८२५ दिइएको छ ।

नेसं ८८९ मार्गको भक्तपुर बोडेको अभिलेखमा विसं१८२६ दिइएको छ ।

यी अभिलेखहरुमा उल्लेख भएका विक्रम संवत्हरु एउटा पनि मिल्दैनन् । यस्तो अवस्थामा नेपालले विक्रम संवत्लाई नै राष्ट्रिय संवत्को रुपमा अङ्गीकार गर्दै आउनु कति लज्जास्पद छ भन्ने कुरा बयान गरी साध्य नै छैन ।

५.२.३ विक्रम संवत्लाई गलत ढंगले अङ्गीकार हुदै आउनुमा मुख्य कारण

स्थायी र अचल सिद्धान्त भनेको नेपाल संवत् १ शक ८०१ को कार्तिक देखि शक ८०२ को आश्विनसम्म रहने हो यसलाई कुनै हालतमा पनि तोडमरोड गर्न पाइन्न । यो कुरा माथि पनि चर्चा गरी सकेको छ ।

नेपाल संवत् १ भनेको शक ८०१ को कार्तिकदेखि शक ८०२ को आश्विनसम्म रहन्छ भन्नु र नेपाल संवत्मा ८०१ र ८०२ जोड्नु भनेको धेरै फरक कुरा हो । नेपाल संवत् शुरु हुँदा लिच्छविकालदेखि चल्दै आएको लिच्छविसंवत् ८०३(३०३) भएकोले र नेपाल संवत् र लिच्छविकालदेखि चल्दै आएको लिच्छविसंवत् ८०३ भएको हुनाले नेपाल संवत्मा ८०२ जोडे पछि लिच्छविसंवत् आउने भएको हो । यो लिच्छविसंवत् शक संवत् किमार्थ होइन । यही लिच्छविसंवत्लाई पछि शाके संवत् भनियो र पछि शाके संवत् र शक संवत् भनेको एउटै हुन भनियो । फलस्वरुप नेपाल संवत्मा ८०२ जोडिएको लिच्छविसंवत्लाई नै शाके संवत्को नाम दिइनपुगिएको र यही शाके संवत्लाई नै शकसंवत्ठानिनु नै भ्रम हो । तव नेपाल संवत्मा ८०२ जोडिएको लिच्छविसंवत् मै १३५ जोडेर विक्रम संवत् बनाइ कृतिम रुपमा बनेको विक्रम संवत् नै अहिलेहामी नेपालीको राष्ट्रिय संवत् को रुपमा कायम छ । वास्तवमा भन्नु पर्दा यो विक्रम संवत्को जननीमाता भनेको अथवा शक संवत्मा १३५ जोडे विक्रम संवत् हुन्छ भन्ने एउटै सूत्रबाट जन्मेको हो । त्यो पनि शक संवत् कै गर्भबाट १३५ जोडिकन बनेको भए पनि रुप मिल्ने थियो भन्न सकिएलातर लिच्छविसंवत्को गर्भमा १३५ जोड्न ल्याएर जन्माएको विक्रम संवत् भएकोले यसको रुप रंग आनी बानी आकार प्रकार केही पनि मिल्दैन भन्ने प्रमाणित हुन्छ । विक्रम संवत्मा गतेको प्रावधान भएकोले विक्रम संवत् लोकप्रीय भएको भन्ने उपबुज्रुकहरुको भनाई सुन्नमाआउँछ । वास्तवमा ती बुज्रुकहरुले मध्यकालमा नेपाल संवत् नै राष्ट्रिय संवत् भै रहेको वेलामा वैशाख संक्रान्तिलाई मेष संक्रान्ति, साउने संक्रान्तिलाई कर्कट संक्रान्ति र माघे संक्रान्तिलाई मकर संक्रान्ति भन्दै आएको थियो भनेर पढेकै रहेन छ भन्ने स्पष्ट हुन्छ ।

५.३ शक संवत्को इतिहास

शक संवत्भारतको मौलिक संवत् भएकोले भारतका अभिलेखहरुमा ज्यादा जसो यसको उल्लेख पाइन्छ ।भारतका सवैजसो प्रायव्दीपहरुमा अत्यधिक प्रचलित रहेको संवत् यही शक संवत् नै थियो । कालान्तरमा अन्य भारतीय उपनिवेशहरुमा पनि यही शक संवत्कै लोकप्रीयता बढ्दै गएको कारणले नेपालका इतिहासकारहरुको धारणामा शक संवत् नेपालमा पनि भित्रिएको हो भन्ने बुझाइ छ ।त्यही भएर लिच्छविकालमा नेपालमा प्रचलित रहेको लिच्छविसंवत् नै शक संवत् भन्दै आइरहेका छन् ।वास्तवमा यो विल्कुल गलत बुझाइ हो । नेपालमा प्राप्त भएका तात्कालिक अभिलेख तथा मध्यकालीन अभिलेखहरु मध्ये कुनै एउटा अभिलेखले पनि यो कुरा पुष्टी नगरेको अवस्थामा पनि लिच्छविकालका अभिलेखमा उल्लेख भएका लिच्छविकालमा चलेको संवत् शक संवत् नै हुन् भनेर अन्धाधुन्ध तरिकाले पत्याएका छन् । यो वडो विडम्वना हो र नेपालको विशुद्ध इतिहास लेखनमा यो विडम्वनाले नकारात्मक भूमिका खेल्दै आइरहको छ ।

किनभने अकाट्य र स्पष्ट प्रमाणका आधारमा विचार गर्दा नेपाल संवत्को उठान शक ८०१ को कार्तिकमा भएकोले नेपाल संवत् १ भनेको शक ८०१ को कार्तिकदेखि शक ८०२ को आश्विनसम्म रहेको हुँदा लिच्छविकालमा चलेको संवत् यो प्रकारको संवत् थिएन भन्ने स्पष्ट हुन्छ । अतः नेपाल संवत् १ भनेकै लिच्छविसंवत् ८०३ भएकोले गर्दा नेपाल संवत्मा ८०२ जोड्दा लिच्छविसंवत् आउने हो र शक संवत् आउने कदापि होइन । सुमतितन्त्र लगायतका ग्रन्थहरुमा नेपाल संवत्मा ८०२ जोडे शक संवत् हुन्छ समेत लेखेर भ्रम पारी दिएकोले विद्धान लेखकहरुपनि त्यही भ्रम मै बहकिएको मात्र हो । यथार्थमा नेपाल संवत्मा ८०२ जोड्दा शक आउने नै होइन ।

तर एउटा कुरा नमानी सुखै छैन । त्यो के हो त भन्दा नेपाल मै कुनै पात्रो गणना गर्दा होस्, चाहे तिथिमिति गणना गर्दा होस, चाहे तारिख गणना गर्दा होस् कुनै पनि संवत् लाई सर्व प्रथम शक संवत्मा सतही गरी हिसाव गरेपछि मात्र हिसाव बन्छ अन्यथा बन्दैन । यसो हो भन्दैमा नेपालमा शक संवत् भित्रिएको हो, लिच्छविकालमा चलेको संवत् शक संवत् नै हो भनी अर्थ लाग्दैन । यी सवै कुराशक संवत्को इतिहासले पनि अझ स्पष्ट पार्छ ।

५.३.१ ऐतिहासिकता

शक संवत्माविज्ञान छ त्यो विज्ञान भनेकोगणना हो । सो गणनाको जुन पक्ष छ त्यसलाई लोकप्रीयता बढाउने काम चाहिँ विशेष गरी ज्योतिषवर्गहरुले प्रयोग गर्दै आए साथै शक संवत्को

विज्ञान चान्द्रगतिमा आधारितलाई शकहरुलेपनि अपनाए ।प्रसिद्ध प्राचीन ज्योतिष बराह मिहिरले पनि शकसंवत्कै गणनालाई अपनाए ।

भनिन्छ शक संवत्को सर्वप्रथम उल्लेख जैन ग्रन्थहरुमा आएको छ ।दक्षिण भारतमा शक संवत्को प्रचार पनि जैनहरुले नै गरे र जैनकृतिहरुमा शकहरुलाई जैनमतको रक्षक भनेर मुक्तकण्ठले तारिफ गरिएका हुनुले संभवतः शक संवत्को उत्पति वा आविस्कार जैनहरुबाट भएको हुनुपर्छ भन्ने विश्वास पाइन्छ ।शक संवत्को उत्पतिका संबन्धमा अनेक अनेक मतहरु प्रकाशमा आए । ती मध्ये धेरैजसो मतमा शकसंवत्को प्रवर्तक कनिष्क प्रथमलाई मानिएको छ(वाजपेयी, १९९२,पृ.३१)

जुनसुकै सालसंवत्को बारेमा कुरा गर्दा त्यसको मूल आधार चान्द्रगति र सौरगति कै कुरा आउँछ । चान्द्रगतिमा आधारित संवत्को कोटीमा पर्ने एउटा संवत् शक संवत् पनि हो । शक संवत् भन्नासाथ शकहरुले चलाएको साल संवत् भनेर बुझ्न खोज्छौं । शकहरुप्राचीनकालमा भारतभित्र प्रवेश गरे । भनिन्छ, शकहरु इरानबाट आएका लडाकु जाति हुन् र उनीहरुको भारत प्रवेश युध्द लडाईबाट भएको साथै शक संवत्को प्रचलन उनीहरुकै नामबाट देखा परेको छ । अतः शक संवत् भन्नाले ती शक जातिका शासकले शुरुवात गराएकोएक संवत् भन्न सकिन्छ ।

भारतको प्राचीन इतिहासले जहाँ शक शासकको आधिपत्य कायम भयो त्यहाँ शक संवत्को व्यवहार हुनथालेको चर्चा पाइन्छ ।खासमा शक तथा जैनहरुको बहुलता र प्रभाव नेपालमा परेको देखिदैन । त्यसकारण भारतमा शकहरुको आगमन कहिले कसरी भयो ? शकसंवत्को शुरुवात र निरन्तरता कसरी भयो? यसका मूलभूत सिद्धान्त के हुन् यी सबै कुराको समष्टिगत सिंहावलोकन गरी हेर्नु जरुरी देखिएकोले सोकोसंक्षिप्त विचार विमर्ष यसप्रकारछ ।

शक संवत्लाई प्राचीन ऐतिहासिक श्रोत सामाग्रीहरुमा शक नृप संवत्सर, शक नृप कालातीत संवत्सर, शकेन्द्रकाल, शककाल संवत्सर, शक समय, शकाव्द, शकाव्दे, शक शालिवाहन, शालिवाहन निर्मित शकवर्ष आदि नाम दिइएको पाइन्छ (वाजपेयी, १९९२,पृ. ३१) । यो संवत् भारतीय प्रायद्वीपहरु एवं दक्षिण पूर्व एशियाकोभारतीय उपनिवेशहरुमा लोकप्रिय थियो ।कालान्तरमा गणतन्त्र भारतले यो संवत्लाई भारतको राष्ट्रिय संवत् भनेर पनि मानेथ्यो (भट्टाचार्य, १९८२,पृ.१४४) । यो संवत्को शुरुको दिन चैत्र शुक्ल प्रतिपदा हो । पछिल्लो समयबाट यो संवत्मा १३५ वर्ष जोडे विक्रम संवत् आउने र ७८ वर्ष जोडे इश्वी सन्को वर्ष आउने भन्ने हिसाव नै अहिलेको बुझाइ बनेको छ ।

यो संवत्को शुरु उत्थान कसले गरेको, किन गरेको कुन घटनाको संस्मरणमा भएको हो भन्ने यकीन आधारछैन । यसमा धेरैको आ–आफ्नै अनुमान र अडकलहरु पाइन्छ ।यति सम्मकि भारतको भूमिमा जहाँ जहाँ शक जातिको प्रभुत्व कायम थियो त्यहां त्यहां शक संवत्को व्यवहार र प्रचलन लोकप्रिय रहे । भारतीय आदिवासीहरुले शकहरु विदेशीमूलका हुन भनेर भारतीय भूमिबाट धपाउने कोशिश गरी शक राजालाई हराउने कार्य जव भयो तब शक शासकलाई हराउने शासक जतिसवै बिक्रमादित्य कहलिए । शक माथि विजय गरिएको ठाउँमा शक संवत् हटाई विक्रम संवत् व्यवहार हुने गरेको प्रसङ्ग र पछि फेरी शकहरुले पुनः आफ्नो राज्य दख्खल गरी शक राज्य नै कायम गरेपछि विक्रम संवत् पुनः हटाई शक संवत् कायम गरिएको प्रसङ्गको आधारमाशक संवत् शकराज्य स्थापनाको उपलक्ष्यमा चलेको संवत् हो भनेर समेत प्रचारहुदै आएको छ । जसरी शकारि कहलिएका जतिलाई विक्रमादित्यको उपाधि दिइए जस्तै शक शासकहरुलाई पनिशालिवाहन उपाधि दिने गरिएको चर्चाहरु पाइन्छ । जसरी विक्रमादित्य उपाधि लिने शासक एक भन्दा बढी थिए भनेझैं त्यसरी नै शालिवाहन उपाधि धारण गर्ने शक क्षत्रप शासकहरु पनि एक भन्दा बढी छन् । शक संवत्को नाम शालिवाहन पनि हो किन्तु १३औ ।१४औ शताव्दीको शिलालेखदेखि मात्र यो विशेषण देखियो (वामनकाणे, १९९६,पृ.३१९) ।

भारतमा जव मौर्य बंशको समाप्ति भए त्यस उप्रान्त बिभिन्न ठाउँमा बिभिन्न वंशजहरुको उदय हुनथाल्यो । त्यसमध्ये शक योद्धाहरुको पनि भारतमा प्रवेश हुन गयो । भनिन्छ शक योद्धाहरु इरानबाट आएर शुरुमा शकहरु शिरनदीको तिरमा बस्दै आएका थिए ।युइसि योध्दाहरुले त्यहाँबाट खेदेपछि शकहरु बैक्ट्रीया भन्ने ठाउँमा गएर बसे ।त्यहाँ यवनहरु सित शक बीच घमासान युध्द भयो ।युद्धमा शकहरुको विजय भयो । त्यसपछि शकहरुले आफ्नो साम्राज्य द्रुतगतिले विस्तार गर्दै गर्दै भारतसम्म प्रवेश गरे भन्ने कथनपाइन्छ । तर त्यति वेलासम्म भारतमा शक संवत्को आरम्भ भएको थिएन ।

शकहरुले सर्वप्रथम सिन्धु नदीको छेउमा रहेको मीननगरलाई आफ्नो राजधानी बनाए । त्यसको साथसाथै शकहरुले आफ्नो लोकप्रीयता बढाउँदै लगे । त्यतिवेला उज्जयन राज्यका गर्दभिल नाम गरेका राजा अत्यन्त अत्याचारी थिए । त्यहाँका जनताहरु उनीदेखि असन्तुष्ट थिए । भनिन्छ ती असन्तुष्ट जनताहरुले नै शकहरुलाई सहयोग गरेर गर्दभिललाई अपदस्थ गराएका थिए । शकहरुको शासन शैलीदेखि धेरै प्रभावित भएपछि अन्य ठाउँका जनताहरुले पनि उनीहरुलाई नै साथ दिए । ती

ठाउँहरुका जनताले पनि शकहरुकै अधीनता स्वीकार गर्न थाले । एवं रीतले शक साम्राज्य विस्तार हुदै सौराष्ट्र, पुस्कलावती, काठियाबादसम्म पुगे(पासा,२०६१,पृ४–६) । आफ्ना अधीनस्थ राज्यहरु सवैतिर शकहरुले राम्रो व्यवस्था बसाल्दै लगे अनुरुप शक संवत्को व्यवहार र प्रचलनका सम्बन्धमा चाहिँ शकले चान्द्रगति अनुरुपको संवत्लाई अपनाउनुमा श्रेयस्कर मानेको अवश्य हो तर शक संवत् कुनै बंशलाई खतम पारी विजय स्वरुप बसालेको संवत् नभइ भारतमा पहिलेदेखि सौरमानको हिसाव र चान्द्रमानको हिसाव कायम रहेकोमा चान्द्रमान हिसाव बढी विश्वसनीय मानी शकहरुलेयो पद्धति अपनाएकोहो भन्न सकिन्छ ।

भारतका कतिपय लेखकहरुले शक संवत् दुई प्रकारको थियो भनी स्वीकारेको पाइन्छ । पहिलो शक संवत् चष्टनको कूलमा प्रयुक्त थियो । साथै शक मुद्रा र शिलालेखमा पनि प्रयोग भएको देखिन्छ । यो विषयमा अझै खोजको आवश्यकता छ भनेका छन् ।शक संवत् का बारेमा विभिन्न लेखकहरुको भनाइहरु यस प्रकार छन् ।

राजवली पाण्डेका अनुसार इसा पूर्व १२० देखि नै शक संवत्को शुरु भएको हो । यो संवत्लाई प्राचीन शक संवत् भनिन्छ । जव शकहरुले चष्टनको नेतृत्व पाएपछि शकहरुले अवन्तीमा दोश्रो पटक अधिकार जमाउन पाए । तब ई.७८मा उनले उत्तर शक संवत्को स्थापना गरे । जुन संवत् दक्षिण पश्चिम भारतका शकहरुले प्रयोग गरे । पछि अन्य ठाउँका भारतीय जनताहरुले पनि यो संवत् बढी सहज देखेर अपनाउन थालेपछि करिव १०० वर्ष निरन्तर प्रचलन भए । कालान्तरमा अनेक राजनीतिक वाध्यताबश शक संवत्को ठाउँमा मालव संवत् र गुप्त संवत्को व्यवहार गराइयो भनिएको छ (पाण्डे, २००८,पृ.१८२) ।

पं भगवद्दत्तका अनुसार भारतीय इतिहासमा शक काल दुई थरिका छन् । एउटा शक संवत् शक राज्यको आरम्भसँगै शुरु भएको र अर्को शक संवत् शक राज्य अन्त सँगै शुरु भएको भनेका छन् ।उनले यो पनि भने कि भारतमा शकाब्द नामको शक संवत् बढी प्रचलित थियो । भारतीय ज्योतिषहरुले लामो समयसम्म शकाब्दको प्रयोग गर्दै आएका थिए । यसबाट पनि भारतमा पहिले अर्कै शक संवत् को प्रचलन थियो भन्न सकिन्छ । यो कुराको उल्लेख यवन राजा स्फुजिध्वजले पनि गरेका थिए । भट्टउत्पलले शकाब्द ८८७ भन्दा धेरै पहिले १०४४ व्यतित भएको शक संवत् पाइन्छ भनेका छन् । यो शक कालको गणना चष्टनभन्दा पनि पहिले चलेको हुनुपर्छ पनि भनेका छन् ।फेरि चष्टन काल बिक्रम भन्दा धेरै पहिले थियो पनि भनिएका छन् । यी आधारहरुले शक संवत्को बारेमा त्यति स्पष्ट ढंगले खुलासा दिन सकेको देखिन्न (सत्यश्रवा, १९९४,पृ.१७४) ।

गौरीशंकर हीराचन्द्र ओझाका भनाइ अनुसार शक संवत्को प्रचारक को नाम अझै पत्ता लागेको छैन । करण ग्रन्थको आधारमा पञ्चाङ्ग बनाउदा सारा भारत वर्षका ज्योतिषहरुले शक संवत्को आश्रय लिए । पञ्चाङ्गहरुमा यो शक संवत्लाई गतवर्षको गन्ति लेख्ने चलन थियो भने शिलालेख दानपत्रहरुमा पनि गत शक नै लेख्ने गर्थे । वर्तमान शक कमै मात्र लेखिन्थे ।त्यसैले गत शक संवत्मा ३१७९ जोडे कलियुग संवत्, १३५ जोडे चैत्रादि विक्रम संवत् र ७८ वा ७९ जोडे इस्वी सन् आउँछ भनिएको छ । यसले यो स्पष्ट गर्छ कि १३५र ७८ जोड्ने घटाउने कुरा बर्तमान शकमा होइन गत शकमा मात्र हो है भनी बताइएको छ(ओझा १९९३,पृ.१७२) ।

ज्योतिषी रामचन्द्र पाठकले ज्योतिष ग्रन्थ मानसागरिमा शाके संवत्मा १३६ जोडे भने विक्रम संवत् हुने सिद्धान्त अघि सारेको पाइन्छ(पाठक, १९९०,पृ.९) ।

गोविन्द टण्डनको पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन भाग२मा पनि लिच्छविकालमा चलेको संवत् शक संवत् र मानदेव संवत् हो भनी मानीकन १३६ र ६३४ जोडेर कालक्रम मिलाउनु पर्ने सिद्धान्त अघि सारेकोलाई देखाउन सकिन्छ(टण्डन, २०५६,पृ.२-३९) ।

नेपालमा संवत्अङ्कित अभिलेखकोक्रम संवत् १०७ को जयवर्माको अभिलेखबाट शुरु गर्ने गर्दछौं । त्यसपछिको क्रममा संवत् ३८१ को पशुपतिको अभिलेख आउँछ । त्यो भन्दा पनि पछिको क्रममा मात्र महत्वपूर्ण ऐतिहासिक अभिलेख मानिएको संवत् ३८६ को चांगुको स्तम्भ अभिलेखलाई राखिन्छ । चाँगुको यस अभिलेखमा अङ्कित संवत् ३८६ लाई एकातिर यही शक संवत् हो भनेर सकार्ने गरेका छन् भने अर्कोतिर यसलाई शक ३८४ को कार्तिकदेखि शक ३८५ को आश्विनसम्म रहने कार्तिकादि संवत् भनेर पनि सकार्ने गरिएको सन्दर्भ हाम्रो सामु छरपष्ट नै छ ।संवत् ३८६ को अभिलेखमा तिथिमिति ज्येष्ठशुक्ल प्रतिपदा दिइएको हुनाले तद्नुसार शक ३८५ ज्येष्ठशुक्ल प्रतिपदा भनेर पनि सकार्दा आखिर शक संवत् कुन हो त? भन्ने अहम् प्रश्न यहीं निर उठीरहेको छ । यही प्रश्न संगसंगै शक संवत् भने पनि शाके संवत् भने पनि एउटै संवत् हुन् भनेर सकार्ने समूह पनि उत्तिकै सक्रिय छ । भारतीय मूलका कतिपय इतिकासकारहरु शक संवत् दुई थरिका छन् भनी रहेका छन् । तर नेपाली मूलका इतिहासकारहरु भनेएकातिर शक र शाके एउटै पनि भन्ने अर्कोतिर अभिलेखमा अङ्कित संवत् ३८६ लाई पनि शक मान्ने र त्यहीसंवत् ३८६ भनेको शक३८४को कार्तिक देखि शक ३८५को आश्विन सम्म रहने कार्तिकादि पनि मान्ने अनि कार्तिकादि शक भएकोले

जेठमा ३८७ हुन्छ भन्ने जस्ता अनर्गल कुरा अघिसार्नेहरु पनि देखापरेका छन् यस्ता तरहले ३८६ नैशक भन्दा भन्दै ३८५ र ३८७ हुनेचरित्र प्रकट भइरहनु भनेको ठीक कुरो अवश्यै होइन ।

काठमाडौ उपत्यकाभित्र पाइएका प्राचीन केही अभिलेखहरु मध्ये शक संवत् उल्लेख भएको पहिलो अभिलेखको रुपमा पाटन बुबहालको नेसं ५११को अभिलेखलाई देखाउन सकिन्छ । किनकि कलिराज वर्ष भनी कलिगत संवत् विक्रमराज वर्ष भनेर विक्रमसंवत् र शकराज वर्ष भनेर शक संवत्को उल्लेख आइरहेको छ । यसमा देखिएको सिद्धान्तले नत १३५ जोड्ने कुरा छ नत १३६ जोड्ने कुरा छ । अभिलेखमा दृष्टान्त रुपले शक संवत् १३१३ दिइएको छ(वज्राचार्य, २०६८,पृ.१८२) । शक संवत्मा १३५ जोड्दा विक्रम संवत् हुने भए १४४८ उल्लेख हुनु पर्ने थियो अझ शक संवत्मा १३६ जोड्दा विक्रमसंवत् हुने भएत झनै १४४९ हुनु पर्ने मा यी दुबै नभएर विक्रम संवत् १४४४ मात्र दिइएकोलाई दृष्टिगत गर्दा यो सिद्धान्त माथिको दिग्भ्रमित हो भन्न सकिन्छ ।

भक्तपुर दरवारभित्र नेसं ८०८ श्रावणको ढुंगेधाराको अभिलेखमा श्री शक भनेर शकसंवत् १६१० उल्लेख गरिएको छ (अभिलेखअङ्क१५, २०५४: ३३) । यसमा श्री विक्रम भनेर विक्रम संवत् १७८९ पनि दिइएको पाइन्छ । यसले थप अर्को सन्देह उव्जाइएको औल्याउन सकिन्छ ।

भक्तपुर दरवारभित्र कै मालती चोक को नेसं ८१८ फागुनको अर्को अभिलेखमा श्री शक भनेर शकसंवत् १६२० उल्लेख गरिएको छ(अभिलेख अंक१५, २०५४,पृ.३३) । यसमा श्री विक्रम भनेर विक्रमसंवत्१७९९दिइएको पाइन्छ । यसले पनि अर्को सन्देह उव्जाइएकोलाई यहाँऔल्याउन सकिन्छ ।

शक संवत्मा १३५ जोडे विक्रम संवत् आउने र ७८ जोडे इस्वी संवत् आउने हिसाव भारतमा प्रचलित शक संवत्को लागि हो तर यो सिध्दान्त हाम्रा इतिहासकारहरुले अंगीकार गर्नु उचित होइन ।नेपालमा जुन संवत्लाई शक संवत् वा शाके संवत् भनेर इतिहासमा कलम चलाउने लेखकहरुले मान्दै आएर ती मानेका शक वा शाके संवत्मा पनि १३५ ।१३६ जोड्दा विक्रमसंवत् आउने बताउनु र७८ ।७९ जोड्दा इस्वी संवत् आउने बताउनु ठीक थिएन । यसले नेपालको इतिहासको कालक्रमलाई तालमेलमिलाउदैन भन्ने बुझ्न जरुरी छ । वास्तवमा भारतमा प्रचलित शक संवत् र नेपालमा देखापरेको शक संवत् बीच एक रुपता छैन । यतातिर संवत् निर्णय गर्न खोज्ने अनुसन्धाताहरुको पनि दृष्टि पुगेको छैन । हुनतः नामले शकसंवत् भने पछि चाहे भारतका होस् चाहे नेपालका होस् सिध्दान्तर गणित एउटै हुनु पर्दथ्यो तर त्यसो भएन भन्ने कुराको प्रमाण

नेपालमा पाइने मध्यकालीन थुप्रै अभिलेखहरुलाई देखाउन सकिन्छ । किनकि ती अभिलेखहरुमा नेपालसंवत् मात्र होइन त्यसमा कलिगत संवत् विक्रम संवत् र शक संवत् समेत उल्लेख गरिएका छन् । फेरि नेपालमा शकसंवत् उल्लेख भएको पुरानो स्रोत पनि यिनै हुन् । यी स्रोतका आधारमा भारतीय सिद्धान्तको शक संवत् र नेपालीय सिद्धान्तको शक संवत्मा पृथकता औंल्याउने आधारयस्तो छ

५.३.२ नेपालमा शक संवत्को प्रयोग

नयनाभ्र नागा ८०२ नेपालसंवत्सरेन संयोज्यः सकराजम्भवतिः(पूर्णिमाअंक७८,२०४७,पृ.१४)यही सूत्रअनुसार नेपालमा नेपाल संवत्मा ८०२ जोडे पछि शक संवत् बन्ने सिध्दान्त बनेको छ । सोही अनुसार कार्तिकदेखि आस्वीन सम्मका हरेक तिथिमिति संवत्का अभिलेखहरुमा हेरियो भने नेपाल संवत्को अंकमा ८०२ जोडेर नै लिच्छविसंवत् बनेकोलाई भ्रामक तवरले शक संवत् बनाइएको दृष्टान्त प्रमाण भेटिन्छ ।

भद्रकल्पावदान नामक बौध्द ग्रन्थको पुष्पिका वाक्यमा नेपालसंवत् १०१४ कार्तिक शुदि ५ दिइएको छ । साथै तद्नुसार शाके १८१६ पनि दिइएको छ(अभिलेखअंक१५,२०५४,पृ. ३३) ।यसको मतलव नेपाल संवत्मा ८०२ जोडेर लिच्छविसंवत्लाई शाके संवत् बनाइएको प्रष्ट छ । यस्तैगरी अरु उदाहरण पनि यस प्रकार छन् ।

भक्तपुर ठिमी नगदेश मन्दिरको अभिलेखमा नेपाल संवत् ८८९ मार्ग शिल शुदि ४ दिइएको छ साथै तद्नुसार शाके १६९१ पनि दिइएको छ ।

भक्तपुर टुँडिखेल पोखरी निरको पाटीमा रहेको अभिलेखमा नेपाल संवत्७५० पौष कृष्ण एकादशी दिइएको छ साथै तदनुसार शाके १५५२ पनि दिइएको छ ।

भक्तपुर टुडिखेल ढोका निरको सत्तलको अभिलेखमा नेपाल संवत्७९८ माघमासे शुक्ल पक्षे पञ्चम्याम् दिइएको छ । साथै तद्नुसार ८०२ जोडिएको लिच्छविसंवत्लाई श्री शाके १६०० भनीदिइएको छ ।भक्तपुर दरवार मालती चोकको अभिलेखमा नेपाल संवत् ८१८ फाल्गुण मासे शुक्ल पक्षे नवम्यां दिइएको छ । साथै तद्नुसार ८०२ जोडिएको लिच्छविसंवत्लाई श्री सक १६२० भनीदिइएको छ ।

ललितपुर सुनधारा स्थित शिव मन्दिरको अभिलेखमा नेपाल संवत् ५२४ चैत्र कृष्ण अष्टम्यायां दिइएको छ । साथै तद्नुसार ८०२ जोडिएको लिच्छविसंवत्लाई नैश्री शक राज वर्ष १३२६ भनीदिइएको छ ।

भक्तपुर टुडिखेल सैनिकव्यारेक अगाडिको पाटीको अभिलेखमा नेपाल संवत्७५० वैशाख कृष्ण द्वादशी दिइएको छ । साथै तद्नुसार ८०२ जोडिएको लिच्छविसंवत्लाईशाके १५५२ भनीदिइएको छ ।

भक्तपुर तलेजु मन्दिरको अभिलेखमा नेपालसंवत् ८२६ जेष्ठमासे कृष्ण पक्षे चतुथी पर पञ्चम्यां तिथौ दिइएको छ ।साथै तद्नुसार ८०२ जोडिएको लिच्छविसंवत्लाई शक १६२८दिइएको छ ।भक्तपुर दरवार नजिकको गाहिटीको अभिलेखमा नेपाल संवत्७९८ आषाढ मासे शुक्लपक्षे दशम्यां तिथौ दिइएको छ । साथै तद्नुसार ८०२ जोडिएको लिच्छविसंवत् लाईश्री शक राज १६०० भनी दिइएको छ ।

भक्तपुर दरवार स्थित ढुंगेधाराको अभिलेखमा नेपालसंवत् ८०८ श्रावण शुक्ल पक्षे पूर्णिमास्यान्तिथौ दिइएको छ । साथै तद्नुसार ८०२ जोडिएको लिच्छविसंवत्लाई श्री शक १६१०दिइएको छ ।

भक्तपुर दरवार कुमारी चोकको अभिलेखमा नेपाल संवत्७९७ भाद्र शुदि द्वितीया दिइएको छ । साथै तद्नुसार ८०२ जोडिएको लिच्छविसंवत्लाई शक १५९९दिइएको छ ।

काठमाडौ रानी पोखरीको अभिलेखमानेपाल संवत्७९० आस्वीन मास शुक्ल पक्ष पूर्णमास्यान्तिथौ दिइएको छ । साथै तद्नुसार८०२ जोडिएको लिच्छविसंवत्लाईश्रीशाके १५९२ भनीदिइएको छ(अभिलेखअङ्क१५, २०५४,पृ.३३) ।

यी अभिलेख प्रमाणले यो सिध्द गर्यो कि नेपाल संवत्मा ८०२ जाडे पछि लिच्छविसंवत् आउने लाई भ्रमवश शक संवत् बताउने गरियो । यता इतिहासकारले विश्वास गर्ने गरिएको सुमतिसिद्धान्तमा पनि नेपाल संवत्मा ८०२ जोडे लिच्छविसंवत् आउने कुराको अज्ञानतावश शक अर्थात् शाके संवत् आउँछ भनी दिइएको छ ।

५.४ नेपाल संवत्को इतिहास

नेपालको प्रामाणिक ऐतिहासिक कालखण्डलाई लिएर विचार गर्दा जुन बेला नेपाल संवत्को शुरुवात भयो त्योभन्दा अघिको काल खण्डलाई नेपालको प्राचीन काल मानिन्छ र यही प्राचीनकाललाई लिच्छविकाल भनेर पनि मान्दै आएको पाइन्छ । नेपाल संवत्को शुरुवात भएर राष्ट्रिय संवत्को रुपमा सरकारी संवत् भएर चलुञ्जेलसम्मको अवधिलाई मध्यकाल भनेर लिइन्छ । यस्तै गरी नेपाल संवत्को ठाउँ शाके संवत्ले लिए देखिको कालखण्डलाई आधुनिक काल भनेर लिन सकिन्छ । अझ शाके संवत्लाई पनि छोडी त्यसको ठाउँ विक्रमसंवत्ले लिएपछि अत्याधुनिक काल भनी लिन सकिन्छ ।

नेपालसंवत्लाई लिएर एउटा सर्वमान्य चुस्त र छोटो परिभाषा बनाउन अति कठिन छ । किनकि व्यक्तिव्यक्ति, वर्गवर्ग, समुदायसमुदाय बीचमैफरकफरक मान्यता बोकेर बसेका पाइएकाले सर्वमान्य परिभाषा अझै बन्न सकेको छैन भन्नु कुनै अनौठो होइन । यसै बीच इतिहासकारहरु मात्र होइन वर्गवर्ग व्यक्तिव्यक्ति बीच पनिसाराले सकार्दै आएको एउटै लाइन भनेको नेपाल संवत्को शुरुवात भएको पहिलो दिन त्यो पनि इस्वीसनबाट AD 879October 20 Thursdayलाई लिइएको पाइन्छ । कतिपय व्यक्तिको भनाइमा विदेशी इतिहासकार कीलहर्नले लामो हिसाव गरेर निकालेको भन्दै विश्वास गर्दै आइरहेकोपनि देखिन्छ ।

त्यही भएर यहींबाट नेपाल संवत्को परिभाषा तयार गर्नतिर लाग्नु श्रेयस्कर लागेको छ तर यो मिति कसरी आएको त्यसको हिसाव विस्तार कसैले पनि कहीँ पनि उल्लेख गरेको पाइएको छैन । इस्वीसनमा ७८ घटाए भने शक ८०१ आउँछ । तारिख गणना गर्न शक संवत् ल्याउनु जरुरी छ र शक ८०१ को आषाढमा अधिकमास पर्ने अधिकमास तालिकामा पाइन्छ । नेपाल संवत् कार्तिकादि संवत् र शक चैत्रादि भएकोले नेपालसंवत् १ भनेको शक ८०१ को कार्तिकदेखि शक ८०२ को आश्विनसम्म रहने भएकोले शक ८०१ आषाढ यही अवधिभित्र परेको छ । त्यही भएर चैत्र शुक्ल प्रतिपदादेखि कार्तिक शुक्ल प्रतिपदासम्मको तिथिगण दिन कति हो, कहीँ कतै देखिएन । तव कीलहर्नको अनुसार ई ८७९ अक्टोवर २० तारिख बृहस्पतिवार नै हो भनी पत्याउने आधार केही पनि दिन सकेको छैन ।

५.४.१ ऐतिहासिकता

नेपालसंवत् शुरु भए देखि उपरान्त बनेकाविभिन्न ऐतिहासिक श्रोतहरुमानेपाल संवत्लाई नेपाल वत्सर, नेपाल देशीय संवत्, नेपाल संवत्सर, नेपालाव्द संवत्, नेपालिक संवत्सर, नेपाल सम्वत्सर, नेपाल देशीयाभिलिख्यमान संवत्, नेपाल संवत्सर, नेपालकि संवत्, श्री नेपालहायन, श्री नेपालिक संवत्, नेपालिक संवत्सरे, नेपाल संवत्, श्री नेपालिक संवत्सर, नेपाले तीत ....वत्सरे, श्रीमत् नेपालिक सम्वत्सर, नेपालिक वत्सर, नेपालिक अव्द श्रीमान् नेपालिक संवत्सर, नेपालिक अव्द, नेपालहायन, श्रीमन् नेपालिक श्रयोस्तु संवत्, श्री वर्षः नेपालिकः श्रयोस्तु संवत्, श्रीमन् नेपालिक संवत्सर, नेपालहायन संवत्श्री मन् नेपाली वर्ष, संवत्नैपालिकाव्दे,, नेपालाव्दगते, नेपालिकाव्दे, संवत् नेपाल वर्षे भन्दै कालान्तरमा आएर नेपाली पञ्चाङ्गमा नेपाल संवत्लाई शंखधरकृत नेपाल संवत्भनेर पनि उल्लेख गर्दै आएको पाइन्छ ।

नेपाली पञ्चाङ्गमा शंखधरले चलाएको शंखधरकृत नेपालसंवत् भनी सकारेदेखि ऋण मुक्तको चर्चा पनि सँगसँगै जोडिएर आएको पनि सकार्दै आएको छ । गणतन्त्र नेपालको अवस्थासम्म आइपुग्दा नेपालसंवत्ले पुन राष्ट्रिय मान्यता पाउनुको साथै, ऋण मुक्त पनि सकारे, शंखधरलाई राष्ट्रिय विभूतिको मान्यता पनि सकारेको अवस्था छ ।यति हुँदा हुंदै के कुरा बाँकी रह्यो भन्दा एक हिसावले केही पनि बाँकी भएन जस्तो पनि भयो तर त्यस्तो होइन सिंगैसही इतिहास चाहिँ जाँहीं को त्यहीँरहेर ओझेलको ओझेल मै रही रहेको अवस्था छ भन्दा केही फरक परेको छैन ।

नेपाल संवत्को वारेमा लेखिएका लेख पुस्तक थुप्रै छन् तर काम लाग्ने अझै कुनै पनि देखिएका छैनन् । साँच्चै भन्नु पर्दा नेपाल संवत् शुरु हुँदाको पहिलो दिन कुन भन्दा कार्तिक शुक्ल प्रतिपदाको दिन भन्ने मात्र जानिएको छ । त्यो बाहेक अरु थप कुरामा जसले जे मन लाग्यो त्यही लेख्दैआएका छन् ।

वास्तवमा नेपालसंवत्को शुरुको दिन कार्तिक शुक्ल प्रतिपदा नै हो तर त्यति भनेर पुगेन त्योदिन कीलहर्नले भने झै बृहस्पतिवार कै दिन हो वा होइन पक्का हुनु पर्यो । त्यो दिन कुन नक्षत्र पर्दछ, कति तारिख पर्दछ, विक्रम संवत् अनुसार कुन साल, शकअनुसार कुन साल, कतिगतअनुसार कुन साल, त्यो दिनको तिथिगण कति यी सवै कुरा हिसाव गरेर देखाएमात्र बलियो प्रमाण सिद्ध हुने निश्चित छ । कीलहर्नको तारिख निर्णयमा यी सवै छैनन् ।यी कुरामा कसैको ध्यान गएको पनि

छैन । केवल ध्यान केन्द्रित बालुवा पनि सुनमा परिणत हुन सक्छ भनी सिद्ध गर्ने कसरी त्यसैमा मात्र लागिरहेका देखिन्छन् । यथार्थमा यस्तै अनर्गल कुरामा समय बरवाद भै रहेका छन् ।

५.४.२ गणना

यसको लागि प्रमाणको रुपमानेपालसंवत् शुरु हुँदाको प्रथम दिनको तिथिमिति वार नक्षत्र तारिख सवै गणनाबाट प्रष्ट पार्न सकिने विषय हो र गणनाको सविस्तार यसरी प्रस्तुत छ ।तिथिमितिको वार नक्षत्रको गणना सूर्य सिद्धान्त, आर्य सिद्धान्त र ब्रह्मसिद्धान्त मध्ये जुन बाट गरेपनि हुन्छ । ती मध्ये ब्रह्मसिद्धान्तबाट गरिएकोतिथि मितिको गणना गर्दा आएको मध्यम गणनाको परिणाम यसप्रकार छ:–

लिच्छविसंवत् ८०३(३०३) अर्थात् नेपाल संवत् १ कार्तिक शुक्ल प्रतिपदा को वार नक्षत्र – शक ८०१ कार्तिक शुक्ल प्रतिपदाको तिथिगण २४१ वार ४(बुधवार)घडी ४१ पला ४ चन्द्रकेन्द्रको राशी ७ अंश ०.७ सूर्यकेन्द्रको राशी ५ अंश ९.० नक्षत्र १८(ज्येष्ठा) कला ४६१.७ आयो ।

यो तिथिमिति गणनामा वार बुधवार देखापरेको छर यसको तारिख गणना पनिगरेर हेर्दाको हिसावको पूर्ण न्यासयस प्रकार छ ।

लिच्छविसंवत् ८०३ र नेपालसंवत् १ भन्नाले नेपालसंवत्मा ८०२ जोडे पछि लिच्छविसंवत् ८०३ भएको हो ।

लिसं ८०३ अर्थात नेसं १ = शक ८०१ को कार्तिक देखि शक ८०२ को आश्विन सम्म रहन्छ

नेसं १ कार्तिकभनेको शक ८०१ कार्तिक हो ।

अत: नेपाल संवत् १ कार्तिक शुक्ल प्रतिपदा भनेको पनि शक ८०१ कार्तिक शुक्ल प्रतिपदा हो ।

(ध्यानाकर्षण :– कुनैपनि तिथिमिति को शक संवत् पत्ता लगाउनु भन्दा पहिले नेपाल संवत्मा ८०२ जोडिएको छ भने अथवा ने.सं सँग ८०२ अन्तर देखिन्छ भने त्यसलाई शक संवत् मान्नु हुदैन)

इष्ट शक= शक ८०१ । इष्ट इस्वी सन = इष्ट शक + ७८, इष्ट इस्वी =शक ८०१ + ७८ = ८७९ ।

तिथिगण ल्याउनु अघि इष्ट शक को वर्षमा अधिकमास छ छैन हेर्नु जरुरी छ ।अधिकमास तालिकामाशक ८०१ आषाढमा अधिकमास छ ।तव अधिकमास समेत गनेर तिथिगण ल्याउनु पर्छ ।

तिथिगण = चै१वै२जे३आ४, अधिकमास ५, श्रा६ भा७, आ८ + कार्तिक शुक्ल प्रतिपदाको दिन १= ८×३०+१=२४०+१=२४१ उपकरण दिन ।

न्यास १

विवरण	शक	ति.शु	वार	इश्वी	तारिख	रविकरण	चन्द्रकरण
ध्रुवकोष्ठ १ गतिकोष्ठ १, २ क्षेपक	−७८ ८०० ७६ ३ −	२४.२६ २९.९३ ०.७३ ३.१९ −	५.६९ ४.१० ४.४८ ३.७७ −	० ८०० ७६ ३ −	१८.९४[१] ५.१० ०.४८ ०.७७ ५९.००	१०५.७ ३५७.३ ३५९.७ ०.०	२८१.५ २१८.२ १४८.६ २३८.०
मेषादौ तिथिभोग्य कालान्तरम्	८०१	२८.४५[६] +०.५५	४.०४[५] +०.५५ +१.३८	८७९	८४.२९[४] +०.५५ +१.३८	२२.७[३] +०.५ −०.१२	८६.३[२] +०.५ +१.०
मेषतिथ्यन्ते गतिकोष्ठ ३ (पूर्वार्धे)		२९.०० २००.०० १०.०० २.००	५.९७ ०.८७ २.८४ १.९७		८६.२२ १९७.८७ ९.८४ १.९७	२३.०८ १९४.० ९.७ १.९	८७.८० १७२.१ ८.६ १.७
		२४१	४.६५		२९५.९०	२८८.६८	२७०.२
कार्तिक शुक्ल प्रतिपदाको रविपराख्य र चन्द्रपराख्य +०.२१ धनम्			+०.२१		+०.२१	−०.१३८ +०.२१	+०.३५६
			४.८६		२९६.११		
			−०.८६	८७९	−०.८६		
सूर्योदय कोष्ठ ४			४.०० बुधवार	अक्टोवर	२९५.२५ −२७३		
					२२.२५		

परिणाम= इश्वीसन ८७९ अक्टोवर २२ बुधवार ।

१.प्राचीनरीतमा दिइएको अंश ।२. योगफल लाई ३६०ले भाग गरी शेष फल ३. योगफल लाई ३६०ले भाग गरी शेष फल । ४. सामान्य वर्ष भएकोले ५९ जोडेको ५योगफल लाई७ ले भाग गरी शेष फल ।६. योगफल लाई ३० ले भाग गरी शेष फल ।

यसरी नेपाल संवत् १ कार्तिक शुक्ल प्रतिपदा अथवा नेपाल संवत् १ को पहिलो दिन शक ८०१ कार्तिक शुक्ल प्रतिपदा बुधवार ज्येष्ठा नक्षत्रतद्नुसार इस्वीसन ८७९ अक्टोवर २२ तारिख बुधवार भनी निर्णय भएको छ । शक संवत्मा १३५ जोडेपछि विक्रम संवत् आउने भएकोले विसं मा भन्नु पर्दा विसं ९३६ कार्तिक शुक्ल प्रतिपदा बुधवार भनी ठहर गर्न सकिन्छ । यस निर्णयकोआधारमाविसं ९३६ नैहो ं ९३७किमार्थ होइन भन्न सकिन्छ ।

यसप्रकार नेपाल संवत् शुरु भएको पहिलो दिनको विसं ९३६, इस्वीसन ८७९, शक ८०१लिसं ८०३(३०३) यी सवै आयो । कलिगत कति भन्ने पनिसहजै ल्याउन सकिन्छ । शक ८०१ मा ३१८० जोडियो भने कलिगत आउँछ भनेको मतलव शक ८०१+३१८०=३९८१ भयो ।

यो परिणामको आधारमा कीलहर्न अनुसार नेपाल संवत् शुरु भएको पहिलो दिनको तारिख भनेर दिने गरेको इसं ८७९ अक्टोवर २० तारिख बृहस्पतिवार भनेको पनि गलत रहेछ भन्ने ठहरियो । अक्टोवर २२ तारिख आउनु पर्नेमा उनको २० तारिख आएको अलिकति फरक परेको देखियो तर ध्यान दिनु पर्ने कुरा यो कि अक्टोवर २२ तारिख नै बुधवार पर्छ भने २० तारिख बृहस्पतिवार पर्ने संभावना नै छैनभन्न सकिन्छ । नेपाल संवत् शुरु भएको पहिलो दिन सौरार्य ब्राम्ह पक्षीय तिथि गणित र तारिख गणना दुवैबाट बुधवार आएकोले इस्वी ८७९ अक्टोवर २२ तारिखबुधवार नै ठीकठहरिएको छ । तद्नुसार वि.सं ९३६ कार्तिक ८ गते बुधवार पर्ने देखिएको छ ।

५.४.३ नेपाल संवत् सहित अन्य संवत् उल्लेख आएका अभिलेखहरु

यो कुरा इतिहासको कसिमा घोटी हेर्न यी अभिलेखहरुका संवत् प्रकरणहरुमा तुलनात्मक अध्ययन यस प्रकार छन् :

१.नेसं ५११ को लपु उवावहीको अभिलेखमा

अथ कलिराज वर्ष ४४९२ विक्रमराज वा १४४४ शकराज वर्ष १३१३ श्रीमत् नेपालिकः श्रेयोऽस्तु सम्वत् ५११ प्रथमाषाढ शुक्ल दशम्यायां सोमवासरे

(पूर्वमध्यकालका अभिलेख पृ.१८२)

लिच्छविसंवत् १३१३ – नेसं ५११ = ८०२

२.नेसं ५२४ को लपु सुन्धाराको अभिलेखमा

अथ श्री कलिगत वर्ष ४५०५ श्रीविक्रमराज वर्ष १४६१ श्रीशकराजवर्ष १३२६ श्रीमन्त नेपालिकःश्रेयोऽस्तु सम्वत् ५२४ चैत्र कृष्ण ।। अष्टम्यायां तिथौ बृहस्पतिवासरे ।

(पूर्वमध्यकालका अभिलेख पृ.२०७)

लिच्छविसंवत् १३२६ – नेसं ५२४ = ८०२

३.नेसं ७६१ को मखन शिवालयको अभिलेखमा

श्री शाके १५६३ श्री संवत्७६१ मासे ४ तिथौ ७ वारे २ आषाढे शुदी ७

(इतिहास संशोधनको प्रमाण प्रमेय पृ.६१)

लिच्छविसंवत् १५६३ – नेसं ७६१ = ८०२

४.नेसं ७९७ को भक्तपुरको अभिलेखमा ।

संवत्७९७ विक्रम १७३४ शक १५९९ कलि ४७७८ भाद्र शुदि द्वितीया ।

(अभिलेख संग्रह, भाग७ पृ.२५)

लिच्छविसंवत् १५९९ – नेसं ७९७ = ८०२

५.नेसं ७९८ को भक्तपुरको अभिलेखमा

श्री नेपाल संवत्७९८ श्रीशकराज १६०० कलिगत ४७७९ विक्रमादित्य १७३५ आषाढ मासे शुकल पक्षे दशम्यायान्तिथौ ....बुधवासरे ।

(अभिलेख संग्रह भाग ७ पृ.२७)

लिच्छविसंवत् १६०० – नेसं ७९८ = ८०२

६.नेसं ८०० को भक्तपुरको अभिलेखमा

सम्वत् ८०० नेपाल । । सम्वत् १७३७ विक्रम । । सम्वत् १६०२ शाके । । समवत् ४७८१ कलिगत । । माघ मासे शुकल पक्षे रवि सप्तमिस ।

(भक्तपुर राजदरवार पृ. १९७)

लिच्छविसंवत् १६०२ – नेसं ८०० = ८०२

७.नेसं ८०५ को भक्तपुरको अभिलेखमा ।

नेपाल सम्वत् ८०५ । । शक १६०६ विक्रम १७४१ कलि ४७८५ मार्गशिर कृष्ण नवम्यां चित्रा नक्षत्रे सुकर्म योगे यथाकरण मुहूर्ते शनैश्चरवासरे ।

(अभिलेख संग्रह भाग ७ पृ.२८)

शक १६०६ – नेपाल संवत् ८०५ = ८०१

यसरी ८०१ को अन्तर देखियो भनेर १६०६ लाई पक्का शक संवत् ठान्न सक्छ । तैपनि यो १६०६ शक संवत् होइनन् । नेसं ८०५ भनेको शक १६०५ को कार्तिकदेखि १६०६ को आश्विनसम्म रहने भएकोले मार्गमा शक १६०५ हुनु पर्ने हुन्छ तर मार्ग महिनामानै १६०६ लेखिनु गलत थियो । अभिलेखमा गलत लेखियो भन्दैमा गलत कुरालाई प्रमाण मान्न मिल्दैन ।

८.नेसं ८०८ को भक्तपुरको अभिलेखमा ।

नेपाल संवत् ८०८ श्री कलिगत ४७८९ श्री विक्रम१७८९ श्रीशक १६१० श्रावण माासे शुक्ल पक्षे पूर्णमास्यां तिथौ श्रवण नक्षत्रे सौभाग्य योगे यथाकरण मुर्हूर्तके बुधवासरे सिंह संक्रानित महापर्व्वणि ।

(भक्तपुर राजदरवार,पृ.२००)

लिच्छविसंवत् १६१० – नेसं ८०८ = ८०२

९.नेसं ८०८ को भक्तपुरको अभिलेखमा ।

सम्वत् ८०८ । । कलि ४७८९ विक्रम १७४५ शक १६१० वैशाख शुदि तृतिया

(भक्तपुर राजदरवार, पृ २००)
लिच्छविसंवत् १६१० – नेसं ८०८ = ८०२

१०.नेसं ८१८ को भक्तपुरको अभिलेखमा ।

नेपाल सम्वत् ८१८ कलिगत ४७९९ श्री विक्रम १७९९ श्री शक १६२० फाल्गुण मासे शुक्ल पक्षे नवम्यां तिथौ मृगशिर नक्षत्रे विष्कम्भ योगे यथाकरण मुहूर्ते बुधवासरे ।

(अभिलेख संग्रह भाग ४पृ.६)

लिच्छविसंवत् १६२० – नेसं ८१८ = ८०२

११.नेसं ८२६ को भक्तपुरको अभिलेखमा ।

कलिगताव्द ४८०७ विक्रमाव्द १७६३ शकाव्द १६२८ नेपाल संवत् ८२६ जेष्ठ मासे कृष्ण पक्ष चतुर्थी पर पञ्चमी तिथि शतभिषा नक्षत्र आयुष्मान योग बुधवार ।

इतिहास संशोधनको प्रमाण प्रमेय पृ.३४२)

लिच्छविसंवत् १६२८ – नेसं ८२६ = ८०२

१२.नेसं ८२८ को भक्तपुर डोलेश्वरको अभिलेखमा ।

कलिगताव्द ४८०८, शकाव्द १६२९ विक्रमाव्द १७६४ नेपाल संवत् ८२८ माघ वदि ९ ।

(अभिलेख संग्रह भाग ४, पृ.१३)

शक १६२९ – नेपाल संवत् ८२८ = ८०१

यसरी ८०१ को अन्तर देखियो भनेर १६२९ लाई पक्का शक संवत् ठान्न सक्छ । तैपनि यो १६२९ शक संवत् होइनन् । नेसं ८२८ भनेको शक १६२८ को कार्तिकदेखि १६२९ को आश्विनसम्म रहने भएकोले माघमा शक १६२८ हुनु पर्ने हुन्छ तरमाघ महिनामानै १६२९लेखिनु गलत थियो ।

१३.नेसं ८४३ को भक्तपुरका अभिलेखमा ।

अथ कलिगत ४८३३ विक्रमाव्दे १७७९ शक राज वर्षे १६४४ नेपाल संवत् ८४३ श्रावण मासे कृष्ण पक्ष सप्तम्यां प्र अष्टम्यां तिथो रोहिणी नक्षत्रे हर्ष योगे यथाकरण मुहूर्ते बुधवासरे ।

(भक्तपुर राजदरवार पृ १८८)

शक १६४४ – नेपाल संवत् ८४३ = ८०१

यहाँ चाही८०१ को अन्तर देखियो । जुन१६४४ दिइयोयो पक्का शक संवत् भन्नु पर्छ । नेसं ८४३भनेको शक १६४३ को कार्तिकदेखि १६४४ को आश्विनसम्म रहने भएकोले श्रावणमा शक

१६४४ हुनु पर्ने हुन्छ ।यहाँ श्रावण महिनामा १६४४ लेखिनु ठीकथियो । यो अभिलेखमा चाहिँ शक मिलाएकै हो तर शकमा ३१८० जोडेपछि कलिगत ४८२४ हुनुपर्ने मा ४८३३ दिइएको गलत छ ।

१४नेसं ८४६ को भक्तपुर चसपो को अभिलेखमा

शाकाव्द १६४८ विक्रमाव्द १७८३ कलिगताव्द ४८२७ नेपालसम्वत् ८४६ आषाढ शुदि १२

(भक्तपुर शिलालेख सूची पृ४५)

लिच्छविसंवत् १६४८ – नेसं ८४६ = ८०२

१५.नेसं ८५७ को भक्तपुरको अभिलेखमा

श्रीशाके १६५८ सम्वत् ८५७ पौष वदि १ ।

(भक्तपुर राजदरवार पृ २०६)

शाके १६५८ – नेसं ८५७ = ८०१

यसरी ८०१ को अन्तर देखियो भनेर १६५८ लाई पक्का शक संवत् ठान्न सक्छ । तैपनि यो १६५८ शक संवत् होइनन् । नेसं ८५७ भनेको शक १६५७ को कार्तिकदेखि १६५८ को आश्विनसम्म रहने भएकोले पौषमा शक १६५७ हुनु पर्ने हुन्छ तरपौष महिनामानै १६५८लेखिनु गलत थियो ।

१६.नेसं ८८८ भक्तपुरको अभिलेखमा ।

शाकाव्द १६९० विक्रमाव्द १८२५ कलिगताव्द ४८६९ नेपालसम्वत् ८८८ कार्तिक वदि १० ।।

(भक्तपुर शिलालेख सूची पृ४६)

लिच्छविसंवत् १६९० – नेसं ८८८ = ८०२

शकमा १३५ जोडेपछि विक्रम संवत् हुनुपर्ने मा लिच्छविसंवत् १६९० मै १३५ जोडिएको गलत हो । कलिगत कार्तिकमा४८६८ मात्र हुनु पर्ने ४८६९ दिइएको गलत छ ।

नेसं ८८८ भाद्र शुक्लचतुर्दशी (अनन्त चतुर्दशी) यो दिन गोरखाका राजा पृथ्वीनारायण शाहले कान्तिपुर जितेर लिएको दिन भनेर पनि इतिहासमा यकीन भैसकेको मिति हो । नेपाल संवत् कार्तिकादि भएकोले कार्तिक पहिले आउँछर भाद्र त्यो वर्षको अन्तिमतिर आउने भएकोले भाद्रमा नेसं ८८८ र विसं १८२५ भनेर इतिहासका घटनाहरुमा पाइन्छ । भक्तपुर क्वाथनुको अभिलेखमा नेसं ८८८ कार्तिक मै विक्रम संवत् १८२५ आइ दिनु एउटा सनसनी को विषय छ । अभिलेखको

मिति कार्तिक वदी १० आदित्यवार पूर्वा फाल्गुणी नक्षत्र जनाएको हुनु यो मितिको तिथिमिति र तारिख गणना गर्दा केही पनि मेल खान नआएको दृष्टिबाट विचार गर्दा तात्कालिक होइन पछि कल्पना गरी राखिएको कृतिम शिलालेख हो भन्नेप्रष्ट हुन आएको छ । यसमा दिइएको विक्रम संवत् १८२५ गलत, यसमा दिइएको कलिगत ४८६९ गलत, वार आइतवार गलत, नक्षत्र पूर्वाफाल्गुणी गलतत्यही भएर तिथिमिति गणना र तारिख गणना गर्दा यी कुरासँग विल्कुल वेमेल आएको छ । यसको मतलव शिलालेख नक्कली र कृतिम हुन् भन्न सकिन्छ ।

यसको लागि अर्को प्रमाण भनेको नेसं ८८८ कार्तिक र विसं १८२५ कार्तिक एउटै अभिलेखमा एकै दिनको मितिको रुपमा उत्कीर्ण हुनु भनेको कृतिम हो । किनकि नेसं ८८८ भाद्र शुक्ल चतुर्दशी (अनन्त चतुर्दशी) यो दिन गोरखाका राजा पृथ्वीनारायण शाहले कान्तिपुर जितेको दिन भनी प्रशिद्ध छ । यो आधारमा भन्नु पर्दा नेपाल संवत् कार्तिकादि भएकोले नेसं ८८८ कार्तिक भनेको पृथ्वीनारायण शाहले कान्तिपुर जित्नु अघिको अभिलेख भन्नु पर्ने हुन्छ ।

यता विसं १८२५ कार्तिक भन्नाले पृथ्वीनारायण शाहले कान्तिपुर जिती सकेको समय भन्ने प्रकट हुन्छ । किनकि विक्रम संवत् वैशाख देखि शुरु हुने संवत् हो । यो हिसावले हेर्दा भाद्र अघि आउँछ र कार्तिक पछि आउँछ । त्यसकारण एउटै अभिलेखमा दिइएको एकै दिन को मितिले दुइटा समयलाई इंगित गरिने देखिएकोले यो शिलालेख नक्कली खडा गरी थापना गरिएको रहेछ भन्ने प्रष्ट हुन्छ ।

१७.नेसं ८८९ को नगदेशको अभिलेखमा ।

सम्वत् ८८९ मार्गशिल शुदि ४ । ।श्री शाके १६९१ । ।

(अभिलेख संग्रह भाग ११ पृ १६)
लिच्छविसंवत् १६९१ – नेसं ८८९ = ८०२

१८.नेसं ८८९ को बोडेको अभिलेखमा ।

सम्वत् ८८९ मार्गशिल शुदि ४ । ।श्री शाके १६९१ विक्रमाव्द १८२६ कलि ४८७० ।

(अभिलेख संग्रह भाग ११ पृ १७)

लिच्छविसंवत् १६९१ – नेसं ८८९ = ८०२

शकमा १३५ जोडेपछि विक्रम संवत् हुनुपर्ने मा लिच्छविसंवत् १६९१मै १३५ जोडिएको गलत हो । कलिगत मार्गमा४८६९ मात्र हुनु पर्ने ४८७० दिइएको गलत छ ।

यस्ता उदाहरणहरु धेरै छन् । यी तमाम उदाहरणहरुमा लिच्छविसंवत्लाई नै शक र शाके लेखिएकोले लिच्छविकालमा चलेको संवत् शक संवत् नै रहेछ नि भनेर गलत अर्थ नलागोस् ।यसरी नेपाल संवत्मा ८०२ जोडेर शक संवत् आउने किमार्थ होइन । जव नेपाल संवत्मा ८०२ जोडिन्छ त्यो लिच्छविसंवत् हुन्छ ।लिच्छविसंवत् भनेको शक संवत् होइन । यी लिच्छविसंवत्मा२ घटाए पछि मात्र शक संवत् आउने हो ।शक संवत् चैत्रादि र लिच्छविसंवत् कार्तिकादि भएकोले लिच्छविसंवत् ८०३ याने नेपाल संवत् १ भनेको शक ८०१ को कार्तिकदेखि शक ८०२ को आश्विनसम्म रहने भएको हो । यसरी नेपाल संवत् १ भनेको शक ८०१ को कार्तिक देखि शक ८०२ को आश्विनसम्म रहने भनेको र नेपाल संवत् मै ८०१ र ८०२ जोडेर शक संवत् हुन्छ भन्नु फरक कुरा हो । अक्सर इतिहासका हाम्रा मूर्धन्य विद्धान मानिएका व्यक्तिहरुले यही गलत मान्यता बोक्दै आएका छन् । यो दुर्भाग्य भन्न सकिन्छ ।

५.४.४शंखधर साख्वाको भूमिका

शंखधर साख्वा नामक व्यक्ति किंवदन्ती कथामा वर्णन गरिएअनुसार एक उदात्त चरित्र भएका आदर्शपात्र थिए । साधारण व्यक्तिहरु धन संपत्ति थुपार्ने काम मात्र गर्थे भने शंखधर भने आफूसँग भएको सारा सम्पत्ति देशलाई सुम्पेर त्यस सम्पत्तिले ऋणमा डुवेर विलखवन्दमा परेका जति सारा नेपालीलाई ऋण मुक्त गराइ दिए भन्ने कथा छ ।

कथाको प्रकृति भनेको एकले अर्कोलाई सुनाउँदा पहिले सुनाउनेले जेजस्तो भनेको हो ठ्याक्कै हुवहु भाषा हुने हुँदैन । उसले अर्कोलाई सुनाउँदा स्वाभाविक रुपले अलि परिवर्तन भइहाल्छ तर इतिहास त्यस्तो हुँदैन । कथामा काल्पनिक आवरण दिइ प्रतिकात्मकता जति दिन सकियो त्यति मात्रामा कथा रोचक र सुनूँसुनूँ जस्तो लाग्ने हुन्छर श्रोताहरु ध्यानमुग्ध हुन पुग्छ यही विशेषताकथावाचक को हुने गर्दछ । एकले अर्कोलाई शंखधरको कथा सुनाउँदा सुनाउँदा अहिले कथाले अर्कै रुप लिइसकेको बुझिन्छ । मानौं कि शंखधर यति धेरै धनी थिएकि उसको घरमा थुप्रिएको पैसा बालुवाको थुप्रो जस्तो भनी प्रतीकात्मक ढंगले रोचकता प्रदान गर्न को लागि भनिएको प्रसङग अहिले मानिसहरुमा उल्टो छाप यो पऱ्यो किबालुवा सुनमा परिणत भयो भनी बुझ्न पुगे । यसलाई अर्थ लगाउन खोलाको नाम नै लुंखु तीर्थ बाट लखु तीर्थ बनेको, सुनकोशी भनेको सुन बग्ने नदी भएर सुनकोशी भनेको, बालुवामा सुन खोज्ने पेशा गर्नेहरु अहिलेसम्म पनि छन् भन्ने जस्ता अनेक अनेक अनर्गल अर्थ लगाउने पनिदेखा पर्न थाले तर यसरी कथाको भावनासँग बहेर कुनै उपलब्धि हुनसकेन । आखिरमा कुरो आइ अड्किन्छ कहाँ भन्दा इतिहास खोज्ने मै आएर अड्कियो । इतिहास कसरी

लेखिन्छ त भन्दा प्रमाण विना लेखिन्न ।प्रमाण खोज्दै जाँदा नेपालसंवत् उल्लेख भएका प्रमाण त गनी साध्य नै भएन लाखौं लाख छन् तर ती लाखौं लाख मध्ये शंखधर उल्लेख भएको एउटा त्यान्द्रो पनि भेटिएन । तव जाल प्रपञ्च रच्नेहरुको दिमागमा कीर्ते प्रमाण भए पनि तयार गरौं भन्ने विचारमा उद्यत हुन पुगे । वास्तवमा घाटा के मा पुग्यो भन्दा शंखधरको गरिमामानै पर्न गयो । यो कुरा उनीहरुले चालै पाएनन् । वरु त्यसो नगरी वंशावलीहरुमा जुन रुपमा चर्चा भएको हो ।किन लेखियो ?यसको आधार के थियो? त्यसको खोजीमा समय लगाएको भए अहिले सम्ममा मनग्ये उपलव्धि हासिल भै सक्थ्यो होलान् ।

५.४.५ वंशावली

वंशावली पनि नेपालको इतिहास निर्माणको लागि एउटाभरपर्दोश्रोत मानिन्छ । हुनपनिनेपालको इतिहास निर्माण नहुञ्जेलसम्म त्यस्तै वंशावलीहरुलाई नैइतिहास मानेरकाम चलाउँदै आएको थियो । खास गरी वंशावलीहरु राजा महाराजाहरुले आआफ्नो वंशको इतिहास तयार गर्न लगाउँथे । कर्कपेट्रिक, हेमिल्टन, डानियल राइट, यिनीहरुले पनि यस्तै खालको वंशावलीहरु भेट्टाएर नेपालको इतिहास लेखेका थिए ।

वंशावलीहरु मध्ये सवभन्दा पुरानो मानिएको गोपाल राज वंशावली हो । यो वंशावली सेसिल वेंडालले इ १९०३ मा पहिलो प्रकाश गरेका थिए ।केशर पुस्तकालयमा रहेको गोपालराज वंशावलीलाई संक्षिप्त गोपालराज वंशावली भन्ने गरिन्छ । यो संक्षिप्त गोपालराज वंशावली धनवज्र वज्राचार्य ले छपाएका थिए ।यी दुवै गोपाल वंशावली संस्कृत र नेवारी भाषामा लेखिएको हुँदा राम्रो सँग बुझ्न गाह्रो भएर नेपाली भाषामा वंशावली लेखाइयो ।इं १८३४ मा सिद्धिनारायण भन्ने व्यक्तिले तयार गरेको वंशावलीलाईभाषा वंशावलीभनिएको छ ।इं १८८२ मा तयार गरिएको वंशावलीलाई राजभोगमाला र १८८५मा तयार गरिएको वंशावली चाहिँ नेपाल देशको इतिहास नामक वंशावली हो । यी मध्ये भाषा वंशावली र राजभोगमाला वंशावलीमाशंखधरको कथा पाइन्छ । वंशावली इतिहासको एउटा महत्वपूर्ण स्रोत हो भने तापनि यसमा उल्लेख भएका सवैकुरा तथ्य नै हो भनी मान्न सकिदैन । अत: तथ्य हो होइन भनी एकीन गर्न अरु प्रमाणहरुको आधारमा मूल्याङ्कन गर्नु जरुरी हुन्छ भन्ने कुरा तथ्यपरक इतिहास लेख्ने इतिहासकारहरुको मान्यतामा सिद्ध छ ।

नेपालसंवत्को वारेमा सवैभन्दा पुरानो मानिएको गोपाल राज वंशावलीमा कसले कहिले चलाएको भनी केही बोलिएको छैन तर संक्षिप्त गोपालराज वंशावलीमा **जुजु राघवदेव तेन पशुपति भट्टारके संवत्सर प्रवृत कृता** भनेर उल्लेख भएको पाइएको हो । नेपाल संवत् आरम्भ हुनु भन्दा डेढ वर्षअघि लेखिएको सहोत्तर तन्त्र नामक ग्रन्थमा मानदेव नामक राजाको नाम उल्लेख पाइएको र राजाहरुको वंश क्रममा मानदेव नामक राजाको राज्यकालको लगत्तैपछि राघवदेव नाम गरेको व्यक्ति राजाको रुपमा देखिएको पाइएको हुँदाअर्को प्रमाणले पुष्टी देखिएको हो । यस प्रकार वंशावलीमा उल्लेख भएको कुरा अर्को प्रमाणले पनि बोलेको देखेरैराघवदेवको पालामा संवत् शुरु भएको भनेको नेपाल संवत् नै हुन भन्न सकिएको हो । त्यस्तै शंखधरको कुरा पनि अरु कुनै श्रोतमा देखिनु जरुरी थियो । कृतिम श्रोत खडा गरीभाषा वंशावली तथा राजभोगमालामा बाहेक अन्यत्र पाइएको छैन । भाषा वंशावली र राजभोगमालामा राजा आनन्ददेवको पालामा शंखधरले दुनियाको ऋण तिरी दिए भनिएको छ । नेपालको इतिहासमा आनन्ददेव नाम गरेको राजा नेसं २८३ मा आएर मात्र देखिएकोले देशवासीको ऋण मुक्त गरिदिएको घटना आनन्ददेवको पालामा नेपाल संवत् फेरिएको नयाँ वर्षको उपलक्ष्य पारेर गरि दिएको हुन सक्छ र त्यसवेला सम्पूर्ण आर्थिक श्रोत शंखधर साख्वाले व्यहोरेको पनि हुन सक्छ । हो आनन्ददेवको पालाका ऐतिहासिक स्रोतहरुको खोजी र अनुसन्धान हुनु जरुरी छ । संभवतः नेपाल संवत्को गरिमा र प्रख्याति ऋणमुक्तको घटनाले गर्दा नै पहिलेको भन्दा चौगुणा बढेको हुन सक्छ । ऋणमुक्त गरेको घटना यहाँ नेपालमा मात्र होइन भारत चीनतिव्वततिर पनि फैलिएर गइ नेपाल संवत्को ख्याति निक्कै चलेको हुँदा नेपाल संवत् नै शंखधरले चलाएको श्रेय दिइएको पनि हुन सक्छ । यतातिर पो अनुसन्धान हुनु पर्नेमा नेपाल संवत्को शुरुसँग शंखधर साख्वाको तादात्म्यता सिद्ध गर्ने तिर निरर्थक प्रयासमा लेखकहरु तल्लीन भइ लागिपर्नु मात्रलेअपेक्षित लाभ नभएको हो किएक दृष्टिले यसो पनि देखा परेको छ यसमाअवश्य विचार गर्नु पर्छ जस्तो लाग्छ ।

नेपाल संवत् शुरु भएदेखि यताका शिलालेखहरु मात्रैको संख्याको आङ्कलन गर्दा पनि दशौ हजारको रेकर्ड राष्ट्रिय अभिलेखालयमा मात्रै संकलित भएको पाइएका छन् । ती अलावा ताडपत्र, तामापत्र काष्ठ अभिलेख मूर्तिको पादपीठ अभिलेख, देश विदेशका अभिलेखालयमा रहेका, व्यक्तिविशेषका घरघरमा संकलित ताडपत्र लिखत, देशभित्र कै पुस्तकालय, सफूकुथि आदि ठाउँमा संकलित रहेको संख्यालाई छोडेर केवल राष्ट्रिय अभिलेखालयमा संकलित शिलापत्र तामापत्र, हस्तलिखित ग्रन्थ, माइक्रोफल्म गरिएका सवै मात्र पनि लाखौंको संख्यामा रेकर्ड गरिएका छन् भने नेपालसंवत्को अस्तित्व के हो ? बयान गरेर साध्य नभएको विषय हो । यति हुँदा हुँदै पनि नेपाल संवत् फलानामा

पनि छ ढिस्कानामा पनि छ भन्दै बीस तीस बटा नामावली सूची देखाएर नेपाल संवत्को महत्व भन्दै लेख लेख्ने लेखकहरुको यहाँ कुनै कमी छैन तर नेपाल संवत्मा लेखिएका ती अपार स्रोतलाई इतिहास लेख्नमा कुन स्रोत कति उपयोगी छन् भन्नेतिर लाग्ने, अनुसन्धान गर्नेहरु निक्कै कम छन् । यतिसम्म कि स्वदेश कै अगुवा इतिहास लेखकहरुलाई पनि नेपाल संवत् कार्तिक शुक्ल प्रतिपदाको दिन शुरु भएको भन्ने बाहेकथप जानकारी नभएको चर्चामाथि गरी सकेको छ । सुगा रटान जस्तै गरी किलहर्न भन्ने विदेशी विद्वानले इ. ८७९ अक्टोवर २० तारिख बृहस्पतिवार भनेको कुरा ठीक छ छैन कुनै परीक्षा नै नगरी अन्धाधुन्ध तवरले सकार्न सिवाय केही जानेको रहेन छ भन्ने विषय माथि पनि चर्चा भैसकेको छ । नेपालसंवत्को उल्लेख लाखौंलाख संख्यामा उल्लेख हुने तर शंखधरले नै चलाएको यो संवत् सत्य भएको भए भाषा वंशावली र राजभोगमाला वंशावली वाहेक अरुतात्कालिक मानिने श्रोत एउटा त्यान्द्रोमा पनि नभेटिनु भनेको के हो ?त्यो आफैमास्पष्ट भएको विषय हो । अफसोचका साथ भन्नु पर्दछ कि कृतिमरुपले कीर्ते शिलालेख बनाएर समेत शंखधरको अस्तित्व मध्यकाल मै भेटियो भन्दै आकासपाताल बखान गर्न पनि छोडिएन । यसरी इतिहास बिगार्ने छूट कसैलाई पनि छैन भनेर संझाउने अगुवाहरु पनि कोही देखा परेनन् ।शंखधरको विषयमा अध्ययन गर्दै गएको खण्डमा पनि नेपाल संवत्लाई प्रचार गराइ दिने कार्यमा उनको अतुलनीय योगदान रहेको सिद्धगर्न सकिएला तर संवत् उनैले चलाएका हुन् भनेर सिद्ध गर्न सकिने संभावना शून्य नै छ भन्नु कुनैअनर्थ होला जस्तो लाग्दैन ।

नेपाल संवत्को बारेमा कुनै थप सूचनाहरु भेटिए भने सर्व प्रथम यो लिच्छविसंवत् ८०३(३०३) को सट्टा १ गरी नयाँ क्रमबाट थालनी भएको संवत् हो । अत: नेपाल संवत् १ भने पनि लिच्छविसंवत् ८०३ (३०३) भने पनि यसको खास शुद्ध शक संवत् ८०१ को कार्तिक देखि शक ८०२ को आश्विनसम्म रहने हुंदा कार्तिकदेखि फागुन सम्म शक ८०१ मा १३५ जोडे विक्रम संवत् हुन्छ र चैत्रदेखि शक संवत् फेरिने हुँदा शक८०२ मा १३५ जोडेर विक्रम संवत् बनाउने हो । पौषमा इस्वीसन फेरिने भएकोले इस्वीसन शुरु भएदेखि चैत्रमा शक शुरु नभएसम्म शक ८०१ मा ७९ जोड्नु पर्छ अरु सवै महिनामा शकमा ७८ नै जोड्ने गर्नु पर्दछ । शक संवत् चैत्र शुक्ल प्रतिपदाबाट शुरु हुने र विक्रम संवत् वैशाख १ गते मेष संक्रान्तिबाट शुरुहुने भएकोले चैत्र शुक्ल प्रतिपदादेखि मेष संक्रान्ति लाग्नु अघि सम्म केही दिन १० देखि १२ होला त्यो अवधि बाहेक कार्तिकदेखि चैत्रसम्म शक ८०१ मा १३५ जोड्ने र वैशाखदेखि आश्विनसम्म शक ८०२ मा १३५ जोडे विक्रम संवत् हुने यो अध्ययनको निष्कर्ष हो । पञ्चाङ्ग पात्रोहरुमा चैत्र शुक्ल प्रतिपदा जुन वार पर्छ त्यो ग्रह त्यो वर्षको राजा कहलिने र मेष संक्रान्तिको दिन कुन वार पर्छ त्यो ग्रहलाई मन्त्री कहलिने

चलन छ । यो छोटो अवधिमा शक ८०१ मा १३४ जोडेर विक्रम संवत् बनाउनु पर्ने हुन्छ । किनकि वैशाख १ गते देखि मात्र विक्रम संवत्को अङ्कपरिवर्तन हुने भएकोले वैशाख १ गते देखि लाग्ने संवत्को त्यो भन्दा अगावै छोटो अवधि भएतापनि लेख्न पाइन्न भन्ने कुरा यो अध्ययनको निचोड पनि हो । अन्तमा मुख्य निचोड भनेको नेपालसंवत् शुरु भएको पहिलो दिन लिच्छविसंवत् ८०३ त्यसको छोटकरी ५०० अव्यक्त गरिएको महासामन्त अंशुवर्माको प्रयोगीय संवत् ३०३ नेपाल संवत् १ शक संवत् ८०१ विक्रम संवत् ९३६ कलिगत संवत् ३९८१ कार्तिक शुक्ल प्रतिपदा बुधवारको दिन पर्दछ । तदनुसारइस्वी सन AD879 October 22 Wednesdayपर्दछ । अतः कीलहर्न अनुसारको इस्वीसन तारिख वार खण्डन भइ असत्य सावित भएको पनि यो अध्ययनको निचोड नै हो ।

५.५ निष्कर्ष

यस अध्यायमा कलिगत संवत्, विक्रमसंवत्, शकसंवत् (शाकेसंवत्) र नेपालसंवत्को विषयमा विस्तृत विश्लेषण गरिएको हो ।लिच्छविकालमा चलेको संवत्मानाम र विशेषण केही पनि जोडिएको नहुँदा विभिन्न व्यक्तिले विभिन्न अडकलबाजी गरे अनि अनेकौँ मतहरुको जन्म हुन गएको देखिन्छ ।जसको कारण इतिहासका पाठकहरुले ती मतमतान्तर तिर बहकिनु परेकोले यथार्थमा हुनुपर्ने वास्तविक नेपालको इतिहासकै दुर्गतिहुँदै आएको पाइन्छ ।किनकि इतिहासको यथार्थतातिर भन्दा मतप्रतिपादक व्यक्तिको हैसियत हेरिहेरी उनीहरुको धारणाहरु ग्रहणगर्ने कि नगर्ने भन्नेतिर लम्किएको मात्र देखियो ।

वास्तवमा जुनवेला नेपालसंवत्को मात्र व्यवहार भइरहेको थियो त्यतिवेलाको अभिलेखहरुमा कलिगत, विक्रम र शक वा शाके संवत् समेतको उल्लेख किन आइरहेको छ भन्नेतिर कुनै पनि स्वदेशी वा विदेशी विद्वानहरुको ध्यान तानिएन यतिमात्र होइन यतातिर चासोसम्म पनि राखिएको देखिंदैन । यही कुरोलाई मनन गरी यो शोधमा ती संवत्को व्याख्या विश्लेषण गरी यसमा पनि के कस्ता त्रुटिहरूलाई निरन्तरता दिइआएको छ भन्ने विषयलाई उजागर गरिदिएको छ ।

अभिलेखहरूमा कलिगत संवत् भनिएको भए पनि सुमतितन्त्रमा यसलाई युधिष्ठिर, दुर्योधन संवत् पनि भनी उल्लेख गरेको पाइन्छ । यो संवत् विशेष गरी भारतका प्रान्तहरुमा देखापरेको चैत्रादि मानको सवभन्दा पुरानो संवत् हो । कतिपय अभिलेखहरूमा एउटामा दिइएको संवत् र अर्कोमा दिइएका बीचको परस्पर अन्तरमा फरक देखिएका पनि छन् । यसमा कुनै अन्यौल नभइकन

शकसंवत्को पहिचान भइसकेपछि त्यसमा हरवखत ३१८० जोडेरमात्र कलिगत संवत् आउने तथ्यलाई निश्चित गरी यो शोधमा औँल्याइएको छ ।

अभिलेखहरूमा विक्रमसंवत्को उल्लेख आइरहको भए पनि सुमतितन्त्रमा भने यसवारे कुनै एक शव्दको पनि उल्लेख छैन । तथापि सुमतितन्त्रको आधारमा लिच्छवि संवत्को गणना गर्दा विक्रमसंवतको आकर्षित किन गरियो भन्ने तिर कसैले पनि औँला उठाउन सकेका छैनन् । इतिहासका हरेक पाठकहरूको मनमस्तिष्कमा अहिलेसम्म यस बारेमा एक झिल्को पनि ध्यान नजानु आश्चर्य कै कुरा हो ।

वास्तवमाशकसंवत्मा १३५ जोडे पछि विक्रमसंवत् आउँछ भनी सुमतितन्त्रमा कतै पनि उल्लेख छैन र विक्रमसंवत् १३५ पछि शकसंवत् उठान भएको भन्ने कुरा प्रायः इतिहासकारहरूले उल्लेख गर्ने गरेका छन् । यसको मूल कुरो कहाँबाट यो निसृत भएको भनी बताउन सकेको स्थिति कही पनि छैन ।भारतीय इतिहासमा विक्रमसंवत्को उठान कलिगताव्दको ३०४४ र कलियुग संवत् ३०४५ मा भएको दिइएको पाइन्छ र शकसंवत्को उठान पनि कलिगताब्द ३१७९ र कलिगत संवत् ३१८० मा भएको भनी दिइएको आधारमा कलिगताव्द ३०४४ र ३१७९ बीचको अन्तर पनि १३५ र कलिगत संवत् ३०४५ र ३१८० बीचको अन्तर पनि १३५ भएको एकीन भएर आएको हो ।यसबाट कलिगताव्द भन्नु र कलिगत संवत् भन्नुमा के अन्तर रहेछ भनिरहनु परेन ।

यसरी शकसंवत् र विक्रमसंवत् बीच १३५ वर्षको अन्तर अवश्य ठीक हो तर शकपूर्व २ को लिच्छविसंवत्लाई नै शकसंवत् संझेर त्यसमा १३५ जोडेर बनेको कृतिम विक्रमसंवत्को कुनै ऐतिहासिक पृष्ठभूमि छैन भन्ने नै यो अध्यायको निष्कर्ष हो ।

शकसंवत् एक चैत्रादि वर्षमा आधारित गणित उपयोगी संवत् हो । भारतमा यो अति लोकप्रीयमानिएको संवत् हो र सरकारी स्तरमा इस्वीसंवत् व्यवहार हुनुपूर्वत्यहाँको राष्ट्रिय संवत्को रुपमा व्यवहार भइरहेको देखिन्छ ।लिच्छविकालमा नेपालमा प्रचलित संवत् कार्तिकादि संवत् भएको हुनाले तत्कालीन संवत् र शकसंवत् बीच कुनै एकात्मक सामीप्य छैन । तथापि लिच्छविकालमा शकसंवत् कै व्यवहार भएको जस्ता गलत मान्यतालेप्रभाव पार्दै आएको छ । यो गलत धारणाबाट उम्किनु नितान्त जरुरी छ भन्ने अर्को निष्कर्ष हो ।

लिच्छविकालमा चलेको संवत् र नेपालसंवत् बीच ८०२ वर्ष फरक बाहेक यी दुई संवत् बीच कुनै पनि फरक प्रकृति नभएको पक्षलाई लिएर अध्ययनगर्ने हो भने यी दुई संवत् एकै संवत् हुन् भन्ने

देखिन आउँछ । यी दुई संवत् बीचको सम्वन्धलाई तुलनात्मक अध्ययन गर्दा पहिलो संवत् व्यवहृत छँदाको अवधिले नेपालको प्राचीनकालको इतिहास खण्डको प्रतिनिधित्व गर्दछ भने दोस्रो संवत्ले मध्यकालको इतिहास खण्डको प्रतिनिधित्व गरेको छ । पहिलोले ऐतिहासिक कालखण्डको विशेषता बोकेको र दोस्रोले नेपालको राष्ट्रिय पहिचान बोकेको हुनाले सुरुमा संवत्मात्र कहलिएतापनि कालान्तरमा नेपाल देश कै नामबाट नेपालसंवत्रहको पाइन्छ । अतः यो संवत्सित बालुवा सुनमा परिणत भएको दन्त्यकथा– सित कुनै तालमेल छैन भन्ने पनि अर्को निष्कर्ष छ ।

अध्याय छः

लिच्छवि अभिलेखको संवत्

६.१ लिच्छविसंवत् र लिच्छविकालका अभिलेखहरू

लिच्छविकालमा चलेको संवत् भन्ने अर्थमा लिच्छविसंवत् अस्तित्वमा आएको हो । इशाको पहिलो शताब्दीदेखि नवौं शताब्दीसम्मलाई लिच्छविकाल मानिएको छ(रेग्मी, २०६०,पृ.६३ । त्यसपछि नेपाल संवत् देखापरेको कारणले ऐतिहासिक काल परिवर्तन भएको मान्न थालेको हो ।सामान्यतया शासकको वंश परिवर्तन हुन ठूलठूला युद्ध लडाइँपछि मात्र संभव हुने हुन्थ्यो तर लिच्छविकालपछि मध्यकाल शुरु हुन कुनै लडाइँको घटना घटेको नभइ लिच्छविकालमा प्रचलित संवत्मा केही समस्याहरु देखा परेको कारणले पुनः पहिलेको संवत्लाई नवीकरणको रुपमा १ देखि शुरु गरेको नयाँसंवत्सुरु भईकालान्तरमा यो नेपाल संवत् कहलिए । त्यसपछि ऐतिहासिक कालखण्डको पनिपरिवर्तन भएको मानियो ।लिच्छविकालमा प्रचलित संवत्लाई शकसंवत् मानियो कि भारतको प्रचलित शकसंवत् सितको सादृश्य हुन जानेहुन्छ तर त्यो सँग ठीक दुरुस्त नहुनु र अधिकमास मान्ने समस्या रहेको र अर्को २९ देखि सुरु भएको संवत् छ । यदि यो १ देखि सुरु भएर आएको भए पनि सायद समस्या नहुने थियो कि यस्तै धेरै द्विविधाहरु उत्पन्न हुँदै आएकोले ती द्विविधाहरु समाधान गर्न १ देखि अर्कोसंवत्को सुरुवात गराउन आवश्यक देखिए ।१ देखि सुरु गरि लिच्छविसंवत्को ठाउँमा नेपाल संवत्ले ठाउँ ओगट्ने काम गरेको हो ।

६.२ लिच्छविकालका अभिलेखमा देखापरेका संवत्

अभिलेख भेटिनुभन्दा अघि संवत्को प्रचलनकसरी कुन हिसावले थियो त्यो अज्ञात नै देखियो । सम्राट अशोकको अभिलेख लुम्बिनी र निग्लीहवाको पाइएको आधारमा भन्नु पर्दा त्यतिवेला शासकहरुको राज्याभिषेक भएको वर्षलाई नै संवत्को रुपमा ग्रहण गर्ने चलन थियो भनेर देखाउँछ । हुनत श्रृष्टि संवत्, कलिगत संवत् बुद्ध संवत् भनिएका संवत्हरु सम्राट अशोक भन्दा अघिका देखिन्छन् तर ती संवत्का बारेमा उनलाई कुनै ज्ञान भएको बुझिदैन ।

धेरै वर्षपछि आएर भारतमा शक संवत्को शुरुवात भएपछि यसको वैज्ञानिकता र विश्वसनीयताले गर्दा लोकप्रीयता धेरै व्यापक हुन गए । हुनत शक संवत्भन्दा पुरानो संवत्विक्रम संवत्, इस्वीसन, हुँदाहुँदैशक संवत्को सुरुवात किन भयो?कसरी भयो ?भन्नेकुरा चासोको विषय हो । इस्वीसन पश्चिमा मुलुकमा प्रचलित संवत् हुन् । सायद यो संवत्को प्रचारले भारतमा प्रवेश पाएको थिएन

तर विक्रम संवत् त भारतकै संवत् थिए । त्यसैले विक्रम संवत् हुँदाहुँदै भारतमा शक संवत्को प्रादुर्भाव किन भयो भन्ने सम्बन्धमा विक्रम संवत् र शक संवत्को बारेमा माथि चर्चा गरिसकेको छ ।

नेपालको प्राचीन इतिहासको सन्दर्भमा भन्नुपर्दा सम्राट अशोकका अभिलेख भेटिएको ५०० वर्षपछि एकै चोटी जयवर्माको अभिलेख भेटिएको छ ।यसमा संवत् १०७ को उल्लेखआएको छ(प्राचीन नेपाल अंक१३५,पृ.१-३) । त्यसपछि एकैचोटी संवत् ३८१ को अभिलेख पशुपति प्रागणमा भेटिएको छ(रेग्मी, २०५३,पृ.२) तर यी अभिलेखको संवत् कुन संवत् थिए त भन्ने संकेत ग्रहण गर्ने आधार देखिएन । किनकि संवत्को अघि कुनै विशेषण जोडिएको थिएन । त्यसपछि संवत् ३८६को अभिलेख चांगुनारायण प्राँगणमा रहेको स्तम्भलेखमा
भेटिए ।(वज्राचार्य, २०३०,पृ.१४) । यसमा यो संवत् कुन थियो त भनेर तुलनात्मक अध्ययन गर्ने संकेत प्रशस्त रहेको देखिन्छ तर इतिहास अध्ययन गर्नेहरुले यसलाई राम्रोसँग प्रयोग गर्न सकेन भन्न सकिन्छ ।किनकि यसमा बार नक्षत्र मुहूर्त आदिको उल्लेख आएको छ । यी कुरा वास्तवमा संवत् चिन्ने संकेतहरु थिए् ।

त्यसपछिका अभिलेखहरुमध्ये संवत् चिन्ने संकेत भएको अभिलेख विष्णु पादुका फेदीको मानदेव प्रथमका पालाको संवत् ३९८ को अभिलेखमा अधिकमासको उल्लेख आएको पाइन्छ । यो अधिकमास पनि संवत्लाई चिनाउनेएक संकेत हुन् । त्यसवेला अधिकमासले आषाढ र पौषलाई बुझाउँथ्यो । किनकि लिच्छविकालमा अधिकमास आषाढ र पौषमा मात्र मान्दथे र यो पद्दतिको प्रचलनमध्यकालसम्म पनि कायम थियो । यसमा विचारणीय कुरा यो छ कि भारतमा यसप्रकारको पद्दति छ भन्ने जानकारी कतै सुनिएको पाइएको छैन । अतःयो पद्दति नेपालको मौलिक पद्दति हुनुपर्ने संकेत मिल्दछ परन्तु यसमा अचम्मको विषय यो देखियो कि भारतको शक संवत्तिर हेरियो(पन्त, २०४३,पृ.२९४) भने शक ३९७आषाढमा अधिकमास परेको देखिने भने नेपालतिरको अभिलेखमा हेरियो भने लिच्छविकालमा चलेको संवत् ३९८ आषाढमा अधिकमास परेको देखिएबाट स्पष्ट यो बुझियो कि भारतमा शक ३९७ आषाढ हुँदा नेपालमा शक भनिएको लिच्छविकालको संवत् ३९८ आषाढ हुने भएबाट यी दुइटै शक संवतै् हुन् भनी दावा गर्न मिल्दैन । यसबारेमा संवत् ३९८ को अभिलेखको व्याख्या विस्तृत रुपले दिइसकेको छ ।जेहोस्लिच्छविकालमा प्रचलित संवत् लाई पनि शक संवत् नै हो भनेर मान्नुभ्रम हो भन्नसकिन्छ ।

त्यसपछि मानदेव प्रथमको अन्तिमकालको संवत् ४२७ को दुई अभिलेख भेटिएकोमाचाँगुको निरपेक्षको अभिलेख कार्तिक महिनाको हुनु र सूर्यघाटको विजयवतीको अभिलेख आषाढको हुनुले स्पष्ट संकेत यो दिइयोकि त्यतिवेला चलेको संवत् कार्तिकबाट सुरु हुने संवत् रहेछ । कारण यो कि मानदेव प्रथम संवत् ४२७ को कार्तिकसम्म जीवित थिए भने आषाढमा मानदेव प्रथम देहावसान भैसकेको संकेत हामी पाउँछौ(वज्राचार्य, २०३०,पृ.८३) । यो आधारलाई लिएर भन्नुपर्दा शक संवत्सितत्यतिवेला प्रचलित संवत्पृथक छ भन्ने संकेत पाउन सकिन्छ ।

त्यसपछि आएर राजा बसन्तदेवको पालाका अभिलेख मध्ये पाटन बाहालुखाका संवत् ४३५ को अभिलेखविशेष महत्वको छ । किनकि यसमा पनि संकेत प्रशस्त रहेको औंल्याउन सकिन्छ । यो संकेत भनेको अधिकमास हो । मतलव अभिलेखमा संवत् ४३५को वर्षमा अधिकमास रहेछ (वज्राचार्य, २०३०,पृ.११३) । यो आधारलाई लिएर भन्नु पर्दा यो संवत् शक संवत्सित पृथक छ । यद्यपि भारतमा प्रचलित शक संवत्मा हेरियो भने शक ४३५को वर्षमा अधिकमास देखिने र नेपालमा लिच्छविकालमा प्रचलित संवत्४३५ मा पनि अधिकमास देखिएबाट ती दुवै शक हुन्कि भनी अनुमान गर्नु स्वाभाविक हुन्छ तर भारतको शक४३५ आषाढमा अधिकमास देखिने र नेपालको लिच्छविसंवत् ४३५ पौषमा अधिकमास देखिएबाट छ महिनाको अन्तर किन देखापर्छ ?यो बडो चासोको विषय हो । वास्तवमा यो बारेमा इतिहासविद्हरुको ध्यानाकर्षण भइरहेको छैन भन्ने संकेत मिल्छ ।

राजा बसन्तदेवको अर्को अभिलेख संवत् ४४९ को किसिपिडीको अभिलेख हो यसमा पनि अधिकमासको उल्लेख आइरहेको छ(वज्राचार्य,२०३०,पृ.१३६) । यो अभिलेखमा प्रथमाषाढ भनेर आषाढमा अधिकमास परेको उल्लेख छ । केरो लक्ष्मणछत्रेको अधिकमास क्षयमास तालिकामा हेरियो भने शक ४४९को वर्षमा अधिकमास दिइएको छैन तर शक संवत्को ४४८को फागुनमाअधिकमास परेको हुनु र नेपालको प्राचीन अभिलेखमा संवत् ४४९ आषाढमा अधिकमास परेबाट शक ४४८ को वर्षमा हाम्रो संवत् ४४९ हुनुपर्ने भएबाटलिच्छविकालमा प्रचलित संवत् ४४९ शक संवत् होइनन् भनेर संकेत प्रष्ट हुन आउंछ ।

यस्तैगरी लिच्छविकालमा प्रचलित रहेको संवत् ४७९ को काठमाडौ ब्रह्मटोलको अभिलेखमा आषाढमा अधिकमास परेको हुँदा द्वितीय आषाढभनेर उल्लेख आएको छ(वज्राचार्य, २०३०,पृ१८५) । अधिकमास तालिकामा हेरियो भने शक ४७९ मा अधिकमास परेको उल्लेख पाईदैन । तर शक ४७८को भाद्रमा भने अधिकमास परेको हुनुले शक४७८ को अधिकमास हाम्रो लिच्छविसंवत्

४७९को आषाढमा ल्याएर मनाएबाट लिच्छविसंवत् ४७९ लाई पनि शक भन्न पाउने अवस्था देखिएन । यसको मतलव शक ४७८ भाद्रको अधिकमास हाम्रो लिच्छविसंवत् ४७९ को आषाढमा मनाएको हुँदाहुँदै लिच्छवि सवत् समेतलाई शक संवत् भन्नु निश्चय पनि उचित होइनन् भन्ने सङ्केत मिल्दछ ।

राजा गणदेवको पालाका थानकोट भेककासंवत् ४८२ का अभिलेखहरू एउटै मितिका छन्(वज्राचार्य,२०३०,पृ.१९१) । ती मध्ये बलम्बु र किसिपिडीका अभिलेखहरुमा तिथि प्रतिपदा उल्लेख भएरपनि १ को उल्लेख आउनुले त्यो १ ले बार आइतवारलाई जनाएको हो कि भन्ने संकेत पाइन्छ । यसको मतलव लिच्छविसंवत् ४८२ लाई शक ४८२ मानेर बार गणना गरि हेर्न सकिने आधार बनेको छ । यो पनि एउटा संकेतको एक नमुना नै हो ।

राजा गणदेवकै पालाका पशुपति देउपाटनको स्वामीवार्तको संवत् ४८७ को अभिलेखमा अधिकमासको उल्लेख आएको छ(वज्राचार्य, २०३०,पृ.१९९) । अधिकमास क्षयमास सारणीमा हेर्ने हो भने शक ४८७ को वर्षमा अधिकमास छैन । सारणीमा दिइएअनुसार शक ४८६को आस्विनमा अधिकमास परेको र त्यही अधिकमासलिच्छविसंवत् ४८७ को आषाढमा प्रथमाषाढ भनेर उल्लेख गरिएबाट लिच्छविकालमा चलेको संवत् शक संवत् थिएन भन्ने प्रष्ट हुन्छ ।

यस्तैगरी लिच्छविकालमा प्रचलित रहेको संवत् ५१७ को धर्मस्थली र बुढानीलकण्ठको शिवदेव, अंशुवर्माकोअभिलेखमा आषाढमा अधिकमास परेको हुँदा प्रथमाषाढभनेर उल्लेख आएको छ(वज्राचार्य, २०३०,पृ.२६१) । अधिकमास सारणीमा हेरियो भने शक ५१७ मा अधिकमास परेको उल्लेख पाईदैन । सारणीका अनुसार शक ५१६ को भाद्रमा अधिकमास पर्ने दिइएको छ । यसरी शक ५१६ भाद्रको अधिकमासलिच्छविसंवत् ५१७ को आषाढमामनाएबाट लिच्छविकालमा चलेको संवत् शक संवत् होइनन् भन्ने प्रष्ट हुन्छ ।

यस्तैगरी शिवदेव, अंशुवर्मा को संवत् ५१९ को सतुंगलको अभिलेखमा पौषमा अधिकमास परेकोले प्रथमपौष भनेर उल्लेख आएको छ(वज्राचार्य, २०३०,पृ.२६४) । अधिकमास सारणीमा शक ५१९ कै आषाढमा अधिकमास पर्ने दिइएको छ ।लिच्छविकालमा चलेको संवत् यदि शक संवत् भएको भए जस्तै शक ५१९को आषाढमा अधिकमास परेपछि लिच्छविसंवत् ५१९को आषाढमानै अधिकमास मानेको हुनुपर्नेमा ५१९को पौषमा गएर अधिकमास मनाउनुले लिच्छविकालमा प्रचलित संवत् शक संवत् थिएन भन्ने प्रष्ट हुन्छ ।(वज्राचार्य, २०३०,पृ.२९४)

लिच्छविकालमा चलेको संवत्लाई शक संवत्को निकटस्थमा राखी हेर्ने दृष्टिकोणमा थप उर्जा पाटन बहालुखाको संवत् ४३५ को अभिलेख र सतुंगलको संवत् ५१९ को अभिलेख ले दिएको आभास पाइएको देखिन्छ । तर एक मत हुने आधार भने बनेको थिएन । यत्तिकैमा शिवदेवले शासनको वागडोर महासामन्त अंशुवर्मालाई सुम्पेको देखिनु र महासामन्त अंशुवर्माले एकै चोटी संवत् २९ बाट शुरु गरेको देखिएपछि संवत्को बारेमा विभिन्न किसिमको अडकलहरु अनुरुप व्याख्याहरु देखा परे । फलस्वरुप लिच्छविकालमा चलेको संवत्को विषयमा मतमतान्तर क्रम सुरु भयो ।सोही मतमतान्तरको घेरा भित्र एउटा मतको छनौट हुंदा लिच्छविकालमा चलेको संवत् दुईथरि हुन् । ती दुईथरि भनेका संवत्मा मानदेव प्रथमदेखि देखिएको संवत्लाई शक संवत् नै मान्ने र अंशुवर्मादेखि देखिएको संवत्लाईमानदेव संवत् मान्ने जुन वि.सं ६३३ देखि सुरु भएको भनी कल्पना गरिएको छ ।

यही छनौट भएको मतका आधारमासंवत् ३१ को अभिलेखहरुमा भक्तपुर इनाय् टोलको अभिलेखमा द्वितीय पौषको उल्लेख देखापरेकोले योवर्ष अधिकमास परेको संकेत दिइयो । अर्को संकेत भनेको संवत् ३१ माघ शुक्ल त्रयोदशीको चांगुनारायणको अभिलेखमा बार नक्षत्रको समेत उल्लेख आएको हुँदा बार गणना गर्ने सिद्धान्त आकर्षित हुन गयो । यसमा मुख्य चुनौती लिच्छविकालमा चलेको संवत् दुई थरि नै मानिए तापनि ती दुवै थरि संवत्हरु कार्तिकबाट सुरु हुने संवत् हुन् भन्ने लाइनमा आउनै पर्ने बाध्यता पनि छ ।

बार गणना गर्ने सिद्धान्त त आकर्षित भए तर त्यो सिद्धान्तले टेक्ने आधार पनि मान्नु स्वाभाविकहो । बार गणनाको लागि टेक्ने आधार को रुपमा सुमतितन्त्रको मूल वाक्यलाई आधार बनाइयो ।वास्तविकता यो पनि छ कि सुमतितन्त्रमा विक्रम संवत्को उल्लेख छैन । यसमा उल्लेख भएका युधिष्ठिर , दुर्योधन संवत्को कुनै प्रयोजन नहुनु, नन्दसंवत्को कुनै प्रयोजन नहुनु, चन्द्रगुप्त संवत्को कुनै प्रयोजन नहुनु, शुद्रकदेव संवत्को कुनै प्रयोजन नहुनु साथसाथै सुमतितन्त्रको पनि प्रयोजन नहुनु हो । यी पक्षलाई थाती राखेर शक संवत् ४९८ र मानदेव संवत् ३०४ लाई मात्र प्रयोजनको लागि ग्राह्य मान्नु उचित होइन भन्न सकिन्छ । शक ४९८ मा १३५ जोडी दिँदा ६३३ आउँछ यसको मतलव मानदेव संवत्को सुरु विक्रम संवत् ६३३ मानेको त्यही मानदेव संवत् ३०४ वर्ष रहेको मतलव ३०४ मा ६३३ जोडी दिंदा विक्रम संवत् ९३७ सम्म मानदेव संवत् रहनुलाई आधार बनाउनु भनेको पनि सुमतितन्त्रको प्रयोजन व्यर्थ हो भनी स्वत: सिद्ध हुनु हो किनभने मानदेव संवत् नै विक्रम संवत् ९३७ सम्म बसेको मान्नासाथ सुमतितन्त्रको आधार त्याज्य सिद्ध

भएको बताउँछ । किनकि नेपाल संवत्को उठान विक्रम संवत्९३६ कार्तिकमा नै भइसकेकोजगजाहेर भइसकेको छ ।

अत: संवत् ३१ को भक्तपुर इनाय टोलको अभिलेखमा अधिकमास देखिएबाट शक संवत्को वर्षको कुन साल वर्षको अधिकमास हो ? यो अभिलेखमा आकर्षित हुन आउने हो । यकीन गर्नु पर्ने भएको हो ।संवत् ३१ लाई शक बनाउने हो भने संवत् ३१ मा ४९८ जोडी दिँदाशक ५२९ आउँछ । अधिकमास क्षयमास सारणीमा शक ५२९ को वर्षमा अधिकमास परेको तदिइएको छैन । तर शक ५३० को ज्येष्ठमा अधिकमास देखा परेबाट संवत् ३१ लाई शक ५२९ को कार्तिक देखि शक ५३० को आश्विन सम्म रहन्छ भनी मान्दा शक ५३० ज्येष्ठको अधिकमास यही वर्ष भित्र परेको देखाउन पाइयो तर लिच्छविकालमा चलेको दुवै संवत् कार्तिकबाट शुरु हुने संवत् हो भनी सिद्ध भएको तथ्यको विपरीतमा जान पनि मिलेन । किनकि सोझै संवत् ३१ लाई शक ५२९ को कार्तिकदेखि शक ५३० को आश्विनसम्म रहने भएको भए किन लिच्छविकालमा चलेको दुवै संवत् कार्तिकबाट सुरु हुने संवत् भनिएको हो प्रश्न अवश्य उठ्छ ।

यता लिच्छविकालमा चलेको संवत्हरु कार्तिकादि पनि भन्न नछोड्ने र अर्कोतिर संवत् ३१ भनेको विक्रम संवत् ६६४ को कार्तिकदेखि विक्रम संवत् ६६५ को आश्विनसम्म रहन्छ भन्नुको अर्थ वास्तवमा शक ५२९ को कार्तिकदेखि शक ५३० को आश्विनसम्म रहन्छ भन्न खोजेको प्रष्ट हुन्छ । सुमतितन्त्रमा विक्रम संवत्को उल्लेख नआएतापनि शकमा १३५ जोडे विक्रम संवत् हुनेलाई आधार मान्दै शक ४९८मा १३५ जोडी दिँदा ६३३ हुनु स्वभाविक भयो र संवत् ३१ मा ६३३ जोडी दिँदा विक्रम संवत् ६६४ हुने स्वाभाविक भयो भन्दैमा लिच्छविकालमा चलेको शक संवत् कार्तिकादि सिद्ध त भएको होइन ।कार्तिकमा वि.सं ६६४ भएको वैशाख लागेपछि वि.सं ६६५ हुनु भन्नु र शक पनि ५२९ को कार्तिकदेखि शक ५३० को आश्विनसम्म रहने स्वाभाविक रुपले स्वीकारेको प्रष्ट हुन्छ । यसरी शक संवत्लाई नेपाल मै दोहोरोचरित्रको देखाउन मिलेन । यदि शक पनि कार्तिकादि संवत् नै हुन्भन्ने हो भनेहिसावले शकलाई चैत्रादि बनाउन पाइन्न । तर यो झुक्याइलाईबुझ्न नसक्दाको फाइदा उठाउन खोज्नेले फाइदा लिएको मात्र हो ।

संवत् ३१ कै अर्को अभिलेख चाँगुनारायणको गरुड कवच अभिलेख पनि हो । यसमा बार नक्षत्र सहित उल्लेख आएको छ ।सो बार नक्षत्र सहितको मिति संवत् ३१ माघ शुक्ल त्रयोदशी आदित्यवार पुष्य(तिष्य) नक्षत्र हो । यसमा देखिएको बारनक्षत्रको गणना गर्न सुमतितन्त्रले कुनै सघाउ पुऱ्याएको छैन ।संवत् ३१ लाई शक ५२९ को कार्तिक देखि शक ५३० को आश्विन सम्म रहन्छ भन्नका

सुमतितन्त्र आकर्षित भएको पनि होइन । यो अभिलेखमा वार उल्लेख भएको हो । यो भन्दा अघि लिच्छविकालको अभिलेखमा वारको उल्लेखनहुँदा गणना गरी निर्णय गर्ने आधार पाइएको थिएन ।(वज्राचार्य, २०३० :३१९)

यसरी संवत् ३१ को पौषमा अधिकमास परेको र अर्को दुई वर्ष पछिसंवत् ३४ को पाटन सुनधाराको अभिलेखमा देखापरेको छ । यसमा उल्लेख आएको मिति संवत् ३४ प्रथम पौष शुक्ल द्वितीया हो ।लिच्छविकालमा अधिकमास मान्ने परिपाटी आषाढ र पौष मात्र हो । यसरी आषाढ र पौषमा मात्र अधिकमास मान्ने रीत वेदाङ्ग ज्योतिषमा पनि छ । वेदाङ्ग ज्योतिषमा यो पनि भनिएको रहेछ कि वर्ष माघ देखि शुरु हुने पञ्चवर्षात्मक युगको माझमा आषाढमा र अन्त्य पौषमा हुने हुनाले वेदाङ्ग ज्योतिषकारको अभिप्राय आषाढमा र पौषमा अधिकमास पर्छ (पन्त, २०४३: ४५) । तर वेदाङ्ग ज्योतिषमा यस्तो उल्लेख भएतापनि लिच्छविकालको संवत् माघबाट शुरु हुने नभएको स्पष्ट छ । फेरि पांच वर्ष मध्ये माझमा र अन्तमा गरि आषाढ र पौषमा अधिकमास पर्नु पर्ने वेदा ज्योतिषको सिद्धान्त हो भनेसंवत् ३१ र संवत्३४ को अभिलेखले तीन वर्ष भित्रै दुइ अधिकमास परेको र ती दुवै पौषमा अधिकमास परेकोले लिच्छविसंवत्को बारेमा निर्णय गर्न वेदाङ्गज्योतिषमा प्रवेश गर्नु पर्ने आवश्यकता नभएको प्रष्ट हुन्छ ।

जसरी संवत् ३१ लाई शक ५२९ को कार्तिकदेखि शक ५३० को आश्विनसम्म रहने निश्चित भएको र संवत् ३१ को पौषमा परेको अधिकमास शक ५३० ज्येष्ठको लिइएको प्रष्ट छ ।त्यस्तै संवत् ३४ लाई पनि शक ५३२ को कार्तिकदेखि शक ५३३ को आश्विनसम्म रहने र संवत् ३४ को पौषको अधिकमास शक ५३३ वैशाखको लिएको प्रष्ट हुन आउँछ(पन्त, २०४३,पृ.२९४) ।

यथार्थमा संवत् ३४ भनेको लिच्छविसंवत् ५३४ को संक्षिप्त संवत् हो भन्ने सङ्केत मिल्छ । यो शक पूर्व २ को संवत् भएकोले यो संवत् ३४ लाई शक ५३२ को कार्तिकदेखि शक ५३३ को आश्विन सम्म रहनु पर्ने पनि भएको हो । यहाँ शक ५३३ को वैशाखको अधिकमास पनि यही वर्षमा समेटिएको सिद्ध छ । त्यस्तैगरी लिच्छवि इतिहासलाई अझ स्पष्ट गर्न संवत् ३६ को गोकर्ण वालुवा गाउँको अभिलेखले निक्कै सघाउ पुऱ्याएको छ । यसमा बडो रोचक पक्ष भनेको लिच्छविसंवत्लाई संक्षिप्त नगरीकनै पूर्ण रुपले संवत् ५३६ प्रष्ट दिइएको र यसमा द्वितीय पौष शुक्ल पञ्चमी दिइएको छ । यसले लिच्छविकालमा चलेको संवत्लाई चिनाउनका लागि सबै मार्ग प्रशस्त गरिदिएको छ । किनभने लिच्छविकालमा दुई थरि संवत् चलेको पनि होइन साथै त्योवेला चलेको संवत् शक संवत् तथा मानदेव संवत्भनेर जुन कल्पना गरियो जुन ठीक देखिँदैन ।

लिच्छविकालमा चलेको संवत् खुद शक संवत् भैदिएको भए अधिकमास क्षयमास सारणीमा शक ५३६ मानै अधिकमास परेको पाइनु पर्ने पाइएन भन्नुको मतलव त्योवेला प्रचलित संवत् शक संवत् विल्कुल होइन भनी सिद्ध भएको तथ्य गोकर्ण वालुवा गाउँको अभिलेखले पनि प्रकट गरेको छ ।

नेपालको प्रामाणिक ऐतिहासिक काल भनेको लिच्छविकाल हो ।लिच्छविकाल भन्दा अघिको नेपाली ऐतिहासिक स्रोत जनाउने लिखित स्रोत भेटिएको छैन । भेटिएका लिच्छवि अभिलेख स्रोतहरुको संख्या पुगनपुग२५० थानपुगिसकेको छ । ती मध्ये एउटै सालमितिका अभिलेखहरु पनि धेरै भेटिएका छन् । त्यसकारण मितिमात्र केलाएर हेर्दा यस अध्ययनमा १०६ वटा मितिमाथि विश्लेषण गरिने छ । ती १०६ वटा मितिभित्रबार उल्लेख भएका, अधिकमास उल्लेख भएका अभिलेख मुख्यतःसंवत् चिनाउने आधार बनेका छन् ।

वसन्तदेव, वामनदेव रामदेव गणदेव अभिलेखहरुमा बार उल्लेख भएका, अधिकमास उल्लेख भएका अभिलेखहरु देखा परेनन्तर त्यसमा उल्लेख भएका संवत् कुन थियो भनी ठम्याउन भने गाह्रो नै थियो ।किनभने बार उल्लेख भएतापनि आइतवार भनेर प्रष्ट नवोलीकन १ बाट वार जनाउँदा अभिलेख पंक्तिको १ हो वा वारको १ हो छुट्याउन सकिएन भन्ने संकेत हो ।

त्यसपछि संवत् ५१२ देखि संवत् ५२६ सम्मको शिवदेव प्रथमका अभिलेखहरु भेटिए । यी समय अवधिभित्रका अभिलेखमा पनि अधिकमासका उल्लेख देखापरे परन्तु ती संवत् कुन थिए छुट्याउन गाह्रो थियो तर यो अवधिको अभिलेखले पनि त्यतिवेलाको संवत् कार्तिकबाट सुरुहुन्थ्यो भन्नेलाई तथ्यको रुपमा थप पृष्ठपोषण गरेको छ ।

त्यसपछि संवत् ५२७ र ५२८को अभिलेख नभेटिएको हो वा संवत् ५२७ लाईनै संवत् २९ गरेर व्यवहार गरिए भन्ने द्विविधाले गर्दासमस्यानिराकरण पाउनेभन्दा थप बल्झिएयो । यही विषयमा इतिहासकारहरु सयौं वर्ष पर्यन्त बादविवादमा अलमलिए । हुनत संवत् २९ बाट सुरु भएको संवत् का क्रममा संवत् ३१ र संवत् ३०१ को अभिलेखमा स्पष्ट रुपले वार नक्षत्र अधिकमास उल्लेख आए । तव बार गणना गर्ने सिद्धान्तहरुका माध्यमबाट बार गणना पनि गरियो । तर त्यो वार गणना गरे भएरपनि उनीहरु सँग नेपाल संवत् वि.सं ९३६ को कार्तिक शुक्ल प्रतिपदाबाट सुरु भएको होकि वि.सं ९३७ को कार्तिकशुक्ल प्रतिपदाबाट भएको हो । सोकोयकीन जवाफ भेट्टाउन नसकेको कारणले ठोस निर्णय अझै हुन सकेको छैन ।

कालान्तरमा आएर गोकर्ण वालुवा गाउँको महासामन्त अंशुवर्माको संवत् ३६ अथवा स्पष्ट रुपले संवत् ५३६ नै उल्लेख भएको अभिलेख भेटिएपछि यो अभिलेखको आधारमा लिच्छविकालमा दुईथरि

संवत् चलेको होइनन् भन्ने रहस्यको खुलासा हुन आयो ।संवत् ५२६ पछि संवत् ५२७ र संवत् ५२८ को अभिलेख नभेटिएको मात्र हो ।संवत् ५२९ लाई २९, ५३० लाई ३०, ५३१ लाई ३१, ५३२ लाई ३२, ५३४ लाई ३४ गरि संवत् ५३५ लाई ५३५ नै, संवत् ५३६ लाई ५३६ नै जनाएर स्वयं महासामन्त अंशुवर्माले अभिलेख थापना गरेको ज्वलन्त प्रमाण भेटिएपछि लिच्छविकालमा दुईथरि संवत् चलेको नभई एउटै संवत् चलेको लिच्छविसंवत् हो ।संवत् गणनाको सिद्धान्त अनुरुप यो लिच्छविसंवत् शक पूर्व २ को संवत् हो ।संवत् सम्बन्धि अघिल्लो निर्णयले नेपाल संवत्को सुरुवात वि.सं ९३६ कि वि.सं ९३७ टुङ्गो लाउन नसकेकोमा अंशुवर्माको संवत् ५३६ को अभिलेखको सहारालेवि.सं ९३६ कार्तिक शुक्ल प्रतिपदा नै ठीक हो । कसैले यदि वि.सं ९३७ कार्तिकमा नेपाल संवत् सुरु भयो भन्छन् भने त्यो विल्कुल गलत सिद्ध हो भन्न सकिने टुङ्गोमा पुग्न सहज भएको हो । यही तथ्यको परिधिमा रहेर संवत्अङ्कित अभिलेख जम्मा १०६ थान अभिलेखका विश्लेषणहरुबाट स्पष्ट बोध हुने विश्वास लिइएको छ ।ती संवत् प्रकरण र पाठाँशको लिपिचित्र परिशिष्टमा दिइएको छ ।

६.३ लिच्छविकालका अभिलेखहरू

६.३.१ मालीगाउँमा प्राप्त जयवर्माको शालिक अभिलेख

२०४९ साल बैशाख तिरको कुरा हो,मालीगाउँमा खड्का थर भएका एक व्यक्तिको निजी घर बनाउन जग खन्ने क्रममाअंगभंग खण्डित अवस्थामा रहेको राजा जयवर्माको सालिकको पादपीठमा अभिलेख युक्त भेटिएको थियो ।पछि सालिकको सवै अंग जोडेर संरक्षण गरिए पश्चात् राष्ट्रिय संग्रहालय छाउनीमा प्रस्तरकलाको उत्कृष्ट कलाको रुपमा प्रदर्शन कक्षमा सजिएको छ । पादपीठमा बाँकी २२ अक्षर को एक पंक्ति अभिलेखब्राह्मी लिपिको विकसित स्वरुपको प्राचीन लिच्छवि लिपिमा अङ्कित रहेको छ ।

यो अभिलेखको पाठ सर्वप्रथमश्यामसुन्दर राजवंशीले पुरातत्व विभाग मार्फत छपाएका थिए । त्यसपछि यो अभिलेखको पाठलाई थप व्याख्या विश्लेषण गरि प्रशिद्ध लिपिविद्हरु हेमराज शाक्य, काशीनाथ टमोट, दिनेशचन्द्र रेग्मी, रिकार्डो गार्वेनी आदिले यो अभिलेख प्रकाशनमा ल्याए । यसरी प्रकाशमा आएको यो अभिलेखमा अङ्कित संवत्लाई राजवंशीले १०७ भनी पढे । सुरुमा जुन पढिएको संवत् १०७ हो, त्यसैलाई नै धेरै जसो इतिहासविद् संस्कृतिविद्ले ठीक सकारे । तीमध्ये सुरुमा दिनेशचन्द्र रेग्मीले फरक मत राखी संवत् १०७ को सट्टा २०७ भनेर पनि पढे र विदेशी

लिपिविद् रिकार्डोले रेग्मी कै मतलाई सकार्न पुगे । कालान्तरमा रेग्मी स्वयंले पनि संवत् १०७ नै ठीक सकारेको पाइएकोले अव २०७ होकि भन्ने भ्रम निर्मूल भइसकेको छ । जयवर्माका सालिक मूर्तिको कला पारखीहरूले मूर्ति कलाको व्याख्या विश्लेषण गरी धेरै लेख तथा पुस्तकहरु प्रकाशनमा ल्याए । मूर्तिकला विशेषज्ञ लैनसिं वाङ्डेललेजयवर्माको छुट्टै पुस्तक नै प्रकाशमा ल्याए ।

अभिलेखको मुख्यविषय संवत् १०७ मा महाराज जयवर्माको सालिक प्रतिष्ठापन गरियो भन्ने नै हो । यो अभिलेख प्राचीन ऐतिहासिक स्रोतको दृष्टिले अत्यन्त महत्वपूर्ण रहेकोमात्र होइन । नेपालमा प्राप्त स्वदेशी प्राचीन अभिलेखमा सर्वप्राचीन पनि यहीसिद्ध भएको छ भने नेपालको गौरवमय प्राचीन इतिहास पनि पाँचौ शताव्दी बाट सरेर दोश्रो शताव्दी सिद्ध हुन पुगेको छ ।

(क) संवत् प्रकरण तथा अभिलेखको पाठ्यांश

– संवत् १०७

श्री परमदेवप्क(संभवत: पञ्चदेवप्क)

– महाराजस्य

– जयवर्म्मन

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा अङ्कितसंवत् १०७ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक १०५ हुन आउँछ । शक १०५ को कार्तिकदेखि शक १०६ को आश्विनसम्म रहने, अभिलेखमापरम देवप्क अथवा पञ्चदेवप्कलाई कार्तिक बाट शुरु हुने संवत् भएकोले पाचौं महिना अनुमान गरिएको र फाल्गुण शुक्ल ४ मान्न खोजिएको मात्र हो । कातिक देखि फाल्गुन सम्म शक १०५ रहने चैत्रदेखि शक १०६ लाग्ने हुँदा चैत्रदेखि आश्विनसम्म १०६ रहन्छ, स्वाभाविक रुपले फाल्गुन शुक्ल ४ को समानान्तर शक १०५ मानिएको छ । शक १०५ हुन आएको हुनाले तद्नुसार ईस्वी १८४, विसं २४० र कलिगत ३२८५ पर्न आउने निश्चित छ । यति हुंदाहुंदै पनि सालिकको कलाशैली बारे अझ गहन अनुसन्धान हुन बाँकी भएकोले यो अभिलेखका सम्बन्धमा पनि अहिलेलाई विचारणीय घेरामा राखिएको छ ।

६.३.२ पशुपतिनाथ प्राङ्गणमा फेलापरेको अभिलेख

पशुपतिनाथ प्रागणका यज्ञशाला पुननिर्माणको क्रममा २०४५ साल तिर खुड्किलोमा प्रयोग भइरहेको खण्डितशिलामा लिच्छविकालका अभिलेख अङ्कित फेलापरको थियो । उक्त खण्डित शिला स्तम्भ शिलाको एक भाग हो । दुर्भाग्यवश स्तम्भ शिलाको दाँया भाग बाँया भागखण्डित पारिएको अवस्था हो रतल्लो भाग पनि खण्डित भइसकेकोलेअभिलेख पाठ बीचको एक खण्डमात्र शेष बचेको अवस्थामा पाइएको हो ।यो शिलास्तम्भ झण्डै चाँगुनारायणको स्तम्भ जस्तै आकारको स्तम्भ हुन सक्ने र चाँगुनारायणको गरुडस्तम्भ लेखमा जस्तै गरी मानदेवको बराजु वृषदेव देखिको वर्णन यस अभिलेखमा पनि देखिन्छ । स्तम्भका बाँकी भाग संभवत: भूगर्भ भित्रै हराउन पुगेको छ भने भेटिएको शिला पनि केहीवर्ष हराएको र पछि पशुपति प्राङ्गण भित्रै सुरक्षित अवस्थामा पाइएको छ । प्राप्त त्यस शिला मा बाँकी बचेको अभिलेख पंक्ति जम्मा २५ रहेको छ ।ती पंक्तिका लिपि पनिचाँगुनारायण गरुडस्तम्भमा देखिने लिपि कै सादृश्यताको लिच्छवि लिपिछ ।यो अभिलेखको पाठ सर्वप्रथम श्यामसुन्दर राजवंशीले प्रकाशित गरेका हुन् । त्यसको लगत्तै बेणीमाधव ढकालले त्यही अभिलेखको परिष्कार रुप छपाएका थिए । त्यसपछि यो अभिलेखको पुन : प्रकाशधनवज्र बज्राचार्यको लिच्छविकालका अभिलेखको नयाँ संस्करणमा पनि छपाई भएको छ । सोही अभिलेख गोविन्द टण्डनको पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन अभिलेख खण्डमा पनि छापिएको छ ।अभिलेखको मुख्य विषयकुनै भगवानको मूर्ति स्थापना गरेको बारेमा छ । यो अभिलेख प्राचीन ऐतिहासिक स्रोतको दृष्टिले अत्यन्त महत्वपूर्ण रहेको हुनुको साथै चाँगुनारायणका स्तम्भलेख भन्दा ५ वर्ष जेठो समेत देखिएको छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

- संवत् ३८१ बैशाखमासे शुक्लपक्षे.....अभिजित मुहूर्ते
  - नयनो वृषदेवनामा
  - परिचुम्बितबक्त्रपञ्च
  - परिवृंहित चारुमूर्ति:
  - वर्षशतञ्चकार
  - भगवत: प्रतिमांसुरुपाम्
  - परिशुद्धविधानकर्म

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ३८१ बैशाखशुक्ल अभिजित मुहूर्तमा अभिलेखराखियो । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ३८१ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ३८० हुन आउँछ । शक ३७९ को कार्तिकदेखि शक ३८० को आश्विनसम्म रहने, अभिलेखमा बैशाखशुक्ल आएकोले कार्तिकदेखि फाल्गुनसम्म ३७९ रहने चैत्रदेखि ३८० लाग्ने हुँदा चैत्रदेखि आश्विनसम्म ३८० रहन्छ र स्वाभाविक रुपले शक ३८० बैशाखशुक्ल प्रतिपदा भएको हो ।

प्राप्त यस अभिलेखमा मानदेवको नाम देखापरेन किनकि अभिलेख स्वयं खण्डित भएको अवस्थाको हुनाले हराएको भागमा परेको हुनसक्छ । कतिपय इतिहासका लेखकहरूले मानदेवको वावु धर्मदेवको पालाको अभिलेख भनेर लख् काट्ने गरिएको पनि देखिन्छ । यदि मानदेव राजा भएको पनि संवत् ३८६ मैमल्लपुरी विजय गरेर आई चाँगुनारायण मन्दिर बनाई यो शिला स्तम्भ समेत स्थापना संवत् ३८६ को जेष्ठ महिनाभित्र नै भएको घटनालाई पुष्टि गर्ने स्रोत साधन देखाउन सकिने भए संभव होला । होइन भने यी सवै घटना संवत् ३८६ को जेठ भन्दाअघि भनी कल्पना पनि गर्न सकिन्न । गोपाल वंशावलीमामानदेवको राज्याव्द ४१ दिइएको र संवत् ४२७ बाट ४१ घटाउँदा ३८६ आएकोले इतिहासकारहरूले संवत् ३८६ भन्दा अघिको अभिलेखलाई धर्मदेवको भनी अनुमान गरेका हुन् । वास्तवमा त्यो अनुमानमा दम छैन तसर्थ चाँगुनारायणको अभिलेखमा मानदेवले आफु राजा हुने वित्तिकैअभिलेख राखेको चर्चा पनि पाइदैन । अतः पशुपतिको यो अभिलेख राजा मानदेवकै पालाको हुनसक्ने धेरै संभावना छ ।

यहाँ शक ३८० वैशाख हुन आएको हुनाले तद्नुसार ईस्वी ४५८, विसं ५१५ र कलिगत ३५६० पर्न आउने निश्चित छ ।

६.३.३ चाँगुनारायणस्थित गरुडस्तम्भ अभिलेख

चाँगुनारायण मन्दिरको गरुडस्तम्भ खण्डित अवस्थामा रहेकोले मन्दिरको ठीक सामुन्ने मानवरुपि विशाल गरुड मूर्ति र स्तम्भको अवशेष भाग रहेको छ । त्यस अवशेष भागमा केही अक्षर बाँकी नै छन् । स्तम्भको मुख्यभागमन्दिरको दायाँपट्टि राखिएको छ । मुख्य स्तम्भभागको तीन पाटोमा

अभिलेख छन् । पहिलो पाटोमा २६ पंक्ति दोश्रो पाटोमा २४ पंक्ति र तेश्रोपाटोमा १८ पंक्ति छन् भने अवशिष्ट भागमा ४ पंक्ति अक्षर छन् । मुख्य स्तम्भ भागलाई हेर्दा केही पंक्ति अझै जमीनभित्र दबिएको छकि जस्तो लाग्दछ । स्तम्भको मुख्य भाग र अवशेष भागमा लिपि एकै प्रकारको छ ।

यो अभिलेखको पाठ सर्वप्रथम पं. भगवानलाल इन्द्राजीद्वाराप्रकाशित भएको हो । त्यसपछि सिल्भाँ लेभी, योगी नरहरिनाथ, बाबुराम आचार्य, नयराज पन्त, रेनिइरो नोली, हरिराम जोशी एवं धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मी आदिले पनि प्रकाशित गरेका छन् ।अभिलेखको मुख्य विषय मल्लपुरी विजय गरी फर्के पछि आमा राज्यवती र राजा मानदेवले अक्षय धनद्रव्य दान गरको बारे वर्णन छ । यो अभिलेख प्राचीन ऐतिहासिक स्रोतको दृष्टिले अत्यन्त महत्वपूर्ण रहेको छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ३८६ ज्यैष्ठमासे शुक्लपक्षे प्रतिपदि १ रोहिणी नक्षत्रयुक्ते चन्द्मसि मुहूर्त्ते प्रशस्तेभिजिति

– श्रीमानदेवो नृपः

– भूद्वृषदेव इत्यनु । शकरदेव इत्यनु । धर्मदेवो नृपः । देवी राज्यवती

  – (दो)लाद्रौ निवसञ्जयत्यनि(मि)षैरभ्यच्र्च्यमानो हरिः । भट्टारक पूजायै

  – खकम्प्रिड ग्राम (प्रदेशे)

  – अद्यैवप्रिय मातुलो रुविषम

  – चञ्चलजलान्त्वड्गण्डकीमुत्तर(मल्लपुरीन्ततस्तु)

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा प्रतिपदि लेखिए पश्चाद् १ लेखिएको सम्बन्धमा त्यसको खास मतलव के थियो? भनेर अहिले सम्म पनि कुनै व्याख्याकारहरूको ध्यान जान सकेको देखिएको छैन । वास्तवमा यो वार उल्लेख थियो किनकि प्रतिपदि स्वयं तिथिको दृष्टिले १ हो । प्रतिपदि भनी सके पछि फेरि प्रतिपदि जनाउन १को उल्लेख गरियो होला भनीअर्थ लाउनु जरुरी छैन ।अतः संवत् ३८६ जेष्ठ शुक्ल प्रतिपदा आइतवार रोहिणी नक्षत्रमा चन्द्रमा बसेको अभिजित मुहूर्तमा अभिलेखराखियोभनेर अर्थ आविस्कार हुन आउँछ । यसरी वार सहित उल्लेख भएको सवभन्दा प्राचीन अभिलेख नै यो अभिलेख हो । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कित संवत् ३८६ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ३८५ हुन आउँछ (शक ३८४ को कार्तिकदेखि शक ३८५ को आश्विनसम्म रहने, अभिलेखमा ज्येष्ठशुक्ल आएकोले कातिक देखि फाल्गुन सम्म ३८४ रहने चैत्रदेखि ३८५ लाग्ने हुँदा चैत्रदेखि आश्विनसम्म ३८५ रहन्छ र स्वाभाविक रुपले शक ३८५ ज्येष्ठशुक्ल प्रतिपदा भएको)
लिच्छविकालको अभिलेखमा पाइने प्रचलित संवत्का तिथिमिति प्रकरणमा बारको उल्लेख नभेटिए सम्म त्यसमा देखिएका संवत्लाई अनेकौं नाम दिइए । फलत: विभिन्न मतमतान्तर देखा पर्दै गए । वार सहितको अभिलेख स्वयं चाँगुनारायणको स्तम्भअभिलेख पहिलो हो तर यसमा देखिने बार उल्लेखलाई इतिहासकारहरुले ध्यानै दिइएन । त्यसो हो तापनि चाँगको स्तम्भ लेखमा रहेको संवत् ३८६ लाई शक ३८४को कार्तिकदेखि शक ३८५को आश्विनसम्म रहने पनि प्रकारान्तर स्वीकार्य सिध्द छ किनकि अभिलेखको संवत् कार्तिकादि सम्म त मानी सकेको हो ।

यहाँ शक ३८५ जेष्ठ हुन आएको हुनाले तद्नुसार ईस्वी ४६३, विसं ५२० र कलिगत ३५६५ पर्न आउने निश्चित छ ।

६.३.४ लाजिमपाट शिवलिंग पीठ अभिलेख

लाजिमपाट धोबीचौरस्थित प्राचीन शिवलिगको पीठमा लिच्छवि अभिलेख पाइएको छ । यो अभिलेखको प्रकाश सर्वप्रथम नोलीले छपाएका थिए । त्यसपछि यो अभिलेख हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि छपाए ।अभिलेखको अवस्था हेर्दा जलहरिपीठको केही भाग जमीनमा दविएको अवस्था भएकोले अभिलेखकोकेही अंश छोपिएको अवस्था छ ।

अभिलेखको मुख्य विषय राजाको आज्ञा लिएर नरवर्मा नाम गरेको व्यक्तिले मन्दिर सहितको शिवलिंग स्थापना गरेको बारेमा छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ३८८ ज्येष्ठमासे शुक्लदिवा १४
शौर्येण नीतिसहितेन
शुभमेश्शुभवृद्धिलिङ्गम्
नरवर्म्मनाम्ना
प्रासादसंस्थमनुरुपमिह

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ३८८ ज्येष्ठ शुक्ल दिवा १४ मिति दिइएको छ।। यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ३८८ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ३८७ हुन आउँछ। शक ३८६ को कार्तिकदेखि शक ३८७ को आश्विनसम्म रहने, अभिलेखमा ज्येष्ठशुक्ल आएकोले कातिकदेखि फाल्गुनसम्म ३८६ रहने चैत्रदेखि ३८७ लाग्ने हुँदा चैत्रदेखि आश्विनसम्म ३८७ रहन्छ र स्वाभाविक रुपले शक ३८७ ज्येष्ठशुक्ल १४ भएको हो।

यहाँ शक ३८७ जेष्ठ हुन आएको हुनाले तद्नुसार ईस्वी ४६५, विसं ५२२ र कलिगत ३५६७ पर्न आउने निश्चित छ।

६.३.५ लाजिमपाट तथा पशुपति तिलगंगाको वामन मूर्ति अभिलेख

यी दुवै अभिलेखमा एउटै तिथिमिति छन् र दुवै अभिलेख वामन मूर्तिको पादपीठअभिलेख हुन्। लाजिमपाटको वामन मूर्ति राष्ट्रिय संग्रहालय छाउनीमा राखिएको छ। पशुपति तिलगंगाको वामन मूर्ति साविक स्थानमै रहेको छ। लाजिमपाट धोबीचौरको वामन मूर्तिको पादपीठ अभिलेख सर्वप्रथम सिलभान लेभीले छपाएका थिए भने तिलगंगाको अभिलेख धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालले सर्वप्रथम छपाएका थिए।त्यसपछि यो अभिलेख हरिराम जोशी, धनवज्र बज्राचार्य, डिल्लीरमण रेग्मीले पनि छपाए। अभिलेखको मुख्य विषय राजा मानदेवले आफ्नी आमा राज्यवतीको पुण्य बढोस् भनी मन्दिर सहित त्रिविक्रमको मूर्ति स्थापना गरेको बारेमा छ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ३८९ बैशाखशुक्लदिव २(एउटामा ऊँ संवत् अर्कोमा संवत्मात्र)
राजा श्रीमानदेव:
मातु: श्रीराजवत्या हितकृतमनस:
लक्ष्मीवत्कारयित्वा भवनमिह
विष्णुविक्रान्त मूर्ति सुरमुनि महितं

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ३८९ बैशाखशुक्लदिव २ मिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ३८९ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ३८८ हुन आउँछ । शक ३८७को कार्तिक देखि शक ३८८ को आश्विन सम्म रहने, अभिलेखमा बैशाखशुक्ल आएकोले कातिकदेखि फाल्गुनसम्म ३८७ रहने चैत्र देखि ३८८ लाग्ने हुँदा चैत्रदेखि आश्विनसम्म ३८८ रहन्छ ।

यहाँ शक ३८८ वैशाख हुन आएको हुनाले तद्नुसार ईस्वी ४६६, विसं ५२३र कलिगत ३५६८ पर्न आउने निश्चित छ ।

६.३.६ लाजिमपाट क्षेमसुन्दरीको शिवलिंग पीठ अभिलेख

लाजिमपाट धोबीचौरको पूर्वपट्टी प्राचीन शिवलिगको पीठमा लिच्छवि अभिलेख अङ्कित पाइएको छ । यो अभिलेखको प्रकाश सर्वप्रथम संशोधन मण्डलले छपाएका थिए । त्यसपछि यो अभिलेख हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि छपाए ।अभिलेखको मुख्य विषय राजा मानदेवकी रानी क्षेमसुन्दरीले मन्दिर सहितको शिवलिंग स्थापना गरेको बारेमा छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ३९० ज्येष्ठमासे शुक्लपक्षे दिव ७
विशुद्धकाञ्चनवपुश्श्रीमानदेवो नृपः
सौभाग्यरूपा सञ्चित्य क्षेम सुन्दर्य्य
श्रीमत्संस्थानपरूम्भवनमिह दृढङ्कारयित्वानुरूपम् ऐशान लिङ्गमग्र्यं

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ३९० ज्येष्ठ शुक्ल दिव ७ मिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमिति यस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ३९० शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ३८९ हुन आँउछ । शक ३८८ को कार्तिकदेखि शक ३८९ को आश्विनसम्म रहने, अभिलेखमा ज्येष्ठशुक्ल

आएकोले कार्तिकदेखि फाल्गुनसम्म ३८८ रहने चैत्रदेखि ३८९ लाग्ने हुँदा चैत्रदेखि आश्विनसम्म ३८९ रहन्छ ।यहाँ शक ३८९ जेष्ठ हुन आएको हुनाले तद्नुसार ईस्वी ४६७, विसं ५२४ र कलिगत ३५६९ पर्न आउँछ ।

६.३.७ विशालनगर टुँडालदेवीको अभिलेख

विशालनगरस्थित प्रशिद्ध टुँडालदेवीको मन्दिरको पेटीमा प्रयोग भएको ढुंगामा यो एक हरफको अभिलेख पाइएको छ । यो अभिलेख मन्दिरको पूर्व तर्फको पेटीमा रहेको छ । यो अभिलेखको प्रकाश सर्वप्रथम योगी नरहरिनाथ र जनकलाल शर्माद्वारा इतिहास प्रकाश अङ्क१मा छपाएका थिए । यही अभिलेख पछि नोलीले पनि छपाए । त्यसपछि यो अभिलेख धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि छपाए । यो अभिलेखमा केवल संवत्को साल महिना तिथि मात्रै गरिएको छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ३९७ ज्येष्ठमासे शुक्ल दिव २

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ३९७ ज्येष्ठमासे शुक्ल दिव २ कोमिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ३९७ शकपूर्व २को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ३९६ हुन आउँछ । शक ३९५ को कार्तिकदेखि शक ३९६ को आश्विनसम्म रहने, अभिलेखमा ज्येष्ठशुक्ल आएकोले कातिकदेखि फाल्गुनसम्म ३९५ रहने र चैत्रदेखि ३९६ लाग्ने हुँदा चैत्रदेखि आश्विनसम्म ३९६ रहन्छ ।

यहाँ शक ३९६ जेष्ठ हुन आएको हुनाले तद्नुसार ईस्वी ४७४, विसं ५३१ र कलिगत ३५७६ पर्न आउने निश्चित छ ।

६.३.८ विष्णुपादुकाफेदीको शिवलिंग पीठ अभिलेख

बुढानीलकण्ठको नारायणस्थानबाट पश्चिम उत्तर भेकमा पर्ने विष्णुपादुकाफेदी स्थान विष्णुमतीको तिरमा पर्दछ । यहाँ पिपलबोट मुनी वर्गाकारको शिवलिंग रहेको छ । यस शिवलिंगको पीठमा लिच्छवि अभिलेख छ । हाल शिवलिंगलाई छत हाली मन्दिरको आकार दिइएको मात्र नभइ

शिवलिंगलाई चारैतिर सिमेण्ट प्लाष्टर गरी अभिलेखको अक्षर समेत छोपिएको अवस्थाछ । यो अभिलेख सुरुमा संशोधन मण्डलले पढेर पूर्णिमा अङ्क१५ मा प्रकाशित गरिएको हो । त्यो बेला यसमा भएको संवत्को अङ्कपढ्दा ३९६ पढिएको थियो भनेपछि लिच्छविसंवत्को निर्णयमा ३९६ को अन्तिम ६ अङ्क अलि फुटेर भ्यात्त परेकोले ६ होकि ८ हो ठम्याउन गाह्रो भएको तर ३९८ भनेर पढ्नु पर्ने प्रमाण समेत दिइएको छ । यो अभिलेखको प्रकाश सर्वप्रथम संशोधन मण्डलले छपाएका थिए । त्यसपछि यो अभिलेख धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि छपाए । अभिलेखको मुख्य विषय राजा मानदेवले आफू लगायत सारा लोकको दुःख हरण गरी देओस् भनीप्रार्थना गरी शिवलिंग स्थापना गरेको बारेमा छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

संवत् ३९८ प्रथमाषाढ शुक्लदिव १२
श्रीमानदेव नृपतिः प्रणतो जगाद
त्वत्स्थापनाजनितमस्ति यदत्र पुण्यम्

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ३९८ प्रथमाषाढ शुक्ल दिव १२ कोमिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कित संवत् ३९८ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ३९७ हुन आउँछ । शक ३९६ को कार्तिकदेखि शक ३९७ को आश्विनसम्म रहने, अभिलेखमा ज्येष्ठशुक्ल आएकोले कार्तिक देखि फाल्गुन सम्म ३९६ रहने चैत्र देखि ३९७ लाग्ने हुँदा चैत्रदेखि आश्विनसम्म ३९७ रहन्छ ।यहाँ शक ३९७ आषाढ हुन आएको हुनाले तद्नुसार ईस्वी ४७५, विसं ५३२ र कलिगत ३५७७ पर्न आउने निश्चित छ ।

(ग) अधिकमासः

अभिलेखमा उल्लेखित संवत् ३९८ शक संवत् होइन । किनकि शक ३९८ को वर्षमा अधिकमास छैन नत शक ३९६मा नै अधिकमास छ । केतकरको अधिकमास क्षयमास सारणीमा शक ३९७ को आषाढमा अधिकमास परेको दिइएको छ । त्यतिबेला नेपालमा लिच्छविसंवत् ३९८ आषाढ हुँदा भारतमा शक ३९७ आषाढ थियो । यसको अर्थ भारतीयहरुले शक ३९७ को आषाढमा अधिकमास

मनाएको र नेपालीले त्यही वर्ष आषाढमा अधिकमास मनाए । तर नेपालमाभने बर्तमान साल ३९८ चलिरहेको अवस्था भएकोले संवत् ३९८ शक संवत् थिएनन् भन्ने प्रष्ट हुन्छ ।

यसबाट धर्मनिर्णय तिथिसार संग्रहमा परेको नारद मत र भारद्धाज मत मध्ये नारदमत आकर्षित भए जस्तो देखियो तर लिच्छविकालमा चलेको संवत् ३९८ को आषाढमाशक ३९७ को आषाढको अधिकमास कसरी कुन सिद्धान्त ले दिन्छ? त्यसको उल्लेख नारदमतमा छैन ।

६.३.९ देउपाटनको रत्नेश्वर शिवलिंगको पादपीठ अभिलेख

पशुपति देउपाटन स्थित प्रशिद्ध दक्षिणमूर्तिको मन्दिरको पश्चिमपट्टि शिवलिंग सहितको गोलो जलहरिमा पाँच हरफीय अभिलेख पाइएको छ । यो अभिलेख युक्त शिवलिंग शिवशरण राजभण्डारीको घरको प्रांगणमा परेको छ । यो अभिलेखको प्रकाश सर्वप्रथम नोलीद्धारा प्रकाशित कृतिमा छापिएको थियो । पछि इतिहास संशोधनको प्रमाण प्रमेयमा पनि छापिए । त्यसपछि यो अभिलेख धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि छपाए । यो अभिलेखमासंवत्को साल महिना तिथिको साथै रत्नसंघ भन्ने व्यक्तिले राज मानदेवको सुशासनकालमा रत्नेश्वर शिवलिंग स्थापना गरी २५०० भन्दा बढी भूमि चढाएको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेखपाठ्यांश

– संवत् ३९९ आषाढमासे शुक्ल दिवा १०
राज्ञः श्री मानदेवस्य
विधिवद्रत्नसङ्घेन
रत्नेश्वरः । भगवते रत्नेश्वराय

दुलङ्ग्राम प्रदेशे , खोपृङ्ग्राम प्रदेशे , दुप्रङ्ग्राम प्रदेशे , ह्मस्पिङ्ग्राम प्रदेशे , विलिविक्ष प्रदेशे ,वाग्वती पार प्रदेशे , खैनस्पु प्रदेशे , वलल प्रदेशे , यूपग्राम क्षेत्र प्रदेशे ।

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ३९९ आषाढमासे शुक्ल दिवा १० कोमिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ३९९ शकपूर्व २को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ३९८ हुन आउँछ । शक ३९७ को कार्तिकदेखि शक ३९८ कोआश्विनसम्म रहने, अभिलेखमा आषाढशुक्ल आएकोले कार्तिकदेखि फाल्गुनसम्म ३९७ रहने र चैत्रदेखि ३९८ लाग्ने हुँदा चैत्रदेखिआश्विनसम्म ३९८ रहन्छ र स्वाभाविक रुपले शक ३९८ आषाढमासेशुक्ल दिव १०) यहाँ शक ३९८ आषाढ हुन आएको हुनाले तद्नुसार ईस्वी ४७६, विसं ५३३ र कलिगत ३५७८ पर्न आउने निश्चित छ ।

६.३.१० देउपाटनको प्रभुकेश्वर शिवलिंगको पादपीठ अभिलेख

पशुपति देउपाटन स्थित रत्नेश्वर शिवलिंगको नजिक दक्षिण तर्फ रहेको शिवलिंगको जलहरिमा पाँच हरफीय अभिलेख अङ्कित पाइएको छ । यो अभिलेख युक्त शिवलिंग प्रभुकेश्वर शिवलिंगको नामले प्रशिद्ध छ । यो अभिलेखको प्रकाश सर्वप्रथम नोलीद्धारा प्रकाशित कृतिमा छापिएको थियो । त्यसपछि यो अभिलेख धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मी ले पनि छपाए । यो अभिलेखमा संवत्को साल महिना तिथि को साथै प्रभुसंघ भन्ने व्यक्तिले राजा मानदेवको सुशासनकालमा प्रभुकेश्वर शिवलिंग स्थापना गरी६०० भन्दा बढी भूमि चढाएको विषय छ ।

(क) संवत् प्करण तथा अभिलेख पाठ्यांश

– संवत् ४०२ ज्येष्ठमासेशुक्लपक्ष दिव १३
श्री मानदेव नृपतेश्चरण
किल रत्नसङ्घ....मिन प्रभुसंङ्घनाम्नः
लिङ्गाश्रिता कृति रियञ्जगतो हिताय प्रभुकेश्वरस्य
प्रङ्प्रिङ्प्रदेशे । मैशिङ् प्रदेशे ।वोतवोरुषो प्रदेशे । सीताटीजोल्पिङ् प्रदेशे ।प्रयट्टिका प्रदेशे

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४०२ ज्येष्ठमासे शुक्लपक्ष दिवा १३कोमिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कित संवत् ४०२ शकपूर्व २को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४०१ हुन आउँछ (ताकि शक ४०० को कार्तिकदेखि शक ४०१ को आश्विनसम्म रहने, अभिलेखमा ज्येष्ठशुक्ल आएकोले कार्तिकदेखि फाल्गुनसम्म ४०० रहने र चैत्रदेखि ४०१ लाग्ने हुँदा चैत्रदेखिआश्विनसम्म ४०१ रहन्छ ।यहाँ शक ४०१ जेष्ठ हुन आएको हुनाले तद्नुसार ईस्वी ४७९, विसं ५३६ र कलिगत ३५८१ पर्न आउने निश्चित छ ।

६.३.११ टेवहालका महाङ्काल मूर्तिको पादपीठ अभिलेख

काठमाडौ टेवहाल राजकृति महाविहार प्रवेश गर्ने ढोकानिर पसलभित्र रहेको महाङ्काल मूर्तिको पादपीठमातीन हरफको अभिलेख अङ्कित पाइएको छ । यो अभिलेखलाई गुहमित्रको अभिलेख पनि भनिएको पाइन्छ । यो अभिलेखको प्रकाश सर्वप्रथम लेभीद्धारा प्रकाशित कृतिमा छापिएको थियो । त्यसपछि यो अभिलेखसंस्कृत सदेश, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि छपाए । यो अभिलेखमा संवत्को साल महिना तिथि को साथै गुहमित्र भन्ने व्यक्तिले राजा मानदेवको सुशासनकालमा इन्द्रनामक भगवान सूर्य स्थापना गरी६०मानिका कूत आउने भूमिको विषय छ ।रोचक विषय यो छकि महाङ्काल मूर्तिको पादपीठमा सूर्य स्थापनाको व्यहोरा आइरहेको छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४०२आषाढशुक्लस्य तिथौ पञ्चदश्यां
राज्ञः श्री मानदेवस्य
वणिजां सार्थवाहेन गुहमित्रेण भक्तितः
भगवानिन्द्रो नाम दिवाकरः
क्षेत्रं यथा गुम्पद्वृम्प्रदेशे

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४०२आषाढमासे शुक्लपक्ष दिवा १५कोमिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कित संवत् ४०२ शकपूर्व २को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४०१ हुन आउँछ । शक ४०० को कार्तिक देखि शक ४०१ कोआश्विनसम्म रहने, अभिलेखमा आषाढशुक्ल आएकोले कार्तिकदेखि फाल्गुनसम्म ४०० रहने र चैत्रदेखि ४०१ लाग्ने हुँदा चैत्रदेखिआश्विनसम्म ४०१ रहन्छ ।यहाँ शक ४०१ आषाढ हुन आएको हुनाले तद्नुसार ईस्वी ४७९, विसं ५३६ र कलिगत ३५८१ पर्न आउने निश्चित छ ।

६.३.१२ देउपाटनको विमलसंघ शिवजलहरी पादपीठ अभिलेख

पशुपति देउपाटन स्थित प्रशिद्ध दक्षिणामूर्तिको मन्दिरको पश्चिमपट्टि विमलसङ्घको शिव जलहरीसहितको चतुष्कोणाकार जलहरी पीठमा ६ हरफीय अभिलेख अङ्कित पाइएको छ । यो

अभिलेख युक्त शिवलिंग शिवशरण राजभण्डारीको घरको प्राङ्गणमा परेको छ । यो अभिलेखको प्रकाश सर्वप्रथम पुरातत्व विभागले प्रकाशित गरेको हो । पछियही अभिलेख सुदर्शनराज तिवारी, ज्ञानमणि नेपाल, दिवाकर आचार्यले पनि थप परिस्कार गरी छपाए । यद्यपि त्रुटि विहीन पाठ र व्याख्याहरु देखा परेको भने उनीहरुबाट पनि नभएको होइन । यो अभिलेखमा संवत्को साल महिना तिथि को साथ विमलसंघ भन्ने व्यक्तिले राजा मानदेवको सुशासनकालमा शिवलिंग स्थापना गरी५८० भूमि अर्पण गरेको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४०७ आषाढमासे शुक्लपक्ष दिवसे प्रतिपदि
पुण्याय तस्योत्तमपुण्य कीर्त्तेःश्री मानदेवस्य हिताय
भगवां स्थापितः सम्यक् पादप्रसादतः
भक्त्या विमलसंघेन सर्व्वलोक शिवः
बोशिङग्राम दक्षिण प्रदेशे । दयितापल्ली प्रदेशे । थेम्मृङ्ग्राम प्रदेशे ।

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ४०७ आषाढमासे शुक्ल दिवा १कोमिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कित संवत् ४०७ शकपूर्व २को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४०६ हुन आउँछ । शक ४०५ को कार्तिकदेखि शक ४०६ कोआश्विनसम्म रहने, अभिलेखमा आषाढशुक्ल आएकोले कार्तिक देखि फाल्गुन सम्म ४०५ रहने र चैत्रदेखि ४०६ लाग्ने हुँदा चैत्रदेखिआश्विनसम्म ४०६ रहन्छ र स्वाभाविक रुपले शक ४०६ आषाढमासे शुक्ल दिव १ हुन्छ ।यहाँ शक ४०६ आषाढ हुन आएको हुनाले तद्नुसार ईस्वी ४८४, विसं ५४१ र कलिगत ३५८६ पर्न आउने निश्चित छ ।

६.३.१३ पशुपति पञ्चदेवलको अभिलेख

पशुपतिनाथ मन्दिरदेखि दक्षिणपट्टि रहेको पञ्चदेवल चोक भित्र पश्चिम उत्तर कुनामा शिवलिंग छ ।त्यस शिवलिंगको जलहरीमा अभिलेख अङ्कित छ । हाल जलहरीमा अङ्कित अभिलेख छोपिएको

अवस्था छ ।केही वर्ष अघिसम्म केही अक्षर देखिने अवस्थाको थियो । हाल अक्षर छोपिसकेका हुनाले अव खोलेर हेरियो भने पनि ती अक्षर बुझिने अवस्था नरहने निश्चित छ ।यो अभिलेख सर्वप्रथम संशोधन मण्डलले अभिलेख संग्रह भाग १मा छपाएका थिए । पछि धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीका पुस्तकहरुमा पनि छापिए । अभिलेखमा बचेको शेष अक्षरले कुनै दाताले आफ्नो छोरा बालककालमै मृत्यु भएको हुनाले त्यस बालकको पुण्य बढोस् भनी शिवलिंग स्थापना गरिएको भाव झल्किन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

संवत् ४१० माघ पूर्ण्णमास्याम्

तस्य सुतः शैशव

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ४१० माघ मासे शुक्ल दिवा १५(माघ पूर्ण्णमास्याम्)कोमिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४१० शकपूर्व २को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४०८ हुन आउँछ । शक ४०८ को कार्तिकदेखि शक ४०९ को आश्विनसम्म रहने, अभिलेखमा माघ शुक्ल आएकोले कार्तिकदेखि फाल्गुन सम्म ४०८ रहने र चैत्रदेखि ४०९ लाग्ने हुंदा अभिलेखमा माघ आएकोले कार्तिकदेखि फागुनसम्म ४०८ रहने हुँदा स्वाभाविक रुपले शक ४०८माघ मासे शुक्ल दिव १५ हुने निश्चित छ ।यहाँ शक ४०८ माघ हुन आएको हुनाले तद्नुसार ईस्वी ४८७, वि.सं ५४३ र कलिगत ३५८८ पर्न आउने निश्चित छ ।

६.३.१४ ललितपुर स्वथमा पाइएको शीलवतीको अभिलेख

ललितपुर स्वथटोलको कृष्णमन्दिर अगाडि ढल खन्ने क्रममा जलहरी आकृतिको शिलालेख भेटिएको र प्राप्त शिलालाई स्थानीय युथ हेल्थ क्लवको जिम्मामा राखिएको थियो । यो अभिलेख सर्वप्रथम श्यामसुन्दर राजवंशीद्धारा २०५२ आश्विन ६ गतेको गोरखापत्र दैनिकमासमाचारको रुपमा प्रकाशित गरिएको थियो । पछि राष्ट्रिय अभिलेखालयको मुखपत्र अभिलेख पूर्णांक १३ मा पुनः अभिलेखको बिस्तृत व्याख्या सहित अभिलेख प्रकाश गरिएको हो ।पछि धनवज्र वज्राचार्यको नयाँ सस्करणको लिच्छविकालका अभिलेखमा, जगदीश चन्द्र रेग्मीको लिच्छवि इतिहासमा पनि छापिएको छ । यो

अभिलेखमा लिच्छवि राजा मानदेव प्रथमको पालामा तत्कालीन विषय पति भीमगुप्तका पत्नी शीलवतीले भगवतीको मूर्ति स्थापना गरी १६८ भूमि अर्पण गरेको चर्चा पाइन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४११ ज्येष्ठमासे शुक्लपक्षेतिथौ त्रयोदस्याम्
श्री मानदेवो नृपो
भक्त्या शीलवती प्रसन्न हृदयाभिमानि
भगवत्यै देव्यै सम्यक्कारण पूजादि क्रिया प्रवर्त्तनार्थं
विषयपति महाप्रतिहार भीमगुप्तस्य भार्याया शीलवत्या दत्तं
पश्चिम प्रदेशे । त्रिंशत्प्रस्थिकया पिण्डक ।

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४११ ज्येष्ठमासे शुक्लपक्ष दिवा १३कोमिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४११ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४१० हुन आउँछ (शक ४०९ को कार्तिकदेखि शक ४१० कोआश्विनसम्म रहने, अभिलेखमा ज्येष्ठशुक्ल आएकोले कातिकदेखि फाल्गुनसम्म ४०९ रहने र चैत्रदेखि ४१० लाग्ने हुँदा चैत्रदेखिआश्विनसम्म ४१० रहन्छ र स्वाभाविक रुपले शक ४१० ज्येष्ठ मासे शुक्ल दिव १३ हुन्छ । यहाँ शक ४१० जेष्ठ हुन आएको हुनाले तद्नुसार ईस्वी ४८८, विसं ५४५ र कलिगत ३५९० पर्न आउने निश्चित छ ।

६.३.१५ पशुपतिनाथ प्राङ्गणमा त्रिशुल जलहरीको अभिलेख

पशुपतिनाथ मन्दिरँगै उत्तरपट्टि रहेको ठूलो त्रिशुलको आसनको रुपमा रहेको जलहरीको पूर्व फर्केको भागमा३ पंक्ति अभिलेख अङ्कित छ । यो अभिलेख सर्वप्रथम पं भगवानलाल इन्द्रजीले छपाएका थिए । पछि संस्कृत सन्देशमा छापिए नोलीको पुस्तकमा पनि छापिए । पछि पाठमा केही सुधार र संशोधन गरी इतिहास संशोधनले सच्याइ छपाए । कालान्तरमा ती सच्चिएको पाठलाई निरन्तरता दिई धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मी, हरिराम जोशीले पनि छपाए । यो अभिलेखमा लिच्छवि राजा मानदेव प्रथमको पालामा जयलम्भले जयश्वर शिवलिंग स्थापना गरी शिवलिंगको कारणपूजाका लागि २०० मानिका कूत आउने ४५० भूमि अर्पण गरेको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४१३ ज्यैष्ठ शुक्ल दिवा ११
श्रीमानदेवनृपतेश्चरण
जयलम्भ नाम्ना
लिङ्गञ्जयेश्वरमिति
भगवतोस्य लिङ्गस्य कारणपूजाया
सम्यक्प्रवर्त्तनाय स्वपुण्यप्यायनार्त्थन्दत्तमक्षयणीयम्

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४१३ ज्येष्ठमासे शुक्लपक्ष दिवा ११कोमिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४१३ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४१२ हुन आउँछ (शक ४११ को कार्तिकदेखि शक ४१२ कोआश्विनसम्म रहने, अभिलेखमा ज्येष्ठशुक्ल आएकोले कार्तिकदेखि फाल्गुनसम्म ४११ रहने र चैत्रदेखि ४१२ लाग्ने हुँदा चैत्रदेखि आश्विनसम्म ४१२ रहन्छ र स्वाभाविक रुपले शक ४१२ ज्येष्ठ मासे शुक्ल दिव ११ हुन्छ ।यहाँ शक ४१२ जेष्ठ हुन आएको हुनाले तद्नुसार ईस्वी ४९०, विसं ५४७ र कलिगत ३५९२ पर्न आउने निश्चित छ ।

६.३.१६ लाजिमपाटको गुणवतीको अभिलेख

लाजिम्पाट धोबीचौरमा रहेको शिवलिंगको जलहरी पीठमा३ पंक्ति अभिलेख छ । अभिलेख पश्चिम फर्केको छ ।यो अभिलेख सर्वप्रथम इतिहास संशोधनमा छापिएको हो । कालान्तरमा धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मी, हरिराम जोशीले पनि छपाए । यो अभिलेखमा लिच्छवि राजा मानदेव प्रथमको पालामा गुणवतीले आफ्नो दिवंगत पिता किन्नरवर्माको पुण्य अक्षय भइरहोस् भनीशिवलिंग स्थापना गरेको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४१९ज्येष्ठ शुक्ल दिवा १३
भर्त्तुश्री मानदेवस्य प्रसादोपचितश्रिया

गुणवत्याश्रिया
शैवन्देवालयस्थस्य
पितु किन्नरवर्म्मण
लिंग संस्थाप्य यत्पुण्य
धनञ्चाक्षय्यमस्त्वति

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४१९ ज्येष्ठमासे शुक्लपक्ष दिवा १३कोमिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४१९ शकपूर्व २को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४१८ हुन आउँछ। शक ४१७ को कार्तिकदेखि शक ४१८ कोआश्विनसम्म रहने, अभिलेखमा ज्येष्ठशुक्ल आएकोले कातिकदेखि फाल्गुनसम्म ४१७ रहने र चैत्रदेखि ४१८ लाग्ने हुँदा चैत्रदेखि आश्विनसम्म ४१२ रहन्छ ।यहाँ शक ४१८ जेष्ठ हुन आएको हुनाले तद्नुसार ईस्वी ४९६, विसं ५५३ र कलिगत ३५९८ पर्न आउने निश्चित छ ।

६.३.१७ काभ्रे पलाञ्चोकको विजयस्वामिनीको अभिलेख

काभ्रेपलान्चोक स्थितप्रसिद्ध पलाञ्चोक भगवतीको मन्दिर छ यस मन्दिरको पश्चिम दक्षिणमा २ पंक्ति अभिलेख छ । यो अभिलेख सर्वप्रथम हिमवतसंस्कृति अङ्क१मा योगी नरहरिनाथद्धारा छापिएको हो । कालान्तरमा धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मी, हरिराम जोशीले पनि छपाए । यो अभिलेखमा लिच्छवि राजा मानदेव प्रथमको पालामा सम्राट गृहपतिकी पत्नी विजयस्वामिनीले भगवतीको प्रतिष्ठा गरेको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४२५ माघशुक्ल पौर्णमास्याम्
भट्टारक महाराज श्री मानदेवस्य
साग्रं वर्ष शतमाज्ञा पयतः
सम्राड्गृहपतेस्पत्न्या
विजय स्वामिन्या

प्रतिष्ठापिता देवी भगवती विजयेश्वरी

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४२५ माघशुक्लपौर्ण्णमास्याम्मिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४२५ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४२३ हुन आउछ (शक ४२३ को कार्तिक देखि शक ४२४ को आश्विनसम्म रहने, अभिलेखमा माघशुक्ल आएकोले कार्तिक देखि फाल्गुनसम्म ४२३ रहने र चैत्रदेखि ४२४ लाग्ने हुंदा चैत्रदेखिआश्विनसम्म ४२४ रहन्छ र स्वाभाविक रुपले शक ४२३ माघ मासे शुक्ल दिव १५ हुन्छ ।

संवत् ४२५ माघमासे शुक्ल को समानान्तरतिथिमिति शक ४२३ इस्वी ५०२ विक्रम ५५८ कलिगत ३६०२ ज्येष्ठ शुक्ल पर्न आउने निश्चित छ ।यहाँ शक ४२३ माघ हुन आएको हुनाले तद्नुसार ईस्वी ५०२, विसं ५५८ र कलिगत ३६०३ पर्न आउने निश्चित छ ।

६.३.१८ चाँगुको निरपेक्षकोअभिलेख

चाँगुनारायणको मन्दिरसंगै मूल ढोकाको दाँयापट्टि ३ पंक्तिको अभिलेख अङ्कितपाइएको हो । यो अभिलेख सर्वप्रथम नोलीले प्रकाशित गरेका थिए । पछि संशोधन मण्डलले इतिहास संशोधनको प्रमाण प्रमेयमा पनि छापिए । कालान्तरमा धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मी, हरिराम जोशीले पनि छपाए । यो अभिलेखमा लिच्छवि राजा मानदेव प्रथमको पालामानिरपेक्ष नामक व्यक्तिले आफ्नो बाबुआमाको शालिक बनाएर स्थापना गरे । यसरी सालिक बनाएर स्थापना गर्नुको मुख्य हेतुदिवंगत् भएर गएका आफ्ना आमा बाबुको अर्को जन्ममा पनि भेट होस् भनिएको छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४२७ कार्त्तिक शुक्ल त्रयोदशी
श्री मानदेवनृपतौ
पित्रोः कृताकृतिरियन्निरपेक्षनाम्ना
पुण्येन तेन पितृ दैवत भागिनो
अन्यत्र जन्मनि विशुद्धवतीव कृत्वा

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४२७ कार्त्तिक शुक्ल दिवा १३ मिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४२७ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यो शक ४२५को कार्तिकदेखि शक ४२६को आश्विन रहने भयो । अभिलेखको मिति कार्तिकादि भएकोले यसको समानान्तर शक ४२५ हुने भयो । यदि चैत्र उप्रान्तको भए शक ४२६ हुने हुन्छ । अभिलेखको संवत् कार्तिकादि प्रकृतिको र शकसंवत् चैत्रादि प्रकृतिको भन्ने स्पष्ट छ । अतः कार्तिकदेखि फाल्गुनसम्म ४२५ रहने र चैत्रदेखिआश्विनसम्म ४२६ रहन्छ र स्वाभाविक रुपले शक ४२५ कार्त्तिक मासेशुक्ल दिवा १३ हुन्छ यहाँ शक ४२५ कार्तिक हुन आएको हुनाले तद्नुसार ईस्वी ५०३, विसं ५६० र कलिगत ३६०५ पर्न आउने निश्चित छ ।

६.३.१९ सूर्यघाटको विजयवतीकोअभिलेख

पशुपतिनाथ मन्दिरबाट उत्तरतर्फको माथिल्लो भेगलाई कैलाश भनिन्छ र कैलाशबाट सूर्यघाट तर्फ ओर्लंदा बाटोमा तीन शिवलिंग भएको ठाउँमा छेउको गोलो जलहरि भएको शिवलिंगमा ७ पंक्तिको लिच्छवि अभिलेख भेटिन्छ । यो अभिलेख सर्वप्रथमसंशोधन मण्डललेअभिलेख संग्रह पहिलो भागमा प्रकाशित गरेको हो कालान्तरमा धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मी, हरिराम जोशीले पनि छपाए । यो अभिलेखमा लिच्छवि राजा मानदेव प्रथमकोदेहावसान भइसकेको किसिमले वर्णन छ । मानदेवकी छोरी राजकुमारी विजयवतीले मोक्षप्राप्तिको कामना गरी विजयेश्वर शिवलिंगको स्थापना गरेको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४२७आषाढ शुक्ल दिव १
नृपतिरिह हतारिम्मानदेवो बभूव
श्री भोगिनीति कथितास्य बभूव देवी
नामना सा विजयवतीति राजपुत्री
पत्यौ हर इव वार्त्त देवलाभे
विजयेश्वर मक्षयाय

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४२७आषाढ शुक्ल दिवा १ मिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४२७ शकपूर्व २को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४२६ हुन आउँ छ । शक ४२५ को कार्तिकदेखि शक ४२६ कोआश्विनसम्म रहने, अभिलेखमा आषाढ शुक्ल आएकोले कातिकदेखि फाल्गुनसम्म ४२५ रहने र चैत्रदेखि ४२६ लाग्ने हुँदा चैत्रदेखिआश्विनसम्म ४२६ रहन्छ ।यहाँ चैत्र उप्रान्तको भएर शक ४२६ हुने हुन्छ । अभिलेखको संवत् कार्तिकादि प्रकृतिको र शकसंवत् चैत्रादि प्रकृतिको भन्ने स्पष्ट छ । अतः कार्तिकदेखि फाल्गुनसम्म ४२५ रहने हुँदा अघिल्लो अभिलेखको शक ४२५ रहेकोर यो चैत्रदेखिआश्विनसम्म ४२६ रहन्छ र स्वाभाविक रुपले यहाँ शक ४२६ आषाढ हुन आएको हुनाले तद्नुसार ईस्वी ५०४, विसं ५६१ र कलिगत ३६०६ पर्न आउँने निश्चित छ ।

६.३.२० थानकोट आदिनारायणको बसन्तदेवको अभिलेख

थानकोट आदिनारायण मन्दिरसँगै रहेको ३० पंक्ति लामो पाठ भएको लिच्छविकालको अभिलेख राजा बसन्तदेवको अभिलेख हो । यो अभिलेख सर्वप्रथम नोलीले प्रकाशित गरेका थिए । पछि धनवज्र वज्राचार्यद्धारा पूर्णिमा अङ्क१४ माछापिए । कालान्तरमा, डिल्लीरमण रेग्मी र हरिराम जोशीद्धारा पनिछापिए । यो अभिलेखमा लिच्छवि राजा बसन्तदेवको पालामा बनेको स्थितिबन्देज बारे जारी गरेको विषय छ । यसमा बसन्तदेवले आफ्नी बहिनी जयसुन्दरीलाई सन्तान दरसन्तान पर्यन्त भोग गर्ने गरी गाउँनै बकस दिएको व्यहोरा पनि छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४२८ मार्गशीर्ष शुक्ल दिव १
कीर्तिर्भट्टारक महाराजश्री
जयपल्लिकाग्रामे
प्रियभगिन्यै जयसुन्दय्र्यै स्वसन्तानानुक्रमेण
चाटभटप्रवेश्योयं
शीताटीगुल्मकस्य
समुचित भागभोगकर पिण्डकदानादि

दूतको याज्ञिक विरोचनगुप्तः

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४२८ मार्गशीर्ष शुक्ल दिव १ मिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४२८ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४२६ हुन आउँछ । शक ४२६ को कार्तिकदेखि शक ४२७ कोआश्विनसम्म रहने, अभिलेखमा मार्ग शुक्ल आएकोले कातिकदेखि फाल्गुनसम्म ४२६ रहने र चैत्रदेखि ४२७ लाग्ने हुँदा कार्तिकदेखि फागुनसम्म ४२६ रहन्छ ।यहाँ शक ४२६ मार्ग हुन आएको हुनाले तद्नुसार ईस्वी ५०४, विसं ५६१ र कलिगत ३६०६ पर्न आउने निश्चित छ ।

६.३.२१ पाटन बाहालुखाको बसन्तदेवको अभिलेख

पाटन इखालखुको चौबाटोबाट पश्चिमतर्फको बाटोबाट केही कदम पर त्रिलिंगेश्वर महादेवको छानेशैलीको मन्दिर आउँछ । यो मन्दिर भएको ठाउँ टोलको नाम बाहालुखा हो ।यो मन्दिर प्राङ्गणमा पश्चिमलंगको पेटीमारहेको १७ पंक्तिको लिच्छवि अभिलेख राजा बसन्तदेवको अभिलेख हो । यो अभिलेख सर्वप्रथम संशोधन मण्डलले अभिलेख संग्रह भाग ५ मा प्रकाशित गरेका थिए । पछि धनवज्र बज्राचार्य, डिल्लीरमण रेग्मी र हरिराम जोशीद्वारा पनि छापिए । यो अभिलेखमा लिच्छवि राजा वसन्तदेवको पालामा१४२ मानिका कुत आउने विभिन्न ठाउँको भूमि खेत दिएको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४३५ द्वितीय पौषे शुक्ल वि ५
चत्वारिम्शतो भूमिः
गुडन्दुलुत्तरप्रदेशे
तदासां पिण्डकं १४२
मर्य्यादाबन्धमनुस्ठास्यामीतिसमाज्ञापना
दूतकोत्र सर्व्वदण्डनायक महाप्रतिहार रविगुप्त इति

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ४३५ द्वितीय पौषशुक्ल दिव ५ मिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४३५ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४३३ हुन आउँछ। शक ४३३ को कार्तिकदेखि शक ४३४ को आश्विनसम्म रहने, अभिलेखमा द्वितीय पौषशुक्ल आएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ४३३ रहने र चैत्र देखि ४३४ लाग्ने हुँदा कार्तिकदेखि फागुनसम्म ४३३ रहन्छ ।यहाँ शक ४३३ पौष हुन आएको हुनाले तद्नुसार ईस्वी ५१२, विसं ५६८ र कलिगत ३६१३ पर्न आउने निश्चित छ ।

(ग) अधिकमास

यहाँद्वितीय पौष को उल्लेख आउनुको मतलव यो वर्ष अधिकमास मनाएको स्पष्ट हुन्छ । तर अधिकमास क्षयमास सारणीमा शक ४३३ को वर्षमा पनि अधिकमास परेको देखिँदैन र शक ४३४ को वर्षमा पनि अधिकमास परेको देखिँदैन । यसको मतलव त्यतिवेला नेपालमा प्रचलित संवत्को विषयमा भ्रमको क्रम शुरु हुन थाल्यो भनेर बुझ्नुपर्ने हुनआउँछ । अधिकमास सारणीमा शक ४३५ को आषाढमा अधिकमास परेको देखिन्छ ।यदि लिच्छविकालमा प्रचलित संवत् पनि शक संवत् नै भएको भए आषाढमा अधिकमास मनाएको हुनुपर्ने थियो परन्तु आषाढमा अधिकमास नमनाएर पौषमा आएर मनाउनुले यो सिद्ध गर्दछ कि लिच्छविकालमा प्रचलित संवत् शक संवत् कुनै हालतमा होइनन् । स्पष्ट यो हुन आँउछकि अधिकमास मान्ने परिपाटीमा योबेलादेखि भ्रमले नराम्रो प्रभाव पारेको रहेछ ।

६.३.२२ जैसीदेवलको वसन्तदेवको अभिलेख

काठमाडौँ न्हुगलटोलको चौबाटोमा प्रशिद्ध जोशीदेवल रहेको छ यसलाई जनबोलीमा जैसीदेवल कहलिने गरेको छ । देवलसँगै पूर्वतर्फ लिच्छविलिपि भएको शिलालेख रहेको छ ।यस शिलालेखमा झण्डै २३ पंक्तिको लिपि युक्तअभिलेख राजा बसन्तदेवको अभिलेख हो । यो अभिलेख सर्वप्रथमभगवानलाल इन्द्राजीले प्रकाशित गरेका थिए । त्यसपछि भोलानाथ पौडेल, ज्ञानमणि नेपाल, धनवज्र वज्राचार्यले छपाए । यही अभिलेख नोलीले पनि छपाएका थिए भने कालान्तरमा हरिराम जोशी, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए । यो अभिलेखमा लिच्छवि राजा वसन्तदेवको

पालामालिङ्गवल कुथेर अधिकरणमा माफी गरेको विषय झल्किन्छ धेरैजसो अक्षर अस्पष्ट भइसकेकोले अन्य व्यहोरा अस्पष्ट छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४३५ आाश्वयुजि शुक्ल दिवा १
परम दैवत भट्टारक महाराजश्री पादानुध्यातः
कीर्तिभट्टारक महाराज महाराज श्री बसन्तदेवः
दूतक सर्वदण्ड नायकमहाप्रतिहार रविगुप्त
ब्रहमुङि च महाशीले
चतुर्ष्व धिकरणेषु
मानगृहात्

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४३५ आश्वयुजि शुक्ल दिवा १ मिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमाअङ्कितसंवत् ४३५ शकपूर्व २को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४३४ हुन आउँछ । शक ४३३ को कार्तिकदेखि शक ४३४ को आश्विनसम्म रहने, अभिलेखमा आश्विन आएकोले कातिकदेखि फाल्गुनसम्म शक ४३३ रहने र चैत्रदेखि ४३४ लाग्ने हुँदा स्वाभाविक रुपले शक ४३४आश्वयुजि शुक्ल दिवा १ हुन्छ ।संवत् ४३५ आशवयुजि को समानान्तरतिथिमिति शक ४३४ इस्वी ५१२ विक्रम ५६९ कलिगत ३६१३आश्विन पर्न आउँने निश्चित छ ।यहाँ शक ४३४ आश्विन हुन आएको हुनाले तद्नुसार ईस्वी ५१२, विसं ५६९ र कलिगत ३६१४ पर्न आउने निश्चित छ ।

६.३.२३ स्वयम्भुको वसन्तदेवपालाको अभिलेख

स्वयम्भुको भगवानपाउ भन्दा अलिमाथि रहेको तीनवटा ठूलो अक्षोभ्य बुद्ध मूर्तिको बाँया पट्टि केही वर्षअघि संरक्षण संवर्द्धनका कार्य शुरु हुने क्रममा एउटा जलहरि आकारको शिला भेटिएको थियो । त्यही शिलाको अग्रभागमा लिच्छविलिपिकोअभिलेख अङ्कित रहेको पाइयो । उक्त अभिलेखमा जम्मा ४ पंक्तिकोपाठ रहेको छ । अभिलेखका अक्षर झण्डै एक तिहाइ अक्षर खिइएको र फुटेर क्षति भइसकेका छन् । यो अभिलेख सर्वप्रथम श्यामसुन्दर राजवंशीले राष्ट्रिय अभिलेखालयबाट प्रकाशित

हुने अभिलेख पूर्णांक ३१ मा प्रकाशित गरेको हो । योअभिलेख अन्त कतै प्रकाशित भएको देखिएको छैन । यो अभिलेखमा लिच्छवि राजा बसन्तदेवको पालामालिंग्वल कुथेर अधिकरणमा माफी गरेको विषय झल्किन्छ धेरैजसो अक्षर अस्पष्ट भइसकेकोले अन्य व्यहोरा अस्पष्ट छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४३८ फाल्गुण शुक्ल पक्ष दिवा ६

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४३८ फाल्गुणशुक्ल दिवा ६ मिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४३८ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४३६ हुन आउँछ (शक ४३६ को कार्तिकदेखि शक ४३७ कोआश्विनसम्म रहने, अभिलेखमा फाल्गुण आएकोले कातिकदेखि फाल्गुनसम्म शक ४३६ हुन्छ ।यहाँ शक ४३६ फाल्गुण हुन आएको हुनाले तद्नुसार ईस्वी ५१५, विसं ५७१ र कलिगत ३६१६ पर्न आउने निश्चित छ ।

६.३.२४ किसिपिडीकोअभिलेख

थानकोट जाने बाटोमा बलम्बुको हाराहारीमा रहेको ठाउ किसिपिडीको नामले प्रशिद्ध छ । यहाँको बस्तीभित्र माथिल्लोभाग नष्ट भइसकेको लिच्छविकालको अभिलेख रहेको छ । यो अभिलेख सर्वप्रथमसिलभान लेभीले प्रकाशित गरेका थिएपछि नोलीले पनि प्रकाशित गरे । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए । यो अभिलेखमा कुथेर अधिकरणमा माफी गरेको विषय झल्किन्छ । माथिल्लो भाग अस्पष्ट भइसकेकोले अन्य व्यहोरा अस्पष्ट छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४४९ प्रथमाषाढ शुक्ल दशम्याम्
पीडाल्पा करणीया
समुचितकरं ददन्त:
दूतकश्चात्र सर्वदण्डनायक महाप्रतिकार रविगुप्त

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४४९ प्रथमाषाढ शुक्ल दशम्याम् मिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४४९ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४४८ हुन आउँछ । शक ४४७ को कार्तिकदेखि शक ४४८ कोआश्विनसम्म रहने, अभिलेखमा प्रथमाषाढदिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ४४७ रहन्छ ।यहाँ शक ४४८ आषाढ हुन आएको हुनाले तद्नुसार ईस्वी ५२६, विसं ५८३ र कलिगत ३६२८ पर्न आउने निश्चित छ ।

(ग) अधिकमास

शक ४४८ प्रथमाषाढशुक्ल दिवादशम्याम् हुन्छ । यहाँप्रथमाषाढको उल्लेख आउनुको मतलव यो वर्ष अधिकमास मनाएको स्पष्ट हुन्छ तर अधिकमास क्षयमास सारणीमा शक ४४९ को वर्षमा पनि अधिकमास परेको छैन । अतः अभिलेखमा संवत् ४४९ मा अधिकमास देखिनुको मतलव यो शक होइन भन्ने प्रष्ट हुन्छ ।

६.३.२५ पाटन खपिंछेको अभिलेख

पाटन च्यासलटोलदेखि दक्षिणमा पर्ने खपिंछेको भैरवनाथ प्रागणको दक्षिण पश्चिम लंगको पर्खालमा लिच्छविकालको अभिलेख रहेको छ । यो अभिलेख सर्वप्रथमसंशोधन मण्डलको अभिलेख संग्रह पहिलो भागमाप्रकाशित भएको हो । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए । यो अभिलेखमा वेद अभ्यास गरेका वैशम्पायनको कारण पूजाका लागि याज्ञिकहरुले भूमि दान गरेको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४५२ पौष शुक्ल तिथौ तृतीया
महर्षौ वैशम्पायने श्रद्धेय
भट्टारक महाराज श्री बसन्तदेवे
याज्ञिक विप्रसेनेन
वेदकृताम्नाय
कारणपूजार्त्थ

पिकङकूलकप्रदेशे, दुंलम्ग्रामे

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४५२ पौष शुक्ल तृतीया मिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४५२ शकपूर्व २को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४५० हुन आउँछ । शक ४५० को कार्तिकदेखि शक ४५१ को आश्विनसम्म रहने, अभिलेखमा पौष दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ४५० रहने र चैत्रदेखि ४५१ लाग्ने हुँदा पौषमा स्वाभाविक रुपले शक ४५०पौषशुक्ल तृतीया हुन्छ ।यहाँ शक ४५० पौष हुन आएको हुनाले तद्नुसार ईस्वी ५२८, वि.सं ५८५ र कलिगत ३६३० पर्न आउने निश्चित छ ।

६.३.२६ पशुपति आर्यघाट सूर्यमण्डलको अभिलेख

पशुपति आर्यघाटको सूर्यमण्डल आकृतिको शिलामा लिच्छविकालको अभिलेख रहेको छ । यो अभिलेख सर्वप्रथमनोलीलेप्रकाशित गरे । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए । यो अभिलेखमा पुण्यगोमीले आफ्नो पुण्य बढोस् भनेर यो मण्डल स्थापना गरियो र खेत प्रदान गरेको विषय छ ।

(क) **संवत् प्रकरण तथा अभिलेख पाठ्यांश**

– संवत् ४५२.....
पुण्यगोमिना स्वपुण्याप्यायनाय
पार्थिवशिला

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ४५२ मिति दिइएको छ । मास तिथिमिति भने अस्पष्ट छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४५२ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४५० हुन आउँछ। शक ४५० को कार्तिकदेखि शक ४५१ कोआश्विनसम्म रहने, अभिलेखमा मास

अस्पष्ट रहेकोले यसमा समानान्तर शक ४५० वा ४५१ हुन्छ ।यहाँ शक ४५० महिना तिथि नखुलेकोहुनाले तद्नुसार ईस्वी ५२८, विसं ५८५ र कलिगत ३६३० पर्न आउने निश्चित छ ।

६.३.२७ चौकिटार बलम्बुको अभिलेख

बलम्बुदेखि केही कदमपश्चिम उत्तरमा चौकिटार भन्ने ठाउँ आउँछ । यँहा खेतको बीच एउटा लिच्छवि लिपि भएको एउटा शिलापत्र रहेको छ । यो अभिलेख सर्वप्रथमनोलीले प्रकाशित गरको थियो । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए । यो अभिलेखमा राजकोषको नोकसान नहोस् भन्ने विषय झल्किन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४५४ ज्येष्ठशुक्ल दिवा ६
मानगृहात्सम्यक्प्रजापालन
भट्टारकमहाराजश्रीवसन्तदेव:
सर्व्वदण्डनायकमहाप्रतिहाररविगुप्तेन
महाराजमहासामन्तश्रीक्तमलीलेन
पञ्चापराधेन
राजकोशस्यापहानिरिति
दूतकश्चात्र सर्वदण्डनायक महाप्रतिहार रविगुप्त:

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ४५४ ज्येष्ठशुक्ल दिवा ६ मिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४५४ शकपूर्व २को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४५३ हुन आउँछ । शक ४५२ को कार्तिकदेखि शक ४५३ को आश्विनसम्म रहने, अभिलेखमा ज्येष्ठ दिइएकोले कातिकदेखि फाल्गुनसम्म शक ४५२ रहन्छ ।यहाँ शक ४५३ जेष्ठ हुन आएको हुनाले तद्नुसार ईस्वी ५३१, विसं ५८८ र कलिगत ३६३३ पर्न आउने निश्चित छ ।

६.३.२८ पासिंख्य बलम्बु र बलम्बु महालक्ष्मीकोअभिलेख

बलम्बुदेखि पूर्व खोलापारि केहीपर पासिंख्य भन्ने ठाउँ छ ।यहाँ दक्षिणतर्फ फर्काइराखेको एउटा लिच्छविलिपि भएको शिलापत्र रहेको छ । यो अभिलेख सर्वप्रथम संशोधन मण्डलले अभिलेख संग्रह भाग ५मा प्रकाशित गरेको दखिन्छ । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए । यो अभिलेखमा सरकारी ढुकुटी नोकसान नहोस् भन्ने विषय झल्किन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४५४ ज्येष्ठकृष्ण दिवा ६
महाराजश्रीवसन्तदेव:
सर्व्वदण्डनायकमहाप्रतिहाररविगुप्तेन
महाराजमहासामन्तश्रीक्तमलीलेन
दूतकश्चात्र सर्वदण्डनायक महाप्रतिहार रविगुप्त:

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४५४ ज्येष्ठकृष्ण दिवा ६ मिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४५४ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४५३ हुन आउँछ । शक ४५२ को कार्तिकदेखि शक ४५३ कोआश्विनसम्म रहने, अभिलेखमा ज्येष्ठ दिइएकोले कातिकदेखि फाल्गुनसम्म शक ४५२ रहन्छ ।यहाँ शक ४५३ जेष्ठ हुन आएको हुनाले तद्नुसार ईस्वी ५३१, विसं ५८८ र कलिगत ३६३३ पर्न आउने निश्चित छ ।

६.३.२९ पशुपति भष्मेश्वरको अभिलेख

पशुपतिनाथको मन्दिरदेखि दक्षिणतर्फ भष्मेश्वर शिवलिंगको नामले प्रशिद्ध शिवलिंग छ । यस शिवलिंगको जलहरि आसनमुनि रहेको शिलामा अभिलेख कुंदिएको छ । यस अभिलेखमा पाच शिवलिंगको नाम छ तापनि भष्मेश्वरको नाम भने उल्लेख देखिंदैन । यो अभिलेख सर्वप्रथम संशोधन मण्डलको अभिलेख संग्रह भाग १मा छापिएको देखिन्छ । कालान्तरमा हरिराम जोशी, धनवज्र

वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए । यो अभिलेखमा पाच शिवलिंगको कारणपूजाको लागि ४०० मानिका कूत आउने४०० भूमि गुठी राखेको विषय झल्किन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४५५ चैत्रशुक्ल दिवा १०
पशुपतेः क्षेत्रेस्वयम्प्रतिष्ठापितेभ्यो
पञ्चभ्यः कारण पूजा निमित्तं
प्रतिहारध्रुवसंघ वार्तेन
युपग्रामस्य दक्षिणेन संवेद्यक्षेत्रन्दत्तं

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४५५ चैत्र शुक्ल १० मिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४५५ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४५४ हुन आउँछ । शक ४५३ को कार्तिकदेखि शक ४५४ कोआश्विनसम्म रहने, अभिलेखमा चैत्रदिइएकोले कातिकदेखि फाल्गुनसम्म शक ४५३ रहने र चैत्रदेखि ४५४ लाग्ने हुँदा चैत्रमा स्वाभाविक रुपले शक ४५४ चैत्र शुक्ल दिवादशमी हुन्छ ।यहाँ शक ४५४ चैत्र हुन आएको हुनाले तद्नुसार ईस्वी ५३२, विसं ५८९ र कलिगत ३६३४ पर्न आउने निश्चित छ ।

६.३.३० साँखु दुगाहिटीकोअभिलेख

साँखु शहरको बीचमा दुगाहिटीनामक गैरिधाराको नाम प्रशिद्ध छ ।यो धाराको इशान कोणमा रहेको एउटा देवताको पादपीठमा अभिलेख कुंदिएको छ । यो अभिलेख सर्वप्रथम संशोधन मण्डलको अभिलेख संग्रह भाग १मा छापिएको देखिन्छ । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए ।। यो अभिलेखमा भगवान वामन स्वामीको निमित्त विभिन्न ठाउँको भूमि गुठी राखेको विषय झल्किन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४६० ज्येष्ठशुक्ल दिव अष्टम्याम्
भट्टारक महाराजश्री वामनदेवस्य
भगवतो पामन स्वामिनः
लेंदुप्रदेशे
सुब्रंकोप्रदेशे

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ४६० ज्येष्ठशुक्ल दिव अष्टम्याम् मिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४६० शकपूर्व २को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४५९ हुन आउँछ । शक ४५८ को कार्तिकदेखि शक ४५९कोआश्विनसम्म रहने, अभिलेखमा ज्येष्ठ दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ४५८ रहने र चैत्रदेखि ४५९ लाग्ने हुँदा ज्येष्ठमा स्वाभाविक रुपले शक ४५९ ज्येष्ठशुक्ल दिवाअष्टमी हुन्छ ।यहाँ शक ४५९ जेष्ठ हुन आएको हुनाले तद्नुसार ईस्वी ५३७, विसं ५९४ र कलिगत ३६३९ पर्न आउने निश्चित छ ।

६.३.३१ पशुपतिको आभिरी गोमिनीको अभिलेख

पशुपतिनाथको मन्दिरदेखि दक्षिणतिर चौसठ्ठीशिवलिंग क्षेत्रकोनामले प्रशिद्ध छ ।यस चौसठ्ठी शिवशिवलिंग भन्दा केही तलतिर रहेको लिच्छवि शिवलिंगमाअभिलेख कुंदिएको छ । यो अभिलेख सर्वप्रथम रामजी तेवारी, देवीप्रसाद भण्डारी, शंकरमान राजवंशीले संस्कृत सन्देशमा छपाएकाथिएपछि नोलीले पनि प्रकाशित गरे । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मी ले पनि प्रकाशित गरेका थिए । यो अभिलेखमा आभीरी गोमिनीले आफ्नो स्वर्गवासी पतिको नाममा अनुपरमेश्वर शिवलिंग स्थापनागरी वेम्पाग्रामको भूमि गुठी राखेको विषय झल्किन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४६२ ज्येष्ठमासे तिथौ द्वितीयायाम्

आभीरी ख्यातगुणा भार्या परमाभिमानिनः
अनुपरमेश्वरसंज्ञाञ्च शम्भोर्भुवनमहितस्यास्य
भौमगुप्तादीनाम्भोगा
वेम्पाग्रामे स्वयपुपारोपित नदीक्षेत्रखण्डद्वयं दत्तमिति

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४६२ ज्येष्ठमासे तिथौ द्वितीयायाम्मिति दिइएको छ तर शुक्ल पक्ष कि कृष्ण पक्ष हो किटेर दिइएको छैन । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमाअङ्कितसंवत् ४६२ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४६१ हुन आउँछ । शक ४६०को कार्तिकदेखि शक ४६१को आश्विनसम्म रहने हुन्छ ।, अभिलेखमा ज्येष्ठमासे दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ४६० रहन्छ ।यहाँ शक ४६१ जेष्ठ हुन आएको हुनाले तद्नुसार ईस्वी ५३९, विसं ५९६ र कलिगत ३६४१ पर्न आउने निश्चित छ ।

६.३.३२ पाटन गुइतवहीको रामदेवकोअभिलेख

पाटन गुइतटोल स्थित गुइतवही नामकवौद्ध विहार विशेष प्रसिद्धछ । यस विहारको मूल क्वापादेवताको मन्दिर धेरै अघिदेखि जीर्ण रहेको थियो पछि जीर्णोद्धारको क्रममा स्थानक वुद्धमूर्तिको पादपीठको पछाडिको भागमा लिच्छवि लिपिमा अभिलेख कुँदिएको पाइएको हो । यो अभिलेख सर्वप्रथम श्यामसुन्दर राजवंशीले राष्ट्रिय अभिलेखालयबाट प्रकाशित हुने अभिलेख जर्नल अङ्कमा प्रकाशित गरेको हो । यो अभिलेखमा काँशको बुद्ध मूर्ति प्रतिष्ठा गरेको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

संवत् ४६४ मार्ग्गशीर्षे शुक्ल त्रयोदश्याम्
शाक्यभिक्षोःयशोमित्रस्य
मातापितरौ पूर्वगमङ्गकृत्वा
भट्टारक महाराज श्री रामदेवस्य
महासामन्ते महाराज श्री क्रमलील

भगवतो बुद्धस्यकाङ्स्य प्रतिमा

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४६४ मार्ग शुक्ल त्रयोदशी मिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४६४ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४६२ हुन आउँछ (शक ४६२को कार्तिकदेखि शक ४६३ को आश्विनसम्म रहने हुन्छ ।, अभिलेखमा मार्गदिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ४६२ रहन्छ ।यहाँ शक ४६२ मार्ग हुन आएको हुनाले तद्नुसार ईस्वी ५४०, विसं ५९७ र कलिगत ३६४२ पर्न आउने निश्चित छ ।

६.३.३३ पशुपति आर्यघाट रामदेवको अभिलेख

पशुपति आर्यघाटदेखि मृगस्थलीतिर जानेबाटोमा पूलदेखि अलिमाथि गएपछि दक्षिणतिर एउटा लिच्छवि शिवलिंग देखा पर्छ । यस शिवलिंगको जलहरि पादपीठमा लिच्छविलिपि कुंदिएको छ । यो अभिलेख सर्वप्रथम योगी नरहरिनाथले संस्कृत सन्देश १ ।७मा छपाएका थिए । यसको पाठ सच्याएर पछिधनवज्र वज्राचार्य ज्ञानमणि नेपालले छपाए ।पछि नोलीले पनि छपाए । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए । यो अभिलेखमा मानमतीले नाथेश्वर भगवानलाई २८ मानिका कूत आउने शालगम्बी खेत र खुदुस्वामीलाई २ मानिका दान दिएको विषय झल्किन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४६७ वैशाखे शुक्ल दिव पौर्णमास्याम्
भट्टारक महाराज श्री रामदेवस्य
महाराज महासामन्त श्री क्रमलील:
भगवत: नाथेश्वराय मानमत्या दत्तं
शालगम्बी क्षेत्र
खुडुस्वामिन:

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४६७ वैशाखशुक्ल दिव पौर्णमास्याम् मिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कित संवत् ४६७ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४६६ हुन आउँछ (शक ४६५को कार्तिकदेखि शक ४६६ को आश्विनसम्म रहने हुन्छ ।, अभिलेखमा वैशाखदिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ४६५ रहने र चैत्रदेखि ४६६ लाग्ने हुँदा वैशाखमा स्वाभाविक रुपले शक ४६६ वैशाख शुक्ल पूर्णिमा हुन्छ ।यहाँ शक ४६६ वैशाख हुन आएको हुनाले तद्नुसार ईस्वी ५४४, विसं ६०१ र कलिगत ३६४५ पर्न आउने निश्चित छ ।

६.३.३४ हाँडीगाउँ डवलीको भारविकोअभिलेख

काठमाडौको प्राचीन वस्ती भनेर प्रसिद्ध रहेको हाडिगाउको मध्यभागमा डवली रहेको छ । त्यस डवलीको आसपास असुरक्षित अवस्थामारहेको शिला भनिने यो शिला केशर बहादुर के. सीले राष्ट्रिय संग्रहालयको छाउनीमा लगेर राखेको सन्दर्भधनवज्र वज्रचार्यले उल्लेख गर्न भएको छ ।यो अभिलेख सर्वप्रथमसंशोधन मण्डलले अभिलेख संग्रह भाग १ मा प्रकाशित गरेको हो । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए । यो अभिलेखमा आफ्नो दानको प्रशंसा नगर्ने मानदेवको छोरी को छोरा भनेर चिनिने भारविले चीसो पानी आउने धारा कीर्ति स्वरुप बनाइदिएको विषय झल्किन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४७२ फाल्गुण शुक्ल दिव १२
कीर्तिः कृतेयमिह भारविना
न च लोक विरुद्धकारी
न च रुपमदम्बिभर्ति
श्री मानदेव नृपतेर्दुहितुसूस्तेन
सुस्वादुशीतलविशुद्धजलाभिरामा

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४७२ फाल्गुण शुक्ल दिव १२ मिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४७२ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४७० हुन आउँछ । शक ४७० को कार्तिकदेखि शक ४७१ को आश्विनसम्म रहने हो ।अभिलेखमा फाल्गुण दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ४७० रहन्छ ।यहाँ शक ४७० फाल्गुण हुन आएको हुनाले तद्नुसार ईस्वी ५४९, विसं ६०५ र कलिगत ३६५० पर्न आउने निश्चित छ ।

६.३.३५ फर्पिंग कोटालटोलको अभिलेख

फर्पिङ दक्षिणकालीको बाटोमा पर्ने कोटालटोलमा व्यक्तिको बारिभित्र एउटा लिच्छविकालको अभिलेख रहेको छ । यो अभिलेख सर्वप्रथम संशोधन मण्डलले अभिलेख संग्रह भाग नवौंमा प्रकाशित गरेका थिए । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए । यो अभिलेख असुरक्षित रहेकोले धेरैजसो भाग नबुझिने भएको छ ।बाकि अक्षरले यो अभिलेख सनद अभिलेख हो यसमा पहिले व्यवस्था भएको व्यवस्थालाई थामी दिएकोविषय झल्किन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत्४७९ बैशाखमासे कृष्ण पक्षे तिथौ द्वादश्याम्
महाप्रतिहारसर्व्वदण्डनायक
प्रमाणीकृत्यान्यथा कुर्यात्कार
कृतप्रसादानुवर्तिभिरिय
बुन्लुनदीखाद्विचोअर्द्धचो ब्रेम्गुम्चो

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ४७९ बैशाख कृष्ण द्वादश्याम मिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४७९ शकपूर्व २को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४७८ हुन आउँछ (शक ४७७को कार्तिकदेखि शक ४७८ को आश्विनसम्म रहने हुन्छ ।, यहाँ शक ४७८ वैशाख हुन आएको हुनाले तद्नुसार ईस्वी ५५६, विसं ६१३ र कलिगत ३६५८ पर्न आउने निश्चित छ ।

६.३.३६ ब्रह्मटोल नारायण मूर्तिको पादपीठ अभिलेख

काठमाडौ लगन ब्रम्हटोलको बीचबाटोमा एउटा सानो नारायण मन्दिर रहेको छ । यस मन्दिरभित्र रहेको नारायणको मूर्तिको पादपीठमा लिच्छविलिपि अङ्कित पाइएको छ । यस अभिलेखको पाठमा धेरै अक्षर मेटिएर अस्पष्ट छ तर मिति स्पष्ट बुझिने रहेको छ । यो अभिलेख सर्वप्रथम संशोधन मण्डललेअभिलेख संग्रहपहिलो भागमा प्रकाशित गरेको हो । कालान्तरमा धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए । यो अभिलेखमा भगवदार्य्या शव्द अङ्कित भएबाट अभिलेखको पाठ कुनै आर्यावलोकितेश्वरको मूर्तिको पादपीठ हुनसक्ने आधार मिलेको छ र कालान्तरमा संभवत: लोकेश्वरको मूर्ति हराए पछि कुनै व्यक्तिले यो नारायणको मूर्ति थापना गरिदिएको हुनुपर्छ । योकुरा धनवज्र वज्राचार्य स्वयंले पनि चर्चा गरेको छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४७९ द्वितीय आषाढ
भगवदार्य्या
मानेनार्द्ध
सर्व्वज्ञज्ञानावाप्तये

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४७९ द्वितीय आषाढ_ मिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कित संवत् ४७९ शकपूर्व २को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४७८ हुन आउँछ (शक ४७७को कार्तिकदेखि शक ४७८ को आश्विनसम्म रहन्छ ।यहाँ शक ४७८ आषाढ हुन आएको हुनाले तद्नुसार ईस्वी ५५६, विसं ६१३ र कलिगत ३६५८ पर्न आउने निश्चित छ ।

(ग) अधिकमास

यहांद्वितीय आषाढको उल्लेख आउनुको मतलव यो वर्ष अधिकमास मनाएको स्पष्ट हुन्छ । तर अधिकमास क्षयमास सारणीमा शक ४७९ को वर्षमा कुनै अधिकमास परेको छैन । अतः अभिलेखमा संवत् ४७९ मा अधिकमास देखिनुको मतलव यो शक होइन भन्ने प्रष्ट हुन्छ ।

६.३.३७ संवत् ४८२ को उपत्यकाको पश्चिमभेगका अभिलेखहरू

उपत्यकाको पश्चिम भेग भन्नाले थानकोट भेगलाई जनाउँछ । यो भेगमा रहेका सातवटा अभिलेख एउटै सालतिथिमिति र विषयको पाइएका छन् । ती मध्ये चौकिटारको १ बलम्बुको २ किसिपिडीको २, सतुंगलको १ र थानकोटको १ छन् । यसमा थानकोटको बाहेक बाँकी सबै धनवज्रको लिच्छविकालका अभिलेखमा छापिएका छन् । थानकोटको अभिलेख चाहिँ श्यामसुन्दर राजवंशीले राष्ट्रिय अभिलेखालयको जर्नल अभिलेख अङ्क२२मा प्रकाशित गरेका हुन् । यस अभिलेखमा भौमगुप्तको मागबमोजिम कुथेर शुल्लीमात्र होइन लिंग्वल माप्चोक समेत यसगाउँमा प्रवेश निषेध गरेको विषय झल्किन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४८२ श्रावण शुक्ल प्रतिपदि १
भट्टारक महाराज श्री गणदेव
सर्व्वदण्ड महाप्रतिहार श्री भौमगुप्त विज्ञापितेन
दूतकश्चात्र बब्भ्रुबर्मा ब्रम्हुं प्रसादगुप्त बार्त
शीतटिकातले

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४८२श्रावण शुक्ल प्रतिपदा मिति दिइएको छ ।सतुङगल र बलम्बुको अभिलेखमा प्रतिपदापछि १ जुन जनिएको छ यसले बार हो या तिथिलाई जनाइएको जान्न तारिख गणनाले मात्र

निर्णय हुने हुंदा गणना गर्दा बार बृहस्पतिवार आएकोले १ले तिथिलाई नै इङ्गित गरेको भन्न सकिन्छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कित संवत् ४८२ शकपूर्व २को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४८१ हुन आउछ (शक ४८० को कार्तिकदेखि शक ४८१को आश्विनसम्म रहने हुन्छ ।अभिलेखमा श्रावण दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ४८० रहन्छ ।यहाँ शक ४८१ श्रावण हुन आएको हुनाले तद्नुसार ईस्वी ५५९, विसं ६१६ र कलिगत ३६६१ पर्न आउने निश्चित छ ।

६.३.३८ पशुपति हरिहरमूर्तिको पादपीठ अभिलेख

पशुपतिनाथ मन्दिर जाने मूलबाटोको उत्तरपट्टि गचाननी भन्नेठाउँ छ । चोकको माझमा हरिहरको मूर्तिको पादपीठमालिच्छविलिपि अङ्कित छ ।हाल योहरिहरको मूर्ति हराई सकेको छ । यो अभिलेख सर्वप्रथम बाबुराम आचार्य र नयराज पन्तले संस्कृत सन्देशमा प्रकाशित गरेका थिए । पछि नोलीले पनि प्रकाशित गरे । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए । यो अभिलेखमास्वामी वार्त्तले दिवंगत भइसकेका आफ्नो आमा बाबुको पुण्य बढोस र आफ्नो पनि पुण्य बढाउना निमित्त शंकरनारायणको मूर्ति थापना गरेको विषय झल्किन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४८७प्रथमाषाढ शुक्ल द्वितीयायाम्
भट्टारक महाराज श्री गणदेवे
परमदैवत श्री भौमगुप्तपादानुध्याते
विदित विनय:
पुण्योपचितयेस्वामिवार्त:
नमोस्त्वर्द्धशौरीश्वराय । भगवन्तमिह शङ्करनारायणस्वामिनं
मूर्तिङकेशवशङ्करार्द्ध

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४८७ प्रथमाषाढ शुक्ल द्वितीया मिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४८७ शकपूर्व २को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४८६ हुन आउँछ । शक ४८५ को कार्तिकदेखि शक ४८६ को आश्विनसम्म रहने, अभिलेखमा प्रथमाषाढदिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ४८५ रहन्छ ।यहाँ शक ४८६ आषाढ हुन आएको हुनाले तद्नुसार ईस्वी ५६४, विसं ६२१ र कलिगत ३६६६ पर्न आउने निश्चित छ ।

(ग) अधिकमास

यहांप्रथमाषाढको उल्लेख आउनुको मतलव यो वर्ष अधिकमास मनाएको स्पष्ट हुन्छ तर अधिकमास क्षयमास सारणीमा शक ४८७को वर्षमा पनि अधिकमास परेको छैन । अतः अभिलेखमा संवत् ४८७ मा अधिकमास देखिनुको मतलव यो शक होइन भन्ने प्रष्ट हुन्छ ।

६.३.३९ चपलीगाउँको गङ्गादेवको अभिलेख

बुढानीलकण्ठ नारायणस्थान जानेबाटोमा अलि अगावै चपलीगाउँ भन्ने ठाउँ आउँछ । यस चपलीगाउँमा रहेको एउटा सानो देवल र देवल संगै लिच्छविलिपि को एउटा शिलालेख राखिएको छ । शिलालेखको शीर्षभागमा दाँयाबाँया शंख बीचमा चक्र चिन्ह छ । यो अभिलेख सर्वप्रथमसिलभान लेभीले प्रकाशित गरेका थिएपछि नोलीले पनि प्रकाशित गरे । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए । यो अभिलेखमा वृत्तिभुक्(जागीरदार)हरुलाई नोकसान नपरोस् भनी खेत दिएको र गृहस्थीहरुलाई सोधेर अधिकरणमा माफी गरेको विषय झल्किन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४८९ श्रावण शुक्ल दिवा द्वादश्याम्
भट्टारक महाराज श्री गंगादेवः
ब्राम्हण
तुञ्चत्चतुग्राम
सर्वदण्डनायक महाप्रतिहार श्री भौमगुप्त विज्ञापितेन
भट्टारकपादीयोप्यत्र दूतको बृषवर्म्मा

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४८९श्रावण शुक्ल द्वादश्याम् मिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमाअङ्कितसंवत् ४८९ शकपूर्व २को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४८८ हुन आउँछ (शक ४८७को कार्तिकदेखि शक ४८८ को आश्विनसम्म रहने, अभिलेखमा श्रावणदिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ४८७ रहन्छ ।यहाँ शक ४८८ श्रावणहुन आएको हुनाले तद्नुसार ईस्वी ५६६, विसं ५२३ र कलिगत ३६६७ पर्न आउने निश्चित छ ।

६.३.४० पाटन मंगलवजारको अभिलेख

पाटन मंगलबजार स्थित ढुंगेधारा मंगहिटीको नामले प्रशिद्ध छ । यस ढुंगेधारानिरलिच्छविकालको अभिलेख रहेको छ । यो अभिलेख सर्वप्रथम हेमराज शाक्यले अभिलेख प्रकाशमाप्रकाशित गरेका थिए । कालान्तरमा, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए । यो अभिलेखमा भारविले आफ्नो आमाबाबुको पुण्य बढोस् भनेर कीर्ति राखेको र कीर्ति नाश नहोस् भनी खेत गुठी राखेको विषय झल्किन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४९२ वैशाख शुक्ल दिवा १३
नित्यं ख्यात गुणप्रभावचरिते
दृष्टं सौख्यवताम्परत्र
कीर्तेः फलंस किल भारविरित्यवेक्ष्य
यूपग्रामस्य दक्षिण पश्चिमेन क्षेत्रं दत्तं

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४९२ वैशाख शुक्ल १३ मिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कित संवत् ४९२ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४९१ हुन आउँछ (शक ४९० को कार्तिकदेखि शक ४९१ को आश्विनसम्म रहने, अभिलेखमा

वैशाख दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ४९० रहन्छ ।यहाँ शक ४९१ वैशाख हुन आएको हुनाले तद्नुसार ईस्वी ५६९, विसं ६२६ र कलिगत ३६७१ पर्न आउने निश्चित छ ।

६.३.४१ पाटन शङ्खमूल सिकुवहीको अभिलेख

पाटन शंङ्खमूलदेखि मंगलबजारतिर आउने बाटोको बाँयापट्टि सिकुवही नामले प्रसिद्ध ठाउँ छ । यहाँ रहेको उमामहेश्वरको पादपीठमा अभिलेख कुँदिएको छ । दुर्भाग्यबश मूर्तिको संरक्षण हुँदा १ पंक्ति छोपिएको छैन, बाँकी सबै छोपिएको छ । यो अभिलेख सर्वप्रथम संशोधन मण्डलले पूर्णिमा अङ्क१७मा प्रकाशित गरेका थिए । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए । यो अभिलेखमा माटाका मातृका मूर्तिहरु जीर्ण भएकाले बभ्रुवर्माले जीर्णोद्धार गर्न लाग्दा लाग्दै उनको देहान्त भएकोले उनका पत्नी देशभट्टारिकाले आफ्नो पतिको स्वर्गवासको कामना गरी ढुंगाको मातृका स्थापना गरेको विषय झल्किन्छ । यसमा साल संवत् ४९५ देखिन्छ र मास तिथिको उल्लेख देखा परेको थिएन हाल झन असंभव भएको छ । अहिले यसमा भएको संवत् ४९५ लाई ४९९हुनुपर्छ भनी विवाद खडा गर्न थालेको पाइन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४९५
राजपुत्र वज्ररथ नाम्नो
वाग्वत्या मणिमत्याश्च सन्धिदेशे
मातरः स्थापिता आसन् मृन्मयास्ताः
बभ्रुवर्म्मनाम्नासामेव
देशभट्टारिकया तस्यैव
मातरः शैल्याः कारिता

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्४९५मिति दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४९५ शकपूर्व २को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ४९३ हुन आउँछ (शक ४९३ को कार्तिकदेखि शक ४९४ को आश्विनसम्म रहने हुन्छ । यसमा महिना

नखुलेकोले गर्दा कार्तिकदेखि आश्विन कुनै पनि महिना हुन सक्छ ।संवत् ४९५को समानान्तरतिथिमिति शक ४९३ इस्वी५७१ विक्रम ६२८ कलिगत ३६७२पर्न आउने निश्चित छ । जुन४९९ को कल्पना गर्न थालियो त्यो इतिहास सापेक्ष देखिंदैन ।यहाँ शक ४९४ महिना नखुलेकोहुनाले तद्नुसार ईस्वी ५७२, विसं ६२९र कलिगत ३६७४ पर्न आउने निश्चित छ ।

६.३.४२ विष्णुपादुकाफेदीको अभिलेख

बुढानीलकण्ठ नारायणथानदेखि पश्चिम उत्तरतिर विष्णुपादुका नामको डाँडा रहेको छ र यो डाँडाको फेदी विष्णुपादुका फेदीको नामले प्रशिद्ध छ । यस फेदी वा विष्णुमतीको तीरमा रहेको पिपलको बोटमुनि लिच्छवि लिपिको शिलालेख रहेको छ ।यो अभिलेख सर्वप्रथम संशोधन मण्डलले पूर्णिमा अङ्क१५मा छपाएका थिए । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए । यो अभिलेखमा थंतुरीद्रंगका गृहस्थीहरुलाई सोधेर मल्लकर घटाइदिएको विषय झल्किन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ५१२ ज्येष्ठशुक्ल दशम्याम्
लिच्छविकुलकेतु (र्भट्टारक महा)राजश्री शिवदेवः
थंतुरीद्रंगे
मल्लकरकरणीय
सर्व्वदण्डनायकमहाप्रतिहारभौमगुप्त विज्ञापितेन
दूतकश्चात्र महावलाध्यक्ष कुलप्रवीर

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ५१२ ज्येष्ठ शुक्ल दशम्याम् दिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ५१२ शकपूर्व २को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ५११ हुन आउँछ । शक ५१० को कार्तिक देखि शक ५११ को आश्विन सम्म रहने, अभिलेखमा ज्येष्ठ दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५१० रहने र चैत्रदेखि ५११ लाग्ने हुँदा ज्येष्ठमा स्वाभाविक रुपले शक ५११हुन्छ । अतः अभिलेखमा संवत् ५१२ देखिनुको मतलव यो शक होइन

भन्ने प्रष्ट हुन्छ ।यहाँ शक ५११ जेष्ठ हुन आएको हुनाले तद्नुसार ईस्वी ५८९, विसं ६४६ र कलिगत ३६९१ पर्न आउने निश्चित छ ।

६.३.४३ पाटन च्यासलटोलकोअभिलेख

ललितपुरको च्यासलटोलमाएउटा खण्डित अवस्थाकोलिच्छविलिपिको शिलालेख रहेको छ ।यो अभिलेख सर्वप्रथमनोलीले प्रकाशित गरेका थिए । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मी ले पनि प्रकाशित गरेका थिए । यो अभिलेखमा भूमि दान दिएको र जसले दान दिइएका भूमि हरुण गर्न खोज्छ उसलेनरक भोग गर्नुपर्नेविषय झल्किन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ५१५ फाल्गुण शुक्ल दिवा त्रयोदश्याम्
स्मत्कृतप्रसादो
धर्म्मगुरुभि
भूसम्प्रदानफल भाक्
स्वर्गे निरास्थो निवसेन्मनस्वी

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ५१५ फाल्गुण शुक्ल त्रयोदश्याम् भनेरदिइएको छ । यसको तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ५१५ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ५१३ हुन आउँछ । शक ५१३को कार्तिकदेखि शक ५१४ को आश्विनसम्म रहने, अभिलेखमा फाल्गुण दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५१३ रहने र चैत्रदेखि ५१४ लाग्ने हुँदाफाल्गुणमा स्वाभाविक रुपले शक ५१३ फाल्गुण शुक्ल १३ हुन्छ । । अतः अभिलेखमा संवत् ५१५देखिनुको मतलव यो शक होइन भन्ने प्रष्ट हुन्छ ।यहाँ शक ५१३ फाल्गुण हुन आएको हुनाले तद्नुसार ईस्वी ५९२, विसं ६४८र कलिगत ३६९३ पर्न आउने निश्चित छ ।

६.३.४४पाटन भीमसेनथानको अभिलेख

पाटन मंगलबजार भीमसेन मन्दिरअगाडि ढल छोप्नका लागि घोप्ट्याएर राखिएको शिलामा लिच्छवि अभिलेख अङ्कित छ हाल यो शिला राष्ट्रिय संग्रहालय छाउनीमा राखिएकोछ भनेर लिच्छविकालको अभिलेखमा उल्लेख गरिएको छ ।यो अभिलेख सर्वप्रथम योगी नरहरिनाथले इतिहास प्रकाशमा छपाएका थिए । पछि नोली र संशोधनमण्डललेप्रकाशित गरे । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए । यो अभिलेखमा लशुन र प्याजमा लागेको कर माफी गरिएको विषय झल्किन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ५१६ वैशाखमासे शुक्ल दिवा दशम्याम्
भट्टारक महाराजश्री शिवदेवः
श्रीसामन्तांशुवर्म्मणा
कुथेर्वृत्यधिकृतानां
समुचितस्त्रिकरमात्रसाधना
लिङ्ग्वलशुल्लीपलाण्डुकराभ्यां
दूतकश्चात्र रामशील वार्त्त

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ५१६ वैशाखमासे शुक्ल दिवा दशम्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ५१६ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ५१५ हुन आउँछ । शक ५१४ को कार्तिकदेखि शक ५१५को आश्विनसम्म रहने, अभिलेखमा वैशाखदिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५१४ रहने र चैत्र देखि ५१५ लाग्ने हुँदा वैशाखमा स्वाभाविक रुपले शक ५१५ वैशाख शुक्ल दशमी हुन्छ । अतः अभिलेखमा संवत् ५१६देखिनुको मतलव यो शक होइन भन्ने प्रष्ट हुन्छ ।यहाँ शक ५१५ वैशाख हुन आएको हुनाले तद्नुसार ईस्वी ५९३, विसं ६५०र कलिगत ३६९५ पर्न आउने निश्चित छ ।

६.३.४५भक्तपुर गोलमाढी टोल र तुलाछेंटोलको अभिलेख

भक्तपुर गोलमाढी टोलको सानो देवलमा र भक्तपुर तुलाछें टोलको शिलामा लिच्छवि अभिलेख अङ्कित छ । ती दुवै मा संवत् ५१६ छ । तुलाछें टोलको शिलालेखहाल भक्तपुर कला संग्रहालयमाराखिएको छ । यी अभिलेख मध्ये गोलमाढीको सर्वप्रथम सेसिल बेण्डालले र तुलाछेकोसिलभान लेभीले छपाएका थिए । पछि नोली र संशोधन मण्डललेप्रकाशित गरे । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए ।यी अभिलेखलेख्यदान र पञ्चापराधमा कुथेर अधिकरणका अधिकृतहरुलाई निषेध गरेको विषय झल्किन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ५१६ ज्येष्ठ शुक्ल दिवा दशम्याम्(तुलाछेंकोमा पञ्चम्याम्)
भट्टारक महाराजश्री शिवदेवः
श्रीमहासामन्तांशुवर्म्मणा
कुथेर्वृत्यधिकृतानामत्र
समुचितस्त्रिकरमात्रसाधनायैव
लेख्यदानपञ्चापराधाद्यर्थन्त्वप्रवेश
दूतकश्चात्र भोगवर्म्मगोमी

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ५१६ ज्येष्ठ शुक्ल दिवा दशम्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ५१६ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ५१५ हुन आउँछ । शक ५१४ को कार्तिकदेखि शक ५१५ को आश्विनसम्म रहने, अभिलेखमा वैशाखदिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५१४ रहने र चैत्र देखि ५१५ लाग्ने हुँदा ज्येष्ठमा स्वाभाविक रुपले शक ५१५ ज्येष्ठ शुक्ल दशमी हुन्छ । अतः अभिलेखमा संवत् ५१६देखिनुको मतलव यो शक होइन भन्ने प्रष्ट हुन्छ ।यहाँ शक ५१५ जेष्ठ हुन आएको हुनाले तद्नुसार ईस्वी ५९३, विसं ६५०र कलिगत ३६९५ पर्न आउने निश्चित छ ।

६.३.४६ धर्मस्थलीको र, बुढानीलकण्ठको अभिलेख

काठमाडौँ उपत्यकाको उत्तरी भागमा पर्ने टोखागाउँको हाराहारीमा धर्मस्थली गाउँ छ ।यस गाउँको वस्ती बाहिर सानो देवस्थल छ । त्यहाँको अभिलेख र बुढानीलकण्ठस्थानको प्राङ्गणको शिलामाएउटै मितिको लिच्छवि अभिलेख अङ्कित छ । ती दुवैमा संवत् ५१७ छ । यी अभिलेखमध्ये धर्मस्थलीको सर्वप्रथम नोलीले र बुढानीलकण्ठकोभगवानलाल इन्द्राजी छपाएका थिए । पछिसंशोधन मण्डललेप्रकाशित गरे । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए ।यी अभिलेखलेख्यदान र पञ्चापराधमा कुथेर अधिकरणका अधिकृतहरुलाई निषेध गरेको विषय झल्किन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ५१७ प्रथमाषाढ शुक्ल द्वादश्याम्
लिच्छविकुलकेतुर्भट्टारक महाराजश्री शिवदेव:
श्रीमहासामन्तांशुवर्म्मणा
कुथेर्वृत्यधिकृतानामिह
समुचितस्त्रिकरमात्रसाधनायैव
लेख्यदानपञ्चापराधाद्यर्थन्त्वप्रवेश
दूतकश्चात्र विप्रवर्म्मगोमी

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ५१७ प्रथमाषाढ शुक्ल द्वादश्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ५१७ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ५१६ हुन आउँछ । शक ५१५ को कार्तिकदेखि शक ५१६ को आश्विनसम्म रहने, अभिलेखमा आषाढदिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५१५ रहने र चैत्रदेखि ५१६ लाग्ने हुँदा आषाढमा स्वाभाविक रुपले शक ५१६ आषाढशुक्ल १२ हुन्छ ।

(ग) अधिकमास

अभिलेखमा संवत् ५१७ देखिनु र प्रथमाषाढ भनेर अधिकमासको समेत उल्लेख हुनुको मतलव यो शक होइन भन्ने प्रष्ट हुन्छ । किनकि अधिकमास क्षयमास सारणीमा शक ५१७ को आषाढमा अधिकमास परेको प्रमाण पाइदैन ।यहाँ शक ५१६ आषाढ हुन आएको हुनाले तद्नुसार ईस्वी ५९४, विसं ६५१र कलिगत ३६९६ पर्न आउने निश्चित छ ।

६.३.४७सतुङगलको अभिलेख

उपत्यकाको पश्चिम भेग भन्नाले थानकोट भेगलाई जनाउँछ । यो भेगमा पनि धेरै लिच्छवि अभिलेख पाइएका छन् । ती मध्ये सतुंगलमा अधिकमास उल्लेख भएको अभिलेख पनि एक हो । सतुंगलको मुख्य बस्तीभन्दा बाहिरलिच्छवि अभिलेख रहेको छ । यो अभिलेखको प्रकाशन सर्वप्रथम नोलीले गरेका थिए ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए । यो अभिलेखमादाउरा घाँसपात लिएर आउनेहरुलाई कुनै प्रकारले थुनछेक र हंसिया कटारी बञ्चरो काठ पात खोसमोस नगर्नू भनी सनद जारी गरेको विषय झल्किन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

संवत् ५१९ प्रथमपौष शुक्ल द्वादश्याम् (टोखाको अभिलेखमा पनि संवत् ५१९ नै छ महिना अस्पष्ट)

लिच्छविकुलकेतुर्भट्टारक महाराजश्री शिवदेव:
श्रीमहासामन्तांशुवर्म्मणा
कादुङ्ग्रामनिवासिन
फेरङ्कोट्टनिवासिन
काष्ठघासपत्त्राहरणाय
वनभूमिङ्गच्छता
दात्रकट्टारककुठारकाष्ठाद्याक्षेपो
दूतकश्चात्र वात्तृपुत्त्रगुणचन्द्र:

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ५१९ प्रथम पौषशुक्ल द्वादश्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कित संवत् ५१९ शकपूर्व २को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ५१७ हुन आउँछ । शक ५१७को कार्तिकदेखि शक ५१८ को आश्विनसम्म रहने, अभिलेखमा पौष दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५१७रहने र चैत्रदेखि ५१८ लाग्ने हुँदा पौषमा स्वाभाविक रुपले शक ५१७ प्रथमपौष शुक्ल १२ हुन्छ ।

अभिलेखमा संवत् ५१९देखिनु र प्रथमपौष भनेर अधिकमासको समेत उल्लेख हुनुको मतलव यो शक होइन भन्ने प्रष्ट हुन्छ । किनकि अधिकमास क्षयमास सारणीमा शक ५१९ को पौषमा अधिकमास परेको प्रमाण पाईदैन ।यहाँ शक ५१७ पौष हुन आएको हुनाले तद्नुसार ईस्वी ५९६, विसं ६५२र कलिगत ३६९७ पर्न आउने निश्चित छ ।

(ग) अधिकमास

अभिलेखमा संवत् ५१९देखिनु र प्रथमपौष भनेर अधिकमासको समेत उल्लेख हुनुको मतलव यो शक होइन भन्ने प्रष्ट हुन्छ । किनकि अधिकमास क्षयमास सारणीमा शक ५१९ को पौषमा अधिकमास परेको प्रमाण पाईदैन ।

६.३.४८धर्मपुरको अभिलेख

काठमाडौ बाँसबारीको उत्तर पश्चिमतर्फ धरमपुरभन्ने गाउँ छ ।यस गाउँको बाटोमै लिच्छवि लिपि अङ्कित अभिलेख शिला रहेको छ ।यो अभिलेखसर्वप्रथमलेभीले छपाएका थिए पछि नोलीलेर संशोधन मण्डललेछपाएका थिए । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मी ले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमा मल्लकरमा कर घटाए पछि चाटभटले कुनै दुःख नदिनु भन्नेविषय झल्किन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

संवत् ५२० माघशुक्ल द्वादश्याम्
चाटभटाप्रवेश्यः सर्व्वकोट्टमर्य्यादोपपन्न
मल्लकर
समुचिततामप्रपणचतुष्टया
दूतकश्चात्र वार्त्त भोगचन्द्रः

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ५२० माघशुक्ल द्वादश्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ५२० शकपूर्व २को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ५१८ हुन आउँछ । शक ५१८ को कार्तिकदेखि शक ५१९ को आश्विनसम्म रहने, अभिलेखमा माघ दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५१८ रहने र चैत्रदेखि ५१९ लाग्ने हुँदा माघमा स्वाभाविक रुपले शक ५१८ माघ शुक्ल १२ हुन्छ । अतः अभिलेखमा संवत् ५२० देखिनुको मतलव यो शक होइन भन्ने प्रष्ट हुन्छ ।यहाँ शक ५१८ माघ हुन आएको हुनाले तद्नुसार ईस्वी ५९७, विसं ६५३र कलिगत ३६९८ पर्न आउने निश्चित छ ।

६.३.४९ खोपासीको अभिलेख

काभ्रे पनौतीबाट केही पर खोपासीभन्ने गाउँ छ ।यस गाउमा एउटा देवस्थलमालिच्छवि लिपि अङ्कित अभिलेख शिला रहेको छ ।यो अभिलेखसर्वप्रथमलेभीले छपाएका थिए पछि नोली छपाएका थिए । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमा कुनै मुद्दामामिला आइपरेमा त्यहींको तलस्वामीलेनै हेर्रविचार गर्ने छ कुनै अधिकरणले हस्तक्षेप गरिने छैन र द्वारोद्घाटन तथा कैलासयात्रामा सेतो कमेरो बुझाउने गर्नु भन्नेविषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

संवत् ५२० चैत्र कृष्ण तिथौ पञ्चम्याम्
लिच्छविकुलानन्दकरोर्भट्टारक महाराजश्री शिवदेवः
श्रीमहासामन्तांशुवर्म्मणा मां विज्ञाप्य
कुर्प्पासीग्रामनिवासिनः
सर्व्वाधिकरणाप्रवेशेन प्रसादः कृतः
विचारणीयकार्य्येषु स्वतलस्वमिनैव
द्धारोद्घाटनकैलास..यात्रयोश्च
पञ्चाशज्जातिशुक्लमृत्तिका
दूतकश्चात्र देशवर्म्मगोमी

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ५२० चैत्र कृष्णपञ्चम्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ५२० शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ५१९ हुन आउँछ । शक ५१८ को कार्तिकदेखि शक ५१९ को आश्विनसम्म रहने, अभिलेखमा चैत्र दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५१८ रहने र चैत्रदेखि ५१९ लाग्ने हुँदा चैत्रमा स्वाभाविक रुपले शक ५१९चैत्र कृष्ण ५ हुन्छ । अत: अभिलेखमा संवत् ५२०देखिनुको मतलव यो शक होइन भन्ने प्रष्ट हुन्छ ।यहाँ शक ५१९ चैत्र हुन आएको हुनाले तद्नुसार ईस्वी ५९७, विसं ६५४र कलिगत ३६९९ पर्न आउने निश्चित छ ।

६.३.५०धापासीकोअभिलेख

काठमाडौ शहरदेखि उत्तरतिर धापासी भन्ने गाउँ छ ।यस गाउँ नजीक चुनदेवी नामकदेवस्थलको चौरमालिच्छवि लिपि अङ्कित अभिलेख शिला रहेको छ ।यो अभिलेखसर्वप्रथमगौतमवज्र वज्राचार्यले पूर्णिमा अंकमा छपाएका थिए ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मी ले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमा कुथेर, लिंग्वल अधिकरण र पञ्चापराधकोतहकीकात गर्न सम्बद्ध अधिकारीलेमात्र गर्न पाउँछ अरुले पाउँदैनभन्नेविषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ५२६ वैशाख शुक्ल दिवापञ्चम्याम्
लिच्छविकुलकेतुर्भट्टारक महाराजश्री शिवदेव:
श्रीमहासामन्तांशुवर्म्मणा मां विज्ञाप्य
कुथेर्लिङग्वल्पञ्चापराधमात्राप्रवेशेन:
सम्यक्प्रतिपालनीयेति समाज्ञापना
दूतकश्चात्रलच्छागोमी

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ५२६ वैशाख शुक्लपञ्चम्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कित संवत् ५२६ शकपूर्व २को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ५२५ हुन आउँछ । शक ५२४ को कार्तिकदेखि शक ५२५ को आश्विनसम्म रहने, अभिलेखमा वैशाख दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५२४ रहने र चैत्रदेखि ५२५ लाग्ने हुँदा वैशाखमा स्वाभाविक रुपले शक ५२५ वैशाख ५ हुन्छ । अतः अभिलेखमा संवत् ५२६देखिनुको मतलव यो शक संवत् होइन भन्ने प्रष्ट हुन्छ ।यहाँ शक ५२५ वैशाख हुन आएको हुनाले तद्नुसार ईस्वी ६०३, विसं ६६०र कलिगत ३७०४ पर्न आउँने निश्चित छ ।

६.३.५१लेलेको अभिलेख

पाटन शहरदेखि दक्षिण दिशामा चापागाउँ र चापागाउँबाट पनि ७ कि. मि दक्षिणमा लेलेगाउँछ ।यस गाउँको बस्ती बीचको बाटोको दक्षिणपट्टिलिच्छवि लिपि अङ्कित अभिलेख शिला रहेको छ ।यो अभिलेखसर्वप्रथम संशोधन मण्डलले अभिलेख संग्रह पहिलो भागमा प्रकाशित भएको हो ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमा पहिलाका राजा एवं सज्जनहरुले दिइएका खेतहरु हिनामिना नहोस् भनी गोष्ठीको व्यवस्था गरेकोविषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ५२६ आश्वयुज शुक्ल दिवा
लिच्छविकुलकेतुर्भट्टारक महाराजश्री शिवदेवः
श्रीमहासामन्तांशुवर्म्मास्मदनुमोदनया
लेम्बटीद्रङ्गनिवासिनः
पूर्व्वराजभिरन्यैश्च साधुभिः
ब्राम्हणगोष्ठी, प्रदीपगोष्ठी, पानीयगोष्ठी, मल्लयुद्धगोष्ठी, धूपगोष्ठी, इन्द्रगोष्ठी,
वादित्रगोष्ठी, अर्चागोष्ठी, ध्वजगोष्ठी, नाथ्यगोष्ठी
दूतकश्चात्र प्रतिहार लच्छागोमी

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ५२६ आश्विन शुक्लदिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ५२६ शकपूर्व २ को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ५२५ हुन आउँछ । शक ५२४ को कार्तिकदेखि शक ५२५ को आश्विनसम्म रहने, अभिलेखमा आश्विन दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५२४ रहने र चैत्र देखि ५२५ लाग्ने हुँदा आश्विन स्वाभाविक रुपले शक ५२५ आश्विन हुन्छ । अतः अभिलेखमा संवत् ५२६देखिनुको मतलव यो शक संवत् होइन भन्ने प्रष्ट हुन्छ ।यहाँ शक ५२५ आश्विन हुन आएको हुनाले तद्नुसार ईस्वी ६०३, विसं ६६०र कलिगत ३७०४ पर्न आउने निश्चित छ ।

६.३.५२बुंगमतीको अभिलेख

काठमाडौ शहरदेखि करिव ८ कि. मि दक्षिण भेकमा पाटनको बुँगमती गाउँआउँछ ।यस गाउँको बस्ती बीचको भागमा मछिन्द्रनाथको मन्दिर छ । धनवज्र वज्राचार्यले लिच्छविकालको अभिलेखमा भनिए अनुसार मछिन्द्रनाथको मन्दिरबाहिर पोखरीनिर रहेको लिच्छविलिपि युक्त शिलापत्र कतै पुरिएररहेको हुनसक्ने उल्लेख छ । शिलालेखको उतार प्रतिलिपि राष्ट्रिय अभिलेखालयमा संकलित छ ।यो अभिलेखसर्वप्रथम भगवानलाल इन्द्रजीले छपाएका थिए भने पछि नोलीले पनि छपाए ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमाधर्मसङ्कर सम्बन्धी मुद्दामामिला उठे भने राजदरवारले आफैले विचार गर्ने विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् २९ ज्येष्ठशुक्ल दशम्याम्
श्रीमहासामन्तांशुवर्म्माकुशली
बूगायुमीग्रामनिवासोगता
भवताङ्कुक्कुटसूकराणां मल्लपोतानां मत्स्यानाञ्चाबाधनेन
यदा च पुनर्धर्मसङ्कराणि
दूतकश्चात्र महासर्वदण्डनायक विक्रमसेनः

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् २९ ज्येष्ठशुक्ल दशम्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् २९ शकपूर्व २को लिच्छविसंवत् ५२९को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५२८हुन आउँछ। शक ५२७को कार्तिकदेखि शक ५२८ को आश्विनसम्म रहने हो । अभिलेखमा ज्येष्ठ दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५२७ रहने र चैत्रदेखि ५२८ लाग्ने हुँदा ज्येष्ठमा स्वाभाविक रूपले शक ५२८ ज्येष्ठ हुन्छ । अतः अभिलेखमा संवत् २९देखिनुको मतलव यो मानदेव संवत् होइन भन्ने प्रष्ट हुन्छ । यदि यो संवत् २९ शक ४९८ बाट उठेको मानदेव संवत्सँग सङ्गति मिल्ने भएको भए शक ५२७ ज्येष्ठ हुनु पर्नेमा शक ५२८ को ज्येष्ठसँग मात्र सङ्गतिभएकोले नेपालमा शक संवत् र मानदेव संवत् चल्यो भन्ने जुन धारणा बुन्दै आइरहेको हो ।त्यो मिथ्या रहेछ भन्न सकिन्छ ।यहाँ शक ५२८ जेष्ठ पर्नआएको हुनाले तद्नुसार ईस्वी ६०६, विसं ६६३र कलिगत ३७०८हुने निश्चित छ ।तसर्थ शक ५२७ को समानान्तर पनि देखिएन र २९ भनेको लिच्छविसंवत् ५२९ कै संक्षिप्त संवत् सिद्ध छ ।

६.३.५३हाँडीगाउँको अभिलेख

काठमाडौँ हाँडीगाउँस्थित प्रसिद्ध डवलीको कुनामा लिच्छवि लिपि युक्त शिलापत्र रहेकोछ । शिलालेखको उतार प्रतिलिपि राष्ट्रिय अभिलेखालयमा संकलित छ ।यो अभिलेखसर्वप्रथम सिलभान लेभीलेछपाएका थिए भने पछि नोलीले पनि छपाए ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमा श्रीदेवी, श्री कुलदेवता, षष्ठिदेवकुलको पूजाका लगायत अरु काम गर्नेहरुलाई सरकारको तर्फबाट जीविका चलाउन पण पुराण वृत्ति निगाह गरेको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ३० ज्येष्ठशुक्ल षष्ठ्याम्
भगवत् पशुपति भट्टारक पादानुध्यातो वप्प पादपरिगृहीतः
श्रीमहासामन्तांशुवर्माकुशली
भाव्यमिति स्वयमाज्ञा

कैलासकूट भवनात्पर

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ३० ज्येष्ठशुक्ल षष्ठ्याम् दिइएको छ । यस तिर्थिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ३० शकपूर्व २को लिच्छविसंवत् ५३० को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५२९हुन आउँछ । शक ५२८ को कार्तिकदेखि शक ५२९ को आश्विनसम्म रहने हो । अभिलेखमा ज्येष्ठ दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५२८ रहने र चैत्रदेखि ५२९ लाग्ने हुँदा ज्येष्ठमा स्वाभाविक रुपले शक ५२९ ज्येष्ठ हुन्छ । अतः अभिलेखमा संवत् ३०देखिनुको मतलव यो मानदेव संवत् होइन भन्ने प्रष्ट हुन्छ ।संवत् ३० (५३०) ज्येष्ठको समानान्तरतिथिमिति शक ५२९इस्वी ६०७विक्रम ६६४ कलिगत ३७०८ ज्येष्ठ पर्न आउने निश्चित छ ।यहाँ शक ५२९ जेष्ठ पर्नआएको हुनाले तद्नुसार ईस्वी ६०७, वि.सं ६६४र कलिगत ३७०९हुने निश्चित छ । तसर्थ विसं ६६३ को समानान्तर पनि देखिएन र ३० भनेको लिच्छविसंवत् ५३० कै संक्षिप्त संवत् भएकोले मानदेवसंवत्को अनुमान गलत सिद्ध भएको छ ।

६.३.५४भटुवालको अभिलेख

मकवानपुर जिल्लाको टिस्टुङ गाउँबाट केहीपर उत्तरपूर्वमा भटुवाल भन्ने ठाउँ छ । यही भटुवालको कोलटार भन्ने खेतमा लिच्छवि लिपि युक्त शिलापत्र रहेकोछ । यो अभिलेखसर्वप्रथमहेमराज शाक्यले केही अंशमात्र छपाएका थिए भने पछि हेमन्त राणा र धनवज्र वज्राचार्यले पूरा पाठ पढेर छपाए ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमासरकारको स्वीकृतिविना केहीवस्तुनिकासी गर्न नपाइने विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ३१ प्रथम पौष ....पञ्चम्याम्
श्रीमहासामन्तांशुवर्म्माकुशली
भगवत्पशुपति भट्टारक पादानुर्गहीतो बप्पपादानुध्यातः
दुतकोत्र महाराज विप्रवर्म्मा
नेपालेभ्य

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ३१ प्रथम पौष...पञ्चम्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ३१ शकपूर्व २ को लिच्छविसंवत् ५३१ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५२९हुन आउँछ । शक ५२९ को कार्तिकदेखि शक ५३० को आश्विनसम्म रहने हो । अभिलेखमा पौष दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५२९ रहने र चैत्रदेखि ५३० लाग्ने हुँदा पौषमा स्वाभाविक रुपले शक ५२९ पौष हुन्छ । अतः अभिलेखमा संवत् ३१ देखिनुको मतलव यो मानदेव संवत् होइन भन्ने प्रष्ट हुन्छ ।

यहाँ शक ५२९ पौष पर्नआएको हुनाले तद्नुसार ईस्वी ६०७, विसं ६६४र कलिगत ३७०९हुने निश्चित छ । तसर्थ विसं ६६४ को समानान्तर पनि देखिएन र २३१ भनेको लिच्छविसंवत् ५३१ कै संक्षिप्त संवत् भएकोले मानदेवसंवत्को अनुमान गलत सिद्ध भएको छ ।

६.३.५५ भक्तपुर इनायटोलको अभिलेख

भक्तपुर इनायटोलको माहेश्वरीपीठनिर लिच्छवि लिपि युक्त खण्डित शिलापत्र रहेको छ ।यो अभिलेखसर्वप्रथम गौतमवज्र वज्राचार्यलेछपाएका थिए ।कालान्तरमाधनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमानियम कानूनलाई ठूलो संझी बढी महत्व दिइ मान्यजनले दिएको निगाह पालना गर्न पर्छ भन्ने विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ३१ द्वितीय पौष शुक्ल अष्टम्याम्
दूतकोत्र राजपुत्र स्थितिवर्मा

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ३१ द्वितीय पौष शुक्ल अष्टम्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ३१ शकपूर्व २को लिच्छविसंवत् ५३१ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५२९हुन आउँछ । शक ५२९ को कार्तिकदेखि शक ५३० को आश्विनसम्म रहने हो, अभिलेखमा पौष दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५२९ रहने र चैत्रदेखि ५३० लाग्ने हुँदा पौषमा स्वाभाविकरुपले शक ५२९ पौष हुन्छ । अतः अभिलेखमा संवत् ३१ देखिनुको मतलव यो मानदेव संवत् होइन भन्ने प्रष्ट हुन्छ ।

(ग) अधिकमास

यसमा द्वितीय पौष भनेर अधिकमासको समेत उल्लेख आइरहेको छ । सौरार्यब्राह्मपक्षीय तिथिगणितको अधिकमास क्षयमाससारणीमा शक ५३० को ज्येष्ठमा अधिकमास परेको दिइएको छ । सो अधिकमास धर्म निर्णयतिथिसार संग्रहको वचन अनुसार पौषमा लिएको मानिन्छ ।यहाँ शक ५२९ पौष पर्न आएको हुनाले तद्नुसार ईस्वी ६०८, विसं ६६४र कलिगत ३७०९हुने निश्चित छ । तसर्थ विसं ६६४ को समानान्तर पनि देखियो । तर शक ५२९ को वर्षमा अधिकमास छैन । सुमतितन्त्रले संवत् ३१ मा ६३३ जोड भन्न सक्छ तर ६३४ जोड भनिएको छैन । पौषमा विसं ६६४ हुनेरवैशाखमा ६६५ अवश्य हुन सकिएलातर संवत् ३१ मा ६३४ जोडेर विसं ६६५ बनाउने उपाय सुमतितन्त्रले दिएको छैन । अतः संवत् ३१ भनेकोलिच्छविसंवत् ५३१ कै संक्षिप्त संवत् भएकोले मानदेवसंवत्को अनुमान गलत सिद्ध भएको छ ।

६.३.५६ चाँगुनारायणकोअभिलेख

चांगुनारायण मन्दिरभित्र मूल मूर्तिकोसुनको कवचकोमुनि सुवर्ण पत्रमालिच्छवि लिपि अङ्कित रहेकोछ ।यो अभिलेखऐश्वर्यधर शर्माको प्रवन्ध र चाँगुनारायणका पुजारीको सौजन्यले धनवज्र वज्राचार्य र ऐश्वर्यधरले बडो मेहनत गरी पढिएको थियो यो कुरा लिच्छविकालका अभिलेखमा उल्लेख छ पछि, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमा बार नक्षत्र सहित उल्लेख हुनु र पहिलेको सुनको कवच जीर्ण भएकोले अंशुवर्माले कवचको जीर्णोद्धारगरेको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

ॐ एकत्रिंशत्तमेवर्षेवर्तमाने स्वसंस्थया
माघशुक्ल त्रयोदश्याम्पुष्पेण सवितुर्दिने

– (संवत् ३१ माघ शुक्ल त्रयोदशी आदित्यबार पुष्यनक्षत्र)

पुनरंशुवर्मा

हेमं हरेर्भगवतः कवचं सताक्ष्र्यम्

(क) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ३१ माघशुक्ल त्रयोदशी आइतबार पुष्य नक्षत्र दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ३१ शकपूर्व २को लिच्छविसंवत् ५३१ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५२९हुन आउँछ (शक ५२९ को कार्तिकदेखि शक ५३० को आश्विनसम्म रहने हो ।अभिलेखमा माघ दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५२९ रहने र चैत्रदेखि ५३० लाग्ने हुँदा माघमा स्वाभाविकरुपले शक ५२९ माघ हुन्छ । अतः अभिलेखमा संवत् ३१ देखिनुको मतलव यो मानदेव संवत् होइन भन्ने प्रष्ट हुन्छ । बार समेत उल्लेख भएको अत्यन्त महत्वपूर्ण अभिलेख हो । यसको तिथिमिति गणना गरि हेर्दा

<u>ब्रह्म सिद्धान्तबाट</u>

लिच्छविसंवत् ५३१ (३१) शक ५२९ माघ शुक्ल

तिथि १३ बार १ घडी३४ पला१३ नक्षत्र पुष्य घडी४पला ५६

<u>सूर्य सिद्धान्तबाट</u>

लिच्छविसंवत् ५३१ (३१) शक ५२९ माघ शुक्ल

तिथि १३ बार १ घडी४० पला१२ नक्षत्र पुष्य घडी१०पला ४५

<u>आर्य सिद्धान्तबाट</u>

लिच्छविसंवत् ५३१ (३१) शक ५२९ माघ शुक्ल

तिथि १३ बार १ घडी३७ पला४ नक्षत्र पुष्य घडी७ पला ५७

चाँगुको गरुड कवचको अभिलेखमा दिइएको तिथि बार नक्षत्र सबै ब्रह्मसिद्धान्त, आर्यसिद्धान्त र सूर्यसिद्धान्त तीनै सिद्धान्त र पद्दतिबाट मिल्न आउँछ ।

यहाँ शक ५२९ माघ पर्न आएको हुनाले तद्नुसार ईस्वी ६०८, विसं ६६४र कलिगत ३७०९हुने निश्चित छ । तसर्थ विसं ६६४ को समानान्तर पनि देखियो । तर शक ५२९ को वर्षमा अधिकमास छैन । सुमतितन्त्रले संवत् ३१ मा ६३३ जोड भन्न सक्छ तर ६३४ जोड भनिएको छैन । पौषमा विसं ६६४ हुनेरवैशाखमा ६६५ अवश्य हुन सकिएलातर संवत् ३१ मा ६३४ जोडेर विसं ६६५ बनाउने उपाय सुमतितन्त्रले दिएको छैन । अतः संवत् ३१ भनेकोलिच्छविसंवत् ५३१ कै संक्षिप्त संवत् भएकोले मानदेवसंवत्को अनुमान गलत सिद्ध भएको छ ।

६.३.५७पाटन चक्रवहिलकोअभिलेख

पाटन चक्रवहिलको गणेशस्थानमा गणेश मूर्तिको पादपीठ मुनीको शिलामा लिच्छवि लिपि युक्तशिलाखण्ड रहेको छ । यो अभिलेखसर्वप्रथम श्यामसुन्दर राजवंशीले रोलम्व भो. १८(जुन मार्च १९९८) माछपाएका हुन् । पछि संशोधन मण्डलले पनि छपाए । ।यस अभिलेखमा आर्यावलोकितेश्वरको प्रतिष्ठा सम्पन्न गरेको विषय छ ।

संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ३१ वैशाख शुक्ल प्रतिपदा
माता पितृ पूर्व्वङ्गमङ्कृत्वा
सर्व्वसत्वानामात्मनश्च
पुण्यापचय चेतां स्वप्रतिष्ठापितो
भगवतरार्यावलोकित गन्धकुटी
विजिर गुप्तार्य भिक्षुणी सङ्घे प्रतिपादित
विरिवीग्राम पश्चिम प्रदेशे
ज्येष्टवाटि ग्राम नद्या पश्चिम प्रदेशे

अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ३१ वैशाख शुक्ल प्रतिपदा दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कित संवत् ३१ शकपूर्व २को लिच्छविसंवत् ५३१ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५३०हुन आउँछ (शक ५२९ को कार्तिकदेखि शक ५३० को आश्विनसम्म रहने हो, अभिलेखमा वैशाख दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५२९ रहने र चैत्र देखि ५३० लाग्ने हुँदा वैशाखमा स्वाभाविक रुपले शक ५३० वैशाख हुन्छ । अतः अभिलेखमा संवत् ३१ देखिनुको मतलव यो मानदेव संवत् होइन भन्ने प्रष्ट हुन्छ ।

यहाँ शक ५३० वैशाख पर्न आएको हुनाले तद्नुसार ईस्वी ६०८, विसं ६६५र कलिगत ३७१० हुने निश्चित छ । तसर्थ विसं ६६५ को समानान्तर पनि देखियो तर शक ५२९ को वर्षमा अधिकमास छैन । सुमतितन्त्रले संवत् ३१ मा ६३३ जोड भन्न सक्छ तर ६३४ जोड भनिएको छैन । यहाँ वैशाखको अभिलेखको मिति भएकोले शक ५३० मा १३५ जोड गर्दा वैशाखमा विसं ६६५ परेको हो ।अतः संवत् ३१ भनेकोलिच्छविसंवत् ५३१ कै संक्षिप्त संवत् भएकोले मानदेवसंवत्को अनुमान गलत सिद्ध छ ।

६.३.५८हाँडीगाउँको अभिलेख

काठमाडौको हाँडीगाउँस्थित थटोलको प्रसिद्धडवलीरहेको छ । यही डवलीमा लिच्छवि लिपि युक्त शिलापत्र रहेकोछ ।यो अभिलेखसर्वप्रथम सिलभान लेभीले छपाएका थिए भने पछि नोलीले र संशोधन मण्डलले पनि छपाए ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमा घर खेत आदिमा लाग्ने श्रावणिकाको स्थिति बन्देज बाँधेको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ३२आषाढशुक्लत्रयोदश्याम्
श्रीमहासामन्तांशुवर्म्माकुशली
भगवत्पशुपति भट्टारक पादानुगृहीतो बप्पपादानुध्यातः
श्री कलहाभिमानिना कथम्प्रजा मे
दूतकश्चात्र महासर्वदण्डनायको विक्रमसेनः

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ३२ आषाढशुक्लत्रयोदश्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ३२ शकपूर्व २को लिच्छविसंवत् ५३२ को संक्षिप्त संवत् रुप भएकोले यसको समानान्तर शक ५३१हुन आउछ (शक ५३० को कार्तिकदेखि शक ५३१ को आश्विनसम्म रहने हो । अभिलेखमा आषाढ दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५३० रहने र चैत्रदेखि ५३१ लाग्ने हुंदा आषाढमा स्वाभाविक रुपले शक ५३१ आषाढ हुन्छ । अतः अभिलेखमा संवत् ३२देखिनुको मतलव यो मानदेव संवत् होइन भन्ने प्रष्ट हुन्छ ।

यहाँ शक ५३१ आषाढपर्न आएको हुनाले तद्नुसार ईस्वी ६०९, विसं ६६६र कलिगत ३७११ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ३२ मा ४९८ जोड भन्न सक्छ तर ४९९ जोड भनिएको छैन ।संवत् ३२ को कार्तिकमा ४९८ जोडे जस्तै भाद्र आश्विनमा पनि ४९८ नै जोड्ने रीत सुमतितन्त्रले अनुमति दिएको छैन ।अतः संवत् ३२ भनेकोलिच्छविसंवत् ५३२ कै संक्षिप्त संवत् भएकोले मानदेवसंवत्को अनुमान गलत सिद्ध छ ।

६.३.५९साँगाको अभिलेख

भक्तपुर शहरदेखि करिव १२ कि. मि पूर्व उत्तरमा काभ्रे जिल्लाको प्रशिद्ध साँगा बस्ती रहेको छ । साँगाबजारदेखि पूर्वतिर खेतमालिच्छवि लिपि युक्त शिलापत्र रहेकोछ ।यो अभिलेखसर्वप्रथम सिलभान लेभीले छपाएका थिए भने पछि नोलीले पनि छपाए ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमा तैल्यशालाले गर्नुपर्ने काम अधिकरणबाट छुटाइ दिएको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ३२ भाद्रपदशुक्ल दिवा १
श्रीमहासामन्तांशुवर्म्माकुशली
शङ्गाग्रामनिवासिनः
भगवत्पशुपति भट्टारक पादानुगृहीतो बप्पपादानुध्यातः
पायात्तद्रुपमैश
दूतकश्चात्र महासर्वदण्डनायको राजपुत्र विक्रमसेनः

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ३२ भाद्रपदशुक्ल दिवा १ दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कित संवत् ३२ शकपूर्व २को लिच्छविसंवत् ५३२ को संक्षिप्त संवत् रुप भएकोले यसको समानान्तर शक ५३१हुन आउँछ । शक ५३० को कार्तिकदेखि शक ५३१ को आश्विनसम्म रहने हो । अभिलेखमा भाद्र दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५३० रहने र चैत्रदेखि ५३१ लाग्ने हुँदा भाद्रमा स्वाभाविक रुपले शक ५३१ भाद्र हुन्छ । अतः अभिलेखमा संवत् ३२देखिनुको मतलव यो मानदेव संवत् होइन भन्ने प्रष्ट हुन्छ ।

यहाँ शक ५३१ भाद्र पर्न आएको हुनाले तद्नुसार ईस्वी ६०९, विसं ६६६र कलिगत ३७११ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ३२ मा ४९८ जोड भन्न सक्छ तर ४९९ जोड भनिएको छैन । संवत् ३२ को कार्तिकमा ४९८ जोडे जस्तै भाद्र आश्विनमा पनि ४९८ नै जोड्ने रीत सुमतितन्त्रले अनुमति दिएको छैन । अतः संवत् ३२ भनेकोलिच्छविसंवत् ५३२ कै संक्षिप्त संवत् भएकोले मानदेवसंवत्को अनुमान गलत सिद्ध छ ।

६.३.६०पाटन सुनधाराको अभिलेख

पाटनको सुनधारामालिच्छवि लिपि युक्त शिलापत्र रहेकोथियो ।धनवज्रको लिच्छविकालका अभिलेखमा दिइएअनुसार यो अभिलेख राष्ट्रिय संग्रहालयमा लगेर राखिएको छ ।यो अभिलेखसर्वप्रथमसेसिल बेण्डालले छपाएका थिए भने पछि नोलीले पनि छपाए ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मी ले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमा माटिङ्ग्रामका देवमन्दिर जीर्णोद्धार गरि त्यहांको पाञ्चालिकाहरुलाई सुम्पिएकोविषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ३४ प्रथमपौषशुक्लद्वितीयायाम्
पशुपतिभट्टारक पादानुगृहितो बप्पपादानुध्यातः
श्रीमहासामन्तांशुवर्म्मा
दूतकोत्र महावलाध्यष विन्दुस्वामी

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ३४ प्रथमपौष शुक्ल द्वितीयायाम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ३४ शकपूर्व २को लिच्छविसंवत् ५३४ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५३२हुन आउँछ । शक ५३२ को कार्तिकदेखि शक ५३३ को आश्विनसम्म रहने हो ।अभिलेखमा पौष दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५३२ रहने र चैत्रदेखि ५३३ लाग्ने हुंदा पौषमा स्वाभाविक रुपले शक ५३२ पौष हुन्छ । अत: अभिलेखमा संवत् ३४ देखिनुको मतलव यो मानदेव संवत् होइन भन्ने प्रष्ट हुन्छ ।

(ग) अधिकमास

यसमा प्रथम पौष भनेर अधिकमासको समेत उल्लेख आइरहेको छ । सौरार्यब्राह्मपक्षीय तिथिगणितको अधिकमास क्षयमाससारणीमा शक ५३३को वैशाखमा अधिकमास परेको दिइएको छ । सो अधिकमास धर्म निर्णयतिथिसार संग्रहको वचन अनुसार पौषमा लिइएको बुझिन्छ ।यहाँ शक ५३२ पौष पर्न आएको हुनाले तद्नुसार ईस्वी ६१०, विसं ६६७र कलिगत ३७१२ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ३४ मा ४९८ जोड भन्न सक्छ तर ४९९ जोड भनिएको छैन । संवत् ३४ को कार्तिकमा ४९८ जोडे जस्तै भाद्र आश्विनमा पनि ४९८ नै जोड्ने रीत सुमतितन्त्रलेअनुमति दिएको छैन । अत: संवत् ३४ भनेकोलिच्छविसंवत् ५३४ कै संक्षिप्त संवत् भएकोले मानदेवसंवत्को अनुमान गलत सिद्ध छ ।

६.३.६१काठमाडौं ज्यावहालको अभिलेख

काठमाडौ जैसीदेवल र ज्यावहाल बीचमा सडक कै छेउमा लिच्छवि लिपि अङ्कित अभिलेख शिला रहेको छ ।यो अभिलेखसर्वप्रथमभगवानलाल इन्द्रजीले छपाएका थिए पछि नोलीले पनि छपाएका थिए ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मी ले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमाभूमि दानको लागिचार किला छुट्याएका भूमि सरकारी कर्मचारीहरु कसैले अन्यथा नगर्नुभन्नेविषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ५३५ श्रावण शुक्ल दिवा सप्तम्याम्
आदित्यगुप्तस्य क्षेत्रम्
स्तेग्वलप्रदीपगोष्ठिकानाम्
दूतकश्चात्रराजपुत्रविक्रमसेनः

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ५३५ श्रावण शुक्ल सप्तम्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कित संवत् ५३५ शकपूर्व २को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ५३४ हुन आउँछ (शक ५३३ को कार्तिकदेखि शक ५३४ को आश्विनसम्म रहने, अभिलेखमा श्रावण दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५३३ रहने र चैत्र देखि ५३४ लाग्ने हुँदा श्रावणमा स्वाभाविक रुपले शक ५३४ श्रावण शुक्ल सप्तमी हुन्छ । अतः अभिलेखमा संवत् ५३५देखिनुको मतलव यो शक संवत् होइन भन्ने प्रष्ट हुन्छ ।

संवत् ५३५ श्रावणको समानान्तरतिथिमिति शक ५३४इस्वी ६१२विक्रम ६६९ कलिगत ३७१३ श्रावण पर्ने आउने निश्चित छ ।

यहाँ शक ५३४ श्रावणपर्न आएको हुनाले तद्नुसार ईस्वी ६१२, विसं ६६९र कलिगत ३७१४ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ५३५ लाई नै शक मान्ने भएकोले विसं ६७० हुन आउनु पर्दथ्यो । तर यहाँ विसं ६६९ र इसं ६१२ मात्र देखिए बाट लिच्छविकालमा चलेको संवत् ५३५ भनेको शकसंवत् होइन र लिच्छविसंवत् ५३५ को संक्षिप्त संवत् ३५ लाई मानदेवसंवत्को कल्पना गर्नु दुवै गलत सिद्ध भएको छ ।

६.३.६२गोकर्ण बालुवागाउँको अभिलेख

काठमाडौँको शहरदेखि १२ कि.मि पूर्वउत्तर भागमा गोकर्णेश्वर स्थान आउछ र त्यहांदेखि ५ कि.मि उत्तर बालुवा गाउँ महाँकालथानमा लिच्छवि लिपि अङ्कित अभिलेख शिला भेटिएको हो । यो अभिलेखसर्वप्रथमश्यामसुन्दर राजवंशीले रोलम्ब जर्नलमा छपाएका थिए पछि रिकार्डो गार्वेनीले पनि

छपाएका थिए ।यस अभिलेखमा सीमा निर्धारण गरिएको गाउँमा राजविहार बनाइ भिक्षुसंघ सित सोधेर मल्लकर घटाइदिएकोविषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ५३६ द्वितीय पौष शुक्ल पञ्चम्याम्
कैलासकूटभवनाच्छी
महासामन्ताङ्शुवर्म्म कुशली
अहिदुंकोट्टनिवासिनः
सीमनिर्णय स्वकारितक श्री लाजविहारे
तेषम्मल्लकरापह्नासेन व प्रसादः कृतस्त दतः
दूतकश्चात्र महासामन्तश्री भोगवर्मा

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ५३६ द्वितीय पौष शुक्ल पञ्चम्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ५३६ शकपूर्व २को लिच्छविसंवत् भएकोले यसको समानान्तर शक ५३४ हुन आउँछ । शक ५३४ को कार्तिकदेखि शक ५३५ को आश्विनसम्म रहने, अभिलेखमा पौष दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५३४ रहने र चैत्र देखि ५३५ लाग्ने हुँदा पौषमा स्वाभाविक रुपले शक ५३४ हुन्छ । अतः अभिलेखमा संवत् ५३६देखिनुको मतलव यो शक संवत् होइन भन्ने प्रष्ट हुन्छ ।

(ग) अधिकमास

यस अभिलेखमा द्वितीय पौषको उल्लेख आएको छ । यसले लिच्छविसंवत् ५३६ पौषमा अधिकमास परेको बताउँछ । तर शक ५३६ को वर्षमा अधिकमास परेको प्रमाण अधिकमास सारणीमा पाइदैन । यसले पनि अभिलेखमा भएको संवत् शक होइन भन्ने प्रष्ट हुन्छ । यसमा द्वितीय पौष भनेर अधिकमासको समेत उल्लेख आइरहेको छ । सौरार्यब्राह्मपक्षीय तिथिगणितको अधिकमास क्षयमाससारणीमा शक ५३६ का वर्षमाअधिकमास परेको कुरा दिइएको छैन शक ५३५ भाद्रमा परेको सो अधिकमास धर्म निर्णयतिथिसार संग्रहको वचन अनुसार पौषमा लिइएको बुझिन्छ ।यहाँ शक

५३४ पौषपर्न आएको हुनाले तद्नुसार ईस्वी ६१३, विसं ६७०र कलिगत ३७१४ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ५३६ लाई नै शक मान्ने भएकोले विसं ६७१ हुन आउँनु पर्दथ्यो तर यहाँ विसं ६७० र इसं ६१३ मात्र देखिएबाट लिच्छविकालमा चलेको संवत् ५३६ भनेको शकसंवत् होइन र लिच्छविसंवत् ५३६ को संक्षिप्त संवत् ३६ लाई मानदेवसंवत्को कल्पना गर्नु दुवै गलत सिद्ध हुन्छ ।

६.३.६३तिष्टुङ तौखेलको अभिलेख

मकवानपुर जिल्लाको टिस्टुङ्ग गाउँबाट एक कोश जति दक्षिणमा तौखेल भन्ने गाउँ आउँछ । तौखेलको पाटीनिर लिच्छवि लिपि युक्त शिलापत्र रहेकोछ । यो अभिलेखसर्वप्रथम हेमन्त राणा र धनवज्र बज्राचार्यले छपाएका थिए ।कालान्तरमा डिल्लीरमण रेग्मी ले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमाभैँसीसम्बन्धि ठूलो कष्ट परेकोले गाउँनै अन्त सार्न जग्गा निगाह गरेकोविषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ३७ फाल्गुण शुक्ल दिवा पञ्चम्याम्
भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातः
श्रीमहासामन्तांशुवर्म्माकुशली
चुस्तुङ्ग्रामकुटुम्बिनः
महिषीपीडेत्यस्तत्पीडापरिजिहीर्षया
चुस्तुन्नदी चुप्रिङ्नदी
तेस्तुंशुल्म्हुंङ्ब्रम्हुंङाङ्करणी
दूतकश्चात्र युवराजोदयदेवः

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ३७ फाल्गुन शुक्लदिवापञ्चम्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ३७ शकपूर्व २को लिच्छविसंवत् ५३७को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५३५हुन आउँछ (शक ५३५ को कार्तिकदेखि शक ५३६ को आश्विनसम्म रहने हो, अभिलेखमा फाल्गुन दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५३५ रहने र चैत्रदेखि ५३६ लाग्ने

हुँदा फाल्गुनमा स्वाभाविक रुपले शक ५३५ फाल्गुन हुन्छ । अतः अभिलेखमा संवत् ३७देखिनुको मतलव यो मानदेव संवत् होइन भन्ने प्रष्ट हुन्छ ।

यहाँ शक ५३५ फाल्गुणपर्न आएको हुनाले तद्नुसार ईस्वी ६१४, विसं ६७०र कलिगत ३७१५ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ३७ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार विसं ६७० मान्न सकिन्छ । यहाँ महिना फागुन भए सम्म त विसं ६७० रहला तर वैशाखदेखिविसं ६७० नै रहँदैन । तव ६३४ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अतःलिच्छविकालमा चलेको संवत् ३७ भनेको मानदेवसंवत् नभइलिच्छविसंवत् ५३७ को संक्षिप्त संवत् ३७हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.६४देउपाटनको अभिलेख

पशुपतिनाथ मन्दिर जाने मूलबाटो चौबाटाको गणेश देवलसंगै पश्चिम फर्काइ राखेका शिलालेख रहेको छ । यो शिलालेखमा लिच्छवि लिपि अङ्कित छ । यो अभिलेख सर्वप्रथम भगवानलाल इन्द्राजीले प्रकाशित गरेका थिए । पछि नोलीले ज्ञानमणि नेपाल र धनवज्र वज्राचार्यले, पनि प्रकाशित गरे । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए । यो अभिलेखमा शूरभोगेश्वर, लडितमहेश्वर दक्षिणेश्वर समेतको बरवन्दोवस्तअधशालाका पाञ्चालिकहरूलाई सुम्पेको विषय झल्किन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ३९ वैशाखशुक्लदिवा दशम्याम्
भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातः
श्र्यंशुवर्माकुशली
भवताम्पशुपतौ भगवाञ्छूरभोगेश्वर
लडितमहेश्वरो
दक्षिणेश्वर
भोगदेव्या स्वभर्तू राजपुत्र शूरसेन
भाग्यदेव्या प्रतिष्ठापितो
दूतकश्चात्र युवराजोदयदेवः

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ३९ वैशाखशुक्लदिवा दशम्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमाअङ्कितसंवत् ३९ शकपूर्व २को लिच्छविसंवत् ५३९को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५३८हुन आउँछ । शक ५३७को कार्तिकदेखि शक ५३८ को आश्विनसम्म रहने हो, अभिलेखमा वैशाख दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५३७ रहने र चैत्रदेखि ५३८ लाग्ने हुँदा वैशाख मा स्वाभाविक रूपले शक ५३८ वैशाख हुन्छ । अतः अभिलेखमा संवत् ३९देखिनुको मतलव यो मानदेव संवत् होइन भन्ने प्रष्ट हुन्छ ।

यहाँ शक ५३८ वैशाख पर्न आएको हुनाले तद्नुसार ईस्वी ६१६, विसं ६७३र कलिगत ३७१८ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ३९ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं. ६७२ मान्न सकिन्छ । यहाँ महिना फागुन भएसम्म त विसं ६७२ रहला तर वैशाख देखिवि.सं. ६७२ नै रहँदैन । तव ६३४ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अतःलिच्छविकालमा चलेको संवत् ३९ भनेको मानदेवसंवत् नभइ लिच्छविसंवत् ५३९ को संक्षिप्त संवत् ३९ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.६५ फर्पिङको अभिलेख

फर्पिङ दक्षिणकाली जाने बाटोको खेतमा लिच्छविकालको अभिलेख भेटिएको र असुरक्षित रहेकोले पाटन भण्डारखालको पुरातत्व बगैंचामा राखिएको भनी लिच्छविकालको अभिलेख मा धनवज्र वज्राचार्यले उल्लेख गर्नुभएकोछ । यो अभिलेख सर्वप्रथम गौतमवज्र वज्राचार्यलेपूर्णिमा अङ्क९ मा संशोधन मण्डलबाटप्रकाशित गरेका थिए । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य,डिल्लीरमण रेग्मीलेपनिप्रकाशित गरेका थिए ।यो अभिलेखमाजय– वार्तिकाले कुमारविजयको मन्दिरमा फूल, सिन्दुर बत्ती चढाउन आयस्ता राखेकोविषय झल्किन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४३ज्येष्ठकृष्ण.....
मात्रा जयवार्तिकया
सुगृतनामा

कुमारविजयिनः

छत्राच्छादनपुष्पसिन्दूरदीपवादित्राद्युपयोगाय

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ४३ ज्येष्ठकृष्ण... दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४३ शकपूर्व २को लिच्छविसंवत् ५४३ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५४२हुन आउँछ । शक ५४१ को कार्तिकदेखि शक ५४२ को आश्विनसम्म रहने हो, अभिलेखमा ज्येष्ठ दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५४१ रहने र चैत्रदेखि ५४२ लाग्ने हुँदा ज्येष्ठमा स्वाभाविक रुपले शक ५४२ ज्येष्ठ हुन्छ । अतः अभिलेखमा संवत् ४३देखिनुको मतलव यो मानदेव संवत् होइन भन्ने प्रष्ट हुन्छ ।

यहाँ शक ५४२ जेष्ठ पर्न आएको हुनाले तद्नुसार ईस्वी ६२०, विसं ६७७र कलिगत ३७२२ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ४३ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं. ६७६ मान्न सकिन्छ । यहाँ महिना जेष्ठ भएसम्म त विसं ६७६ रहला यदि कार्तिक भएको भएवि.सं. ६७५ मात्रै हुन्छ । तव ६३२ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अतःलिच्छविकालमा चलेको संवत् ४३ भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ५४३ को संक्षिप्त संवत् ४३ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध छ ।

६.३.६६ टुँडिखेलको अभिलेख

काठमाडौँ टुँडिखेल महाङ्काल मन्दिरदेखि उत्तरपट्टि भोटाहिटी ढुंगेधारामा एउटा लिच्छवि लिपि युक्त धारा रहेको थियो पछि सो धारा पुरिएको अवस्थामा पुगेको थियो । वि.सं २०४१ सालमा भोटाहिटीमा जमीन मुनिको बाटो बनाउने क्रममा भेटिएको थियो भने पुनः पुरेर पठाउने कार्य भयो भन्ने सुनिन्छ । यो धारामा भएको अभिलेख सर्वप्रथम भगवानलाल इन्द्राजीले छपाएका थिए ।पछि नोलीले पनि छपाएका थिए । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए ।यो अभिलेखमाअंशुवर्माको निगाहमा वार्त्त विभुवर्माले आफ्नो पिताको पुण्य

बृद्धि कामना गरी धारा बनाउन लगाएकोविषय झल्किन्छ । उनीहरू सबैले अभिलेखको संवत् ४५ भनेर पढेका छन् वास्तवमा लिपिले ४४ पढ्नु पर्ने देखिन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४४ज्येष्ठशुक्ल.....
श्र्यंशुवर्म्मप्रसादेन
पितु: पुण्यविवृद्धये
सत्प्रणालीयं वार्त्तेन विभुवर्म्मणा.

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ४४ ज्येष्ठशुक्ल... दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कित संवत् ४४ शकपूर्व २को लिच्छविसंवत् ५४४ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५४३हुन आउँछ । शक ५४२ को कार्तिकदेखि शक ५४३ को आश्विनसम्म रहने हो । अभिलेखमा ज्येष्ठ दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५४२ रहने र चैत्रदेखि ५४३ लाग्ने हुँदा ज्येष्ठ मा स्वाभाविक रूपले शक ५४३ ज्येष्ठ हुन्छ । अत: अभिलेखमा संवत् ४४देखिनुको यहाँ शक ५४३ जेष्ठ पर्न आएको हुनाले तद्नुसार ईस्वी ६२१, विसं ६७८र कलिगत ३७२३ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ४४ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं ६७७ मान्न सकिन्छ । यहाँ महिना जेष्ठ भएसम्म त विसं ६७७ रहला यदि कार्तिक भएको भएवि.सं ६७६ मात्रै हुने हुन्छ । तव ६३२ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अत:लिच्छविकालमा चलेको संवत् ४४ भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ५४४ को संक्षिप्त संवत् ४४ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुनछ ।

६.३.६७ चितलाङ्को उदयदेवको अभिलेख

चितलाङ गणेशस्थानमा लिच्छवि लिपि युक्त शिलापत्र रहेको छ । यो अभिलेखसर्वप्रथम हेमराज शाक्य पत्ता लगाउनु भएको हो । पछिहेमन्त राणा र धनवज्र वज्राचार्यले टिस्टुंग चितलाङ्भेकको ऐतिहासिक सामग्रीमा प्रकाशित भएको हो । भगवानलाल इन्द्रजीले छपाएका थिए भने पछि नोलीले

पनि छपाए ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमा पाञ्चालिहरूलाई अग्रहार निगाह गरी दिइएको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४५आषाढकृष्ण द्वादश्याम्
भट्टारकमहाराजाधिराजश्रीउदयदेव:
भट्टारकमहाराजाधिराजश्र्यंशुवर्म
पाञ्चालिकानामग्रहारोयं
प्रसादीकृतोभूत्
यथासुखम्परिभोगार्थमग्रहार

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ४५ आषाढकृष्ण द्वादश्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४५ शकपूर्व २को लिच्छविसंवत् ५४५ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५४४हुन आउँछ । शक ५४३ को कार्तिकदेखि शक ५४४ को आश्विनसम्म रहने हो, अभिलेखमा आषाढ दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५४३ रहने र चैत्र देखि ५४४ लाग्ने हुँदा आषाढमा स्वाभाविक रुपले शक ५४४ आषाढ हुन्छ ।

यहाँ शक ५४४ आषाढ पर्न आएको हुनाले तद्नुसार ईस्वी ६२२, वि.सं ६७९र कलिगत ३७२४ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ४५ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं ६७८ मान्न सकिन्छ । यहाँ महिना आषाढ भएसम्म त विसं ६७८ रहला यदि कार्तिक भएको भएविसं ६७७ मात्रै हुने थियो । तव ६३२ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अत:लिच्छविकालमा चलेको संवत् ४५ भनेको मानदेवसंवत् नभइ लिच्छविसंवत् ५४५ को संक्षिप्त संवत् ४५ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.६८ पाटन छिन्नमस्ताको अभिलेख

पाटन मंगलबजार नजीकै तःभ्यालटोलमा छिन्नमस्तादेवीको मन्दिर छ । मन्दिर नजीकैलिच्छवि लिपि युक्त शिलापत्र रहेको छ । यो अभिलेखसर्वप्रथम भगवानलाल इन्द्रजीले छपाउनु भएको हो । पछि नोलीले यही अभिलेख पुनः छपाए । सोही क्रममा संशोधन मण्डलले पूर्णिमामा पनि छपाए ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमा गाउँको उपकारको लागि ल्याएको कुलोको मर्मत नभएको हुनाले कुलोको जीर्णोद्धार गरेको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४८ कातिक शुक्ल २
भट्टारकमहाराजश्रीध्रुवदेवसहितो
भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातः
श्रीजिष्णुगुप्तः कुशली
थम्बुगाङ्शल्मूलवटिकाग्रामेषु
निवासमुपगतान्कुटुम्बिनः
भवताम्भट्टारकमहाराजाधिराजश्र्यंशुवर्मपादै
सामन्तचन्द्रवर्मविज्ञप्तै
तिलमकप्रतिसंस्कारः
अशिङ्को प्रदेशे
दूतको युवराज श्री विष्णुगुप्त

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ४८ कार्तिक शुक्ल २ दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४८शकपूर्व २को लिच्छविसंवत् ५४८ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५४६हुन आउँछ (शक ५४६ को कार्तिकदेखि शक ५४७ को आश्विनसम्म रहने

हो, अभिलेखमा आषाढ दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५४६ रहने र चैत्रदेखि ५४७ लाग्ने हुँदा कार्तिकमा स्वाभाविक रुपले शक ५४६ हुन्छ ।

यहाँ शक ५४६ कार्तिक पर्न आएको हुनाले तद्नुसार ईस्वी ६२४, वि.सं ६८१र कलिगत ३७२६ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ४८ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं ६८१ मान्न सकिन्छ । यहाँ महिना कार्तिक भएसम्म त वि.सं ६८१ रहला यदि वैशाख भएको भएवि.सं६८२ हुने हुन्छ । तव ६३४ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन ।
अत:लिच्छविकालमा चलेको संवत् ४८ भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ५४८ को संक्षिप्त संवत् ४८ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.६९ बलम्बु मालटारको अभिलेख

काठमाडौँ शहरदेखि करिव १० कि. मि पश्चिम भेकमा बलम्वु आउँछ र बलम्वुबाट केहीपर उत्तरपश्चिममा मालटार भन्ने गाउँ छ । यस मालटारको खेतकोबीचमा लिच्छवि लिपि युक्त शिलापत्र रहेकोछ ।यो अभिलेखसर्वप्रथमनोलीले पनि छपाएका थिए ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मी ले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमा माग्वल गाउँका गृहस्थीहरुको हितको लागि धारा बनाएको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ४९ माघ कृष्ण द्वादश्या
भट्टारकमहाराजश्रीध्रुवदेव
भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यात:
धर्मस्थितिपूतशासन:
माग्वलग्रामकुटुम्बिन
पातितां प्रणाली
दूतक ....युवराजश्रीविष्णुगुप्त

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ४९ माघकृष्ण द्वादश्यां दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ४९ शकपूर्व २को लिच्छविसंवत् ५४९को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५४७हुन आउँछ (शक ५४७को कार्तिकदेखि शक ५४८ को आश्विनसम्म रहने हो, अभिलेखमा माघ दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५४७ रहने र चैत्रदेखि ५४८ लाग्ने हुँदा माघमा स्वाभाविक रूपले शक ५४७ हुन्छ । अत: अभिलेखमा संवत् ४९देखिनुको मतलव यो मानदेव संवत् होइन भन्ने प्रष्ट हुन्छ ।

यहाँ शक ५४७ माघ पर्न आएको हुनाले तद्नुसार ईस्वी ६२६, वि.सं ६८२र कलिगत ३७२७ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ४९ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं ६८२ मान्न सकिन्छ । यहाँ महिना माघ भएसम्म त वि.सं ६८२ रहला यदि वैशाख भएको भएवि.सं६८३ हुने हुन्छ । तव ६३४ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अत:लिच्छविकालमा चलेको संवत् ४९ भनेको मानदेवसंवत् नभइ लिच्छविसंवत् ५४९ को संक्षिप्त संवत् ४९ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.७० बलम्बु भीमार्जुनदेवको अभिलेख

काठमाडौँ शहरदेखि करिव १० कि. मि पश्चिम भेक अन्तर्गत बलम्बुको बस्तीगाउँ आउँछ ।यस गाउँको बस्तीबाहिर उत्तरपट्टि एउटा सानो चौर छ । यस चौरमा लिच्छवि लिपि युक्त शिलापत्र रहेकोछ । यो अभिलेख सर्वप्रथमनोलीलेछपाएका थिए । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए । यस अभिलेखमा जोल्प्रीङ् ग्राममा सफा चीसो पानी आउने धारा बनाइदिएको र कपडामा लाग्ने करमाफी गरेको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ५५ आश्वयुजशुकलपञ्चम्याम्
लिच्छविकुलकेतुर्भट्टारकमहाराजश्रीभीमार्जुनदेवस्त
भगवतपशुपतिभट्टारकपादानुगृहीतो
बप्पपादानुध्यात: श्रीजिष्णुगुप्त: कुशली
भवतामस्माभिर्जोल्प्रिङग्रामे
स्वादुशुचिशीतलसलीला
चैलकरं प्रतिमुच्य प्रसादीकृत
दूतकश्चात्र युवराजश्रीविष्णुगुप्त:

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ५५ आश्वयुजशुक्ल पञ्चम्याम्दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ५५ शकपूर्व २को लिच्छविसंवत् ५५५ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५५४हुन आउँछ । शक ५५३ को कार्तिकदेखि शक ५५४ को आश्विनसम्म रहने हो । अभिलेखमा आश्विनदिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५५३ रहने र चैत्रदेखि ५५४ लाग्ने हुँदा आश्विनमा स्वाभाविक रुपले शक ५५४ आश्विन हुन्छ ।

यहाँ शक ५५४ आश्विन पर्न आएको हुनाले तद्नुसार ईस्वी ६३२, वि.सं ६८९र कलिगत ३७३४ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ५५ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं ६८८ मान्न सकिन्छ । यहाँ महिना कार्तिक भएसम्म त वि.सं ६८८ रहला यदि वैशाख भएको भएवि.सं६८९ हुने हुन्छ । तव ६३४ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन ।
अत:लिच्छविकालमा चलेको संवत् ५५ भनेको मानदेवसंवत् नभइ लिच्छविसंवत् ५५५ को संक्षिप्त संवत् ५५ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.७१ थानकोटको अभिलेख

काठमाडौँ शहदेखि करिव १२ कि. मि पश्चिम भेकमा थानकोटको बस्ती आउँछ ।यस गाउको बस्ती बीचको भागमा नारायणटोलमा पाटीनिर लिच्छवि लिपि युक्त शिलापत्र रहेकोछ ।यो अभिलेखसर्वप्रथम लेभीले छपाएका थिए भने पछि नोलीलेछपाए । साथै संशोधन मण्डलले पनि छपाए ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमासिंकर र मल्लकरमा पनि आधा घटाई दिएको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ५७ कार्तिकशुक्ल दिवा द्वितीयायाम्
सिंघासनाध्यासिकुलकेतुर्भट्टारकमहाराजश्रीभीमार्जुनदेवस्त
भगवतपशुपतिभट्टारकपादानुगृहीतो
बप्पपादानुध्यात: श्रीजिष्णुगुप्त: कुशली
थेञ्चोग्रामनिवासिन: कटुंविनो

चैलकरम्प्रतिमुच्य दत्ता
दूतकश्चात्र युवराजश्रीविष्णुगुप्तः

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ५७ कार्तिक शुक्ल दिवाद्वितीयायाम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ५७ शकपूर्व २को लिच्छविसंवत् ५५७को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५५५हुन आउँछ (शक ५५५ को कार्तिकदेखि शक ५५६ को आश्विनसम्म रहने हो, अभिलेखमा कार्तिक दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५५५ रहने र चैत्रदेखि ५५६ लाग्ने हुँदा कार्तिकमा स्वाभाविक रुपले शक ५५५ हुन्छ ।

यहाँ शक ५५५ कार्तिक पर्न आएको हुनाले तद्नुसार ईस्वी ६३३, विसं ६९०र कलिगत ३७३५ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ५७ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार विसं ६९० मान्न सकिन्छ । यहाँ महिना कार्तिक भएसम्म त विसं ६९० रहला यदि वैशाख भएको भएविसं६९१ हुने हुन्छ । तव ६३४ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अतःलिच्छविकालमा चलेको संवत् ५७भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ५५७ को संक्षिप्त संवत् ५७ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.७२ मालिगाउँको अभिलेख

काठमाडौँ मालिगाउँमा लिच्छवि लिपि युक्त शिलापत्र रहेको भेटिएको हो । हाल राष्ट्रिय संग्रहालयमा राखिएको कुरो धनवज्र वज्राचार्यले उल्लेख गरेको छ ।यो अभिलेखसर्वप्रथमयोगी नरहरिनाथ र जनकलाल ढकालले इतिहास प्रकाशमा प्रकाशित गरेको हो । पछि नोलीले पनिछपाए भने संशोधन मण्डलले पनि छपाए ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमा माप्चोक अधिकरण र सामाजिक सुधारको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ५७ फाल्गुणशुक्ल सप्तम्याम्
कैलासकूटभवनाद्

माप्चोकाधिकारोयं
यथाव्यवस्थम्प्रवर्तयितव्यस्तास्वप्यतीतासु
पुरुषपरितोषमभावयित्वा बहुशोपि व्यपेतलज्जाः
दूतकश्चात्र श्रीयुवराजश्रीधरगुप्तः

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ५७ शुक्ल फाल्गुन सप्तम्यां दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ५७ शकपूर्व २को लिच्छविसंवत् ५५७को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५५५हुन आउँछ (शक ५५५ का कार्तिकदेखि शक ५५६ को आश्विनसम्म रहने हो, अभिलेखमा फाल्गुन दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५५५ रहने र चैत्रदेखि ५५६ लाग्ने हुँदा फाल्गुनमा स्वाभाविक रुपले शक ५५५ हुन्छ ।

यहाँ शक ५५५ फागुन पर्न आएको हुनाले तद्नुसार ईस्वी ६३४, वि.सं ६९०र कलिगत ३७३५ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ५७ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार विसं ६९० मान्न सकिन्छ । यहाँ महिना फागुन भएसम्म त विसं ६९० रहला यदि वैशाख भएको भएविसं६९१ हुने हुन्छ । तव ६३४ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अतःलिच्छविकालमा चलेको संवत् ५७भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ५५७ को संक्षिप्त संवत् ५७ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.७३ यङ्गालहिटीको अभिलेख

काठमाडौँयङ्गालहिटीमालिच्छवि लिपि युक्त शिलापत्र रहेको भेटिएको हो ।यो अभिलेखसर्वप्रथमनोलीले प्रकाशित गरेको हो । पछि संशोधन मण्डलले पनि छपाए ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमाजलशयन नारायणको मूर्ति बनाउन लायकको ठूलो ढुङ्गा तानेर ल्याउने काममा खुशी भएर दक्षिणकोलीग्राममा बस्नेहरुलाई कल्ली बाजु पाउजेव लाउन पाउने निगाह भएको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ६४फाल्गुणशुक्ल द्वितीयायाम्
लिच्छविकुलकेतुर्भट्टारकमहाराजश्रीभीमार्जुनदेपस्तत्सहितः
भगवत्पशुपति भट्टारक पादानुगृहीतो बप्पपादानुध्यातः श्री विष्णुगुप्तः
भगवतो विष्णोर्जलशयन रुप निस्पादन योग्य बृहच्छिला
दक्षिणकोलीग्रामस्य
दूतकश्चात्र श्रीयुवराजश्रीधरगुप्तः

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ६४ शुक्ल फाल्गुनशुक्ल द्वितीयां दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ६४ शकपूर्व २को लिच्छविसंवत् ५६४ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५६२हुन आउँछ । शक ५६२ कार्तिकदेखि शक ५६३ को आश्विनसम्म रहने हो । अभिलेखमा फाल्गुन दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५६२ रहने र चैत्रदेखि ५६३ लाग्ने हुँदा फाल्गुन मा स्वाभाविक रुपले शक ५६२ हुन्छ ।

यहाँ शक ५६२ फागुन पर्न आएको हुनाले तद्नुसार ईस्वी ६४१, विसं ६९७र कलिगत ३७४२ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ६४ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार विसं ६९७ मान्न सकिन्छ । यहाँ महिना फागुन भएसम्म त विसं ६९७ रहला यदि वैशाख भएको भएविसं६९८ हुने हुन्छ । तव ६३४ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अतःलिच्छविकालमा चलेको संवत् ६४भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ५६४ को संक्षिप्त संवत् ६४ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.७४ भृङ्गारेश्वरको अभिलेख

काठमाडौँ शहरबाट पाटन चापागाउँ जाने बाटोको बीचमा सुनागुठी गाउँ आउँछ । यस गाउँको अति प्रशिद्ध मन्दिर भृङ्गारेश्वरशिवालय हो । यस मन्दिरको सामुन्नेलिच्छवि लिपि युक्त शिलापत्र रहेको हो ।यो अभिलेखसर्वप्रथमनोलीले प्रकाशित गरेको हो । पछि संशोधन मण्डलले पनि छपाए ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका

थिए ।यस अभिलेखमा जलशयन नारायणको मूर्ति बनाउन लायकको ठूलो ढुङ्गा तानेर ल्याउने काममा लागेका भृङ्गार गाउँका पाञ्चालिकहरुले कशष्ठि झारा ल्याउने काम निगाह गरेको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ६५फाल्गुणशुक्ल द्वितीयायाम्
लिच्छविकुलकेतुर्भट्टारकमहाराजश्रीभीमार्जुनदेपस्तत्सहितः
भगवत्पशुपति भट्टारक पादानुगृहीतो बप्पपादानुध्यातः श्री विष्णुगुप्तः
भृङ्गार ग्राम पाञ्चालिकै
कशष्ठीविष्टिभारानयनप्रति
दूतकश्चात्र श्रीयुवराजश्रीधरगुप्तः

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ६५ शुक्ल फाल्गुनशुक्लद्वितीयां दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ६५ शकपूर्व २को लिच्छविसंवत् ५६५ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५६३हुन आउँछ । शक ५६३ का कार्तिकदेखि शक ५६४ को आश्विनसम्म रहने हो ।अभिलेखमा फाल्गुन दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५६३ रहने र चैत्रदेखि ५६४ लाग्ने हुँदा फाल्गुनमा स्वाभाविक रुपले शक ५६३ हुन्छ ।

यहाँ शक ५६३ फागुन पर्न आएको हुनाले तद्नुसार ईस्वी ६४२, विसं ६९८र कलिगत ३७४३ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ६५ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं ६९८ मान्न सकिन्छ । यहाँ महिना फागुन भएसम्म त वि.सं ६९८ रहला यदि वैशाख भएको भएवि.सं६९९ हुन्छ । तव ६३४ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन ।अतःलिच्छविकालमा चलेको संवत् ६५भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ५६५ को संक्षिप्त संवत् ६५ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.७५ पाटन केशवनारायणचोकको अभिलेख

पाटन दरवार, पाटन संग्रहालयको केशवनारायण चोकको दक्षिण भागमालिच्छवि लिपि युक्त शिलापत्र रहेको भेटिएको हो ।यो अभिलेखसर्वप्रथम इतिहास शिरोमणि बाबुराम आचार्य र पं.नयराज पन्तले संस्कृत सन्देशमाप्रकाशित गरेका हुन् । पछि नोलीले पनि छपाए ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमायूपग्रामद्रङ्गमा भट्ट र माप्चोक अधिकरण भिकिदिएर निगाह गरेको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ६७ पौषशुक्लपञ्चम्याम्
भगवत्पशुपति भट्टारक पादानुगृहीतो बप्पपादानुध्यातो
भट्टारक महाराजाधिराज श्री नरेन्द्रदेवःकुशली
यूपग्रामद्रङ्गस्य सर्वतलसहितस्य
भट्टमाप्चोकाधिकारयोः
पुनरप्येषां पीटल्जाधिकारम्प्रतिमुच्यप्रसादीकृत
दूतकश्चात्र कुमारामात्य प्रियजीवः

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ६७ शुक्ल पौष शुक्ल पञ्चम्याम्दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कित संवत् ६७ शकपूर्व २को लिच्छविसंवत् ५६७ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५६५हुन आउँछ । शक ५६५ कार्तिकदेखि शक ५६६ को आश्विनसम्म रहने हो । अभिलेखमा पौष दिइएकोले कातिकदेखि फाल्गुनसम्म शक ५६५ रहने र चैत्र देखि ५६६ लाग्ने हुँदा पौष मा स्वाभाविक रुपले शक ५६५ हुन्छ ।

यहाँ शक ५६५ पौष पर्न आएको हुनाले तद्नुसार ईस्वी ६४३, विसं ७००र कलिगत ३७४५ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ६७ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं ७०० मान्न सकिन्छ । यहाँ महिना पौष भए सम्म त वि.सं ७०० रहला यदि वैशाख भएको भएवि.सं७०१ हुन्छ । तव ६३४ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अतःलिच्छविकालमा

चलेको संवत् ६७भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ५६७ को संक्षिप्त संवत् ६७ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.७६ यङ्गालहिटीको अभिलेख

काठमाडौँयङ्गालहिटीमालिच्छवि लिपि युक्त शिलापत्र रहेको भेटिएको हो ।यो अभिलेखसर्वप्रथमनोलीले प्रकाशित गरेको हो पछि संशोधन मण्डलले पनि छपाए ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमा दक्षिणकोलीग्रामद्रङ्लाई भुवनेश्वर देवमन्दिर सुम्पिएको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ६७ भाद्रपद शुक्ल द्वितीयायाम्
भगवत्पशुपति भट्टारक पादानुगृहीतो बप्पपादानुध्यातो
भट्टारक महाराजाधिराज श्री नरेन्द्रदेवः कुशली
दक्षिणकोलीग्रामद्रङ्गस्य सर्वतलसहितस्य
कोङ्कोबिल्वमार्ग हुस्प्रिन्दुङ्ग्रामैरेभि
दूतकश्चात्र कुमारामात्य प्रियजीवः

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ६७ भाद्रपदशुक्ल द्वितीयायाम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ६७ शकपूर्व २को लिच्छविसंवत् ५६७ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५६६हुन आउँछ । शक ५६५ का कार्तिकदेखि शक ५६६ को आश्विनसम्म रहने हो । अभिलेखमा भाद्र दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५६५ रहने र चैत्रदेखि ५६६ लाग्ने हुँदा भाद्र मा स्वाभाविक रुपले शक ५६६ हुन्छ ।

यहाँ शक ५६६ भाद्र पर्न आएको हुनाले तद्नुसार ईस्वी ६४४, विसं ७०१र कलिगत ३७४१ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ६७ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार विसं ७०० मान्न सकिन्छ । यहाँ महिना चैत्र भएसम्म त विसं ७०० रहला तर वैशाख देखिविसं७०१

हुन्छ । तव ६३४ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अत:लिच्छविकालमा चलेको संवत् ६७भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ५६७ को संक्षिप्त संवत् ६७ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.७७ देउपाटनको अभिलेख

काठमाडौँ देवपाटनमा बारीभित्र एउटा जलहरीमालिच्छवि लिपि युक्त शिलापत्र रहेको भेटिएको हो ।यो अभिलेखसर्वप्रथमनोलीले प्रकाशित गरेका हुन् । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमा दानशृङ्खलिक पाशुपतहरु बिरामी भएमा औषधोपचारको लागि खेत दान दिएको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ६९ ज्येष्ठकृष्ण दिवा सप्तम्याम्
परमभट्टारक श्री नरेन्द्रदेस्य
साग्रं वर्ष शतं समाज्ञापयत:
नरप्रिंग्रामग्रामस्य दक्षिणतस्तिलमकस्य
दानशृंङ्खलिकपाशुपतानां

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ६९ ज्येष्ठकृष्णदिवासप्तम्याम्दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ६९ शकपूर्व २को लिच्छविसंवत् ५६९ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५६८हुन आउँछ (शक ५६७का कार्तिकदेखि शक ५६८ को आश्विनसम्म रहने हो, अभिलेखमा ज्येष्ठ दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५६७ रहने र चैत्रदेखि ५६८ लाग्ने हुँदा ज्येष्ठमा स्वाभाविक रुपले शक ५६८ हुन्छ ।

यहाँ शक ५६८ जेष्ठ पर्न आएको हुनाले तद्नुसार ईस्वी ६४६, विसं ७०३र कलिगत ३७४८ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ६९ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं ७०२ मान्न सकिन्छ । यहाँ महिना चैत्र भएसम्म त वि.सं ७०२ रहलावैशाख देखिविसं७०३

हुन्छ । तव ६३४ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अतःलिच्छविकालमा चलेको संवत् ६९भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ५६९ को संक्षिप्त संवत् ६९ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.७८ देउपाटनको अभिलेख

काठमाडौँदेवपाटन कसाइटोलमालिच्छवि लिपियुक्त शिलापत्र रहेको भेटिएको हो ।यो अभिलेखसर्वप्रथमनोलीले प्रकाशित गरेका हुन् पछि संशोधन मण्डलले पनि छपाए ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमानवगृहमा स्थिति बन्देजको व्यवस्था गरेको र मुद्दामामिला उठ्यो भने त्यहाँको पाञ्चालिकहरुले सकेन भने अन्तरासनले विचार गर्ने विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत्७१कार्तिक शुक्ल द्वितीयायाम्
भगवत्पशुपति भट्टारक पादानुगृहीतो बप्पपादानुध्यातः
परमभट्टारक महाराजाधिराजश्रीनरेन्द्रदेवः कुशली
स्वयम्पाञ्चालिकैर्निणेतुन्न शक्यते तदा तदन्तरासनेन विचारयितव्यं
याश्च गौष्ठ्यो नवगृहप्रतिबद्धास्ताश्च
वृजिकरथ्यानिवासी मधुसूदनस्वामी
दूतकश्च दण्डनायकनृपदेवः

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्७१ कार्तिकशुक्लद्वितीयां दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमाअङ्कित संवत्७१ शकपूर्व २को लिच्छविसंवत् ५७१ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५६९हुन आउँछ । शक ५६९ का कार्तिकदेखि शक ५७० को आश्विनसम्म रहने हो । अभिलेखमा कार्तिक दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५६९ रहने र चैत्रदेखि ५७० लाग्ने हुँदा कार्तिकमा स्वाभाविक रुपले शक ५६९ हुन्छ ।

यहाँ शक ५६९ कार्तिक पर्न आएको हुनाले तद्नुसार ईस्वी ६४७, विसं ७०४र कलिगत ३७४९ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ७१ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार विसं ७०४ मान्न सकिन्छ । यहाँ महिना कार्तिक भएसम्म त विसं ७०४ रहला यदि वैशाख भएको भएविसं७०५ हुन्छ । तव ६३४ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अत:लिच्छविकालमा चलेको संवत् ७१भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ५७१ को संक्षिप्त संवत् ७१ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.७९ नक्सालको अभिलेख

काठमाडौँ नक्साल भगवतीवहालको जलद्रोणी टुटेधारामा लिच्छवि लिपियुक्त अभिलेखभेटिएको हो ।यो अभिलेखसर्वप्रथमइ.शि.बाबुराम आचार्य तथा पं नयराज पन्तले संस्कृत सन्देशमा प्रकाशित गरेका हुन् पछिनोलीले पनि छपाए । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए । यस अभिलेखमा विष्णुदेवले ब्राह्मण लगायत दुनियाहरुको नुहाई धुवाईको काम चलोस् भनी पानी झिक्ने यन्त्र, कुवा, धारा बनाइदिएको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत्७८ कार्तिक शुक्ल नवम्याम्
नरेन्द्रदेवनृपतौ वंशक्रमाभ्यागतां
विष्णुदेव: कृतात्मा
पाषाणद्रोणमेतं सुविहितसलिलोद्धारयन्त्रोदपानं कृत्वा

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत्७८ कार्तिक शुक्ल नवम्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत्७८ शकपूर्व २को लिच्छविसंवत् ५७८ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५७६हुन आउँछ । शक ५७६ कार्तिकदेखि शक ५७७ को आश्विनसम्म रहने हो, अभिलेखमा कार्तिक दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५७६ रहने र चैत्र देखि ५७७ लाग्ने हुँदा कार्तिकमा स्वाभाविक रुपले शक ५७६ हुन्छ ।

यहाँ शक ५७६ कार्तिक पर्न आएको हुनाले तद्नुसार ईस्वी ६५४, विसं ७११र कलिगत ३७५६ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ७८ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं ७११ मान्न सकिन्छ । यहाँ महिना कार्तिक भएसम्म त वि.सं ७११ रहला यदि वैशाख भएको भएवि.सं७१२ हुने हुन्छ । तव ६३४ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अत:लिच्छविकालमा चलेको संवत् ७८भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ५७८ को संक्षिप्त संवत् ७८ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.८० पाटन गाहिटीको अभिलेख

पाटन गैह्रीधारा नजीकै लिच्छवि लिपियुक्त शिलालेखभेटिएको हो ।यो शिलालेख हाल पुरातत्व बगैंचामा राखिएको छ भनी लिच्छविकालका अभिलेखमाा धनवज्र उल्लेख गर्नु भएको छ । यो अभिलेखसर्वप्रथमबेण्डालले प्रकाशित गरेका हुन् पछिनोलीलेपनि छपाए र संशोधन मण्डलको पूर्णिमा अङ्क १४ प्रकाशित भएको हो । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमा पशुपतिमा वाग्मतीको पूर्व किनारमा रहेको भगवान वज्रेश्वरको मण्डलीमा अधिकरण पस्न नपाउने र मुद्दामामिला पर्दा परमाासनले छानवीन गर्न पाउनेविषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ८३ भाद्रपद शुक्ल दिवा षष्ठ्याम्
भगवत्पशुपति भट्टारक पादानुगृहीतो बप्पपादानुध्यात:
परमभट्टारक महाराजाधिराजश्रीनरेन्द्रदेव: कुशली
महाप्रतिहाारचनद्रवर्मविज्ञापितैरस्माभि
पशुपतौ वाग्वतीपूर्वकुले भगवद्वज्रेश्वरमण्डल्यां
यदि चात्र कार्यमुत्पद्यते परमासनेन विचारमात्र
दूतकश्चात्र भट्टारक श्री युवराज स्कन्ददेव:

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ८३ भाद्रपद शुक्ल षष्ठ्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ८३शकपूर्व २को लिच्छविसंवत् ५८३ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५८२हुन आउँछ । शक ५८१ को कार्तिकदेखि शक ५८२ को आश्विनसम्म रहने हो । अभिलेखमा भाद्रदिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५८१ रहने र चैत्रदेखि ५८२ लाग्ने हुँदा भाद्रमा स्वाभाविक रुपले शक ५८२ हुन्छ ।

यहाँ शक ५८२ भाद्र पर्न आएको हुनाले तद्नुसार ईस्वी ६६०, वि.सं ७१७र कलिगत ३७६२ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ८३ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं ७१६ मान्न सकिन्छ । यहाँ महिना चैत्र भएसम्म त वि.सं ७१६ रहला यदि वैशाख भएको भएवि.सं७१७हुन्छ । तव ६३४ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अत:लिच्छविकालमा चलेको संवत् ८३भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ५८३ को संक्षिप्त संवत् ८३ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.८१ बलम्बु विहारको अभिलेख

काठमाडौँ बलम्बुमा रहेको प्रणिधिपूर्ण वौद्ध विहारमा लिच्छवि लिपियुक्त अभिलेखभेटिएको हो ।यो अभिलेख को चित्र व्यालिञ्जरलेसर्वप्रथमप्रकाशित गरेका हुन् पछि यसको पाठ संशोधन मण्डलको अभिलेख संग्रह भाग ५ मा छापिए । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका थिए ।यस अभिलेखमा अधिकरण पस्न नपाउने विषय छ । अभिलेख खण्डित भइ केही अंश बाँकी भएको अवस्थाको छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ९० वैशाखशुक्ल दिवा दशम्याम्
यस्त्वेतामाज्ञामुतक्रम्यान्यथा
रक्षितव्यं नृपैर्यत्नात्पूर्वभूपतिशासन मिति
दूतकश्चात्र रुद्रचन्द्रगोमी

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ९० वैशाखशुक्ल दिवा दशम्याम्दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ९० शकपूर्व २को लिच्छविसंवत् ५९० को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५८९हुन आउँछ (शक ५८८को कार्तिकदेखि शक ५८९ को आश्विनसम्म रहने हो । अभिलेखमा वैशाख दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५८८ रहने र चैत्रदेखि ५८९ लाग्ने हुँदा वैशाखमा स्वाभाविक रुपले शक ५८९ हुन्छ ।

यहाँ शक ५८९ वैशाख पर्न आएको हुनाले तद्नुसार ईस्वी ६६७, वि.सं ७२४र कलिगत ३७६९ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ९० लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं ७२३ मान्न सकिन्छ । यहाँ महिना चैत्र भएसम्म त वि.सं ७२३ रहला तर वैशाख देखि वि.सं७२४ हुन्छ । तव ६३४ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अतःलिच्छविकालमा चलेको संवत् ९०भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ५९० को संक्षिप्त संवत् ९० हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.८२ पाटन च्यासलटोलको अभिलेख

पाटन च्यासलटोलको गणेशस्थानसंगै लिच्छवि लिपि युक्त अभिलेखभेटिएको हो ।यो अभिलेखसर्वप्रथमनोलीलेपनि प्रकाशित गरेका थिए ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका हुन् ।यस अभिलेखमा गणिगुल्ममा चाटभट् पस्न नपाउने व्यवस्था गरेको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ९५ पौषशुक्ल दिवा दशम्याम्
भद्रधिवासभवनाद्
थैषाङ्गणिगुल्मको
चाटभटनाम प्रवेश्येन
इमामाज्ञामुल्लङ्घ्यान्यथा
दूतकशचात्र श्री युवराज शौर्यदेवः

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ९५ पौष शुक्ल दिवा दशम्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कित संवत् ९५शकपूर्व २को लिच्छविसंवत् ५९५ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ५९३हुन आउँछ (शक ५९३कार्तिकदेखि शक ५९४ को आश्विनसम्म रहने हो । अभिलेखमा पौष दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ५९३ रहने र चैत्रदेखि ५९४ लाग्ने हुँदा पौषमा स्वाभाविक रुपले शक ५९३ हुन्छ ।

यहाँ शक ५९३ पौष पर्न आएको हुनाले तद्नुसार ईस्वी ६७१, वि.सं ७२८ र कलिगत ३७७३ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ९५ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं ७२८ मान्न सकिन्छ । यहाँ महिना पौष भएसम्म त वि.सं ७२८ रहला । तर वैशाख देखिवि.सं७२९ हुने हुन्छ । तव ६३४ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अतःलिच्छविकालमा चलेको संवत् ९५भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ५९५ को संक्षिप्त संवत् ९५ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.८३ पाटन यागवहालको अभिलेख

पाटन यागवहालमा लिच्छवि लिपियुक्त अभिलेखभेटिएको हो ।यो अभिलेखसर्वप्रथमलेभीले प्रकाशित गरेका थिए पछि नोलीलेपनि प्रकाशित गरेको हो ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका हुन् ।यस अभिलेखमा पञ्चापराध गर्ने अपराधीको शरिर राजदरवार लाग्ने र तिनका घरखेत जहान बच्चा सवै आर्यसङ्घले पाउने हुँदा श्री शिवदेवविहारमा चारैतिरबाट आएका भिक्षु सङ्घलाई दान दिएको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् १०३ ज्येष्ठशुक्ल सप्तम्याम
भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातो
लिच्छविकुलकेतुः परममाहेश्वर परम भट्टारक महाराजाधिराज श्री नरेन्द्रदेवः
गुल्लतङ ग्राम निवासिन
श्रीशिवदेवविहारगोमिभूधन्चोश्रीमानदेवविहारखर्जुरिकाविहारखारेवागल्चो
मध्यमविहारअभयरुचिविहारवार्त्तकल्याण गुप्त विहारचतुर्भालटसनविहारराजविहारेन्द्रमूलकयो

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् १०३ ज्येष्ठशुक्ल सप्तम्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् १०३शकपूर्व २को लिच्छविसंवत् ६०३ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ६०२ हुन आउँछ (शक ६०१ को कार्तिकदेखि शक ६०२ को आश्विनसम्म रहने हो । अभिलेखमा ज्येष्ठ दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ६०१ रहने र चैत्रदेखि ६०२ लाग्ने हुँदा ज्येष्ठमा स्वाभाविक रुपले शक ६०२ हुन्छ ।

यहाँ शक ६०२ जेष्ठ पर्न आएको हुनाले तद्नुसार ईस्वी ६८०, वि.सं ७३७ र कलिगत ३७८२ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् १०३ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं ७३६ मान्न सकिन्छ । यहाँ महिना वैशाख भन्दा पछिको भएर वि.सं ७३६ मान्न सकियो तर यदि वैशाख भन्दा अघिको भएवि.सं७३५ हुने हुन्थ्यो । तव ६३२ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अत:लिच्छविकालमा चलेको संवत् १०३भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ६०३ को५ सय अव्यक्त संक्षिप्त संवत् १०३ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.८४ पशुपति वज्रघरको अभिलेख

पशुपति वज्रघरनिर लिच्छवि लिपियुक्त अभिलेखभेटिएको हो ।यो अभिलेखहाल राष्ट्रिय संग्रहालय छाउनीमा राखिएको छ । योअभिलेख सर्वप्रथम भगवानलाल इन्द्रजीलेप्रकाशित गरेका थिए पछि नोलीले पनि प्रकाशित गरेका हुन् । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका हुन् । यस अभिलेखमा यस अभिलेखमा पञ्चापराध गर्ने अपराधीको शरिर राजदरवार लाग्ने र तिनका घरखेत जहान बच्चा सवै आर्यसङ्घले पाउने हुँदा श्री शिवदेवविहारमा चारैतिरबाट आएका भिक्षु सङ्घलाई दान दिएको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् १०३ ज्येष्ठ शुक्ल दिवा त्रयोदश्याम्
भगवत्पशुपतिभट्टारकपादानुगृहीतो बप्पपादानुध्यातो
लिच्छविकुलकेतु: परममाहेश्वर परम भट्टारक महाराजाधिराज श्री नरेन्द्रदेव:

श्री शिवदेवविहार श्रेष्ठिदुल प्रीतुब्रुचुह्वङ्गभूमि ह्मुप्रिङ खर्जुरिकाविहार मित्तम्ब्रु
मेकण्डिदुल्तिलमकलोप्रिङ् ग्रामे
दूतकश्चात्र भट्टारक श्री शिवदेव:

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् १०३ ज्यैष्ठशुक्लदिवात्रयोदश्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् १०३शकपूर्व २को लिच्छविसंवत् ६०३ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ६०२ हुन आउँछ । शक ६०१ को कार्तिकदेखि शक ६०२ को आश्विनसम्म रहने हो । अभिलेखमा ज्येष्ठ दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ६०१ रहने र चैत्रदेखि ६०२ लाग्ने हुंदा ज्येष्ठमा स्वाभाविक रुपले शक ६०२ हुन्छ ।

यहाँ शक ६०२ जेष्ठ पर्न आएको हुनाले तद्नुसार ईस्वी ६८०, वि.सं ७३७ र कलिगत ३७८२ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् १०३ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं ७३६ मान्न सकिन्छ । यहाँ महिना वैशाख भन्दा पछिको भएर वि.सं ७३६ मान्न सकियो तर यदि वैशाख भन्दा अघिको भएवि.सं७३५ हुने हुन्थ्यो । तव ६३२ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अत:लिच्छविकालमा चलेको संवत् १०३भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ६०३ को५ सय अव्यक्त संक्षिप्त संवत् १०३ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.८५ रातो मछिन्द्रनाथनिरको अभिलेख

पाटन रातो मछिन्द्रनाथको मन्दिरमा जाने बाटोमा सानो बलरामको सानो मन्दिर छ । त्यस मन्दिर भित्रको बलराम मूर्तिको पादपीठको ढुङ्गामुनि को जलहरिमालिच्छवि लिपि युक्त अभिलेखभेटिएको हो ।यो अभिलेखसर्वप्रथमसंशोधन मण्डलले अभिलेख संग्रह भाग ५मा प्रकाशितगरेका थिए ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका हुन् ।यस अभिलेखमा नालवर्माले मानिका आयस्ता आउने गुठी राखेको विषय देखिन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् १०९ वैशाखशुक्ल दिव द्वितीया
भट्टारक महाराजाधिराज
नालवर्मणा
गीताद्या

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् १०९ वैशाख शुक्लदिवा द्वितीयादिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–
अभिलेखमा अङ्कितसंवत् १०९शकपूर्व २को लिच्छविसंवत् ६०९ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ६०८ हुन आउँछ । शक ६०७ को कार्तिकदेखि शक ६०८ को आश्विनसम्म रहने हो, अभिलेखमा वैशाख दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ६०७ रहने र चैत्रदेखि ६०८ लाग्ने हुँदा वैशाखमा स्वाभाविक रुपले शक ६०८ हुन्छ ।

यहाँ शक ६०८ वैशाख पर्न आएको हुनाले तद्नुसार ईस्वी ६८६, वि.सं ७४३ र कलिगत ३७८८ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् १०९ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं ७४२ मान्न सकिन्छ । यहाँ महिना वैशाखभन्दा पछिको भएर वि.सं ७४२ मात्र मान्न सकिन्छ तरवैशाख भन्दा अघिको भएविसं७४१ मात्र हुने हुन्थ्यो । तव ६३२ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अत:लिच्छविकालमा चलेको संवत् १०९भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ६०९ को५ सय अव्यक्त संक्षिप्त संवत् १०९ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.८६ नालाको ढुङ्गेधाराको अभिलेख

भक्तपुरदेखि २ कोश पूर्वतिर नाला गाउँ छ । यस गाउँको प्रसिद्ध नाला भगवती मन्दिरको अगाडि ढुङ्गेधारा छ । यस धाराको दाँयापट्टि जलद्रोणीमालिच्छवि लिपियुक्त अभिलेखभेटिएको हो ।यो अभिलेखसर्वप्रथमसंशोधन मण्डलले अभिलेख संग्रह भाग ५मा प्रकाशितगरेका थिए ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका हुन् ।यस अभिलेखमा नालङ् ग्रामका बासिन्दाको भोग चलनगर्न धारा बनाइदिएको विषय देखिन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ११८ ज्येष्ठ शुकल दशम्याम्
राजाधिराजश्री शिवदेवस्य
उपरिमनालङ्गग्रामस्योपभोगार्थम्
ध्रुवशीलस्यतद्भ्राता अणङ्गशील
पुण्याधिकारप्रणाली कृता

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ११८ ज्येष्ठ शुक्ल दशम्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ११८शकपूर्व २को लिच्छविसंवत् ६१८ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ६१७ हुन आउँछ । शक ६१६ को कार्तिकदेखि शक ६१७ को आश्विनसम्म रहने हो । अभिलेखमा ज्येष्ठ दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ६१६ रहने र चैत्रदेखि ६१७ लाग्ने हुँदा ज्येष्ठमा स्वाभाविक रुपले शक ६१७ हुन्छ ।

यहाँ शक ६१७ जेष्ठ पर्न आएको हुनाले तद्नुसार ईस्वी ६९५, वि.सं ७५२ र कलिगत ३७९७ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ११८ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं ७५१ मान्न सकिन्छ । यहाँ महिना वैशाखभन्दा पछिको भएर वि.सं ७५१ मान्न सकियो तर यदि वैशाख भन्दा अघिको भएवि.सं७५० हुने हुन्थ्यो । तव ६३२ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अत:लिच्छविकालमा चलेको संवत् ११८भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ६१८ को५ सय अव्यक्त संक्षिप्त संवत् ११८ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.८७ काठमाडौ लगनटोलको अभिलेख

काठमाडौँ लगनटोलमा सानो विष्णु मन्दिर छ यस मन्दिरको भित्तामा शिलालेख रहेको थियो ।हाल यो शिलालेख लोप भइसकेको छ । यो शिलालिच्छवि लिपियुक्त अभिलेखभेटिएको हो ।यो अभिलेखसर्वप्रथम भगवानलाल इन्द्रजीलेप्रकाशितगरेका थिए । यही अभिलेख नोलीलेपनि छपाए । साथै संशोधन मण्डलले पूर्णिान १४ मा पनि प्रकाशित भएका थिए । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका हुन् ।यस अभिलेखमा भूमिछिद्रन्यायले

बिर्ता गराईश्री शिवदेवेश्वरलाई लक्ष्य गरेर देवमन्दिर मर्मतगर्न पाशुपत सम्प्रदायका आचार्यहरुलाई दिएको विषय देखिन्छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् ११९ फाल्गुण शुक्ल दशम्याम्
भगवत्पशुपति भट्टारक पादानुगृहीतो बप्पपादानुध्यातः
परमभट्टारक महाराजाधिराजश्रीशिवदेवः कुशली
वैद्यग्रामतेङ्खुचिशिमण्डा तिलमकसहश्रमण्डल भूमि
भोट्टविष्टिहेतोः
स्वकारितश्रीशिवदेवेश्वरं
दूतकश्चात्र राजपुत्रजयदेवः

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् ११९ फाल्गुण शुक्ल दशम्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् ११९शकपूर्व २को लिच्छविसंवत् ६१९ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ६१७ हुन आउँछ (शक ६१७ को कार्तिकदेखि शक ६१८ को आश्विनसम्म रहने हो, अभिलेखमा फाल्गुण दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ६१७ रहने र चैत्रदेखि ६१८ लाग्ने हुँदा फाल्गुणमा स्वाभाविक रुपले शक ६१७हुन्छ ।

यहाँ शक ६१७ फागुन पर्न आएको हुनाले तद्नुसार ईस्वी ६९६, वि.सं ७५२ र कलिगत ३७९७ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् ११९ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं ७५२ मान्न सकिन्छ । यहाँ महिना वैशाखभन्दा पछिको भएसम्म वि.सं ७५२ मान्न सकियो तर यदि वैशाखभन्दा अघिको भएवि.सं७५१ हुने हुन्थ्यो । तव ६३२ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अतःलिच्छविकालमा चलेको संवत् ११९ भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ६१९को५ सय अव्यक्त संक्षिप्त संवत् ११९ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.८८ भृङ्गारेश्वरको अभिलेख

काठमाडौँ शहरबाट पाटन चापागाउँ जाने बाटोको बीचमा सुनागुठी गाउँ आउँछ । यस गाउको अति प्रशिद्ध मन्दिर भृङ्गारेश्वर शिवालय हो । यस मन्दिरको सामुन्नेलिच्छवि लिपि युक्त शिलापत्र रहेको हो ।यो अभिलेखसर्वप्रथमनोलीले प्रकाशित गरेका थिए ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका हुन् ।यस अभिलेखमा भृङ्गारेश्वर देवमन्दिरको आवश्यकताको लागि धारा कुलो पानीको प्रवन्धमा त्यहाँको पाञ्चालिकहरुलाई निगाह गरेको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् १२१ भाद्रपदशुक्लपञ्चम्याम्
भगवत्पशुपति भट्टारक पादानुगृहीतो बप्पपादानुध्यातः
परमभट्टारक महाराजाधिराजश्रीशिवदेवः कुशली
नेपालान्तर्वर्त्तिनः सर्वाधिकरणानाम
जलाशयोद्देशतया
ब्राह्मणपुरस्सराणाञ्च
भृङ्गारेश्वर देवकुलस्थितये
दूतकश्चात्र राजपुत्रजयदेवः

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् १२१ भाद्रपद शुक्ल पञ्चम्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् १२१शकपूर्व २को लिच्छविसंवत् ६२१ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ६२० हुन आउँछ (शक ६१९ को कार्तिकदेखि शक ६२० को आश्विनसम्म रहने हो, अभिलेखमा भाद्रपददिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ६१९ रहने र चैत्रदेखि ६२० लाग्ने हुँदा भाद्रपदमा स्वाभाविक रुपले शक ६२० हुन्छ ।

यहाँ शक ६२० भाद्र पर्न आएको हुनाले तद्नुसार ईस्वी ६९८, वि.सं ७५५ र कलिगत ३८०० हुने निश्चित छ ।सुमतितन्त्रले संवत् १२१ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार

वि.सं ७५४ मान्न सकिन्छ । यहाँ महिना वैशाखभन्दा पछिको भएर वि.सं ७५४ मान्न सकिन्छ तर यदि वैशाखभन्दा अघिको भएवि.सं७५३ हुने हुन्थ्यो । तव ६३२ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अतःलिच्छविकालमा चलेको संवत् १२१भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ६२१को५ सय अव्यक्त संक्षिप्त संवत् १२१ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.८९ गोरखाको अभिलेख

गोरखा दरवार गोरखनाथ गुफाको ढोकानिर ठूलो घण्टा पछाडि यो शिलालेख रहेकोछ । यो अभिलेख सर्वप्रथम योगी नरहरिनाथले इतिहास प्रकाशअङ्क१ मा प्रकाशित गरेका थिए पछि धनवज्र वज्राचार्य, हरिराम जोशी, डिल्लीरमण रेग्मी र जिशेप टुचीले पनि छपाएका हुन् ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– रिति संवत् १२२
परमभट्टारक महाराजाधिराजश्रीशिवदेवः कुशली
पञ्चरं • चित्रकर्मण

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् १२१ दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् १२२शकपूर्व २को लिच्छविसंवत् ६२२ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ६२० हुन आउँछ । शक ६२० को कार्तिकदेखि शक ६२१ को आश्विनसम्म रहने हो, ।

यहाँ शक ६२१पर्न आएको हुनाले तद्नुसार ईस्वी ६९९, वि.सं ७५६ र कलिगत ३८०१ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् १२२ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं ७५५ मान्न सकिन्छ । यहाँ महिना वैशाखभन्दा पछिको भएर वि.सं ७५५ मान्न सकिन्छ तर यदि वैशाखभन्दा अघिको भएवि.सं७५४ हुने हुन्थ्यो । तव ६३२ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको

छैन । अत:लिच्छविकालमा चलेको संवत् १२२भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ६२२कोप्र सय अव्यक्त संक्षिप्त संवत् १२२ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.९० बलम्बुको अभिलेख

बलम्वु गाउँको बाहिर उत्तरपट्टि इन्द्रमती खोल्सो किनारमा यो अभिलेख रहेको छ । यो अभिलेख सर्वप्रथम नोलीले ७६ सङ्ख्यामाप्रकाशित गरेका थिए । नोलीले यसमा भएकोसंवत् लाई संवत् १०९ भनेर छपाए । संशोधन मण्डलले चाहिँ संवत् १२९ भनेर पूर्णिमा अङ्क२० मा छपाए पछि धनवज्र वज्राचार्य, हरिराम जोशी, डिल्लीरमण रेग्मीलेपनि त्यही बमोजिम छपाएका हुन् ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् १२९
परमभट्टारक महाराजाधिराजश्रीशिवदेव: कुशली
यथा पुत्तीनारायणदेवकुल
दूतकश्चात्र श्रीजयदेवो भट्टारक:

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् १२९ दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् १२९शकपूर्व २को लिच्छविसंवत् ६२९ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ६२८ हुन आउँछ (शक ६२७ को कार्तिकदेखि शक ६२८ को आश्विनसम्म रहने हो, । अत: अभिलेखमा संवत् १२९देखिनुको मतलव यो मानदेव संवत् होइन भन्ने प्रष्ट हुन्छ ।संवत् १२९ (६२९) को समानान्तरतिथिमिति शक ६२८इस्वी ७०६विक्रम७६३कलिगत ३८०८ पर्न आउने निश्चित छ ।

यहाँ शक ६२८पर्न आएको हुनाले तद्नुसार ईस्वी ७०६, वि.सं ७६३ र कलिगत ३८०८ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् १२९ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं ७६२ मान्न सकिन्छ । यहाँ महिना वैशाखभन्दा पछिको भएर वि.सं ७६२ मान्न सक्ला तर यदि वैशाख भन्दा अघिको भएवि.सं७६१ हुने हुन्थ्यो । तव ६३२ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन ।

अतःलिच्छविकालमा चलेको संवत् १२९भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ६२९को५ सय अव्यक्त संक्षिप्त संवत् १२९ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.९१ काभ्रे भकुण्डेवेशीको अभिलेख

काभ्रेको खनालथोक भकुण्डेवशी वडा नं ९ धुनिदेवी महादेव मन्दिर परिसरमा रहेको जलहरिमा ८ पंक्ति लिच्छवि लिपियुक्त अभिलेखभेटिएको हो ।यो अभिलेखसर्वप्रथम श्यामसुन्दर राजवशीलेपुरातत्व विभाागको मुखपत्र प्राचीन नेपाल अङ्क१९४ (२०७३ माघ) अंकमा प्रकाशित गराइसकेका छन् ।यस अभिलेखमा तत्कालीन राजा शिवदेवले कल्याणचन्द्र भन्ने व्यक्तिलाई जयाधर स्वामी देवता स्थापना गर्न दिई आयस्ताको लागि खेत संकल्प गरेको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् १३१ पौष शुक्ल दिव २
भट्टारक महाराज श्री शिवदेवस्य
कल्याण चन्दैण स्वपुण्याधायनार्थम् भगवतः
जयाधर स्वामिनो दिम्पृङ्ग्रामे स्थापितः

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् १३१ पौषशुक्ल दिव २ दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् १३१शकपूर्व २को लिच्छविसंवत् ६३१ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ६२९ हुन आउँछ । शक ६२९ को कार्तिकदेखि शक ६३० को आश्विनसम्म रहने हो । अभिलेखमा पौषशुक्लदिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ६२९ रहने र चैत्रदेखि ६३० लाग्ने हुँदा पौषमा स्वाभाविक रुपले शक ६२९ हुन्छ ।

यहाँ शक ६२९पर्न आएको हुनाले तद्नुसार ईस्वी ७०८, वि.सं ७६४ र कलिगत ३८०९ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् १३१ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार विसं ७६४ मान्न सकिन्छ । यहाँ महिना वैशाख भन्दापछिको भएर वि.सं ७६४ मान्न सक्ला तर यदि वैशाखभन्दा अघिको भएवि.सं७६३ हुने हुन्थ्यो । ६३२ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन ।

अतःलिच्छविकालमा चलेको संवत् १३१भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ६३१कोर सय अव्यक्त संक्षिप्त संवत् १३१ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.९२ पाटन च्यासलटोलको अभिलेख

पाटन च्यासलटोलको नायहिटी भन्ने ढुङ्गेधारानिरलिच्छवि लिपियुक्त अभिलेखभेटिएको हो ।यो अभिलेखसर्वप्रथम लेभीलेप्रकाशित गरेका थिए पछि नोलीले पनि प्रकाशित गरे । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका हुन् ।यस अभिलेखमा प्रासादमण्डलभित्र कोट्टको स्थितिबन्देजको निगाह गरेको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् १३७ ज्येष्ठशुक्ल पञ्चम्याम्
महाराजाधिराज परमेश्वर श्रीजयदेवः
नारायणदेवकुलनवगृहमण्डलमहापथेनदोलाशिखरपुनुपाञ्चालिका क्षेत्र
लोप्रिङ्ग्रामेन्द्र गौष्ठिक क्षेत्रगत्वोमातीर्थक्षेत्रस्यपुष्पवाटिका क्षेत्रस्य
दूतकोप्यत्र भट्टारक श्री विजयदेवः

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् १३७ ज्येष्ठ शुक्ल पञ्चम्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् १३७शकपूर्व २को लिच्छविसंवत् ६३७ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ६३६ हुन आउँछ । शक ६३५ को कार्तिकदेखि शक ६३६को आश्विनसम्म रहने हो । अभिलेखमा ज्येष्ठ दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ६३५ रहने र चैत्रदेखि ६३६ लाग्ने हुँदा ज्येष्ठमा स्वाभाविक रुपले शक ६३६ हुन्छ । अतः अभिलेखमा संवत् १३७देखिनुको मतलव यो मानदेव संवत् होइन भन्ने प्रष्ट हुन्छ ।यहाँ शक ६३६ जेष्ठपर्न आएको हुनाले तद्नुसार ईस्वी ७१४, वि.सं ७७१ र कलिगत ३८१६ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् १३७ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं ७७० मान्न सकिन्छ । यहाँ महिना वैशाख भन्दापछिको भएर वि.सं ७७० मान्न सक्ला तर यदि वैशाख भन्दा अघिको भएवि.सं७६९ हुने हुन्थ्यो । ६३२ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अतःलिच्छविकालमा चलेको संवत् १३७भनेको मानदेवसंवत्

नभईलिच्छविसंवत् ६३७को५ सय अव्यक्त संक्षिप्त संवत् १३७हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.९३ पाटन मीननाथ ढुंङ्गेधाराको अभिलेख

पाटन मीननाथको मन्दिरको सामुन्ने रहेको ढुंङ्गेधारामालिच्छवि लिपियुक्त अभिलेखभेटिएको हो ।यो अभिलेखसर्वप्रथम भगवानलाल इन्द्रजीलेप्रकाशित गरेका थिए पछि नोलीले पनि प्रकाशित गरे । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका हुन् ।यस अभिलेखमाकुलो सम्बन्धी मुद्दामामिला उठ्दा अन्तरासनले छानबीन गरी मुद्दा छिन्नु पर्दछ कुलोको सातभाग लाएर भोगचलन गर्नु भन्ने निगाह गरेको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् १४८ पौष शुक्ल दिवा तृतीयास्याम्
गीग्वलपाञ्चालितेग्वलपाञ्चालियुग्वलपाञ्चालिजाज्जेपाञ्चालियूपग्रामे
दूतकश्चात्र युवराजश्रीविजयदेव

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् १४८ पौष शुक्ल तृतीयादिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् १४८शकपूर्व २को लिच्छविसंवत् ६४८ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ६४६ हुन आउछ । शक ६४६ को कार्तिकदेखि शक ६४७को आश्विनसम्म रहने हो । अभिलेखमा पौषदिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ६४६ रहने र चैत्रदेखि ६४७ लाग्ने हुंदा पौषमा स्वाभाविक रुपले शक ६४६ हुन्छ ।यहाँ शक ६४६ पौषपर्न आएको हुनाले तद्नुसार ईस्वी ७२४, वि.सं ७८१ र कलिगत ३८२६ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् १४८ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं ७८१ मान्न सकिन्छ । यहाँ महिना वैशाख भन्दा अघिको भएर वि.सं ७८१ मान्न सक्ला तर यदि वैशाखभन्दा पछिको भएवि.सं७८२ हुने हुन्थ्यो । ६३४ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अत:लिच्छविकालमा चलेको संवत् १४८भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ६४८ को५ सय अव्यक्त संक्षिप्त संवत् १४८ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.९४ जैसीदेवल जलद्रोणीको अभिलेख

काठमाडौँ जैसीदेवलबाट केही पूर्वतिर बाटोमा पल्टाएर राखेको जलद्रोणीमालिच्छवि लिपि को अभिलेख रहेको छ ।यो अभिलेखसर्वप्रथम बेण्डालले प्रकाशित गरेका थिएपछि नोलीले पनि छपाए ।कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मीले पनि प्रकाशित गरेका हुन् ।यस अभिलेखमा अतीतलम्भको पत्नीले लञ्जग्वल पाञ्चाली क्षेत्रका बासिन्दालेपानी खान पाउन् भनी जलद्रोणी राखेको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् १५१ वैशाख शुक्ल द्वितीयायाम्
अतीतलम्भस्य भार्यया भोजमत्या
लञजग्वल पाञ्चालि

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् १५१ वैशाख शुक्ल द्वितीयायाम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् १५१शकपूर्व २को लिच्छविसंवत् ६५१ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ६५० हुन आउँछ । शक ६४९ को कार्तिकदेखि शक ६५० को आश्विनसम्म रहने हो । अभिलेखमा वैशाख दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ६४९ रहने र चैत्रदेखि ६५० लाग्ने हुँदा वैशाखमा स्वाभाविक रुपले शक ६५० हुन्छ ।

यहाँ शक ६५० वैशाख पर्न आएको हुनाले तद्नुसार ईस्वी ७२८, वि.सं ७८५ र कलिगत ३८३० हुने निश्चित छ ।सुमतितन्त्रले संवत् १५१ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं ७८४ मान्न सकिन्छ । यहाँ महिना वैशाख देखिको भएर वि.सं ७८४ मान्न सक्ला तर यदि वैशाख भन्दा अघिको भएवि.सं७८३ हुने हुन्थ्यो । ६३२ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अत:लिच्छविकालमा चलेको संवत् १५१भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ६५१ को५ सय अव्यक्त संक्षिप्त संवत् १५१ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.९५ पशुपतिको जयदेवको अभिलेख

पशुपतिनाथको मन्दिर नजीकै दक्षिण पश्चिम कुनामा केही शिलापत्र लहरै मिलाएर राखिएका मध्ये शिरो भागमा कमलको फूल चित्र अङ्कित ठूलो शिलापत्रमालिच्छवि लिपिकोअभिलेख छ ।यो अभिलेखसर्वप्रथम भगवानलाल इन्द्रजीलेप्रकाशित गरेका थिए । पछियोगी नरहरिनाथ र इतिहास शिरोमणि बाबुराम आचार्यले संस्कृत सन्देशमा छपाए भने नोलीले पनि छपाए । कालान्तरमा हरिराम जोशी, धनवज्र वज्राचार्य, डिल्लीरमण रेग्मी ले पनि प्रकाशित गरेका हुन् ।यस अभिलेखमा जयदेवकी आमा वत्सदेवीलेआफ्नो पतिको मोक्ष प्राप्ति कामना र जयदेवको दीर्घायु कामना गरी चांदीको कमल चढाएको विषय छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

– संवत् १५७ कार्तिक शुक्ल नवम्याम्
जातोस्मादसमञ्जसोनरपतिस्तस्मादभूदङ्शुमान
श्रीजयदेवनामनृपति:प्रनदुर्ब्बभूवापर:
हित्वान्तरे विजयिनो जयदेवनाम्न:
श्रीमान्बभूव वृषदेव इति
अभूत्तत:शङ्करदेवनामा
श्रीधर्म्मदेवोप्युदपादि
श्रीमानदेवो नृपतिस्ततोभूत्ततो महीदेव इति प्रसिद्ध:
क्षितीशाज्जातस्त्रयोदश इतश्च नरेन्द्रदेव:
श्रीवत्सदेव्या नृपतेर्ज्जनन्या समंसमन्तात्परिवारपद्मै:
बुद्धकीर्तिरकरोत्पूर्वामपूर्वामिमां

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् १५७ कार्तिक शुक्ल नवम्याम् दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् १५७शकपूर्व २को लिच्छविसंवत् ६५७ को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ६५५ हुन आउँछ । शक ६५५ को कार्तिकदेखि शक ६५६को आश्विनसम्म रहने हो

। अभिलेखमा कार्तिक दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ६५५ रहने र चैत्रदेखि ६५६ लाग्ने हुँदा कार्तिकमा स्वाभाविक रुपले शक ६५५ हुन्छ ।

यहाँ शक ६५५ कार्तिक पर्न आएको हुनाले तद्नुसार ईस्वी ७३३, वि.सं ७९० र कलिगत ३८३५ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् १५७ लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार वि.सं ७९० मान्न सकिन्छ । यहाँ महिना कार्तिक देखिको भएर वि.सं ७९० मान्न सकिएला तर यदि वैशाख भन्दा पछिको भएवि.सं७९१ हुने हुन्छ ।६३४ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अत:लिच्छविकालमा चलेको संवत् १५७भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ६५७ को५ सय अव्यक्त संक्षिप्त संवत् १५७ हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.९६ मंगलवजार ढुंङ्गेधाराको अभिलेख

धनवज्र बज्राचार्यको लिच्छविकालका अभिलेखमा सङ्ख्या १७० मा छापिएको छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

संवत् १७० कार्तिक.....दिवा दशम्याम्
दिवाकरन दत्तम्
महापथे दक्षिणे चुल्लंखूपछिम
कलोपि ग्राम

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् १७० कार्तिक.....दिवा दशम्याम दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

अभिलेखमा अङ्कितसंवत् १७० कार्तिकशकपूर्व २को लिच्छविसंवत् ६७० को संक्षिप्त संवत् भएकोले यसको समानान्तर शक ६६८ हुन आउँछ । शक ६६८ को कार्तिकदेखि शक ६६९ को आश्विनसम्म रहने हो ।अभिलेखमा कार्तिक दिइएकोले कार्तिकदेखि फाल्गुनसम्म शक ६६८ रहने र चैत्रदेखि ६६९ लाग्ने हुँदा कार्तिकमा स्वाभाविक रुपले शक ६६८ हुन्छ ।

यहाँ शक ६६८ कार्तिक पर्न आएको हुनाले तद्नुसार ईस्वी ७४६, वि.सं ८०३र कलिगत ३८४८ हुने निश्चित छ ।सुमतितन्त्रले संवत् १७० लाई नै मानदेवसंवत् मान्ने भएकोले ६३३ जोडेर तद्नुसार

वि.सं ८०३ मान्न सकिन्छ । यहाँ महिना कार्तिक देखिको भएर वि.सं ८०३ मान्न सकिएला तर यदि वैशाखभन्दा पछिको भएवि.सं८०४ हुने हुन्छ । ६३४ जोड्ने उपाय भने सुमतितन्त्रले दिएको छैन । अतःलिच्छविकालमा चलेको संवत् १७०भनेको मानदेवसंवत् नभईलिच्छविसंवत् ६७० को५ सय अव्यक्त संक्षिप्त संवत् १७० हो । यसलाई मानदेवसंवत्को कल्पना गर्नु गलत सिद्ध हुन्छ ।

६.३.९७ पि.पालको लेखमाअभिलेख

धनवज्र बज्राचार्यको लिच्छविकालका अभिलेखमा सङ्ख्या १७१ मा छापिएको छ ।

(क) संवत् प्रकरण तथा अभिलेख पाठ्यांश

ॐसंवत् १७२ आषाढ शुकलदिवा द्वादश्या
श्रीहेतुजीव

(ख) अभिलेखमा व्यवहार भइरहेको सवत्को बारेमा अध्ययन

अभिलेखमा संवत् १७२ आषाढ.शुक्ल दिवा द्वादश्या दिइएको छ । यस तिथिमितिको समानान्तर अन्य संवत्का तिथिमितियस प्रकार छ :–

